६	आर्गुलोसिस/ माछाको जुम्रा (Argulosis)	Argulus foliaceous	संक्रमित माछा तीव्र गतीमा पौडिने, उफ्रिने, कडा वस्तुमा घस्रिने तथा कल्ला झरेको हुनसक्ने माछाको शरीरमा नियालेर हेर्दा जुम्रा बिस्तारै हिंडिरहेको देखिन्छ शरीरबाट चिल्लो पदार्थ (mucus) अत्यधिक श्राव हुने शरीरमा रातो थोप्ला भइ घाउ समेत भएको देखिन्छ।	५% नुन-पानीको झोलमा ५-१० मिनेट सम्म रोगी माछालाई डुबाउने। फर्मालिन१५-२५ .पि.पि.एम. का दरले पोखरीमा छर्ने। मालाकाइटग्रीन ०.२५ पि.पि.एम. का दरले पोखरीमा छर्ने। क्लिनर (Clinar) ०.०३ पि.पि.एम.का दरले १० दिनको फरकमा २ पटक पोखरीमा छर्ने। ड्युराक्लिन (Duroclean)२५-३० ग्राम/१०० के.जी. दानामा मिसाई ३ दिन लगातार खुवाउने र चौथो दिन बन्द गरी पुनः २ दिन खुवाउने। यसको खासै side

क्र. स.	रोगहरू (Diseases)	Causative Organism	लक्षणहरु (Symptoms)	नियन्त्रण (Control)
				effect छैन।
७	लर्निओसिस/ अंकुसेजुका (Lernaeosis /Anchor worm)	*Lernea cyprinacea*	अंकुसेभागलाई माछाको शरीर भित्र पसाएर रगत चुस्ने भएकोले जिउमा घाउ खटिरा देखापर्छ। संक्रमितमाछा सुस्त हुने, छेउ छेउमा आइ कडा वस्तुमा जिउ घस्रिने तथा पानीमा उफ्रिने गर्छ। सानोमाछाको टाउकोमा झुन्डिन पुग्यो भने माछा फनफनी घुमेर मर्छ।	१-२% नुन-पानीको घोलमा माछालाई २-३ मिनेट सम्म डुबाउने क्लिनर (Clinar) ०.०३ पि.पि.एम.का दरले १० दिनको फरकमा २ पटक पोखरीमा छर्ने ड्युराक्लिन (Duroclean)२५-३० ग्राम/१०० के.जी. दानामा मिसाई ३ दिन लगातार खुवाउने र चौथो दिन बन्द गरी पुनः २ दिन खुवाउने।

जीवाणुबाट लाग्ने रोगहरू(Bacterial diseases)

क्र. स.	रोगहरू (Diseases)	Causative Organism	लक्षणहरु(Symptoms)	नियन्त्रण (Control)
१	**फ्रुंकुलोसिस (Furun-culosis)**	*Aeromonas salmonicida*	चिसोपानीको माछालाई अत्यधिक लाग्ने रोग हो छाला रमासुमा फोकाहरू देखिनु र फोकाहरु पछी घाउमा परिणत हुनु छाला रमुख वरिपरी रगत आउने घाउ देखिनु	माछाको फूललाई आयोडिनले १०० एमएल प्रति लिटर पानीमा मिसाइ १० मिनेटसम्म माछालाई डुबाउने। Oxytetracycline (OTC) ६० एम.जी./के.जी. दानामा

क्र.स.	रोगहरू (Diseases)	Causative Organism	लक्षणहरु(Symptoms)	नियन्त्रण (Control)
			शरीरको रङ गढा र गिल्सको रङ फिक्का हुनु पेटभित्र रगत मिसिएको म्युकस जम्मा हुनु	मिसाई १० दिनसम्म त्यही दाना मात्र खुवाउने।
२	**कोलुम्नारिस (Columnaris)**	*Flexibacter columnaris*	मुखवरिपरि कत्ला तथा पखेटामा सेतो दाग देखिनु विशेषगरी माछाको पुच्छर (Caudal fin) कुहिनु	Oxytetracycline (OTC) ५०-१०० एम.जी. प्रति के.जी. माछा प्रति दिनका दरले १० दिनसम्म खुवाउने पोखरीलाई कपरसल्फेट ०.५ एम.जी. प्रति लिटरका दरले उपचार गर्ने। रोगी माछालाई 0.०८५ प्रतिशत Acriflavin को झोलमा डुबाउने।
३	**ड्रप्सी (Dropsy)**	*Pseudomonas punctata*	पेट फुल्नु, कत्ला ठाडो हुनु आँखा बाहिर आउनु मलद्वार रातो हुनु र सुन्निनु	पोखरी सकेसम्म चाँडै खाली गर्ने र सबै माछा हटाउने पोखरी सुकेर पोखरीमा चूना हाल्ने रोगी माछालाई $KMno_4$२ एम. जी. प्रति लिटर पानीमा २ मिनेटसम्म डुबाउने। Oxytetracyclin (OTC) ९ ग्राम प्रति के.जी दानामा मिसाइ १० दिनसम्म खुवाउने।
४	**भिब्रियोसिस (Vibriosis)**	*Vibrio anguillarum*	यो रोग विशेष गरेर समुद्री माछामा र केही मात्रामा fresh water fish मा देखिन्छ।	रोगी माछालाई ३० एम. एल. प्रति लिटर पानीमा २० दिनसम्म डुबाउने।

क्र. स.	रोगहरू (Diseases)	Causative Organism	लक्षणहरु(Symptoms)	नियन्त्रण (Control)
			छालामा ठुला र चम्किला घाउ हुनु। गिल्सलाई हल्का थिच्दा रगत आउने। आन्द्रामा घाउ हुनु र सुन्निनु आँखा सेतो हुनु।	Furazolidone 100 mg प्रति के.जी. माछाको दरले ६ दिन सम्म खुवाउने।
५	**पखेटा तथा पुच्छर कुहिने रोग (Tail & Fin rot)**	*Pseudomonas sps.*	पखेटा र पुच्छरको बाहिरी भाग सेतो हुने। पखेटा र पुच्छरको आधा भाग कुहिने।	विभिन्न एन्टिबायोटिकहरू जस्तै Doxycycline Hyclate 1-5 g. प्रति के.जी. माछाको दरले १० दिन सम्म खुवाउने।

मालाचाइट ग्रीनको ०.५ पि.पि.एम. को झोल १०० लि. पानीमा कसरी बनाउन सकिन्छ ?

= ०.५ पि.पि.एम. = ०.५ मिलिग्राम प्रति लिटर = ०.५x१००० ग्राम प्रति लिटर = ०.०००५ ग्राम प्रति लिटर

त्यसैले १०० लि. पानीका लागि ०.०००५ x १०० = ०.०५ ग्राम मालाचाइट ग्रीन आवश्यकता पर्दछ।

सघन माछापालन (कार्प जात) माछाका लागि अनुमानित उत्पादन खर्च (एक हेक्टर)

कार्य विवरण	एकाइ	परिमाण	दर	रकम रु.
क) पुँजीगत खर्च				
जलाशयको ह्रास कट्टी	रकम रु.	८०००००	१० %	८००००
एरेटर ह्रास कट्टी २ गोटा	रकम रु.	१५००००	१० %	१५०००
पानी तान्ने मोटर ह्रास कट्टी १ थान	रकम रु.	४००००	१० %	४०००
बोरिङ ह्रास कट्टी १ थान	रकम रु.	१५००००	१० %	१५
पुँजीगत जम्मा खर्च		११४००००		११४०००
ख) सञ्चालन खर्च				
पोखरी सरसफाइ	बार्षिक	एकमुष्ट		१००००
चून	के.जी.	५००	२५	१२५००
डि.ए.पि. मल	के.जी.	७००	५०	३५०००
युरिया	के.जी.	१०००	२५	२५०००
विद्युत् खर्च	घण्टा	२०००	१२	२४०००
माछा भुरा	गोटा	१५०००	१	१५०००
ज्यामी सुरक्षा तलब	महिना	१२	१००००	१२००००
प्राङ्गारिक मल	के.जी.	६०००	३	१८०००
डि.ए.पि.	के.जी.	६००	६०	३६०००
युरिया	के.जी.	८४०	५०	४२०००
पेलेट दाना	के.जी.	७०००	६०	४२००००
औषधी खर्च	रकम रु.			१००००

कार्य विवरण	एकाइ	परिमाण	दर	रकम रु.
वार्षिक ब्याज	रकम रु.	२०९३५००	१०%	२०९३५०
जम्मा सञ्चालन खर्च				८९८८५०
कुल जम्मा खर्च				१०१२८५०
ग) आम्दानी		६०००	२००	१२,००,०००
माछा उत्पादन बिक्री	के.जी.	७०००	२१५	१५०५०००
खुद नाफा	वार्षिक			४९२१५०
माछा उत्पादन खर्च प्रति के.जी.				१४४.६९
प्रति के.जी. माछा उत्पादनमा नाफा				७०.३१

पोखरीमा मत्स्यपालन व्यवस्थापनमा ध्यान दिनुपर्ने केही थप महत्त्वपूर्ण पक्षहरू

क्र.स	समस्याहरू	समाधानका उपायहरू
१	**अक्सिजनको कमीः** बिहान घाम उदाउनु अघि पोखरीका माछा पानीको सतहमा आई प्याक प्याक गरेको देखिन्छ । पोखरीमा बढी झारपात वा छहारी वा बदली भएको समयमा वा बढी मलखाद वा बढी संख्यामा माछालगायत अन्य जलचर भएको अवस्थामा यस्तो लक्षण देखिन्छ । पानीमा घुलित अक्सिजनको मात्रा कम हुने समयमा पानीको सतहमा आनुपातिक हिसाबले अन्य स्थानमा भन्दा बढी अक्सिजन घुलित पानी उपलब्ध हुने भएकाले यस्तो समयमा माछाले सतहमा आई छिटो छिटो मुख बाउने (प्याक प्याक) गरेको लक्षण देखिन्छ ।	पोखरीमा तत्काल बाहिरबाट पानी थपिदिने । पम्पिङ सेट लगाएर पानी तानेर फोहोरा बनाई सोही पोखरीमा खसाल्ने । पानी नधमिलिने गरी पोखरीमा मानिस पसेर पानी चलाउने वा पौडी खेल्ने । एरिएटर (पानी चलाउने मेशिन) को प्रयोग गर्ने । अपराह्न घाम लागिसकेपछि जाल हाली निकाल्ने । केही समयका लागि पोखरीमा माछालाई दाना र मल खाद नदीने ।
२	**पोखरीमा पानी छिटो सुक्नेः** साधारणतया बलौटे माटोमा पोखरी निर्माण गर्नु हुँदैन । पिँधमा बालुवाको मात्रामा बढी भएको पोखरी पानी छिटो सुक्दछ र बारम्बार पानी थप्नुपर्छ । यसरी थपिने पानी कम मलिलो हुने भएकाले पोखरीमा रहेका माछाको वृद्धिमा कमी आउँछ ।	बाहिरबाट कम्तीमा १ फिट चिम्ट्याइलो माटो पिंधमा थप्ने । प्रत्येक वर्ष बलौटे पोखरीको पिँधमा प्रशस्त गोबर मल, झारपात, पराल, वा अन्य प्राङ्गारिक पदार्थ हाल्ने गर्नाले क्रमशः कम चुहिने हुन्छ । पिँधमा प्लाष्टिक बिछयाउने ।

कार्प माछा पालनका लागि पानीको उपयुक्त गुणस्तर

गुणहरू	**वाञ्छित स्तर**
क) भौतिक गुणहरू	
१. पानीको गहिराइ	१.५ मिटर
२. पानीको रङ	हरियो
३. पारदर्शिता	२०-४० से.मि.
४. प्रकाश क्षेत्र	४०-८० से.मि.
५. तापक्रम	१८-३२ डि.से.
ख) रासायनिक गुणहरू	
१. घुलित अक्सिजन	५ पि.पि.एम. भन्दा बढी
२. घुलित कार्बनडाईअक्साईड	२० पि.पि.एम. भन्दा बढी
३. पि.एच.	७-९
४. सम्पूर्ण क्षारीयता	५०-२०० पि.पि.एम.
५. सम्पूर्ण कडापन	५०-२०० पि.पि.एम.
६. अमोनिया	०.२ पि.पि.एम. भन्दा कम
ग) जैविक गुणहरू	
१. ठुला जलीय वनस्पति	अनुपस्थित
२. फाइटोप्लाटन	बाहुल्यता
३. जुप्लाटन	ठीकै मात्रा
४. हिलो/लेदो	३० से.मि. भन्दा कम

सेची डिक्सको प्रयोगबाट मलखादको व्यवस्थापन

Secchi disk देखिने उचाइ	**मलखादको प्रयोग**
४०-६० से.मि.	उचित मात्र र समयमा मलखाद आवश्यक
(२५-४०) से.मि.	मलखादको मात्र ठिक छ
२५ से.मि. भन्दा कम	मलखाद धेरै भयो, अक्सिजन कमीका लक्षण हेर्नुहोस् र सफा पानी थप्नुहोस्

मलखादको मात्रा: ३० टन प्रति हेक्टर वा मोमफलीको खली ७५० के.जी., गाईको गोवर २०० के.जी., SSP ५० के.जी. ४-५ पटक पानीको मलिलोपनाको आधारमा प्रयोग गर्ने।

१३.फलफूल खेती

क) वर्षे फलफूल

क्र.सं.	फलफूल को नाम	जातहरू	लगाउने दूरी (मिटर)	बिरुवा संख्या/ रोपनी	मलखाद/फलदिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.ट. /हे
					प्राङ्गारिक मल (के.जी.)	डि. ए. पि. ग्राम	युरिया (ग्राम)	म्युरेट अफपोटास (ग्राम)		
१	आँप	अगौटे–बम्बई ग्रीन, बम्बई एलो, गोपालभोग, सुकतारा, गुलाबखास मध्य-दशहरी, मालदह, मल्लिका, अम्रपाली पछौटे-चौसा, कलकत्तिया, सीपिया, अबेह्यात।	१०-१२x १०-१२, होचा जात अम्रपालीको लागि ८x८	५ वोट	५०	९३१.३०	१४३३.८४	११३३.३३	फलको भेट्नोतिरबाट पहेँलो रङ चढी एक दुई फल पाकेर झर्न सुरु गरेपछि (जेठ–भदौ) वा फल टिपी पानीमा डुबाउँदा डुब्यो भने फल टिप्ने बेला भयो भन्ने बुझ्नुपर्दछ।	८-१०
२	लिची	अगौटे-देशी, अर्लिवेदाना, मजुफरपुर मध्य-शाही, पूर्वी, चाइना, रोजसन्टेड पछौटे-कसवा, लेट, बेदाना, कलकत्तिया	१० × १०	७-८	५०	४३४.७८	११३४.२२	१०००.०	बोक्रोको बाहिरी रङ हरियोबाट रातोमा परिणत भई बोक्रामा भएको काँडाहरू नरम भएपछि (जेठ–श्रावण) फल टिप्नु पर्दछ।	७-८

क्र.सं.	फलफूल को नाम	जातहरू	लगाउने दूरी (मिटर)	बिरुवा संख्या/ रोपनी	मलखाद/फलदिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.ट. /हे
					प्राङ्गारिक मल (के.जी.)	डि. ए. पि. ग्राम	युरिया (ग्राम)	म्युरेट अफपोटास (ग्राम)		
३	केरा	वसराईड्वार्फ, हरिछाल, रोबष्टा, विलियम हाइब्रिड, मोलभोग, चिनिचम्पा, स्थानीय, मुङ्ग्रे, ढुसेर।	अग्लो जात २-३ x २-३ होचो जात २ x २	५०-५५	२५	२३९.१३	३४१.२१	४१६.६७	कोसाका पाटाहरू पूरा भई पुष्ट र फलको आकार गोलो र रङ गाढा हरियोबाट हल्का हरियो भएपछि फल टिप्नु पर्दछ।	१५-२०
४	भुइँकटहर	जायन्टक्यु, कन्नि, मोरिसस	प्रति ब्याड २ लाइन ब्याडको दूरी ७५-९० से.मी., लाइन ६० x बोट ३० से.मि.	१०००	२५०० के.जी. /हे.	१७३.९१	३२२.२५	२६६.६७	बोक्राको रङ हल्का पहेंलो र फेदको ३–४ घेरामा पहेँलो दाग चढे पछि आँख्लाका भुत्ला खैरो खुकुलो भएपछि (आषाढ-भदौ) फल टिप्नुपर्दछ।	२०-२५
५	मेवा	वाशिंटन, हनिड्यु, कोयमवटुर, सिंगापुरपिंक, रांचीड्वार्फ, पौष	२ x २	१२५	२०-२५	५४३.४८	३३०.८१	८३३.३३	फलमा हल्का पहेँलो रङ चढेपछि फल टिप्नुपर्दछ।	१५-२०

क्र.सं.	फलफूल को नाम	जातहरू	लगाउने दूरी (मिटर)	बिरुवा संख्या/ रोपनी	मलखाद/फलदिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.ट. /हे
					प्राङ्गारिक मल (के.जी.)	डि. ए. पि. ग्राम	युरिया (ग्राम)	म्युरेट अफपोटास (ग्राम)		
		डेलिसियस, सोलो								
६	अम्बा	लखनउ –४९, इलाहावाद सफेदा, रेडफ्लेस, सिडलेस, चितिदार, के.जि.–१ र स्थानीय जात।	६-७x ६-७	१५	४०	३२६.०९	५२४.५७	५००.०	फलमा हल्का पहेँलो रङ बढेपछि र नरमपना आएपछि (श्रावण-कार्त्तिक) फल टिप्नु पर्दछ।	७-१२
७	रुखकटहर	रुद्राक्षी, सिंगापुर, करुबाराका, पेनीवाराका, स्थानीय	१२-१५ x १२-१५	३-४	५०	६५२.१७	१०४९.१५	४००.०	तरकारीको लागि बीउ नछिप्पिएसम्म कलिला फल टिप्ने, फल परिपक्व हुन ९०-११०दिन लाग्छ, फललाई हातले थपथपाउँदा गहिरो आवाज आएपछि (जेठ-भदौं) फल टिप्नुपर्दछ।	१५-२०

क्र.सं.	फलफूल को नाम	जातहरू	लगाउने दूरी (मिटर)	बिरुवा संख्या/ रोपनी	मलखाद/फलदिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.ट. /हे
					प्राङ्गारिक मल (के.जी.)	डि. ए. पि. ग्राम	युरिया (ग्राम)	म्युरेट अफपोटास (ग्राम)		
८	अमला	बनारसी, चकैया, कन्चन, फ्रन्सीस, कृष्ण र स्थानीय जातहरू	५-६x ५-६	१५-२०	४०	१०८६.९६	२२६.८३	८३३.३३	फलको बोक्राको रङ हरियो वा हल्का पहेँलो, चिल्लो र पारदर्शी राता थोप्लाहरू प्रष्ट हुँदै गएपछि (कार्तिक–माघ) फल टिप्नुपर्दछ।	९-१२
९	एभोकाडो	फुर्ट, इथिन्जर, रिड, ह्यास, टोपाटोपा	८-१० x ८-१०	६	४०	१६३.०४	३७०.९८	३३३.३३	ध्यू फल क्लाइमेक्टेरिक फल भएको हुँदा फल टिपे पछि ४–५ दिन राख्नु पर्दछ। फलमा जात अनुसारको रङ चढी पूर्ण विकसित फल भएपछि (भदौ–कार्तिक) फल टिप्नु पर्दछ।	८-१०

क्र.सं.	फलफूल को नाम	जातहरू	लगाउने दूरी (मिटर)	बिरुवा संख्या/ रोपनी	मलखाद/फलदिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.ट. /हे
					प्राङ्गारिक मल (के.जी.)	डि. ए. पि. ग्राम	युरिया (ग्राम)	म्युरेट अफपोटास (ग्राम)		
१०	मेकाडेमिया नट	केउहाउ, काकी, इकैका, किउ	६ x ६	१३-१५	५०	२१७.३९	३४९.७२	३३३.३३	भाद्रको अन्तिम हप्तादेखि परिपक्व फलहरू झर्न सुरु भएपछि सम्पूर्ण फलहरू टिप्नुपर्दछ।	२-३
११	स्ट्रबेरी	न्योहो, ओनो	ड्याङदेखि ड्याङ ९० से.मी. बोट ३०-४५ से.मी.	१५००	२२५०० के.जी./हे.	०.००	९७.८३	१४१.६७	फलको आधादेखि तीन चौथाइ भागमा रातो रङको विकास भएपछि फल टिप्नु	१२-१५
									पर्दछ। एक पटक नपाक्ने हुँदा पटक–पटकगरी टिप्नु पर्दछ। (कार्तिक–चैत्र)	
१२	बयर	उम्रान, गोला, चोचल, बनारसी, नाजुक, कैथली	४-६ x ४-६	१५	४०	४३४.७८	९१६.८२	३३३.३३	हावापानीअनुसार कार्तिक/मंसिर देखि फागुन/चैत्र महिनामा फल	९-१२

क्र.सं.	फलफूल को नाम	जातहरू	लगाउने दूरी (मिटर)	बिरुवा संख्या/ रोपनी	मलखाद/फलदिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.ट. /हे
					प्राङ्गारिक मल (के.जी.)	डि. ए. पि. ग्राम	युरिया (ग्राम)	म्युरेट अफपोटास (ग्राम)		
									परिपक्व हुन्छन् । फलको बोक्रा सुनौला पहेँलो वा खैरो रङ चढेपछि फल टिप्नु पर्दछ ।	
१३	सुपारी	छलिया, मोहितनगर, कामरुप, मंगला	३ x ३	५०	२५	३२६.०९	४१५.८८	८३३.३३	फल लागेको ६–८ महिनापछि फल परिपक्व हुन्छ । फलहरू चम्किलो र रातो पहेँलो भएपछि टिप्नु पर्दछ । (जेठ–अषाढ)	१-२
१४	नरिवल	अग्लोजात – वेस्टकोष्टटल, फिजी, एस.एस.ग्रीन, सान रामोन, फिलिपिनो, लगुना होचो जात –लंका द्विप अण्डामन ड्वार्फ,	अग्लो जात ७.५-९ x७.५-९ होचो जात ६.५-७x ६.५-७	१४	२५	४३४.७८	५४७.२६	५५.००	फल लागेको करिब १२ महिना पछि फल परिपक्व हुन्छ र ताजा प्रयोगको लागि हो भने परिपक्व फल मा पानीको मात्र कम	

क्र.सं.	फलफूल को नाम	जातहरू	लगाउने दूरी (मिटर)	बिरुवा संख्या/ रोपनी	मलखाद/फलदिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.ट. /हे
					प्राङ्गारिक मल (के.जी.)	डि. ए. पि. ग्राम	युरिया (ग्राम)	म्युरेट अफपोटास (ग्राम)		
		चेनी, रेजिया, ड्वार्फग्रीन, ड्वार्फ ओरेनज, कोकोनिनो, नुलेका							हुन्छ। ताजाको प्राको लागि भने १० महिनामा फल टिप्नुपर्दछ। (जेठ-आषाढ)	
१५	बेल	मिर्जापुरी, कागजी गाण्डा, कागजी इटावा, कागजी बनारसी	बिजु बिरुवा - १० x१० कलमी बिरुवा- ८ x८	५-८	५०	७३०	१८०	६८०	फल लागेको करिब आठ महिनामा फल पूर्ण रूपमा पाक्दछ। फल पाक्दा गाडा हरियोबाट हल्का हरियो र गुदी हल्का पहेंलोबाट गाडा पहेँलो भएपछि फूल टिप्नुपर्छ।	२०-३०
१६	सापोटा	कालीपत्ति, क्रिकेटबल, बुरीपत्ती आदि	१० x१०	५	४०	२००	७५	२००	झुस झर्नु थालेपछि फलको बाहिरी बोक्रा कोट्याउँदा सेतो दूध आउन छोडेपछि फल टिप्नुपर्छ।	१५-२०

(ख) हिउँदे फलफूल

क्र.सं.	फलफूलको नाम	जातहरू	लगाउने दूरी (मिटर)	एक रोपनीमा लगाउने बिरुवा	मलखाद/फल दिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.टन /हे.
					प्राङ्गारिक मल (के.जी.)	डि.ए.पि. (ग्राम)	युरिया (ग्राम)	म्युरेट अफ पोटास (ग्राम)		
१.	स्याउ	बढी चिसो चाहिने –गोल्डेन डेलिसियस, रेड डेलिसियस, रोयल डेलिसियस, रिच ए रेड डेलिसियस, जोनाथन, मैकन्टस, रोमब्युटी, ग्रानी स्मिथ, मध्य चिसो चाहिने – क्रिस्पिन, काट्जा, रेडजुन, कक्स ओरेनज पिपिन, कम चिसो चाहिने – अन्ना, भेरिड, नाओयी	६ x ६	१५	५०	४३४.७८	६९९.४३	१३३.३३	फलको आकार उमेर, स्वादको अनुसार फलको रङमा (रातो, पहेँलो, हरियाः) परिवर्तन भएपछि असार-असोजसम्म फल दिप्नुपर्दछ।	८-१०
२.	नास्पाती	बढी चिसो चाहिने (युरोपियन जात) वार्टलेट, अन्जुव्यूरेहार्डी, कनफरेन्स आदि। कम चिसो चाहिने – फर्पिङ (स्थानीय) मध्य चिसो चाहिने होसुइ, चोजुरो, सिन्को (जापानिज)	६-८ x ६-८	१५	५०	४३४.७८	६९९.४३	६६.६७	फलको रङ हरियोबाट अलि अलि पहेंलो वा खैरो फुस्रोमा परिणत भएपछि (श्रावण-असोज) फल टिप्नुपर्दछ।	१०-१५
३.	ओखर	थिनसेल, हार्टले, एशले, फ्लाङ्गकवेट, पायने	१०-१२x १०-१२	६	५०	४३४.७८	६९९.४३	३३३.३३	फलको बाहिरी बोक्रा फुटी केही फल झर्न थालेपछि (भदौ-असोज) फल टिप्नुपर्दछ।	३-४

क्र.सं.	फलफूलको नाम	जातहरू	लगाउने दूरी (मिटर)	एक रोपनीमा लगाउने बिरुवा	मलखाद/फल दिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.टन /हे.
					प्राङ्गारिक मल (के.जी.)	डि.ए.पि. (ग्राम)	युरिया (ग्राम)	म्युरेट अफ पोटास (ग्राम)		
४.	आरु	अगौटे – ओरायन, स्प्रिङटाइम, आर्मगोल्ड। मध्य – फ्रेन्चअर्लि, रेडहाभेन, टेक्सास एलो ल्फोरिडास पछौटे –पेरीग्रीन, अल्वर्टा, जुलाई अल्वर्टा	५-६ x ५-६	१५	२५	३२६.०९	५८९.७९	१५०.००	फलको आकार बढेर फल हल्का हरियो वा रातोमा परिणत भई अलि नरम भएपछि (जेठ-श्रावण) फल टिप्नुपर्दछ।	६-७
५.	आरुबखडा	अगौटे - ग्रीनगेज, मैथली, फर्मोसा मध्य - पेरीपोसा, व्युटी, बरबैक, पछोटे - सन्तारोजा	५-६ x ५-६	१५	२५	२१७.३९	३४९.७२	२५०.००	फलहरू परिपक्व हुने समय जात अनुसार फरक पर्दछ। फलको रङ गाढा गुलावी, गुदीको रङ अलिअलि रातो पहँलो हुन थालेपछि (जेठ-श्रावण) फल टिप्नुपर्दछ।	६-७
६.	कटुस	टान्जावा, यामाटोवासे, इबुकी, इसिजुची, मोरिवासे, चुकुवा, चाइनिज	८ x ८	८	५०	४३४.७८	६९९.४३	३३३.३३	जातअनुसार भाद्रदेखि कार्तिक महिना सम्म फलहरू झर्न सुरु गरेपछि फल टिप्ने गर्नुपर्दछ।	७
७.	हलुवावेद	फुयू, जिरो (टर्रो नहुने जात), जेन्जीमारो (Pollinizer Variety), हिरातानेनासी, (टर्रो हुने जात)	५-६ x ५-६	१५	२५	३२६.०९	४१५.८८	४१६.६७	भाद्र-कार्तिक महिनामा फलहरूमा जातीय गुणअनुसार रंगको विकास भईसकेपछि फल टिप्नुपर्दछ।	६-७
८.	खुर्पानी	साकरपारा, कैसा, न्यू क्यासल, (कम चिसो चाहिने)	६ x ६	१५	२५	२१७.३९	३४९.७२	८३.३३	जेठ महिनामा जातअनुसारको रङ चढी अलि नरम हुन थालेपछि फलहरू टिप्नुपर्दछ।	६-७

क्र.सं.	फलफूलको नाम	जातहरू	लगाउने दूरी (मिटर)	एक रोपनीमा लगाउने बिरुवा	मलखाद/फल दिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.टन /हे.
					प्राङ्गारिक मल (के.जी.)	डि.ए.पि. (ग्राम)	युरिया (ग्राम)	म्युरेट अफ पोटास (ग्राम)		
९.	कागजी बदाम	नानपारेल, नेल्पस अल्ट्रा, टेक्सास, मिसन	५-६ x ५-६	१५	२५	३८०.४३	६१२.००	२९१.६७	भदौ-असोज महिनामा फलको बहिरी बोक्रा फुट्न थालेपछि फल टिप्नुपर्दछ ।	१-२
१०.	लप्सी	स्थानीय	१० x १०	६	२५	५४३.४८	५४८.२०	२५०.००	कार्तिक-मंसिर महिनामा फलहरू हेर्दा हल्का हरियो पहेँलो भएपछि फल टिप्नुपर्दछ ।	१०-१५
११.	चुच्चे ओखर	महान, चोक्टा, मोहक	१०-१२ x १०-१२	६	५०	४३४.७८	६९९.४३	३३३.३३	फलको बोक्रा फुटी प्राकृतिक रुपमा फल झर्छन तत्पश्चात् संकलन गर्ने । भदौ-असोज महिनामा फल पाकेर झर्न सुरु गरेपछि फल टिप्नुपर्दछ ।	८-९
१२.	अनार	बेदाना, कान्धारी, गणेश, सिन्धुरिया, मृदुला	५x ५	१५	२५	५४३.४८	८७४.२९	४१६.६७	अनारको फल नन्क्लाइमेक्टेरिक भएको हुँदा परिपक्व भएपछि टिप्नु पर्दछ । फलहरू पहेँलो र बीउ रातो भएपछि टिप्नुपर्दछ । फलहरूलाई औंलाले हान्दा धातुको आवाज आएपछि (श्रावण-आश्विन) फल टिप्नुपर्दछ ।	६-८

क्र.सं.	फलफूलको नाम	जातहरू	लगाउने दूरी (मिटर)	एक रोपनीमा लगाउने बिरुवा	मलखाद/फल दिने बोट (वार्षिक)				फल टिप्न तयार हुने समय	उत्पादन मे.टन /हे.
					प्राङ्गारिक मल (के.जी.)	डि.ए.पि. (ग्राम)	युरिया (ग्राम)	म्युरेट अफ पोटास (ग्राम)		
१३.	अंगुर	स्टुवेन, ओलम्पिया, हिमरड सिडलेस, क्योहो, मस्काट वेली ए, क्याम्बेल अर्ली, बफेलो, डेलाबेर ।	२-३ x २-३ ४ x ५	५० २५	३०	७६०.८७	२४५.७५	४१६.६७	फलको रङ चढी गुलियो भएपछि जातअनुसार केही सेतो, पहेंला वा पारदर्शी भएपछि (असार-भाद्र) फल टिप्नुपर्दछ ।	१५-२०
१४.	किवी फ्रूट	आलिसन, हे.-वार्ड (पोथी) टोमोरी(भाले)	६ x ४	२०	३०	१००	२००	१००	कार्तिक-मंसिर, झुस झर्न थालेपछि फल टिप्नुपर्दछ ।	
१५.	जैतुन (Olive)	पेन्डोलिनो, क्यनिनो, कोराटिना , फ्रोन्टोय आदी	८ x ८	८	२५	३५०	१७५	१७५	फलमा रङ चडी परिवर्तन भएर फलको गुणस्तर राम्रो समय पारेर टिप्नुपर्छ ।	

(ग) सुन्तला जात फलफूलहरु

क्र.सं.	फलफूलको नाम	जातहरू	लगाउने दूरी (मिटर)	एक रोपनीमा लगाउने बिरुवा	मलखाद/फल दिने बोट (वार्षिक)				फल टिप्न तयार हुन समय	उत्पादन मे.टन /हे.
					प्राङ्गारिक मल (के.जी.)	डी.ए.पी. (ग्राम)	युरिया (ग्राम)	म्युरेट अफ पोटास (ग्राम)		
१	सुन्तला	धनकुटा स्थानीय, पोखरा स्थानीय, किन्नो, योशिदा पोडकान, मरकट(जापानीज), ओता पोडकान, उन्सु (ओकिचुवासे, मियागाावावासे), थाई तान्जारिन ।	५-६ X ५-६	१५ -२०	५०	५४३.४८	८७४.२९	८३३.३३	फलको बोक्राको रङ हरियोवाट पहेंलो, (गेरु) पहेंलो भएपछि र रसमा गुलियोपना बढेपछि भण्डारणका लागि ५०% रङ चढेपछि र ताजा फलको लागि ७५% रङ चढेपछि कार्त्तिक-मंसीरमा फल टिप्नुपर्दछ ।	९-१२
२	जुनार	स्थानीय जुनार, नाभेल ओरेनज, वासिङ्गटन नाभेल, योशिदा नाभेल, तारक्को न्यूसेलर ।	५-६ X५-६	१५ -२०	५०	५४३.४८	८७४.२९	८३३.३३	फलको बोक्राको रंग ८० % वा सो भन्दा बढी रङ बढेपछि र रसमा गुलियोपना बढेपछि कार्त्तिक-मंसिरमा फल टिप्नुपर्दछ ।	१०-१४

क्र.सं.	फलफूलको नाम	जातहरू	लगाउने दूरी (मिटर)	एक रोपनीमा लगाउने बिरुवा	मलखाद/फल दिने बोट (वार्षिक)				फल टिप्न तयार हुन समय	उत्पादन मे.टन /हे.
					प्राङ्गारिक मल (के.जी.)	डी.ए.पी. (ग्राम)	युरिया (ग्राम)	म्युरेट अफ पोटास (ग्राम)		
३	कागती	मेक्सीकन, बनारसी र स्थानीय सुन कागती	४-५ X ४-५	२५	५०	४३४.७८	६९९.४३	५५.००	फलको बोक्राकोरङ हरियोवाट पराल जस्तो पहेँलोमा परिणत भएपछि र फलले पूर्ण आकार लिएपछि आश्विन-पौष सम्म फल टिप्नुपर्दछ ।	७-८
४	लेमन (निवुवा)	नेपाली अमिलो, युरेका राउण्ड, युरेका अवलङ, लिसवन, पन्त-१	५ X ५	१५	५०	४३४.७८	६९९.४३	५५.००	फलको बोक्राको रङ हरियोबाट पराल जस्तो पहेँलोमा परिणत भएपछि र फलले पूर्ण आकार लिएपछि आश्विन-पौष सम्म फल टिप्नुपर्दछ ।	७-८
५.	भोगटे	थाई (सेतो गुदी) र स्थानीय छनौट (रातो गुदी)	५-६ X ५-६	१५	५०	५४३.४८	८७४.२९	८३३.३३	फलको बोक्राको रङ हरियाबाट पराल जस्तो पहेँलोमा परिणत भएपछि कार्तिक-पौष सम्म फल टिप्नुपर्दछ ।	७-८

क्र.सं.	फलफूलको नाम	जातहरू	लगाउने दूरी (मिटर)	एक रोपनीमा लगाउने बिरुवा	मलखाद/फल दिने बोट (वार्षिक)				फल टिप्न तयार हुन समय	उत्पादन मे.टन /हे.
					प्राङ्गारिक मल (के.जी.)	डी.ए.पी. (ग्राम)	युरिया (ग्राम)	म्युरेट अफ पोटास (ग्राम)		
६	मुन्तला	जापानिज गोलो	३ X ४	३० -४०	५०	५००	२५०	५००	गाढा सुन्तला रङ चढेपछि माघ - फागुनमा फल टिप्नुपर्छ।	४ - ५
७	ज्यामिर	सेती ज्यामिर, काली ज्यामिर	६ X ५	१५	५०	५००	२५०	५००	गाढा सुन्तला रङ चढेपछि पौष - माघमा टिप्नुपर्छ।	१२-१५

१४. कफी तथा चिया

क्र.सं.	कफी तथा चिया	जातहरू	लगाउने दूरी (मिटर)	एक रोपनीमा लगाउने बिरुवा	मलखाद प्रति बोट (के.जी)				फल तथा पात टिप्न तयार हुने समय	उत्पादन मे.टन /हे.
					प्राङ्गारिक मल (के.जी.)	डि.ए.पि. (ग्राम)	युरिया (ग्राम)	म्युरेट अफ पोटास (ग्राम)		
१.	कफी	अरेविका, रोवस्टा	२-२ X २-२.५	११०	५	११९.५७	११६.२६	१२५.००	फल हरियोवाट रातोमा परिणत भएपछि ४–५ पटक गरी (पौष–फागुन) टिप्नुपर्दछ।	१-३

क्र.सं.	कफी तथा चिया	जातहरू	लगाउने दूरी (मिटर)	एक रोपनीमा लगाउने बिरुवा	मलखाद प्रति बोट (के.जी)				फल तथा पात टिप्न तयार हुने समय	उत्पादन मे.टन /हे.
					प्राङ्गारिक मल (के.जी.)	डि.ए.पि. (ग्राम)	युरिया (ग्राम)	म्युरेट अफ पोटास (ग्राम)		
२.	चिया	सि.टि.सि.:टि.भिसेरिज१–३०, हिलिका, मनोहरी, तिनआली, नगरजुली	०.९ X ०.६	६००-७००		८.७०	१३.९९	२०.००	चैत्रदेखि कार्तिकसम्म मुना टिप्नु सकिन्छ।	०.६५०
३	चिया	अर्थोडकसः गुम्तीसेलेकसन, फुवाछिरिङ्गि –३१२, तक्दा–७८, तक्दा–१४५, तक्दा–३८३, तक्दा–२४६, वेनकवर्न–१५७, आम्वारी–२	०.६ X ०.४	७००-८००		८.७०	१३.९९	२०.००	चैत्रदेखि आश्विनसम्म मुना टिप्नु सकिन्छ।	०.३००

स्रोतः कृषि तथा पशुपन्छी डायरी, २०७८

१५.पुष्प खेती

कट फ्लावरको लागि

क्र. सं.	पुष्पको नाम	लगाउने समय	पुष्पको जातहरू	लगाउने दुरी (से.मी.)	मलखाद प्रति रोपनी (के.जी)				व्यवस्थापन	फूल टिप्ने समय	उत्पादन/ रोपनी /वर्ष
					प्राङ्गारिक मल	नाइट्रोजन	फस्फोरस	पोटास			
१.	ग्लाडिओलस	मध्य पहाडः माघ-चैत्र तराईः असोज-कार्तिक	अमेरिकन ब्यूटी, जेष्टर, इन्टरपिट, कोन्डिमन, समरसनसाइन, हल्यान्ड व्यूटी	३०-२०	३०००	१५	१५	२०	खुल्ला ठाउँ	रोपेको ६० दिन पछि	१५,००० स्टिक
२.	कार्नेशन	माघ-फागुन	नेल्सन, जेनारो, गोलेम, पाम्पल्लोमा, लिबर्टि, हिलिक्स, बाल्टीको, लोर्का	२०x२०	३०००	१०	१०	१५	पोली हाउस	रोपेको १२० दिन पछि	७५,००० स्टिक
३.	जर्बेरा	माघ-फागुन	मिमोसा, सिल्भर स्नो, ग्यामर, ह्वाइट हाउस, ब्रुनेलो, डुने	३०x२५	३०००	१०	१०	१५	पोली हाउस	रोपेको ९० दिन पछि	९०,००० स्टिक
४.	स्टाटिस	माघ-फागुन	पास्टेल, सन्डे, विइङ्ग	३०x३०	१५००	८	८	५	पोली हाउस	रोपेको ९० दिन पछि	८५,००० स्टिक
५.	गुलाब	पहाडः माघ-फागुन तराईः भदौ-असोज	एन्जेलिना, लभअनलिमिटेड, कुलवाटर, स्टुटनिक, स्लिपिङ	५०x३०	६-८ के.जी/ बोट	१५	१०	१०	खुल्ला ठाउँ वा	रोपेको ९० दिनपछि	१,२०,००० स्टिक

क्र. सं.	पुष्पको नाम	लगाउने समय	पुष्पको जातहरू	लगाउने दुरी (से.मी.)	मलखाद प्रति रोपनी (के.जी)				व्यवस्थापन	फूल टिप्ने समय	उत्पादन/ रोपनी /वर्ष
					प्राङ्गारिक मल	नाइट्रोजन	फस्फोरस	पोटास			
			ब्युटि, ह्वाइट क्वीन						पोली हाउस		
६.	जिप्सोफिला	माघ-फागुन	ह्वाइट फायर, माइ पिंक, गोलान, मिलियन स्टारस्, न्यू लभ	५०x३०	२०००	२	५	४	पोली हाउस	रोपेको १२० दिन पछि	६०,००० स्टिक
७.	रजनीगन्धा	पहाडः माघ-फागुन तराईः असोज-कार्तिक	सिङ्गलः सिङ्गार, प्रज्वल, रजतरेखा, डबल स्वर्णरेखा, सुवासीनी, सेमिडवल बैभव	३०x२०	२०००	६	३	४	खुल्ला ठाउँ वा पोली हाउस	रोपेको ९०-१२० दिन पछि	३०,००० स्टिक
८.	गोदावरी	जेठ-असार	एनिमोन, पमपोन, डेकोरटिभ, इनकर्भ, स्पाइडर, स्पून, क्विल, िरफ्लेक्स, स्नोबल	३०x३०	३०००	१५	१०	१०	खुल्ला ठाउँ वा पोली हाउस	रोपेको १२० दिन पछि	४५,००० स्टिक

नोटः लगाउने समयः जर्बेरा, कार्नेशन, बाह्रै महिना, ग्लाडिओलस र रजनीगन्धा तराईमा असोज-फाल्गण र मध्य पहाडमा माघ-जेठको पहिलो हप्ता, गुलाब पौषदेखि फाल्गुनसम्म लगाईन्छ ।

स्रोतः कृषि तथा पशुपन्छी डायरी, २०७८

१६. तरकारी खेती प्रविधि तालिका

क्र. स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
१	काउली खुला सिञ्चित अगौटे जात	सर्लाही दिपाली	चैत-असार	चैत-बैशाख (जेठ-असार)	असार-श्रावण (भदौ-असोज)	१५००	१०	६	४	४५	४५	२५०० बेर्ना (३०–४० ग्राम)
	काउली खुला सिञ्चित मध्य मौसमी जात	काठमाडौं स्थानीय खुमलज्यापु	माघ–श्रावया	साउन-भाद्र	भाद्र-असोज	१५००	१०	६	४	६०	४५	१८०० बेर्ना (३० ग्राम)
	काउली खुला सिञ्चित पछौटे जात	डोल्पा स्नोवल १६	माघ–बैशाख	असोज–मंसिर	असोज-मंसिर	१५००	१०	६	४	६०	४५	१८०० बेर्ना (३० ग्राम)
	काउली हाइब्रिड	सिल्भर कप ६०, ह्वाइट फ्लास, ह्वाइट कप-अगौटे जात)		जेठ-भाद्र अन्तिम		२०००	१०	६	५	४५	४५	१५ ग्राम
		ह्वाइट टप,रेमि, देवी १, स्नो डोम, मिल्क वे (मध्य मौसमी जात)		मध्य श्रावण-भाद्र		२०००	१०	६	५	६०	४५	१५ ग्राम

क्र.स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
		स्नो मिस्टिक,मेघा ,एन.एस-९०, एन.एस.१०६ , स्नो डोम, नेपा ह्वाइट (पछौटे जात)		असोज-फागुन		२०००	१०	१०	५	७५	७५	१५ ग्राम (१४०० बिरुवा)
२	काँक्रो	निन्जा १७९, डाइनेष्टी	जेठ-श्रावण	फागुन-जेठ/श्रावण-असोज	पौष-माघ/असोज-मंसिर	१५००	७	२	५	७५	७५	१२५ ग्राम (१५० बिरुवा)
		मालिनी,सालिनी, बेली, नेपा टुसी	,,	,,	,,					७५	७५	,, ,,
		भक्तपुर लोकल	,,	,,	,,					२००	२००	१०० ग्राम (१५० बिरुवा
३	केराउ	न्यु लाइन	चैत्र-वैशाख	श्रावण- मंसिर/माघ-फागुन	असोज-कार्तिक	१५००		२	६	६०	६०	२००० ,,
		सर्लाही आर्केल	,,	,,	,,					,,	,,	,, ,,
		सिक्किम स्थानीय	,,	,,	,,					७५	७५	१५००

क्र.स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
४	खुर्सानी (पीरो)	ज्वाला, कर्मा ७४७, नेपा हट	चैत्र-वैशाख	माघ-फागुन	भाद्र-असोज	१५००	५	५	५	६०	३०	४००० बेर्ना (३० ग्राम)
		एन-एस १७०१	चैत्र-वैशाख	माघ-फागुन	भाद्र-असोज	१५००	५	५	५	४५	३०	,,
		मार्शल	चैत्र-वैशाख	माघ-फागुन	भाद्र-असोज	१५००	५	५	५	६०	४५	,,
५	गाँजर	न्यू कुरोदा, कुरोदा मार्क ॥	जेठ-साउन	भाद्र-मंसिर	असोज-कार्तिक	१५००	५	५	५	३०	१०	३०० ग्राम
		नान्टिस	,,	,,	,,					३०	१०	,,
६	गोलभेंडा अग्लोजात	डालिला,सृजना, गौरव ५५५,	चैत्र-जेठ	फागुन-भाद्र	भाद्र-कार्तिक	१५००	१०	९	४	७५	४५	५–७ ग्राम
	गोलभेंडा होचोजात	सूर्य १११	,,	,,	,					६०	४५	,,
		एन.सि.एल.१	,,	,,	,					६०	४५	,,
		रोमा	वैशाख-जेठ	फागुन-श्रावण	भाद्र-माघ	२०००	१०	१०	७-५	७५	४५	५–१० ग्राम
		माकिस्		जेष्ठ-श्रावण		२०००	१०	१०	७-५	७५	७५	५–१० ग्राम
		टि ३०		,,		२०००	१०	१०	७-५	७५	४५	५–१० ग्राम

क्र.स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
		सुरक्षा		,,		२०००	१०	१०	७-५	७५	७५	५–१० ग्राम
		मिन्टो		चैत्र -श्रावण		२०००	१०	१०	७-५	७५	६०	५–१० ग्राम
		एन.एस.८१५		फागुन-बैशाख		२०००	१०	१०	७-५	६०	६०	५–१० ग्राम
		पुसा रुवी		फागुन-श्रावण		२०००	१०	१०	७-५	७५	७५	५–१० ग्राम
		अमरुता		,,		२०००	१०	१०	७-५	७५	७५	५–१० ग्राम
	गोलभेंडा मध्यम अग्लो जात	मनप्रेकस, अमिता		फागुन-जेठ र श्रावण		२०००	१०	१०	७-५	७५	४५	५–१० ग्राम
		युरेका		फागुन-चैत्र		२०००	१०	१०	७-५	७५	७५	५–१० ग्राम
		माधुरी		फागुन-जेठ		२०००	१०	१०	७-५	७५	७५	५–१० ग्राम
७	ग्याँठगोपी	सम्राट, नेपा बल	जेठ-भदौ	साउन-फागुन	असोज-पौष	१५००	५	३	२.५	२०	२०	४० ग्राम
८	घिरौंला	कान्तिपुरे	बैशाख-जेठ	फागुन-जेठ	माघ-जेठ	५००	२	१	१	३००	३००	१०० ग्राम (१२५ बिरुवा)
		न्यु नारायणी, गीता	बैशाख-जेठ	फागुन-जेठ	माघ-जेठ					२००	२००	,,

क्र. स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
९	चम्सुर	ठिमी चम्सुर	फागुन-वैशाख	भाद्र-माघ	असोज-मंसिर	६००	४	२	२	२०	२(३	५००-१००० ,,
१०	चुकन्दर	मधुर	जेठ-साउन	भाद्र-असोज	असाज-कार्तिक	१०००	६	४	२	४५	१०	२०० ग्राम
११	जिरीको साग	ग्रिन स्पान, ग्रिन वेभ	जेठ -श्रावण	श्रावण-फागुन	असोज-कार्तिक	६००	६	४	२	४५	३०	३० ग्राम
१२	तरबुजा	लक्ष्मी ७४७, लक्ष्मी ७६७			पौष-फाल्गुन	५००	३	२	२	२००	१००	१२५ ग्राम
१३	तितेकरेला	हरियो करेला	वैंशाख-जेठ	फागुन-चैत्र	माघ-जेठ	१५००	१०	६	३	१५०	१००	१०० ग्राम (१२५ बिरुवा)
		पाली	वैंशाख-जेठ	फागुन-चैत्र	माघ-जेठ					१५०	१००	,,
		एन एस ४३३, हीरा	वैंशाख-जेठ	फागुन-जेठ	पौष-जेठ					१५०	१००	,,
१४	पालुङ्गो	पाटने	वैंशाख-श्रावण	भाद्र-माघ	आश्विन-कार्तिक	१०००	६	४	२	२०	२-३	५००-१००० ग्राम
		हरिपते	वैंशाख-श्रावण	भाद्र-माघ	आश्विन-कार्तिक	१०००	६	४	२	२०	२-३	,,

क्र.स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
१५	प्याज	रेड क्रियोल	-	असोज-पौष	असोज-कार्तिक	१५००	१२	९	४	१५	१०	५०० ग्राम
		नासिक ५३	-	पौष-माघ	मंसिर -पुष	१५००	१२	९	४	१५	१०	,,
		सुपरेक्स		असोज-पौष	असोज-कार्तिक	१५००	१२	९	४	१५	१०	,,
१६	फर्सी (स्क्वास)	असारे फर्सी	बैशाख-जेठ	पौष-माघ	मंसिर -पुष	१५००	१२	९	३	१००	१००	१०० ग्राम
		ग्रे जुकिनी	बैशाख-जेठ	फाल्गुन-चैत्र	माघ-जेठ	१५००	१२	९	३	१००	१००	,,
		स्थानीय	बैशाख-जेठ	फाल्गुन-चैत्र	माघ-जेठ	१५००	१२	९	३	२००	२००	,,
		लङ् ग्रीन	जेठ-श्रावण	माघ-भाद्र		१५००	१२	९	३	२००	१००	,,
		सनी हाउस	जेठ-श्रावण	माघ-भाद्र		१५००	१२	९	३	९०	९०	,,
		सोन्डो भि		माघ-भाद्र		१५००	१२	९	३	९०	९०	,,
१७	वकुल्ला	स्थानीय	चैत्र-वैंशाख	भाद्र-असोज	असोज-कार्तिक	६००	२	२	२	६०	३०	३००० ग्राम

क्र.स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
१८	बन्दा	सुपर ग्रिन	फागुन-बैंशाख	श्रावण-भाद्र	भाद्र-असोज	१०००	१२	९	४	६०	४५	१८०० बेर्ना (२५ ग्राम)
		सुपर कोरोनेट	जेठ-श्रावण	चैत्र-असोज	मंसिर-माघ	१०००	१२	९	४	४५	३०	३००० (२५ ग्राम),,
		कोपन हेगनमार्केट	जेठ-श्रावण	चैत्र-असोज	मंसिर-माघ	१०००	१२	९	४	६०	४५	१८०० , (२५ ग्राम),
		ग्रीन कोरोनेट, ग्रिन टप	जेठ-श्रावण	श्रावण-मंसिर	असोज-कार्तिक	१०००	१२	९	४	४०	४०	३००० (१५ ग्राम)
		जेनिथ,नेपा स्टार, नेपा ग्रीन	जेठ-श्रावण	श्रावण-मंसिर	असोज-कार्तिक	१०००	१२	९	४	४०	४०	३००० बेर्ना (१५ ग्राम)
		टी ६२१	जेठ-श्रावण	श्रावण-मंसिर	असोज-कार्तिक	१०००	१२	९	४	४०	४०	३००० बेर्ना (१५ ग्राम)
		गोल्डेन वल	जेठ-श्रावण	श्रावण-मंसिर	असोज-कार्तिक	१०००	१२	९	४	४०	४०	३००० बेर्ना (१५ ग्राम)
१९	बोडी	खुमल तने	चैत्र-बैशाख	माघ-फागुन	भाद्र-असोज	६००	४	६	२	१२०	३०	२००० ग्राम

क्र. स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
		सर्लाही तने	साउन-भाद्र	माघ-फागुन	भाद्र-असोज	६००	४	६	२	१२०	३०	२००० ,,
		चन्द्रा ०४१		आषाढ-भदौं	असोज-मंसिर	६००	४	६	२	७०	७०	१०००,,
		यार्ड लंग	साउन-भाद्र	आषाढ-भदौं	असोज-मंसिर	६००	४	६	२	७०	७०	१०००,,
		मालेपाटन १	साउन-भाद्र	आषाढ-भदौं	असोज-मंसिर	६००	४	६	२	३०	३०	१५०० ग्राम
२०	ब्रोकाउली	प्रिमियम कप	जेठ-श्रावण	श्रावण-माघ	असोज-कार्तिक	५००	१९	९	४	६०	४५	५-१० ,,
		ग्रीन पिया	फागुन-बैंशाख	भाद्र-असोज	भाद्र-असोज	५००	१९	९	४	४५	३०	५-१० ,,
		एभरेष्ट ग्रिन	जेठ-श्रावण	श्रावण-माघ	असोज-कार्तिक	५००	१९	९	४	६०	४५	५-१० ,,
		साकुरा, सेन्ताउरो	जेठ-श्रावण	श्रावण-कार्तिक	असोज-कार्तिक	५००	१९	९	४	४५	३०	५-१० ,,
२१	भण्टा	नुर्कि	जेठ-श्रावण	चैत्र-आषाढ	असोज-कार्तिक	१०००	१०	९	४	६०	४५	१८००-२००० बेर्ना (३० ग्राम)
		एन.एस. ७९७	जेठ-श्रावण	चैत्र-आषाढ	असोज-कार्तिक	१०००	१०	९	४	६०	६०	१४००-१६०० बेर्ना (३० ग्राम)
		अर्का केशव	जेठ-श्रावण	चैत्र-आषाढ	असोज-कार्तिक	१०००	१०	९	४	६०	६०	१४००-१६००,,

क्र.स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
												(३० ग्राम)
		सर्लाही ग्रीन	जेठ-श्रावण	चैत्र-आषाढ	असोज-कार्तिक	१०००	१०	९	४	६०	४५	१८००-२०००,, (३० ग्राम)
		पर्पल लंग	जेठ-श्रावण	चैत्र-आषाढ	असोज-कार्तिक	१०००	१०	९	४	६०	४५	१८००-२०००,,
		लुकी	चैत्र-जेठ	चैत्र-आषाढ	भाद्र-कार्तिक	१०००	१०	९	४	६०	४५	१८००-२०००,,
२२	भेडे खुर्सानी	क्यालिफोनिया वण्डर	जेठ-श्रावण	फागुन–चैत	असोज-कार्तिक	१५००	१०	५	५	६०	४५	२००० बेर्ना (२५–३० ग्राम)
		एन.एस. ६३२, सागर	जेठ-साउन	फागुन-भाद्र	असोज-कार्तिक	१५००	१०	५	५	६०	४५	२००० बेर्ना
२३	मूला	ह्वाईट नेक	जेठ-साउन	भाद्र-असोज	भाद्र-कार्तिक	१०००	१०	९	३	२०	२०	४००-५००ग्राम
		मिनो अर्ली	जेठ-साउन	श्रावण-कर्तिक	भाद्र-कार्तिक	१०००	१०	९	३	२०	२०	,,
		प्यूठाने रातो	जेठ-साउन	जेठ-असोज	भाद्र-कार्तिक	१०००	१०	९	३	२०	२०	,,
		टोकीनासी	जेठ-साउन	जेठ-फागुन	मंसिर-माघ	१०००	१०	९	३	२०	२०	,,
		४० दिने	जेठ-साउन	कार्तिक-फागुन	फागुन-चैत्र	१०००	१०	९	३	२०	२०	,,

क्र.स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
		ग्रीन नेक, ग्रिन वो	जेठ-साउन	कार्तिक-फागुन	फागुन-चैत्र	१०००	१०	९	३	२०	२०	,,
२४	मेथी	स्थानीय	फागुन-वैशाख	भाद्र-मंसिर	असोज-मंसिर	६००	६	४	२	३०	२-३	५००-१००० ,,
		कसुरी	फागुन-वैशाख	भाद्र-मंसिर	असोज-मंसिर	६००	६	४	२	३०	२-३	५००-१००० ,,
२५	रामतोरियाँ	पार्वती	बैंशाख-जेठ	फागुन-भदौं	माघ-जेठ	६००	६	४	२	५०	३०	५००-१००० ,,
		अर्का अनामीका	बैंशाख-जेठ	फागुन -भदौं	माघ-जेठ	६००	६	४	२	५०	३०	५००-१००० ,,
२६	रायो	खुमल चौडापात	फागुन-बैशाख	भाद्र-मंसिर	असोज-मंसीर	१०००	१०	९	४	४५	३०	१० ग्राम
		ताङ्गखुवा	जेठ-असार	श्रावण-जेठ	असोज-मंसिर	१०००	१०	९	४	५०	५०	१० ग्राम
		मार्फा चौडापात	फागुन-बैशाख	भाद्र-मंसिर	असोज-मंसिर	१०००	१०	९	४	४५	३०	१० ग्राम
		खुमल रातोपात	फागुन-बैशाख	भाद्र-मंसिर	असोज-मंसिर	१०००	१०	९	४	४५	३०	१० ग्राम
२७	लसुन	स्थानीय	बैशाख-जेठ	श्रावण-माघ	असोज-कार्तिक	१५००	१२	१२	४	१५	१५	२५००० ,,

क्र.स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
२८	लौका	एन.एस.४२१, कावेरी		फाल्गुन-असार	पुष-जेठ	१५००	२	१	१	२००	२००	१०० ग्राम (१२५ बिरुवा)
		अनमोल	वैशाख-जेठ	फागुन-चैत्र	माघ-जेठ	१५००	२	१	१	२००	२००	,,
२९	सलगम	पर्पल टप	जेठ-साउन	श्रावण-फागुन	असोज-मंसिर	१०००	४	६	३	३०	३०	१०० ग्राम
		काठमाडौं रातो	जेठ-साउन	श्रावण-फागुन	असोज-मंसिर	१०००	४	६	३	३०	२०	,,
३०	सिमी	त्रिशुली	चैत्र-वैशाख	माघ-फागुन	भाद्र-असोज	६००	४	६	३	१२०	५०	५००-१००० ,,
		झारों सिमी १	फागुन-चैत्र	साउन	भाद्र-असोज	६००	४	६	३	१२०	३०	२००० ,,
		एस(९	फागुन-चैत्र	साउन	भाद्र-असोज	६००	४	६	३	१२०	५०	५००-१००० ,,
		हिमाली राजमा	जेठ-असार	फागुन-श्रावण	असोज-मंसिर	६००	४	६	३	७०	७०	५००-१००० ,,
		चौमासे	चैत्र-बैशाख	साउन	भाद्र-असोज	६००	४	६	३	१२०	५०	५००-१००० ,,
		एल.बि.३७ (झांगे)	जेठ-असार	फागुन-श्रावण	असोज-मंसिर	६००	४	६	३	७०	७०	५००-१००० ,,
		मन्दिर	जेठ-असार	फागुन-श्रावण	असोज-मंसिर	६००	४	६	३	४५	३०	२००० ,,
३१	स्वीसचार्ड	सुसाग	फागुन-जेठ	श्रावण-माघ	असोज-मंसिर	८००	१०	६	३	४५	३०	१० ,,

क्र. स	बाली	जात	बेर्ना सार्ने समय			मलखाद के.जी./रो.				बेर्ना लगाउने दूरी (से.मी.)		बीउ/बेर्ना दर (ग्राम वा संख्या)
			उच्च पहाड	मध्य पहाड	तराई /बेंसी	कम्पोष्ट	युरीया	डि.ए.पी.	म्युरेट अफपोटास	ड्याङ × ड्याङ	बोट × बोट	
३२	सखरखण्ड	स्थानीय	जेठ-असार	जेठ-भद्र	कार्तिक-मंसिर	१०००	१०	६	२	४५	४५	२००० कटिङ्ग
		जापानीज रातो	जेठ-असार	जेठ-भद्र	असोज-मंसिर	१०००	१०	६	२	४५	४५	२००० कटिङ्ग
३३	कुरिलो	मेरि वासिंटन ५००	जेठ-श्रावण	फागुन-भद्र		१०००	१२	९	३	१००	६०	८०० बोट
३४	तरकारी भटमास	तरकारी भटमास १		माघ-श्रावण	असोज-कार्तिक	६००	६	९	३	३०	३०	१००० ग्राम.
३५	पाकचोइ साग	चोको, टेस्टी ग्रीन	फागुन-बैशाख	भाद्र-मंसिर	असोज-मंसीर	१०००	१०	९	४	३०	३०	२० ग्राम

आलु खेती प्रविधि तालिका

क्र. सं.	जात	रोप्ने समय/सिफारिस क्षेत्र			मलखाद के.जी./रोपनी				बीउ दर के.जी./ रोपनी	लगाउने दूरी (से.मी.)	बाली तयार हुन लाग्ने दिन	उत्पादन मे.ट / रोपनी
		उच्च पहाड	मध्य पहाड	तराई, भित्री मधेस, बेंसी र खोंच	कम्पोष्ट	डि.ए.पी.	यूरिया	म्युरेट अफ पोटास				
१	कुफिज्योति	फागुन/चैत्र	पौष /माघ		१५००	११	७	५	७५-१००	७०×२५	१००-१२०	१-१.२५

क्र. सं.	जात	रोप्ने समय/सिफारिस क्षेत्र			मलखाद के.जी./रोपनी				बीउ दर के.जी./ रोपनी	लगाउने दूरी (से.मी.)	बाली तयार हुन लाग्ने दिन	उत्पादन मे.ट / रोपनी
		उच्च पहाड	मध्य पहाड	तराई, भित्री मधेस, बेंसी र खोंच	कम्पोष्ट	डि.ए.पी.	यूरिया	म्युरेट अफ पोटास				
२.	कुफ्रिसिन्दूरी	-	-	असोज-मंसिर	१५००	११	७	५	७५-१००	७०×२५	११०-१३०	१ .२५-१.५
३.	डिजिरे	-	पौष /माघ	असोज-मंसिर	१५००	११	७	५	७५-१००	७०×२५	७०-९०	०.७५-१.००
४.	जनकदेब	फागुन/चैत्र	पौष /माघ	-	१५००	११	७	५	७५-१००	७०×२५	१००-१२०	१ .२५-१.५
५.	खुमलसेतो—१	-	पौष /माघ	-	१५००	११	७	५	७५-१००	७०×२५	१००-१२०	१ .२५-१.५
६	खुमलरातो —२	-	-	असोज-मंसिर	१५००	११	७	५	७५-१००	७०×२५	१००-१२०	१ .२५-१.५
७.	खुमललक्ष्मी	फागुन/चैत्र	पौष /माघ	असोज-मंसिर	१५००	११	७	५	७५-१००	७०×२५	१००-१२०	१-१.२५
८.	आई.पी.वाई. ८			असोज-मंसिर	१५००	११	७	५	७५-१००	७०×२५	१००-१२०	१ .२५-१.५
९	खुमल उज्वल	फागुन/चैत्र	पौष /माघ	असोज-मंसिर	१५००	११	७	५	७५-१००	७०×२५	१००-१२०	१-१.२५
१०	खुमल उपहार	फागुन/चैत्र	पौष /माघ	असोज-मंसिर	१५००	११	७	५	७५-१००	७०×२५	१००-१२०	१-१.२५
११	खुमल विकास	फागुन/चैत्र	पौष /माघ	असोज-मंसिर	१५००	११	७	५	७५-१००	७०×२५	१००-११०	१-१.२५
१२	कार्डिनल	-	पौष /माघ	असोज-मंसिर	१५००	११	७	५	७५-१००	७०×२५	१००-१२०	१-१.२५

क्र. सं.	जात	रोप्ने समय/सिफारिस क्षेत्र			मलखाद के.जी./रोपनी				बीउ दर के.जी./रोपनी	लगाउने दूरी (से.मी.)	बाली तयार हुन लाग्ने दिन	उत्पादन मे.ट / रोपनी
		उच्च पहाड	मध्य पहाड	तराई, भित्री मधेस, बेंसी र खोंच	कम्पोष्ट	डि.ए.पी.	यूरिया	म्युरेट अफ पोटास				
१३	एन.पि.आई१०६	फागुन/चैत्र	पौष /माघ	—	१५००	११	७	५	७५-१००	७०×२५	११०-१२०	१ .२५-१.५

बीयाँबाट उत्पादित सिडलिंग ट्यूबरवाट खायन आलु उत्पादन

क्र. सं.	बाली	जात	रोप्ने समय/सिफारिस क्षेत्र			मलखाद के.जी./रोपनी				बिउ दर के.जी/ रोपनी	लगाउने दूरी (से.मी.)	बाली तयार हुन लाग्ने दिन	उत्पादन मे.ट / रोपनी
			उच्च पहाड	मध्य पहाड	तराई, भित्री मधेस, बैसी र खोंच	कम्पोष्ट	डि.ए.पी.	युरिया	म्युरेट अफ पोटास				
१.	आलु	टी.पी.एस. १, टी.पी.एस. २	फाल्गुन/चैत्र	पौष /माघ	असोज–मंसिर	१५ के.जी.	११	७	५	२५-३०	७०×२५	१००-११०	१ .२५-१.५

वीयाँबाट सिडलिंग ट्यूबर उत्पादन

क्र. सं.	बाली	जात	रोप्ने समय/सिफारिस क्षेत्र			मलखाद के.जी./रोपनी				बियाँदर (ग्राम)	लगाउने दूरी (से.मी.)	सिडलिंग ट्युबर तयार हुन लाग्ने दिन	उत्पादन के.जी. / बर्गमिटर
			उच्च पहाड	मध्य पहाड	तराई, भित्री मधेस, बेंसी र खोंच	कम्पोष्ट	डि.ए.पी.	यूरिया	म्यूरेट अफ पोटास				
१.	आलु	टी.पी.एस.१, टी.पी.एस.२	फाल्गुन/चैत्र	पौष /माघ	असोज–मंसिर	५ के.जी.	१७	१२	१७	५ ग्रामले २५ बर्ग मिटरलाई पुग्ने	२५×४	१००-११०	४-५

आलुको बीयाँबाट खायन आलुखेती (बेर्ना सारेर) TPS

क्र. सं.	बाली	जात	रोप्ने समय/सिफारिस क्षेत्र			मलखाद के.जी./रोपनी				बियाँदर (ग्राम)/रोपनी	बेर्ना सार्ने दूरी (से.मी.)	बाली तयार हुन लाग्ने दिन	उत्पादन मे.ट / रोपनी
			उच्च पहाड	मध्य पहाड	तराई, भित्री मधेश, बेंसी र खोंच	कम्पोष्ट	डि.ए.पी.	युरिया	म्युरेट अफ पोटास				
१.	आलु	टी.पी.एस.१, टी.पी.एस.२	फाल्गुन/चैत्र	पौष /माघ	असोज–मंसिर	१५००	११	७	५	५ ग्राम	६०×२०	१००-११०	१-१.५

तरकारी वालीहरुमा उपयुक्त माटोको पि.एच.

तरकारी बाली	उपयुक्त पि.एच.
आलु	४.५- ७.५
कुरिलो	५.५- ७.०
काँक्रो	६.०- ७.५
बन्दा	६.५- ७.५
प्याज	६.५- ७.५
मूला	६.०- ७.४
काउली	६.५- ७.५
पालुङ्गो	६.०- ७.५
गोलभेंडा	५.५- ७.०

१७. मसला बाली उत्पादन प्रविधि तालिका

क्र. सं	बाली	जात	लगाउने समय			मलखाद				लगाउने दूरी		बेर्ना/ बीउ मात्रा र रोपनी)	बाली तयार हुन लाग्ने अवधी	उत्पादन (के.जी. र रोपनी)	कैफियत
			उच्च पहाड	मध्य पहाड	तराई	कम्पोष्ट (डोको र रोपनी)	ना. (के.जी. र रोपनी)	फ. (के.जी. र रोपनी)	पो. (के.जी. र रोपनी)	बोटदेखि बोट	लाइन देखि लाईन				
१.	अलैंची	रामसाई	जेठ - श्रावण	जेठ - श्रावण		५०-६०	५	३	३	१.२-१.५मि	१.२-१.५मि	६६७-१०४१ बेर्ना	तिन वर्ष	३०-४० (सुख्खा)	३ बेर्ना र खाडल (सिफारिस जात)
		गोलसाई	,,	,,	-	,,	,,	,,	,,	१.२-१.५मि	१.२-१.५मि	६६७-१०४१ बेर्ना	,,	,,	,, ,,
		डम्बरसाई	-	,,	-	,,	,,	,,	,,	१.२-१.५मि	१.२-१.५मि	६६७-१०४१ बेर्ना	,,	,,	,, ,,
		साउने	जेठ - श्रावण	,,	-	,,	,,	,,	,,	१.२-१.५मि	१.२-१.५मि	६६७-१०४१ बेर्ना	,,	,,	,, ,,
२.	अदुवा	कपुरकोट अदुवा–१, कपुरकोट अदुवा-२	फाल्गुन-चैत्र	फाल्गुन -चैत्र	फाल्गुन - चैत्र	६०-७०	४	२.५	२.५	३०से.मि	३०से.मि	२२५-३००के.जी	७-९महिना	१०००-१५००	(उन्मोचित जात)
३.	बेसार	कपुरकोट हलेदो १, कपुरकोट हलेदो २	चैत्र-बैशाख	चैत्र-बैशाख	चैत्र-बैशाख	६०-७०	५	३	३	३० सेमि	२५ से.मि	१००-१५०के.जी	८-१० महिना	२०००-२२००	(प्रचलित जात)
४.	लसुन	चाइनिज	श्रावण	भाद्र-आश्विन	–	८०-९०	७	७	३.५	२५ से. मि	२५से मि	५० के. जि.	९-१०महिना	१०००-१५००	(प्रचलित जात)

क्र. सं	बाली	जात	लगाउने समय			मलखाद				लगाउने दूरी		बेर्ना/ बीउ मात्रा र रोपनी)	बाली तयार हुन लाग्ने अवधी	उत्पादन (के.जी. र रोपनी)	कैफियत
			उच्च पहाड	मध्य पहाड	तराई	कम्पोष्ट (डोको र रोपनी)	ना. (के.जी. र रोपनी)	फ. (के.जी. र रोपनी)	पो. (के.जी. र रोपनी)	बोटदेखि बोट	लाइन देखि लाईन				
५.	लसुन	स्थानीय	असोज - कार्तिक	असोज - कार्तिक	कार्तिक–मंसिर	५०-६०	५	२.५	३	१५से. मि	७–८ से. मि	२५–३० से. मि	४-६महिना	६००–१०००	
६.	मरीच	स्थानीय पन्युर-१	–	श्रावण	श्रावण	४०-५०	८	३	१.४	२.५मि	२.५मि	३५००–५००० बेर्ना ३ बेर्ना र खाडल	३ वर्ष	७५–१०० सुकेको	(सिफारिस जात) मलको १/३ भाग पहिलो वर्ष, २/३ भाग दोस्रो वर्ष
७.	जिरा	आर.जेड -१९ जि. सि-१	-	-	असोज - कार्तिक	४०-५०	१.५	१.५	१.०	बोट ३० से.मि		१ के.जी	४ महिना	३०-३५	(सिफारिस जात)

प्याजको सेटबाट गानो उत्पादन

क्र. सं.	बाली	जात	सेट उत्पादन	डल्ला उत्पादन	मलखाद (के.जी./रोपनी)				लगाउने दूरी (से.मी.)		बीउ बेर्ना दर (के.जी.)	उत्पादन लिने समय (दिन)	उत्पादन (के.जी.)	कैफियत
					कम्पोष्ट	ना.	फ.	पो.	बोट×बोट	ड्याड × ड्याड.				
१.	प्याज	एन–५३	असोज–कार्तिक	१५ असार–श्रावण भर	१०००	६	५	५	१५	२०	२०-३०	७०	१५०० -२५००	

स्रोतः कृषि तथा पशुपन्छी डायरी, २०७८

१८. बाली संरक्षण

१८.१ विभिन्न बालीका रोग तथा कीराहरु र तिनको व्यवस्थापन

१८.१.१ अन्नबाली

धान बालीमा क्षति गर्ने मुख्य कीराहरू

कीराको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
१. रिट्टे, ट्वाँटी र कीर्थो कीरा (Seed bed beetle, Mole Cricket, Field Cricket)	वयस्क अवस्था चम्किलो कालो हुन्छ र लाभ्रे खैरो रङ्गको हुन्छ। वयस्क र लाभ्रे दुवै माटो भित्र बस्दछन्। ट्वाँटी कीराको खुट्टा बढी मोटो र बलिया नङग्रा भएका हुन्छन् भने कीर्थोमा साधारण उफ्रने किसिमका खुट्टा हुन्छन्।	• बिरुवाको कलिलो अवस्थामा माटो मुनि रहेको जरा र डाँठको भाग खाई दिन्छ र बिरुवाहरू मर्दछन्। • ट्वाँटी कीराले आलीमा दुलो पारेर पानी चुहिने समस्या पनि गराउँछन्।	• खेतमा पानी पटाउने। • सालिन्दा आक्रमण हुने खेतमा, रोपाई गर्नु अगावै क्लोरपाइरिफस १०% जि.आर ०.५ केजी वा क्लोरपाइरिफस ४% जि.आर ०.७५ केजी प्रति रोपनी वा क्लोरपाइरिफस २०% ई.सि (जस्तै डर्सवान वा फिनेवान वा रुसवान) नामक कीटनाशक विषादी १ मि.लि.प्रति लीटर पानीका दरले खेतमा पानी सुकाएर छर्ने।
२. गवारो (Borer)	वयस्क अवस्थामा विभिन्न आकार प्रकारका पुतली हुन्छन्। लाभ्रेहरू फिका पहेंला अथवा गुलावी रङ्गका अथवा शरीरमा धर्का भएका हुन्छन् यिनीहरू विरुवाको डाँठ भित्र रहन्छन्।	बिरुवाको कलिलो अवस्थामा आक्रमण भएमा मृत गावा (Dead heart) देखिन्छन् यदि विरुवाको फूल फुल्ने अवस्थामा आक्रमण भएमा भुस मात्र भएको सेतो वाला (White head) देखिन्छन्।	• गवारोको क्षति कम गर्न हरेक वर्ष धान काटी सकेपछि रहेको सम्पूर्ण ठूटा निकाली जलाइ दिने अथवा ठूटा डुब्ने गरी पानी पटाइ दिने अथवा धान काटेपछि खेतलाई जोतिदिने। • बेर्नाको पातको टुप्पोमा देखिएका फुलहरूलाई पातको टुप्पो चुँडेर नष्ट गर्ने। • प्रकाश पासोको माध्यमबाट वयस्क पुतलीलाई आकर्षण गरी मार्ने। • ट्राइकोग्रामा परजीवी कीरा ५०,०००-१,००,००० प्रतिहेक्टरका

कीराको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
			दरले रोपाइ गरेको ३-४ हप्ता पछि छाड्ने। • धान खेतको आलीमा भटमास लगाउने। • व्यासीलस थुरीनजियन्सिस (बीट) ३ ग्राम प्रति लिटर पानीका दरले छर्कने। • गवारोहरूको धेरै प्रकोप भएको खेतमा कारटाप हाइड्रोक्लोराइड ४ % जि.आर (जस्तै अनुदान, विदान, कीटाप, आदि) वा फिप्रोनिल ०.३ % जि.आर (जस्तै रीफ्री, रिजेन्ट, टाटाजेन्ट आदि) दाना विषादी कुनै एक १.२५ के.जी. प्रति रोपनीका दरले वा क्लोरानट्रानीलीप्रोल ०.४ % जि.आर (जस्तै फेरटेरा) खेतमा छिपछिपे पानी जमाइ छर्ने। विषादी छरेपछि ४ दिनसम्म खेतबाट पानी बग्न दिनु हुँदैन। • माकुरा, लामा सिंगे फट्याङग्रा जस्ता मित्र जीवको संरक्षण गर्ने।
३. धानको काँडादार खपटे हिस्पा (Rice Hispa)	वयस्क खपटे कीरा निलो-कालो रङ्गको काँडा दार पँखेटा भएको हुन्छ।	यसले नोक्सान पुर्याएको पातमा सेता धर्साहरू र सेता धब्बाहरू देखिन्छन्।	• बेर्नाको पातको टुप्पोमा देखिएका फुलहरूलाई पातको टुप्पो चुँडेर नष्ट गर्ने। • व्याडमा टम्म पानी जमाएर पानीमा उत्रेका खपटेलाई जम्मा गरी नष्ट गर्ने। • प्रकोप बढी भएमा अन्तिम बिकल्पको रुपमा बजारमा सजिलैसँग उपलब्ध हुने सम्पर्क बिषादी क्लोरपाइरिफस २० % ई.सि. (जस्तै डर्सवान, डरमेट, फाइनवेन) १.२५ मि.लि. प्रति लि वा लाम्डासाइहेलोथ्रिन ५ % ई.स. (जस्तै एजेन्ट प्लस, ब्राभो ५०००, कराते, सूर्य एजेन्ट) ०.५मि.लि.प्रति लिटर वा मालाथियन ५०% ई.सि (जस्तै साइथियन, अनु मालाथियन, सूर्याथियन) १.५मि.लि.प्रति लिटर पानीमा मिसाइ छर्ने।

कीराको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
४.फड्के (कीराहरू हरियो, खैरो र सेतो पिठ्यू भएको) (Hoppers)	कुनै हरिया, कुनै सेता र कुनै खैरा किसिमका फुत्तफुत्त उफ्रने किसिमका मसिना कीराहरू हुन्छन्।	• धानका विरुवाहरू सुकेर मर्दछन्। • विरुवाहरू गाँजिन र बढ्न सक्दैनन्। • धानको वोटमा वाला नलागी पराल जस्तो भई वोट सुकेर जान्छ।	• उपयुक्त जातको छनौट गर्ने। ढिलो लगाईएको भन्दा छिटो लगाईएको र ढिलोपाक्ने भन्दा छिटो पाक्ने धान बालीमा फड्के कीराको प्रकोप कम भएको पाईएको छ। • गाँजको घनत्व कम गर्ने। धान रोप्ने समयमा प्रतिगाँजमा २-३ वटा भन्दा बढी बेर्नाहरू नरोप्ने। • नाईट्रोजनयुक्त मलखादको उचित प्रयोग गर्ने। • समय समयमा गोडमेल तथा सरसफाई गरी कीराको बैकल्पिक आश्रयस्थल नष्ट गर्ने । • ३-४ दिनको फरकमा खेतमा पानीको सतह बढाउने घटाउने र सुकाउने गर्नुपर्छ । • धान खेतको पर्यावरणमा मित्र जीवको संख्या अत्यन्त कम वा शुन्य र शत्रु जीवको संख्या अत्यधिक रहेको समयमा अन्तिम बिकल्पको रुपमा रासायनिक विषादीको प्रयोग गर्ने। दैहिक बिषादीहरू एसीफेट ७५ %SP मिलि प्रति लिटर पानीमा (जस्तै एसीफेट, आस्ताफ, लेन्सर) २ मि.लि.वा वुप्रोफेजिन २५% एस.सी. (जस्तै वुप्रोलोड, डेभिफेजिन) १.५ मि.लि.वा फिप्रोनिल ५% एस.जी. (जस्तै रिजेन्ट, स्टाल्कर, डेभिजेन्टप्लस) २-३मि.लि.वा इमिडाक्लोप्रीड १७.८% एस.एल. (जस्तै अनुमिदा, एटम, केमिडा, हिमिडा) १मि.लि.प्रति ४ लिटर पानीमा वा कार्वो सल्फान २५% ई.सि (जस्तै मार्सल) १मि.लि.प्रति लिटर वा एजाडिराक्टीन ०.०३% ई.सि (जस्तै निम्वेसिडीन, मल्टीनीम) २

कीराको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
			मि.लि.आलो पालो गरी एक-एक हप्ताको फरकमा छर्कनु पर्दछ। बिषादी छर्कदा धानको बिरुवा माथिबाट होइन बिरुवाको फेदमा पर्ने किसिमले छर्कनु पर्दछ।
५.धानको पतेरो (Rice bug)	वयस्क पतेरो खैरोमा हरियो मिसिएको हुन्छ भने वच्चा पतेरो हरियो हुन्छ। यसलाई समातेर विस्तारै थिच्दा नराम्रो गन्ध छोड्छ।	पातमा बढी आक्रमण भएमा वोट नै पहेंलिने हुन्छ र वालामा आक्रमण गरेको छ भने दानाहरूमा खैरो दाग देखिने, दानाहरू फोस्रा हुने अथवा आधा फोस्रिएका दाना हुने गर्दछ।	• खेत भित्र तथा वरपरको झारपात गोडमेल गरी पतेरोको वैकल्पिक आश्रयस्थललाई नष्ट गर्ने। • एकै समय पाक्ने धानका जातहरू छनोट गरी लगाउने। • प्रकाश पासोको माध्यमबाट वयस्क कीरालाई मार्न सकिन्छ। • डर्टी ट्र्यापको प्रयोग गर्ने। यसको लागि गाई भैंसीको ताजा पिसाबमा कपडा वा जुटको वोरालाई भिजाएर एउटा घोचोको एक छेउमा बांध्ने र उक्त घोचोलाई धान बारीको बीचमा लगेर गाड्ने गर्नुपर्दछ। ट्र्यापमा आकर्षित भएका पतेरोहरूलाई बाहिर पट्टीबाट प्लाष्टिकको झोलाले छोपी संकलन गरी मार्ने। • यो कीराको प्रकोप ज्यादा भएमा अन्तिम बिकल्पको रुपमा कीटनाशक विषादी जस्तै मालाथियन ५०%ई.सि (जस्तै साइथियन, अनुमालाथियन, सूर्याथियन) २मि.लि.प्रतिलिटर अथवा साइपरमेथ्रिन २५% ई.सि (जस्तै अनुकील, साइपरसीड, केआइसाइपर) वा फेन्भेलेरेट २०% ई.सि (जस्तै अनुफेन, फेनभल, कीफेन) ०.५ मि.लि.प्रति लीटर पानीका दरले कुनै एक विषादी विरुवा राम्ररी भिज्ने गरी छर्नुपर्दछ।
६. पात वेरुवा (Leaf roller)	हल्का खैरो रङ्गका वयस्क पुतली हुन्छन्। पखेटामा दुईवटा बाङ्गा-टिङ्गा धर्साहरू	पातलाई वेरेर भित्र पट्टि बसी पातको हरियो पदार्थ खाईदिन्छन् र पात सुक्दछन् ।	• धान रोप्ने बेलामा स्वस्थ र बलिया बेर्नाहरूको प्रयोग गर्ने। • नाईट्रोजनयूक्त मलको उचित प्रयोग गर्ने। • धान खेतको राम्ररी गोडमेल गर्ने।

कीराको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
	हुन्छन्। लार्भा हल्का हरियो रङ्गका हुन्छन्।		• काँडेदार डोरी लिई दुवै छेउमा समातेर खेतको दुई छेउमा बस्ने र धानलाई छुवाएर क्रमशःविपरित दिशातिर जाने। यसो गर्नाले धानको पातमा रहेका पात वेरुवाका लार्भाहरू पानीमा खसेर नष्ट हुन्छन्। • बि.टी.क्रुस्टाकी नामक जैविक विषादी १.५ मि.लि. प्रति लिटर पानीमा मिसाई खेतमा छर्कने । प्रति हेक्टर जमिनमा ५००-६०० लीटर जैविक विषादी र पानीको झोल प्रयोग गर्ने। • प्रकोप बढी भएमा अन्तिम विकल्पको रुपमा बजारमा सजिलैसँग उपलब्ध हुने सर्म्पक विषादी क्लोरपाइरिफस २०% ई.सि (जस्तै डर्सवान, डरमेट, फाइनवेन) १.२५ मि.लि.प्रति लि वा कार्वोसल्फान २५% ई.सि (जस्तै मार्सल) १ मि.लि.प्रति लिटर, कारटाप हाइड्रोक्लोराइड ४% जि.आर (जस्तै अनुदान, विदान, कीटाप) १ मि. लि. प्रतिलिटर वा लाम्डासहोइलोथ्रिन ५% ई.सि (जस्तै एजेन्टप्लस, व्राभो ५०००, कराते) ०.५ मि.लि.प्रति लिटर वा अजाडीराक्टीन ०.१५% (जस्तै मल्टीनेमोर, निकोनिम) ३-५मि.लि.प्रति लिटर दरले छर्ने।
७. मिलिवग (Mealy bug)	वयस्क सानो, गुलावी रङ्गको, नरम शरीर भएको, सेतो मैन जस्तो पदार्थले ढाकिएको हुन्छ। कुनै पखेंटा भएका र कुनै पखेंटा विहिन हुन्छन्।	बिरुवा रोगाउने, बढ्न नसक्ने, जिङरिङ्ग परेर पहेंलिन्छन् बिरुवामा बाला लाग्दैन।	• खेतमा पानीको सतह बढाउने। • खेतभित्र र वरीपरी रहेका घाँसपातहरू हटाउने। • कीराको प्रकोप ज्यादा भएमा अन्तिम बिकल्पको रुपमा गवारोमा वताइएका विषादी प्रयोग गर्ने।

धान बालीका मुख्य रोगहरू

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
१. ब्लाष्ट रोग (Blast)	पातमा स-साना सेता टीका बीचमा भएका लाम्चिला खैरा थोप्ला देखा पर्दछन्। बाला देखि तलको डाँठको वरिपरी वा आँख्लामा खैरो रङ्ग भएको दाग पनि देखिन्छन्।	• रोग निरोधक जातहरू लगाउने। • कार्बेन्डाजिम ५०%डब्लु.पि.(जस्तै बेभिष्टिन वा डेरोसाल) २-३ ग्राम प्रति किलो ग्राम बीउका दरले बीउ उपचार गरी व्याड राख्ने। • सिफारिस अनुसार नाइट्रोजन मल प्रयोग गर्ने। • खेतमा पानी जमाई राख्ने। • ट्राइसाइकाजोल ७५%डब्लु.पि. (जस्तै बान, लोजिक, ट्रिप) ०.७५ ग्राम प्रति लिटर वा कासुगामाइसिन ३%एस.एल. (जस्तै कासु-बी, किमाइसिन) १.५ मि.लि. प्रति लिटर पानीमा, वा हेक्जाकोनाजोल ५% ई.सि (जस्तै एभोन, कम्फोर्ट , हेक्जाप्रस) २ ग्राम प्रति लिटर वा क्रेसोक्जिम मिथाइल ४४.३ एस.सी. (जस्तै इर्जोन) १मि.लि. प्रतिलिटर पानीमा मिसाई १५ दिनको फरकमा २-३ पटक छर्ने।
२.व्याक्टेरियल लिफ ब्लाईट (Bacterial leaf blight)	पातको किनाराबाट लामो पहेंला वा खैरा रङ्गका धर्साहरू देखिन्छन्, पात टुप्पोबाट सुकेर मर्दछ।	• रोग निरोधक जातहरू लगाउने। • सिफारिस अनुसार रासायनिक मल हाल्ने। • रोग लागेको खेतमा केही दिन पानी सुकाईदिने। • स्टेप्टोमाइसिन सल्फेट ९% + टेट्रासाइक्लिन ह्याइड्रोक्लोराइड १% डब्लु. प. एग्रिमाइसिन-१००, ०.२५ ग्राम प्रति लिटर पानीको झोलमा बीउलाई ३० मिनेटसम्म डुबाएर बीउ उपचार गर्ने।

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
३. खैरो थोप्ले रोग (Brown leaf spot disease)	पात वा धानका गेडामा स-साना गोलाकार वा लाम्चिला खैरो थोप्लाहरू देखिन्छन् ।	• कार्बेन्डाजिम ५०%डव्लु.पि.(जस्तै बेभिष्टिन वा डेरोसाल) २-३ ग्राम प्रति किलोग्राम बीउका दरले बीउ उपचार गरी ब्याड राख्ने। • सिंचाई भएको ठाउँमा चैत्र महिनाको शुरुमा नै सिफारिस गरिएका उन्नत जातका धानहरू रोप्ने। • मेन्कोजेव ७५% डव्लु.पि. (जस्तै डाइथेन एम-४५.) विषादी ३ ग्राम प्रति लिटर वा प्रोपिनेब ७०% डव्लु.पि. (जस्तै एनाट्राकोल, किएन्ट्रा, एन्ट्रगोल्ड) ३ ग्राम प्रति लिटर पानीको दरले मिसाई १५ दिनको फरकमा ३ पटक छर्कने।
४.फेद कुहिने रोग (Foot rot)	रोगी विरुवा अग्लो नहुने, पहेंलिने र अन्तमा फेद कुहिएर मर्दछन् ।तल्लो आँख्लाहरूबाट जरा निस्कन्छन् ।	• रोगी बोट भएको खेतबाट बीउ संकलन नगर्ने। • कार्वेन्डाजिम ५०%डव्लु.पि.(जस्तै वेभिष्टिन वा डेरोसाल) ढुसीनाशक विषादी २ ग्राम प्रति किलो बीउका दरले उपचार गरी व्याड राख्ने। • रोग ग्रस्त बोटहरू उखेलेर नष्ट गर्ने। • रोग अवरोधक जात लगाउने तर खुमल-४ जस्ता रोग नसहने जात नलगाउने।
५.पातको फेद डढुवा रोग (Sheath blight)	पातको फेदमा अण्डाकार खैरा थोप्लाहरू भएपछि आकारमा बृद्धि हुँदै जान्छ र ढूसीको कालो गिर्खाहरू(sclerotia) देखापर्दछ। बोटको माथिल्लो भागमा समेत पुग्छ र सुकेर डढेको जस्तो देखिन्छ।	• नाइट्रोजन मल सिफारिस मात्रामा भन्दा बढी प्रयोग नगर्ने। • उन्नत जातको धान रोप्दा बोट देखि बोटको दूरी बढाउने। • भेलिडामाइसिन ३% L (जस्तै सिथमार , भालिगन, ओजोरो) ३ ग्राम प्रति लिटर पेनसाइक्यूरोन २२.९% एस.सी. (जस्तै मोन्सेरेन २५०) १.५ मि.लि. प्रति लिटर पानीमा वा कार्वेन्डाजिम ५०% डव्लु.पि. (जस्तै वेभिष्टिन वा डेरोसाल) ढुसीनाशक विषादी १.५ ग्राम प्रति लिटर पानीको दरले मिसाई १०-१२ दिनको फरकमा २ पटक छर्ने। • प्रोपिकोनाजोल २५% ई.सि (जस्तै बम्पर, बोनस, टिल्ट) १ मि.लि. प्रति ४ लिटर पानीमा मिसाई १०-१२ दिनको फरकमा २ पटक छर्ने।

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
६. खैरा रोग (Khaira disease)	जिंकको कमीले देखिने यो रोगमा रोगी बोटको फेदतिरको पात पहेंलिएर जान्छ। पातमा खैरा थोप्लाहरू पनि देखिन्छन्। पछि पूरै पात खैरो वा रातो हुन्छ। गाँज थपिने र बढ्ने क्रम रोकिन्छ।	• धान र उखुको घुम्ती बाली लगाउने। • लक्षण देखापरे पछि २० ग्राम जिंक सल्फेट र १२% ग्राम चून ५० लिटर पानीमा मिसाई प्रति रोपनीका दरले १० दिनको फरकमा २ पटक छर्कने। • नाइट्रोजन र फस्फोरस मल सिफारिस मात्रा भन्दा बढी प्रयोग नगर्ने। • लक्षण देखिएमा केही दिन सम्म खेतमा पानी सुकाउने।

मकै बालीमा क्षतिगर्ने मुख्यकीराहरू

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
१. फेद काट्ने कीरा (Cutworm)	वयस्क पुतली ध्वाँसे रङ्गको र मध्यम आकारको हुन्छ। लाभ्रे खरानी रङ्गको हुन्छ र छोइ दियो भने बटारिएर बस्दछ।	दिउँसो लाभ्रेहरू लुकेर बस्छन र राती बाहिर आई बोटलाई जमिनको सतहमुनिबाट वा माथिबाट काट्दछन्।	• काटेको विरुवाको जरा नजिक माटोमा कोट्याएर लाभ्रेहरू खोजी नष्ट गर्ने। • वि. टी.के. नामक जैविक बिषादी वा मालाथियन ५% डि.पि. २ ग्राम प्रति केजी गहुँको चोकर मिसाएको चारा प्रति रोपनी आधा केजी का दरले साँझमा प्रयोग गर्ने। • क्लोरपाइरीफस १०% जि.आर (जस्तै देवीवान) वा मालाथियन ५% डि.पि. (मालाथियन ५% धूलो) १ के.जी. प्रति रोपनीका दरले माटोको उपचार गर्ने।

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
२. खुम्रे कीरा (White Grub)	खुम्रे खपटेहरू गाढा खैरो रङ्गका हुन्छन्। लाभ्रेहरूको टाउको खैरो रङ्गको र शरीर सेतो रङ्गको हुन्छ। छोइदियो भने बटारिएर बस्छ।	यिनीहरूले माटो भित्रै बसी जराहरू खान्छन् जसले गर्दा बिरुवाहरू बढ्न सक्दैनन् मर्दछन्। मर्न लागेको बिरुवा उखलेर हेर्दा जराहरू सबै खाएको पाइन्छ।	• खेतबारीलाई गहिरो गरेर जोती दिनाले यी कीराहरू सूर्यको तापले गर्दा मर्दछन् साथै परजीवी एवं चराहरूले खाई दिन्छन्। • काँचो गोवर मल प्रयोग नगर्ने। • क्लोरपाइरीफस (जस्तै डर्सवान १०%) विषादी १ के.जी. वा क्लोरान्ट्रानिलिप्रोल ०.४%जि.आर (जस्तै फरटेरा) प्रति रोपनीका दरले मकै छर्नु भन्दा अघि छर्ने। • खपटे माउलाई बिजुली बत्तीको पासोमा आकर्षण गरी मार्ने। • १ के.जी. प्रति रोपनीका दरले दानामा उत्पादित हरियो ढुसी (*Metarhizium anisopliae*) मकै छर्ने समयमा लाईनमा छर्ने।
३. फौजी कीरा (Army worm)	वयस्क पुतली ध्वाँसे रङ्गको हुन्छ र पूर्णरुपले बढेका लाभ्रेहरू गाढा हरियोमा अलि पहेलो रङ्ग मिसिएको जस्ता हुन्छन् पिठ्यूँ पट्टि अस्पष्ट धर्काहरू हुन्छन्।	लाभ्रेहरूले मकैको बिरुवाको सबै भाग खाइ दिन्छन् बाँकी केही राख्दैन।	• डेल्टामेथ्रिन २.८%ई.सि (जस्तै डेसिस, डेल्साइड, डिस) १.२ मि.लि.प्रति लिटर पानीमा मिलाई छर्ने। • व्यासिलस थुरेन्जेन्सिस कुस्टाकी व्याक्टेरिया (*बी टी के.*) १ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने। • अर्को खेतमा जाने बाटो अवरोध हुने गरी खाडल खनी खाडलमा पानी र विषादी राखि दिने।
४. गवारो (Borer)	कुनै हल्का खैरो रङ्गका हुन्छन्र शरीरमा चारवटा खैरो रङ्गका धर्काहरू हुन्छन्। कुनै लाभ्रेको रङ्ग हल्का पहेंलोमा गुलाफी रङ्ग मिसिएको हुन्छ।	भर्खर निस्केका लाभ्रेहरूले पात खान्छन् पातहरूमा प्रशस्त छिद्राहरू हुन्छन्। पछि यिनीहरू डाँठ भित्र पसी गुवो खानाले गुवो	• परजीवी कीरा ट्राइकोग्रामा १ लाख प्रति हेक्टरका दरले छोड्ने। • गवारो लागेको बोटहरू उखेलेर नष्ट गरी दिने। • मकै भाँचेर ढोड काटेपछि ठुटाहरू नष्ट गर्ने। • डाइमेथोयट ३०% ई.सि १.५ मिली प्रति लिटर वा थायामेथोक्जाम १२.६% ई.सि+लाम्डा साइलाथ्रिन ९.३% ई.सि१ एम एल प्रति ४ लिटर पानीमा मिसाई ५००

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
		मर्दछ। विरुवाको टुप्पोमा लाभ्रेहरूले बिष्ट्याएको पदार्थ देखिन्छ।	लिटर मिश्रण प्रति हेक्टर छर्ने।
५. अमेरीकन फौजी कीरा (American Fall Army Worm)	वयस्क पुतली ध्वाँसे रङ्गको हुन्छ र पूर्णरुपले बढेका लाभ्रेहरूको आठौ खण्डमा ४ वटा गाढा थोप्लाहरु वर्गाकार रुपमा मिलेर वसेका हुन्छन र दुई आखाँको वीचमा उल्टो वाई Y चिन्ह हुन्छ र शरिरको माथिल्लो भागमा ३ वटा धर्साहरु समानन्तर रुपमा टाउको वाट पेटको पछाडी सम्म स्पष्ट धर्काहरू हुन्छन्।	अण्डावाट भर्खर निस्किएका साना लार्भाले पातको वाहिरि सतहमा वसी कोत्रेर खाइ पातमा सिसाको झ्याल जस्तो आकृति देखिन्छ। त्यस पछि लार्भा कलिलो अवस्थाकव मकैको गुभो भित्र प्वल पारी पस्दै खान थाल्छ। विरुवा वढ्दै जादा पातमा लहरै स-साना प्वाल परेको देखिन्छ। धेरै आक्रमण भएको भएको ठाउमा पातहरु छिया छिया भएको हुन्छ। पछि धान चमरा जुगाँ तथा घोगामा समेत नोक्सानी गर्छ।	• खेतवारीमा मकै उम्रे देखि नियमित रुपमा अनुगमन गरी कीराको उपस्थिति र सम्भावित क्षतिको आँकलन गर्नुपर्दछ। • मकैङ्गो घोगामा समेत नोक्सान गर्नसक्ने भएकोले खोष्टाले पुरा घोगा छोपिने जातको मकै लगाउने, एउटा पकेट क्षेत्रमा सकेसम्म एकै समयमा र अगाडी मकै लगाउने, मकैङ्गो एकल वाली लगाउनु भन्दा कसेवाली , अन्तरवाली वा मिश्रीत वालीको रुपमा लगाउदा कीराको प्रकोप कम हुन्छ। • डेस्मोडियम घाँस एक किसिमको गन्ध आउने जुन यो कीरालाइ मन नपर्ने हुनाले बिकर्षक वालीको रुपमा वीच वीचमा लगाउने र छेउमा पासो वालीको रुपमा नेपियर घाँस लगाएर कीरालाइ आकर्षित गरि नेपियरमा मात्र विषादी प्रयोगद्धारा मार्न सकिन्छ। • मकै रोप्नु अघि इमिडाक्लोरोपिड ४८% एफ.एस विषादी प्रति किलोग्राम वीउमा ४ एम. एल.का दरले वीउ उपचार गरेर रोप्दा सुरुमा ३ हप्तासम्मको विरुवालाइ क्षति हुनवाट वचाउन सकिन्छ। • लाम्चा झिल्ली जस्ता प्वाल पारेको पाइएमा निमजन्य विषादी एजाडिराक्टिन १५०० पि.पि.एम ५ एम.एल प्रति लिटर पानीमा मिसाएर हाल्ने। • स्पाइनोटोराम (spinetoram) ११.७ एस.सी १ मि.ली प्रति २ लिटर पानीका दरले

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
			वा • इमामेक्टीन बेन्जोएट (Emamectin Benzoate) ५ प्रतिशत एस.जी. १ ग्राम प्रति २.५ लिटर पानीका दरले वा • क्लोरएन्ट्रानिलीप्रोल (Chlprantrinolprole) १८.५ प्रतिशत एस.सी. १ मि.लि.प्रति २.५ लिटर पानीका दरले वा • स्पाइनोस्याड (Spinosad) ४५ प्रतिशत एस.सी. १ मि.ली. प्रति ३ लिटर पानीका दरले मिसाएर छर्ने।

मकै बालीका मुख्य रोगहरू

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
१.पातमा लाग्ने डढुवा (Leaf blight)	पातमा ठूला लाम्चिला आँखा आकारका खैरा दागहरू देखा पर्दछन्। पछि ती थोप्लाहरू एक आपसमा जोडिई पात सुकाई दिन्छन्।	• स्वस्थ बीउको प्रयोग गर्ने। • रोग अबरोधक जातहरूः मनकामना-३, गणेश-१, गणेश-२ लगाउने। • कार्वेन्डाजिम ५०% डव्लु.पि. (जस्तै बेभिष्टिन) ढुसीनासक बिषादी २ ग्राम प्रति किलो बीउका दरले बीउ उपचार गरी रोप्ने।
२.घोगा कुहिने (Ear rot)	घोगाको टुप्पोबाट रातो वा गुलाफी रङ्ग भई कुहिन थाल्दछ। कुनै बेला घोगाको फेदबाट पनि कुहिने गर्दछ।	• रोग अबरोधक जातहरूः गणेश-२, मनकामना-१ रोप्ने । • स्वस्थ्य घोगाहरू छनोट गरी बीउ राख्ने। • कार्वेन्डाजिम ५०% डव्लु.पि. वा बेभिष्टिन ढुसीनासक बिषादी २ ग्राम प्रति किलो बीउका दरले बीउ उपचार गरी बीउ रोप्ने।

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
३.कालो पोके (Head smut)	धान चमरा कालो भई लट्टा परेको जस्तो देखिन्छ । घोगामा दानाको सट्टा कालो बीजाणुको धूलोले भरिएको हुन्छ ।	• स्वस्थ बीउको प्रयोग गर्ने। • बारीमा कालो पोके रोग देखे बित्तिकै जम्मा गरी नष्ट गर्ने। • धेरै रोग आउने क्षेत्रमा कार्बेन्डाजिम ५०% डब्लु.पि. (जस्तै वेभिष्टिन) २ ग्राम प्रति के.जी. बीउको दरले उपचार गरी रोप्ने।
४.डाँठ कुहिने (Stalk rot)	जमिन भन्दा माथि डाँठको दोश्रो आँख्ला नजिकैको भित्री भागको गुदीको रङ्ग बदलिन्छ र डाँठ कुहिन गई बोट ढल्दछ।	• सिफारिस मात्रामा मल प्रयोग गर्ने। • रोगको जीवाणु गभारोबाट सर्ने हुँदा उक्त गभारो नियन्त्रण गर्न विषादी प्रयोग गर्ने।
५. डाउनी मिल्ड्यु (Downy mildew)	पातहरू पहेंलिएर सानो हुने र पातमा धर्साहरू देखिन्न्।	• स्वस्थ बीउको प्रयोग गर्ने। • रोग अवरोधक जातहरू रामपुर २,रामपुर कम्पोजिट लगाउने। • मेन्कोजेव ७५ प्रतिशत डब्लु पि (जस्तै डाइथेन एम-४५.) विषादी ३ ग्राम प्रति लिटर वा मेटालेक्सिल ८% मेन्कोजेव ६४% (जस्तै क्रिनोक्सिल गोल्ड, रिडोमिल एम जेड,टयागमील) २ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने।
६. ध्वासे थेग्ले रोग (Gray Leaf spot)	धान चमरा निस्किने बेलामा फेद नजिकका पातमा शुरुमा स-साना पहेंला वा खैरा दाग बनाउँछ र दुइ तीन हप्ता भित्र नशासँग समान अन्तरमा लाम्चिला धर्साहरुमा परिवर्तन हुन्छ। धर्साहरु जोडिदै गई पुरै पात ध्वस्त हुन्छ। पातबाट डाँठ, घोगाको खोस्टामा पनि लाग्छ। घोगाहरु साना, हलुका, थोते, टेडा हुने हुन्छ।	• गणेश १, मनकामना ३, मनकामना १, हिलपुल पहेलो र देउती जातका रोग सहन सक्ने जात लगाउने। • मकै छिटो रोप्ने र पातलो रोप्ने। घुम्ती बाली अपनाउने। • रोगीबोटका अवशेष जलाउने, रोगको लक्षण देखिनासाथ पात हटाउने। सन्तुलित मलखाद प्रयोग गर्ने। • ढुसीनासक विषादी कार्बेन्डाजिम ५०%डब्लु.पि.(जस्तै वेभिष्टिन वा वेनोफेट) १ ग्राम वा डाइथेन एम ४५ वा साफ २ ग्राम प्रति लिटर पानीको दरले छर्ने।

गहुँ बालीमा लाग्ने कीराहरू

कीराको नाम	लक्षण	व्यवस्थापन विधि
१.कीटकीटे खपटे	लार्भा (Wire worm) ले जरा काटी दिन्छ र बोट सुक्छ।	• मकैको फेंद काट्ने कीराको जस्तै विषादी प्रयोग गर्ने। • सिंचाई सुविधा भएमा राम्रोसँग सिंचाई गर्ने।
२. लाही कीरा	बाला पसाउने बेलामा यसले दुःख दिन्छ। लाही कीराहरूले कलीलो बालाको रस चुसी नोक्सान गर्दछन्।	• लेडी विटल्स (मित्रु खपटे) प्रयोग गर्ने। • डायमेथोएट ३०% ई.सी. को १ मि.लि..प्रति लिटर पानीका दरले छर्कने।
३.गुलावी गभारो	यिनीहरूले गहुँको गुवो काटी नोक्सान गर्छन्।	धानमा नोक्सानी गर्ने गबारोको नियन्त्रणका उपायहरु अपनाउने।

गहुँबालीका मुख्य रोगहरू

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
१. डढुवा रोग (Leaf blight)	साना खैरो रङ्गको थोप्लाहरू पातमा देखिन्छन्। पछि ती थोप्लाहरू बढ्छन् एक आपसमा जोडिई पातसुकेको वा डढेको जस्तो देखिन्छ।	• कार्बोक्सिन १७.५%+थिरम १७.५%(जस्तै भाइटाभेक्स-२००) २ ग्राम प्रति किलोका दरले बीउ उपचार गर्ने। • सिफारिस मात्रामा पोटास मलको प्रयोग गर्ने। • ठिक समयमा गहुँ छर्ने। • रोग अवरोधक जातहरू लगाउने।
२. खैरो सिन्दुरे (Brown rust)	पातको माथिल्लो सतहमा सुन्तला रङ्गका फोकाहरू देखिन थाल्दछन्। ती फोकाहरू छुट्टाछुट्टै रहेका हुन्छन्।	• रोग अवरोधक जातहरू लगाउने। • सिफारिस गरिए अनुसार मलखादको प्रयोग गर्ने, ठीक समयमा गहुँ छर्ने। • गहुँको बोट ठूलो भएमा म्यान्कोजेब ७५% डब्लु.पि. (जस्तै डाइथेन एम-४५) नामक विषादी १.५-२ के.जी. प्रति हे. ७५०लिटर पानीमा मिसाई १५ दिनको अन्तरमा २-३ पटक छर्कने। वा • प्रोपिकोनाजोल २५% ई.सि (जस्तै बोनस, बम्पर, टिल्ट २५) ०.७५ ग्राम

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
		प्रति लीटर पानीका दरले मिसाई छर्कने।
३. पहेंलो सिन्दुरे (Yellow rust)	पातको माथिल्लो सतहमा पहेंला, लाम्चिला फोकाहरू एक अर्कासँग मिली धर्सा परेर रहेका हुन्छन्।	• रोग अवरोधक जातहरू जस्तैः डव्लु के १२०४, पासाङ्ग ल्हामु लगाउने र ठीक समयमा गहुँ छर्ने। सिफारिस गरिए अनुसार रासायनिक मल प्रयोग गर्ने। • माथि खैरो सिन्दुरे जस्तै व्यवस्थापन विधी अपनाउने।
४. कालो पोके (Loose smut)	बालामा दाना लाग्नुको सट्टा कालो ढूसीको जिवाणुले भरिएको हुन्छ।	• स्वस्थ बीउको प्रयोग गर्ने। • कार्बोक्सिन १७.५%+थिरम १७.५% (जस्तै भाइटाभेक्स-२००) विषादी २ ग्राम वा टेबुकोनाजोल २% डि.एस. (जस्तै क्याभियट , राक्सिल) १ ग्राम प्रति केजी गहुँको बीउका दरले बीउ उपचार गरी छर्ने। • रोग लागेको बालाबाट धूलो नझर्दै उखेलेर खाल्डोमा गाड्ने अथवा जलाई दिने। • अन्नपूर्ण-४ जातको गहुँमा यो रोग कम लाग्ने हुँदा यो जात लगाउने
५.गन्हाउने कालो पोके (Stinking smut or hill bunt)	रोगी दानाहरू गोलाकार हुन्छन् कालो रङ्गको रोगको जीवाणुहरू ले भरिएका हुन्छन्। ती जीवाणुहरू दाना फुटाएर बाहिर झर्दछन्। नजिकबाट सुँघ्दा माछा कुहिएको जस्तो गन्ध आउँछ।	• दुई तीन वर्ष सम्म घुम्ती बाली लगाउने वा गहुँ नै नलगाउने। • कार्बोक्सिन १७.५%+थिरम १७.५% (जस्तै भाइटाभेक्स-२००) २ ग्राम प्रति केजी गहुँको बीउका दरले बीउ उपचार गरी छर्ने। • स्वस्थ बीउको प्रयोग गर्ने।

जौ बालीमा लाग्ने मुख्य रोगहरू

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
१. पहेंलो सिन्दुरे (Yellow rust)	पातको माथिल्लो सतहमा पहेला, लाम्चिला फोकाहरू एक अर्कासँग मिली धर्सा भएर रहेका हुन्छन्।	रोग अवरोधक जात लगाउने।
२. धर्से रोग (Stripe rust)	पातको माथिल्लो सतहमा पहेंला धर्साका र धब्बाहरू देखिन्छन्।	कार्बोक्सिन १७.५%+थिरम १७.५%(जस्तै भाइटाभेक्स-२००) २ ग्राम प्रति केजी बीउका दरले उपचार गरी लगाउनाले रोगको प्रकोप एकदमै कम भएको पाइएको छ।
३.कालो पोके (Smut)	बालामा दाना लाग्नुको सट्टा कालो ढूसीको जीवाणुले भरिएको हुन्छ।	• स्वस्थ बीउको प्रयोग गर्ने। • कार्बोक्सिन १७.५%+थिरम १७.५% (जस्तै भाइटाभेक्स-२००) विषादी २ ग्राम प्रति केजी बीउका दरले बीउ उपचार गरी छर्ने। • रोग लागेको बालाबाट धूलो नझर्दै उखेलेर खाल्डोमा गाड्ने अथवा जलाईदिने।

१८.१.२ कोसेबालीः चना, मास, भटमास, मुङ्ग, चना र रहरमा क्षति पुऱ्याउने कीराहरू

कीराको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
१.झुसिलकीरा (Hairy caterpillar)	वयस्क हल्का पहेंला पखेटा भएको पुतली हुन्छ। यसका अघिल्ला पखेटामा मसिना र पछिल्ला पखेटामा अलिक ठूला काला थोप्लाहरू हुन्छन् पुतलीको पेटको रङ्ग रातो हुन्छ । पूर्ण	झुसिल कीराहरूले पातको सम्पूर्ण हरियो भाग खाईदिनाले पातहरू सेतो पातलो कागज जस्ता हुन्छन्। अन्तमा बिरुवा	• झुसिलकीराहरू झुण्डमा रहेकै अवस्थामा पातलाई टिप्ने र संकलन गरी नष्ट गर्ने। • कीराको प्रकोप ज्यादा भएमा कीटनाशक विषादी डेल्ट्रामेथ्रिन २.८% ई.सी. (जस्तै डेसिस) १ मि.लि.वा साइपरमेथ्रिन १०% ई.सी. (जस्तै रिपकड, डेभिसाइपर) १. मि.लि.प्रति लिटर पानीका

कीराको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
	विकसित लाभ्रेको शरीरमा राता काला झुसै झुसले भरिएको हुन्छ।	पात विहीन हुनेगर्दछ।	दरले कुनै एक विषादी छर्ने।
२.कोसामा लाग्ने गवारोहरू (Pod borers)	वयस्क पुतली हल्का पहेंलो रङ्गका हुन्छन्। अन्य गवारोको वयस्क पुतलीको पखेटामा सेता धब्बा भएका ध्वाँसे खालका हुन्छन्। कुनै वयस्क पुतली नीलो रङ्गका पनि हुन्छन्। पूर्ण विकसित लार्भाको शरीरमा रङ्गी विरङ्गी धर्साहरू हुन्छन् यिनले समय समयमा रङ्ग वदली रहन्छन्।	कोसामा प्वालहरू देखिन्छन्। लाभ्रेले आधा शरीर कोसा भित्र पसाएर खाएको प्रष्ट देख्न सकिन्छ ।	• यौनजन्य कीरा आकर्षण पदार्थ "हेलील्यूर" को प्रयोग गरेर भाले पुतलीलाई समाप्त सकिन्छ। धेरै संख्यामा भाले पुतली देखिएमा अन्य व्यवस्थापन विधि अपनाउन सकिन्छ। • मसिना लाभ्रे देखिनासाथ व्यासीलस थुरीन्जेन्सिस भेराइटी कुर्सटाकीको पानीमा मिसिने धूलो १ ग्राम प्रति लिटर पानीका दरले मिसाएर वेलुकी पख छर्ने। • न्यूक्लियर पोलिहेड्रोसीस भाइरस, हेली (एन.पी.भी.) को १०० एल. ई. को १ मि.लि.वा २०० एल. ई. को०.५ मि.लि.प्रति लीटर पानीमा२-३ थोपा नीर मिसाई मिसाएर बनाएको झोल बेलुकीपख छर्ने। • निममा आधारित कीटनाशक विषादीहरू जस्तै मार्गोसोम ०.१ ई.सी.वा मल्टिनिम ०.०३ ई.सी. ५ मि.लि.प्रति लिटर पानीका दरले बनाएको झोल छर्ने। • इमामेक्टिन बेन्जोएट ५% एस.जी. (जस्तै किङ्ग स्टार, एनस्टार) ०.५ मि.लि.प्रति लिटर पानीमा बनाएको झोल छर्ने। • अरु बिषादी गोलभेंडाको गबारोमा जस्तै प्रयोग गर्न सकिन्छ।

कीराको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
३. लाही र पात खन्ने कीरा (Aphid and leafminor)	लाही सानो कीरा जस्ले विरुवाको रस चुसेर खान्छ। पात खन्ने कीराको लार्भाले बिरुवामा नागवेली आकारको सुरुंग बनाएर पातको भित्र बसी हरियो भाग खान्छ।	वोट रोगाउने, वढन नसक्ने साथै पहेलो हुने हुन्छ।	• गोलभेंडामा बताए जस्तै व्यवस्थापनका उपायहरु अपनाउने।

मुसुरो बालीका रोगहरू

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
१. ओइलाउने रोग (Wilt)	बेर्ना अवस्थामा बोट एक्कासी ओइलाउन थाल्दछ र पात सुक्दै जान्छ। फूलफुल्ने बेलामा पनि बोटको टुप्पो ओइलाउदै जान्छ। पात पहेंलिदै जान्छ र पूरै बोट ओइलाएर मर्दछ।	• रोग नलाग्ने वा कम लाग्ने जातहरू सिमल, शिखर, खजुरा-१, खजुरा-२ लगाउने। • दुई बर्षको घुम्ती बाली अपनाउने। • चाडै रोपेमा रोग लाग्ने समय छल्न सकिन्छ।
२. जरा कुहिने रोग (Root rot)	बोटको तल्लो पातहरू पहेंलिदै माथि तिरका पातहरू पहेंलिन थाल्दछन् । रोग लागेको बोटको मुख्य जराहरू र सहायक जराहरू कुहिएका हुन्छन्।	• रोग ग्रस्त क्षेत्रमा ३-४ वर्षसम्म मुसुरो नलगाउने। • घुम्ती बाली प्रणाली अपनाउने।
३.डढुवा रोग (Blight)	पातको टुप्पाहरू खाद्यतत्वको कमिबाट भएजस्तो रङ्ग बदलिई सुक्दै जान्छ । माथिल्ला हाँगाहरू पहेला भई सुक्दछन् ।	• रोग देखापर्ने बित्तिकै म्यान्कोजेव ७५% डव्लु.पि. (जस्तै डाइथेम एम. ४५, इण्डोफिल एम ४५, सूर्य एम ४५) नामक बिषादी २-३ ग्राम प्रति लिटर पानीमा मिसाई ७ दिनको फरकमा २-३ पटक छर्ने ।

चना बालीका रोगहरू

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
१. खैरे रोग (Botrytis Grey mold)	पातका टुप्पाहरू रङ्ग बिहिन भएर सुकेर जान्छन्। फूल कुहेर कोसा नलाग्नु नै रोगको प्रमुख लक्षण हो। जीवाणुका लागि वातावरण सुहाउँदो भएमा वोटको सबै भागमा फूस्रो वा काला खैरा थोप्लाहरू देखापर्दछन्।	• चनाको वोट ठाडो हुने जात पातलो हुने गरी लगाउने। • कार्वेन्डाजिम ५०% डव्लु.पि. (जस्तै वेभिष्टिन) १ ग्राम प्रति लिटर पानीमा मिसाई फूल फुल्ने बेलामा छर्ने।
२. फेद कुहिन रोग (Foot rot)	रोगी बेर्ना वा बोटहरू पहेंला हुन्छन् तर पातहरू ओइलाएका हुँदैनन्। माटोको सतह र तलतिर बोट कुहिएको हुन्छ र सेतो ढुसीले ढाकेको हुन्छ।	• घुम्ती बाली प्रणाली अपनाउने। • कार्वेन्डाजिम ५०% डव्लु.पि. (जस्तै वेभिष्टिन) ३ ग्राम प्रति केजी बीउको दरले उपचार गरेर रोप्ने।
३. कालो जरा कुहिने (Root rot)	यो रोग लागेपछि बोट पहेंलिन्छन् र ओइलाउँछ। मसिनो जराहरू कुहेर झर्दछन् बाँकी भएका जरा कालो हुन्छन्।	• फेद कुहिन रोगको व्यवस्थापनका उपायहरु अपनाउने।

रहर बालीमा लाग्ने रोगहरू

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
१.ओइलाउने (Wilt)	बोटको फेदबाट टुप्पोतिर प्याजी रङ्गको धब्बा फैलदै जान्छ। यो रोगमा कुनै कुनै हाँगा मात्र ओइलाउन पनि सक्छ। खास गरेर फूल फुल्ने र कोसा लाग्ने बेलामा ओइलाउने रोग देखा पर्दछ।	• रोग नलाग्ने जात जस्तै रामपुर रहर लगाउने। • रोग मुक्त खेतबाट बीउ छान्ने। • रहर र अन्नबाली मिश्रित खेती गर्ने।

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
२.बाँझोपन (Sterility mosaic)	खेतबारीमा ठाउँ ठाउँमा होचा, फूलका हाँगाहरू गुचुमुच्च भई फूल फुलेको हुन्छ। उक्त हाँगाहरू फिक्का हरियो कोसा नलागेका बोटहरू टाढैबाट सजिलैसँग देखिन्छन्। पातहरू फिक्का हरियो र गाढा हरियोको मिश्रण भई छिर्बिरे पनि हुन सक्छ।	• रोग कम लाग्ने जातहरू जस्तै बागेश्वरी, रामपुर रहर लगाउने। • रोगको श्रोतको रुपमा रहेको बहुवर्षीय रहर र हाँगा काटिएका रहरका बोटहरू नाश गर्ने। • रोग सार्ने सुलसुलेको संख्या घटाउन घुम्ती बाली लगाउने।

१८.१.३ आलु बालीका हानिकारक कीराहरू

कीरा	पहिचान	क्षतिको पहिचान	व्यवस्थापन विधि
१.फेद काट्ने लाभ्रे (Cut worm)	ध्वाँसे वा खैरो रङ्ग चिल्लो शरीरको ढाडतर्फ अस्पष्ट धर्साहरू र चलाई दिँदा गुडुल्किने हुन्छ।	काटिएको बोटको फेद र आलुमा प्वाल हुन्छ।	• काटेको बिरुवाको जरा नजिक माटोमा कोट्याएर लाभ्रेहरू खोजी नष्ट गर्ने। • खेतमा विरुवा नजिक केही झारपात राखेमा रातमा लार्भा त्यहाँ वस्छन र विहानीपख हेरी मार्ने। • क्लोरपाइरिफस १०% जि.आर (जस्तै डर्सवान १०% गेडा) वा मालाथियन धूलो १ के.जी. प्रति रोपनीका दरले माटोको उपचार गर्ने।
२. रातो कमिला (Red ant)	भाले कमिलाको शारिरीक बनोटमा अरिंगालको जस्तो हुन्छ र पारदर्शक पखेटा-हरूका नशाहरू काला खैरा देखिन्छन्। पोथी कमीला लामो बनावटको हुन्छ र यसका पखेटाहरू हुँदैनन्।	आलुमा माटो सहितका मसिना वा ठूला छिद्रहरू हुन्छन् ।	• आलु रोप्नु अघि क्लोरपाइरिफस १०% जि.आर वा २०% झोलले माटोको उपचार गर्ने। • कमिला खेतमा देख्रा साथ सिंचाइको व्यवस्था गर्ने। • गहुँत, असुरो, केतुकी,तीते पाती,खिर्रो वा चिउरीको पीनाको प्रयोग गर्ने।

कीरा	पहिचान	क्षतिको पहिचान	व्यवस्थापन विधि
३. खुम्रे (White Grub)	बोसो समानको सेतो शरीर, टाउको खैरो-रातो, ठूल-ठूला ३ जोर खुट्टा भएको र छुदा खुम्चिने हुन्छ।	माटो मुनि चपाईएका डाँठ देखिन्छन्।	• खपटेको माउलाई बिजुली बत्तीको पासोमा आकर्षण गरी मार्ने। • १ के.जी. प्रति रोपनीका दरले दानामा उत्पादित हरियो ढुसी (*Metarhizium anisopliae*) आलु रोप्ने समयमा लाईनमा छर्ने। • काँचो गोबर मल प्रयोग नगर्ने। • रातो कमिलालाई जस्तै विषादी छर्ने ।
४. थोप्ले खपटे (Epilachna beetle)	वयस्क खपटे, गोलाकार, खैरो र माथिल्लो पखेटाहरूमा १२ वा २८ वटा थोप्ला भएको । लाभ्रे, बाङ्गाटिङ्गा काँडा र पहेंलो शरीर भएको हुन्छ ।	पातको हरियो भागहरू कोत्रेको र आँखी परेका पातहरू देखिन्छन्।	• डेल्ट्रामेथ्रिन २८%ई.सि १ मि.लि. प्रति लिटर पानीमा वा मालाथियन ५०%ई.सि १मि.लि.प्रति लिटर पानीमा मिसाइ छर्ने ।
५. कागे खपटे	निलो, कालो शरीर र टाउको खैरो रातो हुन्छ ।	बोटभरी बसी पातहरू खाएपछि बोट नासिन्छ।	थोप्ले खपटेको जस्तै।
६.आलुको पुतली (Potato tuber moth)	लाभ्रेको रङ्ग हलुको गुलाफी, टाउको गाढा खैरो र छुँदा असाध्यै चलमलाउने हुन्छन् । वयस्क पुतली खैरो र सानो हुन्छ ।	पातमा हरियो, सेतो धव्वा, खैरो-डढेको धव्वा, डाँठ र आलुमा सुरुङ्गहरू देखिने र आलुका आँख्ला बाट खैरो पदार्थ निस्कन्छ।	• लक्षण देखिएका पात चुडेर नष्ट गरि दिने। • बत्तिको पासो प्रयोग गर्ने। • गहिरोमा आलु रोप्ने र आलुको दाना छोपिने गरी उकेरा दिने। • सिँचाइको राम्रो व्यवस्था गर्ने। • कीरा भएको शंका लागेका बीउ आलु मालाथियन ५०%ई.सि १ मि.लि.प्रति लिटर पानीमा झोल बनाइ ५-१० मिनेट डुबाएर

कीरा	पहिचान	क्षतिको पहिचान	व्यवस्थापन विधि
			छहारिमा सुकाएर भण्डार गर्ने। • पि.टि. एम लुरको प्रयोग गर्ने। • बि.टि.के. जैविक विषादीको प्रयोग गर्ने। • नयाँ आलुलाई पुरानो कीरा लागेको आलुसँग नमिसाउने। • छहारिमा सुकाईएका तीतेपाती वा ठूला पाते वेथे, पुदिना वा हात्तीबार सिस्नुका पात टुक्रापारी सञ्चित आलु माथि तह मिलाई राख्ने।
७. लाही कीरा र लिफमाइनर (Aphid)/ Leaf miner	कमलो, हरियो वा पहेंलो, हरियो शरीर र पखेटा भएको वा नभएको हुन्छ।	लाहीको माउ र बच्चा दुवैले कलिला पातहरूको तल्लो सतहमा बसेर रस चुस्दछ। यसले गर्दा बोट ख्याउटे हुन्छ। पात पहेंलो र गुजुमुज्ज परेको हुन्छ।	• यसको प्रकृतिक शत्रु लेडीबर्ड बिटल वा जालीदार पखेटा भएको कीरा प्रयोग गर्ने। • पहेंलो पासो (Yellow trap) को प्रयोग गर्ने। • रोपेको एक महिना पछि लाही देखिएमा डायमेथोएट ३०% ई.सि को १ मि.लि..प्रति लीटर पानीमा मिसाइ छर्कने। • गोलभेंडामा जस्तै व्यवस्थापन गर्ने।

आलु बालीका रोगहरू

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
१. डढुवा रोग(Leaf blight)	पातको टुप्पा वा किनारमा सानो खैरो भिजेको जस्तो दाग देखापर्दछ। जुन चाँडै बढ्छ र दागको पछाडि हेर्दा सेतो भुवा जस्तो ढुसी देखिन्छ । यो रोग डाँठ र दानामा पनि लाग्दछ पछि पूरै बोट सुकेर डढेको जस्तो देखिन्छ।	• रोग कम लाग्ने वा रोग अबरोधक जातहरू लगाउने। • खेतबारी सरसफाई गर्ने, नाभो हटाउने, स्वस्थ बीउ प्रयोग गरी आलु खेती गर्ने। • रोग देखिने बित्तिकै म्यान्कोजेव ७५% डव्लु.पि. (जस्तै डाईथेन एम-४५) को २- ३ ग्राम प्रति लिटर पानीको दरले ७ दिनको फरकमा ३ देखि ४ पटक छर्ने।

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
		• रोग धेरै बढेमा मेटाल्याक्सिल ८% म्यान्कोजेव ६४% डव्लु.पि. (जस्तै रिजेमिल ७२% डव्लु.पि. वा क्रिनोक्सील गोल्ड ७२% डव्लु.पि.) १.५ ग्राम प्रति लिटर पानीमा राखी छर्ने । अरु विषादी गोलभेडाको डढुवामा जस्तै गर्ने।
२. ऐजेरु (Wart disease)	आलुको दानाको आँखाहरूमा ससाना सेता खटिराहरू जस्ता लक्षण देखिन्छन् । जुनपछि बिस्तारै बढेर काउली जस्तो फुक्क भई पूरा दानालाई नै घेरी आलुको आकार बिग्रिन्छ । त्यस्तो आलु पछि कालो हुँदै जान्छ र कुहिन्छ।	• रोग लागेको खेतबाट उत्पादित बीउ नरोप्ने। • रोग लागेको खेतमा आलु नरोप्ने।
३. ओइलाउने वा खैरो पिप चक्के रोग (Brown rot)	बोट एक्कासी पानी नभएको जमिनमा उम्रे जस्तो ओइलाएर मर्न थाल्दछ। रोगी दाना काट्दा नशा वरिपरी खैरो चक्का हुने र पिप जस्तो निस्कन्छ।	• रोग लागेको खेतबाट उत्पादित बीउ नरोप्ने। • रोग ग्रस्त क्षेत्रमा अन्नबालीसँग घुम्ती बाली लगाउनु पर्दछ। • रोग लागेको बोट जलाउने वा दाना जम्मा गरी गाड्ने।
४. दादे रोग (Common Scab)	आलुको सतहमा केही उठेका अथवा खाडल परेका दादहरू देखापर्दछन्।	• रोग रहित स्वस्थ्य आलु रोप्ने। रोगी आलु नष्ट गर्ने। • रोग ग्रस्त क्षेत्रमा घुम्ती बाली लगाउने। • आलु बढ्ने बेलामा माटोमा चिस्यान कायम राख्ने।

१८.१.४ तरकारी बालीका रोग र कीराहरू

फूलकोवी समूह (फूलकोवी, बन्दाकोवी, ब्रोकाउली, मुला, रायो, सलगम, ग्यौंठकोवी आदि)का बालीलाई क्षति पुऱ्याउने प्रमुख कीराहरू

कीराको नाम	पहिचान	क्षतिको पहिचान	व्यवस्थापन विधि
१. बन्दाको पुतली (Cabbage butterfly)	वयस्क पुतलीको पखेंटाको रङ्ग सेतो र अघिल्ला पखेंटाको करीब अग्र भागमा	पातमा प्वालै प्वाल भेटिन्छन्। प्रकोप बढी	• कीराका पहेंला फुल र लाभ्रेहरूलाई जम्मा गरी नष्ट गर्ने। • पुतलीहरूलाई हाते जालीले पक्रेर नष्ट गर्ने।

कीराको नाम	पहिचान	क्षतिको पहिचान	व्यवस्थापन विधि
	काला धब्बाहरू हुन्छन्। कुनै पुतलीका लाभ्रेहरूको शरीरमा पहेंला धर्साहरू हुन्छन् भने कुनै पुतलीका लार्भाहरू हरिया हुन्छन्।	भएको खण्डमा सम्पूर्ण पातहरू खाईदिन्छन्।	• कीराको प्रकोप बढी भएमा साइपरमेथ्रिन १०%ई.सि १ मि.लि. अथवा मालाथायन ५०% ई.सी. २ मि.लि. प्रति लिटर वा इमामेक्टिन बेन्ज्वाइड ५%एस.जी. १.५ मि.लि. प्रति लिटर पानीमा बनाएको झोल छर्ने।
२.इटबुट्टे पुतली (Diamond Back Moth)	वयस्क पुतली खैरो रङ्गको हुन्छ। पखेंटाको भित्री किनारामा सेतो त्रिकोणाकार तीनवटा चिन्हहरू हुन्छन्। पुतली बसेको बेला उक्त चिन्हहरू मिलेर ईंटको आकार बन्दछ।	पातको हरियो भाग खाईदिनाले पातहरू हरियो झिल्लीजस्तो वन्दछन्। प्रकोप बढी भएमा बिरुवाको सम्पूर्ण पातहरू नष्ट भई बढ्न सक्दैनन्।	• तरकारी लिईसकेपछि बाँकी रहेका बोट र पातलाई नष्ट गर्ने। • फूलकोबी समूहका बाली र गोलभेंडासँगै लगाउने। • प्राकृतिक शत्रुहरू जस्तै कोटेसिया प्लुटेली, एपान्टेलिस प्लुटेली, कमिला, माकुरा, चरा आदिको संरक्षण गर्ने। • यसको आकर्षण ल्यूरको प्रयोग गर्ने। • लार्भा साना हुँदा बी टी के.. को प्रयोग गर्ने। • एजाडिराक्टिन ०.०३% ई.सि (जस्तै मल्टिनीम, निम्बिसिडिन) ५ मि.लि. प्रतिलीटर पानीमा राखेर छर्ने। • व्युभेरीया वेसीयाना जैविक विषादी २-५ मि.लि. प्रति लीटर पानीमाका दरले साँझ पख छर्ने। • इमामेक्टीन बेन्ज्वाइट ५% एस.जी. (जस्तै किङ्ग स्टार , एनस्टार) ०.५ ग्राम प्रतिलीटर पानीमा मिसाएर छर्ने।
३.सूर्तिको पात खाने लाभ्रे (Tobacco caterpillar)	वयस्क पुतली खैरो रङ्गको हुन्छ र यसका पखेटामा वाङ्गा टिङ्गा धर्साहरू हुन्छन् लाभ्रेहरू प्रायः गरी हरियो खैरो	शुरुको आक्रमणमा पातहरूमा प्वालै प्वाल देखिन्छन्। प्रकोप बढी हुँदा	• फुल र लाभ्रेहरू जम्मा गरी नष्ट गर्ने। • खेत बारीमा पानी पटाउने। • माथि इटबुट्टे पुतलीको व्यवस्थापन गर्न बताइएका निमजन्य

कीराको नाम	पहिचान	क्षतिको पहिचान	व्यवस्थापन विधि
	रङ्गका हुन्छन्।	सम्पूर्ण पात खाई बिरुवा पात बिहीन बन्दछ।	विषादी प्रयोग गर्ने। • अडीरलाई पासो बालीको रुपमा लगाउन सकिन्छ। • स्पोडो ल्यूर वा स्पोडो एन.पि.भि. को प्रयोग गर्ने। • गोलभेंडामा बताए जस्तै गर्ने।
४.उफ्रने खपटे (Flee beetle)	वयस्क कालो उपियाँ जस्तो फड्कने खपटे हुन्छ।	पातहरू मसिना प्वालैप्वाल हुन्छन्।	• माथि सूर्तिको पात खाने लाभ्रेलाई बताईएको निमजन्य पदार्थ र विषादी प्रयोग गर्ने।
५. माटो मुनी बसी क्षति गर्ने कीराहरू (खुम्रे, फेद काट्ने कीरा, रातो कमिला, कीर्थो) (Soil Insects)	खुम्रेः वयस्क खैरो तथा कालो हुन्छ र लाभ्रे हँसिया आकारको हुन्छ। फेद काट्नेः ध्वाँसे पुतली, लार्भा चिल्लो कालो रातो कमिलाः जरा वरिपरी मसिना खैरा राता कीराको समूह	• बिरुवा ओइलाउने र मर्ने। • बिरुवा ढल्छ, विरुवा ओइलाउँछ र मर्छ।	• काँचो गोबर प्रयोग नगर्ने। • पानी पटाउने। • झारपातको थुप्रो राखी कीरा जम्मा हुने पासो बनाउने। • गहुँतको झोल बनाई माटो भिजाउने। • सालिन्दा आक्रमण हुने खेतमा, रोपाई गर्नु अगावै क्लोरपाइरीफस १०% जि.आर (जस्तै देवीवान १०% जि.आर) वा मालाथियन ५% डि.पि. (मालाथियन ५% धूलो) १ के.जी. प्रति रोपनीका दरले माटोको उपचार गर्ने वा क्लोरपाइरिफस २० ई.सी. (जस्तै डर्सवान, फाइनबान, रसबान) नामक कीटनाशक विषादी १ मि.लि.प्रति लीटर पानीका दरले खेतमा छर्ने।
६. लाही	• पखेटा भएका र नभएका मसिना हरिया रङ्गका हुन्छन् । लाखौंको संख्यामा देखिन्छन् ।	• विरुवा रोगाउने। • लाहीले आक्रमण गरेको देखिने।	• सूर्तिको झोल बनाई छर्ने। • गाईवस्तुको मुत्र र पानी (१:४) को अनुपातमा मिसाइ २-३ दिन फरकमा पटक पटक छर्ने।

कीराको नाम	पहिचान	क्षतिको पहिचान	व्यवस्थापन विधि
		• अन्य कमिला हिडेको देखिने।	• गोलभेडामा वताए जस्तै गरेर विषादी छर्ने।

१८.१.५ फूलगोवी समूह बालीका रोगहरू

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
१.अल्टरनेरिया थोप्ले (Altenaria Leaf spot)	• खैरो वा कालो स-साना गोलाकार थोप्लाहरू पहिले पातमा देखा पर्दछन्। ती थोप्लामा पछि चक्का विकास हुन्छ। त्यस्ता थोप्लाहरू डाँठ र कोसामा समेत देखापर्छन्।	• रोगी पात र अन्य झारपात बटुलेर जलाउने। • स्वस्थ बीउ प्रयोग गर्ने। • म्यान्कोजेव ७५% डव्लु.पि. (डाईथेनएम-४५, अनु एम-४५) ढसीनाशक बिषादी ३ ग्राम प्रति किलो बीउका दरले बीउ उपचार गर्ने। • म्यान्कोजेव ७५% डव्लु.पि. (डाईथेनएम-४५, अनु एम-४५) वा कपरअक्सी क्लोराइड ५०% डव्लु.पि. (व्लाइटक्स, क्युरेक्स) ढूसीनाशक विषादी २-३ ग्राम प्रति लिटर छर्ने।
२.डाँठ कुहिने रोग (Sclerotinia Rot)	माटोको सतहनिरको काउलीको डाँठ कुहिन्छ र सेतो ढूसी उम्रेको देखिन्छ वा फूल फुलेको बेलामा बोट ओइलाउँछ। बोटको डुकुको रङ्ग सेतो फुस्रो हुनुका साथै डाँठभित्र काला गिर्खाहरू देखिन्छन्।	• रोग मुक्त क्षेत्रको बीउ प्रयोग गर्ने। • रोगी बोटहरूको डाँठ बटुलेर जलाउने। • तीन हप्तादेखि एक महिनासम्म रोग ग्रस्त खेतमा बाली लगाउनु अगाडि पानी जमाउने। • धानसँग घुम्ती बाली लगाउने। • जमिन तयार गर्दा गहिरो खनजोत गर्ने।
३. नसा कालो भई कुहिने (Black rot)	पातको छेउबाट लक्षण शुरु भई अंग्रेजी भी (V)	• रोग नलागेको क्षेत्रको स्वस्थ बीउ मात्र प्रयोग गर्ने।

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
	आकारको पहेंलो लक्षण देखा पर्दछ र पछि नसाहरू कालो भै डाँठसम्म पुगी वोट कुहिन्छ।	• रोगी बोट बिरुवा हटाई नष्ट गर्ने। • कुसिफेरी परिवार बाहेक अन्य बालीसँग घुम्ती बाली लगाउने।
४.डाउनी मिल्ड्यू (Downy mildew)	पातमा स-साना प्याजी रङ्गका थोप्लाहरू देखिई तल्लो सतहमा सेतो ढूसी उम्रेको देखिन्छ रोग ज्यादा व्याडमा लाग्ने भएतापनि अनुकूल वातावरणमा काउली समेत कालो भई सुक्दछ। त्यस्तो पलको डाँठहरू समेत कालो हुन्छ।	• बीउलाई कार्बेन्डाजिम 50%डव्लु.पि. (डेरोसाल) ले उपचार गरेर मात्र व्याड राख्ने। • व्याड राख्दा धेरै बाक्लो नराख्ने। • रोगी पातहरू र झारहरू बटुलेर नास गर्ने। • धेरै रोग लागेको खेतमा घुम्ती बाली लगाउने। • म्यान्कोजेव ७५% डव्लु.पि. (डाईथेनएम-४५, अनु एम-४५) वा कपरअक्सी क्लोराइड ५०% डव्लु.पि. (व्लाइटक्स, क्युरेक्स) ढूसीनाशक विषादी २-३ ग्राम प्रति लिटर छर्ने।
५. टर्निप मोज्याक भाइरस (Turnip mosaic)	पातमा गाढा हरियो र हल्का हरियो रङ्गको छिरविरे लक्षण देखा परि गाढा हरियो भागहरू माथि उठेका देखिन्छन्।	• रोगी बोट देखा पर्नासाथ उखेली जलाउने। • रोग सार्ने लाही कीरा नष्ट गर्ने। • रातो जातको रायोमा यो रोग कम लाग्दछ।
६. क्लब रुट (गदा जस्तो जरा हुने) (Club Root)	• विरुवाको वृद्धि रोकिन्छ, पहेंलिन्छ, बढ्न सक्दैन । • यस्ता विरुवा उखेलेर हेरेमा जरा गदा जस्तो डल्लो परेको आकार देखिन्छ। जरा बाक्लो, मोटो र ठूलो हुनाले जराको तलको भाग अत्यधिक ठूलो हुन जान्छ। तर फेद जरा (जमिन माथिको भाग) सामान्य हुने हुनाले जरा गदा जस्तो देखिन्छ। यसरी वृद्धि	• घुम्ती बाली लगाउने (३-४ वर्षमा मात्रै फूल कोवी वर्गका तरकारी लगाउने) • रोगी बोट जलाई दिने वा गाडी दिने। • बेनोमाइल ५०% डव्लु.पि. (वेनोफिट) विषादी ०.५ एम.एल. को दरले प्रति लिटर पानीमा मिसाई माटो भिज्ने गरी छर्ने। • यो रोग कम पि.एच. भएको (अम्लिय) माटोमा धेरै छिटो फैलने भएकोले चून प्रयोग गरी माटोको पि.एच.७.२ भन्दा बढी बनाउने। • जीवाणु रहित नर्सरीमा बेर्ना हुर्काउने।

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
	भएका जराहरू कुहिएर काला भएर जान्छन्।	• रोग लागेको ठाउँको बेर्ना अन्य ठाउँमा लैजाने रोक लगाउने। • फ्लुसल्फामाइड ०.३% डव्लु.पि. (नेभिजिन) १०-१५ केजी/रोपनी वा ३ ग्राम प्रति वोट,नर्सरी व्याडमा ३ केजी प्रति १० घन मीटर।

१८.१.६. भन्टा,फर्सी,काँक्रो,लौका,घिरौला,करेला,चट्टेल,आदि बालीमा लाग्ने कीराहरू

बाली	कीराहरू	कीटनाशक विषादीहरू	व्यवस्थापन विधि	
			मात्रा	कहिले हाल्ने
टमाटर	फलमा लाग्ने गवारो	• एजाडिराक्टिन ०.०३% ई.सि (मल्टिनिम,निम्वेसिडिन) • जैविक विषादी हेली एन पि भि (हेली साइड) १०० एल इ • जैविक विषादी वी टी के. • नोभालुरोन १०% ई.सि (रिमोन) • ल्याम्दा साइहेलोथ्रिन ५ % ई.सि (सिल्भा प्लस, कराटे)	• ५ मि.लि..प्रति लीटर पानीमा • १ मि.लि..प्रति लीटर पानीमा • १-३ मि.लि..प्रति लीटर पानीमा • १ मि.लि..प्रति लीटर पानीमा • ०.५ -१ मि.लि..प्रति लीटर पानीमा	फुल पारेको देखा साथ
		• हेलि ल्यूर पासो को प्रयोग गर्ने, परजीवी कीरा ट्राइकोग्रामा १ लाख प्रति हेक्टरका दरले छोडने ।		फुल पारेको देखासाथ राख्ने
	सूर्तिको पात खाने लार्भा	• एजाडिराक्टिन ०.०३% ई.सि (मल्टिनिम, निम्विसिडिन) • जैविक विषादी स्पोडो एन पि भि १०० एल इ • जैविक विषादी BTk • नोभालुरोन १०% ई.सि (रिमोन)	• ५ मि.लि..प्रति लीटर पानीमा • १ मि.लि..प्रति लीटर पानीमा • १-३ मि.लि..प्रति लीटर पानीमा • १ मि.लि..प्रति लीटर पानीमा	फुल पारेको देखासाथ

बाली	कीराहरू	कीटनाशक विषादीहरू	व्यवस्थापन विधि	
			मात्रा	कहिले हाल्ने
		• ल्याम्दा साइहेलोथ्रिन ५ % ई.सि (सिल्भा प्लस, कराटे)	• ०.५ -१ मि.लि..प्रति लीटर पानीमा	
		• स्पोडो ल्यूर पासोको प्रयोग गर्ने परजीवी कीरा ट्राइक्रोग्रामा १ लाख प्रति हेक्टरका दरले छोडने ।		
	सेतो झिंगा/ लाही/ लिफ माइनर	• जैविक विषादी भर्टिसिलियम लेकानी १.१५ डव्लु पि (मिलकिल, भर्टिजिन) • एजाडिराक्टिन ०.०३ ई.सि (मल्टिनिम, निम्बिसिडिन) • इमिडाक्लोरोपिड १७.८ एस.एल. (एडमायर, एटम, चेमिडा) • एसिटामिप्रिड २०५ एस.पि ९एक्का, म्याजिक, मनिक० • थाइमेथोक्जाम २५५डव्लु जी ९एरेभा,एरो,रेनोभा० • पहेलो टासिने पासो प्रयोग गर्ने	• ५ ग्राम प्रति लीटर पानीमा • ५ ग्राम प्रति लीटर पानीमा • १ मि.लि.प्रति ५ लीटर पानीमा • १ ग्राम प्रति १० लीटर पानीमा • २ ग्राम प्रति ५ लीटर पानीमा	
	टुटा पात खन्ने कीरा	• वाली चक्र अपनाउने • प्रति रोपनी एउटा टि एल एम ल्युर ओटा टी पासोमा राखी कीराको अनुगमन गर्ने र प्रति रोपनी ५ वटा राखी व्यवस्थापन गर्ने • स्टीकी ट्रयाप प्रयोग गर्ने • संक्रमित विरुवाका भागहरु संकलन गरी जलाउने • निममा आधारित विषादीहरु एजाडिरिक्टिन १ प्रतिशत	• ३ एम एल प्रति लिटरको दरले • ४ के जी प्रति हेक्टर प्रयोग गरी	कीरा देखिए पछि ७/७ दिनको फरकमा छर्ने । ५/५ दिनको अन्तराल १०-१५ दिन फरकमा

बाली	कीराहरू	कीटनाशक विषादीहरू	व्यवस्थापन विधि	
			मात्रा	कहिले हाल्ने
		इ सी • मेटाराइजियम एनिसाफिलाई • गहुत पानी • क्लोरोएन्टानिलिप्रोल १८.५ प्रतिशत एस सी • स्पिनोस्याड ४५ प्रतिशत एस सि • फ्लुविन्डियामाइड ३९.३५ प्रतिशत एस सि • इबामेक्टिन बेन्जोएट ५ प्रतिशत डब्लुडिजी	प्यूपाहरुको व्यवस्थापन गर्ने • १:५ को अनुपातमा मिसाई • १ एमएल/लिटर पानीमा मिसाइ • १ एमएल/३लिटर पानीमा मिसाइ • १ एमएल/३-५ लिटर पानीमा मिसाइ • १ एमएल/३ लिटर पानीमा मिसाई	छर्ने १०-१५ दिन फरकमा छर्ने १०-१५ दिन फरकमा छर्ने १०-१५ दिन फरकमा छन
भन्टा	१) भन्टाको गवारो २) थोप्ले खपट	• एजाडिराक्टिन ०.०३ ई.सि (मल्टिनिम, निम्विसिडिन) इमामेक्टिन वेन्जोएट ५ % एस.जी. (किङ स्टार, एन स्टार) • साइपरमेथ्रीन २५% ई.सि (नागसाइपर, साइपरहिट, अल सुपर) • ल्याम्दासाइहेलोथ्रिन ५% ई.सि (व्रेभो ,एभोन कराटे) • फेनभालरेट २०% ई.सि (फेनभल, नागफल, डेभिफेन)	• ५ मि.लि.प्रति लीटर पानीमा • ०.५ ग्राम प्रति लीटर पानीमा • ०.५ मि.लि.प्रति लीटर पानीमा • ०.५ -०.७५ मि.लि.प्रति लीटर पानीमा • ०.७५ मि.लि..प्रति लीटर पानीमा	बिरुवा हुर्कि सके पछि छर्ने र कीरा लागे पछि पनि छर्ने
	अन्य उपायः फुल, लाभ्रे तथा वयस्क अवस्थाका कीराहरू बटुली नष्ट गर्ने । बयस्क खपटे बटुली नष्ट गर्ने । भन्टाको गवारोको पुतली Leucinodes फेरोमेन ट्रापको प्रयोग गरी संकलन गर्ने र नष्ट गर्ने । जुनमा भान्टा रोपाइ गर्ने,गवारो लागेको मुना र फल लाई नष्ट गर्ने			

बाली	कीराहरू	कीटनाशक विषादीहरू	व्यवस्थापन विधि	
			मात्रा	कहिले हाल्ने
काँक्रो, फर्सी, लौका, घिरौला, करेला, चट्टेल	१) फर्सीको रातो खपटे	• मालाथियन ५०% इ.सी. (मालाथियन रिमेडी, साइथियन, सुर्याथियन) • निममा आधारित कीटनाशक विषादी छर्ने।	२ मि.लि.प्रति लीटर पानीमा	अन्य उपायः कुहेर झरेको फललाई बटुली गहिरो खाडलमा हाली पुरी दिने
	२) फर्सीको फल कुहाउने औंसा	• मालाथियन ५०% इ.सी. (मालाथियन रिमेडी, साइथियन, सुर्याथियन)	२ मि.लि. प्रति लीटर पानीमा	औंसाको माउ झिंगा यता उता उडेको देखा साथ
	अन्य उपायः • क्युलियर फेरोमोन पासोको प्रयोग गर्ने, औंसा लागि कुहिएर झरेका फललाई वटुली गहिरो खाडलमा हाली पुरी दिने । वेक्ट्रोसेरा कम्पोजिटी ल्यूरको प्रयोग गर्ने			
	३) थोप्ले खपटे	भन्टामा जस्तै	भन्टामा जस्तै	कीरा लागेपछि
	४) लाही	बन्दा काउलीमा जस्तै	बन्दा काउलीमा जस्तै	बाली टिप्ने बेला नभएमा

१८.१.७. **काँक्रो फर्सी जातका बालीमा लाग्ने रोगहरू**

रोगको नाम	लक्षणहरु	व्यवस्थापनका विधि
१. पाउडरी मिल्ड्यू (Powdery Mildew)	पातमा सेतो खरानी छ्रेको जस्तो लक्षण देखा पर्दछ र ज्यादा प्रकोप भएमा डाँठमा समेत सो लक्षण देखापरी पातहरू सुक्न थाल्दछन्।	• खेतवारी सफा राख्न रोग लागेको पातहरू र झारहरू नष्ट गर्ने। • दुई भाग चून र एक भाग गन्धकको धूलो मिसाएर मलमलको कपडामा पोको पारेर राम्ररी छर्ने। अथवा डिनोक्याव ४८ % ई.सि (क्याराथेन) ०.५-१ मि.लि. प्रति लीटर पानीमा मिसाएर पातहरू राम्ररी भिज्ने गरी छर्कने। अथवा कार्वेन्डाजिम ५०% डव्लु.पि. (वेभिष्टन,डेरासाल, धनुष्टिन) १ ग्राम प्रति लीटर पानी अथवा सल्फर ८०% डव्लु.पि.

रोगको नाम	लक्षणहरु	व्यवस्थापनका विधि
		(सल्फेक्स,सल्फर,सल्फिल) २.५ ग्राम प्रति लीटर पानीमा अथवा थायोयानेट मिथाइल ७०% डब्लुपी (कल्ट्रोल,हेक्जास्टप, किगसीन) १.५ ग्राम प्रतिलीटर पानीमा राखी छर्कने।
२. डाउनी मिल्डयू (Downy Mildew)	यो रोगको प्रकोप काँक्रोमा धेरै देखा पर्दछ। पातमा हल्का खैरो रङ्गको कुनापरेका थोप्लाहरू देखापर्दछन्। पातको तल्लो सतहमा ढूसी उम्रेको देखिन्छ। पातहरू छिट्टै सुकाई बोटलाई समेत सुकाउँदछ। फलको आकारमा विकृती देखा पर्दछ।	• रोग रहित क्षेत्रको स्वस्थ बीउ मात्र प्रयोग गर्ने। • उपचारित बीउबाट मात्र उत्पादित बेर्ना रोप्ने। • रोगी बोट र अन्य झारपातहरू उचित तरीकाले नष्ट गर्ने। • थिराम ७५% डव्लु एस २ ग्राम प्रति किलोको दरले बीउ उपचार गर्ने। • फल नलागेको अवस्थामा भए कपर अक्सिक्लोराइड ५०% डव्लु.पि. (ब्लाईटक्स, क्युरेक्स) विषादी २-३ ग्राम प्रति लीटर पानीका दरले मिसाई छर्कने। अथवा • म्यान्कोजेव ७५ % डव्लु.पि. (डायथेन एम ४५, सुर्या एम ४५,इन्डोफील एम ४५) २ ग्राम अथवा कार्वेन्डाजिम ५०% डव्लु.पि. (वेभिष्टिन, डेरोसाल,धनुष्टिन) १ ग्राम प्रति लीटर पानीका दरले मिसाई छर्कने। अथवा • डाँइमेथोमर्फ ५०% डव्लु.पि. (किगस्टिभल, एन व्याट, रियल) १.५ ग्राम अथवा जिनेव 75% डव्लु.पि. (अल जेड ७८,इन्डोफिल जेड ७८) २ ग्राम प्रति लीटर पानीका दरले मिसाई छर्कने।
३. कुकम्वर मोज्याक र स्क्वास मोज्याक भाइरस (Mosaic Virus)	पातमा हरियो र फिका पहेंलो छिरविरे लक्षण देखापरी बोट बढ्न सक्दैन। प्रकोप धेरै भएमा बोटका टुप्पाहरूमा गुज्मुजिएको लक्षण देखा पर्दछ।	• रोगी बोट देखा पर्ना साथ उखेलेर नाश गर्ने। • स्वस्थ बीउ रोप्ने। • रोग सार्ने खपटे कीरा र लाही कीराको नियन्त्रण गर्ने।

१८.१.८ **गोलभेंडा,भण्टा र खुर्सानी वर्गका बालीमा लाग्ने रोग र कीराहरु**

रोगको नाम	लक्षणहरु	व्यवस्थापन विधि
१. डढुवा रोग (Blight)	पातमा डढेको जस्तो लक्षण देखिन्छ। शुरुमा पानीले भिजेको जस्तो हल्का खैरो हुन्छ र गाढा खैरो वा कालो रङ्गमा परिणत हुन्छ। अनुकूल वातावरणमा त्यस्ता थोप्लाहरूको वृद्धि भई बोटलाई डढाइ दिन्छ। ओसिलो अवस्थामा पातको तल्लो सतहमा सेतो ढूसी देखिन्छ र फलमा खैरा कालो दागहरू देखा पर्दछन्।	• रोग लागेको बोट, पुराना बोटहरू र झारपात बटुली जलाउने र खेतवारी सफा सुग्घर राख्ने। • रोग शुरु हुने बेलादेखि कपर अक्सिक्लोराइड (ब्लाईटक्स ५०% डव्लु.पि.) १.५ ग्राम र मेन्कोजेव ७५% डव्लु.पि. (डाइथेनएम-४५) विषादी १.५ ग्राम मिलाई जम्मा ३ग्राम प्रति लीटर पानीमा मिसाएर ७-१० दिनको फरकमा ३-४ पटक बोट राम्ररी भिजिने गरी छर्कने। अथवा क्लोरोथालोनिल 75% डव्लु.पि. (डफरेन्स,कवाच,प्रोटेक्टर), अथवा प्रोपिनेव ७०% डव्लु पि (एन्ट्कोल,एन्टगोल्ड) ३ ग्राम प्रतिलीटर पानीमा मिसाएर छर्कने। • डाइमेथोमर्फ ५० % डव्लु.पि. (किगस्टिभल, एन व्याट, रियल) १.५ ग्राम वा फेनामिडन १०% + म्यन्कोजेव ५०% डव्लु.जी. (किन टेन. , सेक्टिन) ३ ग्राम प्रतिलीटर पानीमा मिसाएर छर्कने। • साइमोक्सानिल ८% +म्यान्कोजेव ६४% डव्लु.पि. (किगँमिल ७२,मोक्सिमेट) २ ग्राम वा मेटाल्याक्सील ८% + म्यान्कोजेव ६४% डव्लु.पि. (रिडमिल, किगंमिल, एमजेड, क्रिनोक्सिल गोल्ड) २ ग्राम प्रति लिटर पानीमा मिसाएर छर्कने।
२. टोमाटो मोज्याक भाइरस (Mosaic Virus)	साधारण पातको हरियोपन भन्दा बेग्लै हरिया र हल्का हरिया भागहरूमा छिरविरे लक्षण देखापर्दछ। त्यस्ता पातहरूमा खाल्डा खुल्डी परेको समेत देखिन सक्छ। वोटवेर्नाको वृद्धि राम्रोसँग हुँदैन र फल कम लाग्छ।	• स्वस्थ बोटमा फलेका फलबाट मात्र बीउ छान्ने। • रोगी बोट हटाई नष्ट गर्ने। • रोगी बोट छोएर हात राम्ररी नधोई स्वस्थ वोटलाई नछुने।

रोगको नाम	लक्षणहरु	व्यवस्थापन विधि
३. लीफ कर्ल भाइरस (पात घुम्रिने रोग) (Leaf Curl Virus)	यो रोग खुर्सानी र गोलभेडाको लागि महत्वपूर्ण छ । रोग लागेको बोटका पातहरू घुम्रिएर माथितिर फर्कन्छ र पातहरू फिका पहेंलो र साना साना हुन्छन्। खुर्सानीमा पातहरू डुंगाको आकारमा घुम्रिन सक्छ। त्यस्तो रोग लागेको बोटहरूमा कम फुल्ने वा फलै नलाग्ने पनि हुन सक्छ। यसबाहेक पातहरूमा गुज्मुजिएको लक्षण पनि देखा पर्दछन्।	• रोग लागेको बोट देखा पर्नासाथ उखेलेर नष्ट गर्ने • यो रोग सेतो झिँगाबाट सर्ने हुनाले डाईमेथोएट (रोगर ३०% इ.सी.) कीटनाशक बिषादी १ मि.लि.प्रति लीटर पानीका दरले प्रयोग गरी त्यसलाई नियन्त्रण गर्ने।
४.डढुवा (Phomopsis Blight)	वेर्नामा डाँठ कुहिएको लक्षण देखा पर्छ भने पातमा गोलो खैरा थोप्लाहरू देखिइ वीच भागमा केही फिक्कापन देखिन्छ। मसिना काला काला पिनको टाउको जस्ता दागहरू हुन्छन्। त्यस्तै फलमा चक्का परेको ठूलठूला थोप्लाहरूको विकास भई कालो मसिना गिर्खाहरू देखिइ फललाई कुहाइ दिन्छ।	• स्वस्थ बीउ मात्र प्रयोग गर्ने। • कार्बेन्डाजिम ५०% डव्लु.पि. (वेभिष्टिन, डेरोसाल ,धनुष्टिन) २ ग्राम प्रति किलोको दरले बीउ उपचार गरेर मात्र वेर्ना राख्ने। • म्यान्कोजेव ७५ %डव्लु.पि. (डायथेन एम ४५, सुर्या एम ४५,इन्डोफील एम ४५) अथवा कपर अक्सिक्लोराइड ५०% डव्लु.पि. (ब्लाईटक्स, क्युरेक्स), २-३ ग्राम प्रति लीटर पानीका दरले मिसाई छर्कने। • घुम्ती बाली लगाउने।
५.ओइलाउने रोग (Wilt)	बोटहरू सर्लक्क ओइलाएको देखिन्छ। त्यस्ता बोटलाई काटेर सफा पानीमा डाँठ डुबायो भने सेतो शांकाणु निस्केर पानीमा घोलिन्छ र धमिलो वन्छ।	• सोलानेसी परिवारको बाहेक अन्य बाली सँग घुम्ती बाली लगाउने । • रोग अवरोधक जातहरू लगाउने ।
६.जरामा गाँठा पर्ने रोग (Root Knot Nematode)	बोट सानो र ख्याउटे भई बढ्न सक्दैन र पातहरू पहेंलिएर झर्न थाल्छ। त्यस्ता वोटको जरामा साना	• अन्न बालीसँग घुम्ती बाली अपनाउने। • खेतको खनजोत गहिरोसँग गर्ने।

रोगको नाम	लक्षणहरु	व्यवस्थापन विधि
	गिर्खाहरू बनेका हुन्छन् जसले गर्दा पछि बोट ओइलाउँछ।	• मुख्य बालीसँग सूर्यमूखी, सयपत्री जस्ता फुलको बोटहरू रोप्ने। • रोगी बोटहरू उचित तरीकाले नष्ट गर्ने।
७.कोत्रेरोग (Anthracnose)	बोटको टुप्पा माथिबाट सुक्दै आउँछ। यसले गर्दा पूरै हाँगा वा बोट सुकेर मर्दछ। बोटको डाँठहरूमा काला काला स-साना गिर्खाहरू देखिन्छन्। खुर्सानीको फलमा खास गरी रातो हुने बेलामा दागहरू देखिई पछि फल कुहिन्छ। त्यस्ता दागहरूमा थुप्रै काला गिर्खाहरू बन्दछन्।	• रोगी बोटको फलबाट बीउ नराख्ने। • क्याप्टान ५०% डव्लु.पि. (धानुटान) विषादीले बीउ उपचार गर्ने। • खेतमा सफा सुग्घर राख्न रोग लागेका पुराना बोटहरू र झारपातहरू बटुलेर जलाउने। • रोगको लक्षण देखा पर्नासाथ कपर अक्सीक्लोराइड ५०% डव्लु.पि. (व्लाइटक्स) मेन्कोजेव वा ७५ डव्लु.पि. (डाइथेन एम-४५) ३ ग्राम प्रति लीटर पानीमा मिसाएर ७-७ दिनको फरकमा ३ पटक छर्कने। अथवा क्लोरोथालोनिल ७५% डव्लु.पि. (डिफरेन्स, कवाच, प्रोटेक्टर) २ ग्राम अथवा क्याप्टान ५०% डव्लु.पि. (क्याप्टन, क्याप्ट्र) ३ ग्राम प्रति लीटर पानीमा मिसाएर छर्कने।
गोलभेंडाको पात खन्ने कीरा Tomato leaf miner Tuta absoluta (Meyrick)	यसले कलिलो फल बढी नष्ट गर्छ। लार्भाले पात, डाँठ, मुना र फल भित्र छेडेर क्षति गर्दछ। क्षतिग्रस्त पातलाई नियालेर हेर्दौ सेतो झिल्ली भित्र लार्भा देख्न सकिन्छ। यो कीराको प्रकोप बढी भएमा पुरै पातहरु जलेर नष्ट भएको देख्न सकिन्छ।	• बत्तिको पासोको रुपमा प्रयोग वा टिएलएम ल्यूर फेरोमन ओटाटी ट्र्याप वा स्टीकी ट्र्यापमा प्रति रोपनी एउटा प्रयोग गर्ने। • ब्यासिलस थुरिन्जीनेसीस कुस्टाकी (बी टी) १% डब्लुपी १-२ ग्राम प्रति लि. पानीमा सानो अवस्थाको लार्भा हुँदा साँझ पख छर्कने। • क्लोरएन्ट्रानिलिप्रोल १८.५% एससी ३ मिली प्रति १०लि. पानीमा राखी छर्कने। • स्पिनोसाड ४५% एससी १मि.लि.प्रति ३ लि. पानीमा राखी छर्कने।

सिमी र केराउ बालीका रोगहरू

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
१. सिन्दुरे रोग (Rust)	शुरुमा पातमा मसिना झण्डै सेता फोकाहरू देखिन्छन्र पछि ती फोकाहरू खैरो रङ्गमा परिणत भई फुटेर धूलो निस्कन्छ। कोसामा पनि यस्ता फोकाहरू देखिन सक्छन् ।रोग लागेका पातहरू सुकेर वोट चाँडै मर्छ।	• रोगी वोटका भागहरू, ठुटाहरू अनि झारपातहरू वटुलेर जलाई खेतवारी सफा राख्ने। • बीउ उत्पादन गर्ने बालीमा भए रोग देखा पर्ना साथ गन्धक र चून १:२ भागको अनुपातमा मिसाएर मलमलको कपडामा पोको पारेर छर्ने। • सल्फर ८० % डव्लु.पि. (सल्फेक्स, सल्फिल) ३ ग्राम प्रति लीटर पानीमा मिसाएर छर्कने।
२. धूले ढूसी / खराने (Powdery mildew)	शुरुमा पातहरूमा फिका रङ्गमा बदलिएको भागहरू देखिन्छन्। त्यस्ता भागहरूमा सेतो धूलो छरेको जस्तो ढूसी उम्रेको देखिई पछिबाट सबै भाग ढाकिन्छन् । त्यस्तो लक्षण जरा बाहेक सबै भागमा लाग्दछ। रोग लागेको कोसा भण्डारणमा छिटो कुहिन्छ।	• रोगी बोटहरू बटुलेर जलाउने र खेतवारी सफा सुग्घर राख्ने। • दुई भाग चून र एक भाग गन्धकको धूलो मिसाएर मलमलको कपडामा पोको पारेर राम्ररी छर्ने। अथवा डनोङ्क्याप ४८% ई.सि (क्याराथेन) ०.५-१ मि.लि. प्रति लीटर पानीमा मिसाएर पातहरू राम्ररी भिज्ने गरी छर्कने। अथवा कार्वेन्डाजिम ५० % डव्लु.पि. (वेभिष्टन, धन्टिन, डेरोसाल) ०.५-१ ग्राम अथवा सल्फर ८०% डव्लु.पि. (सल्फेक्स, सल्फिल) २.५ ग्राम अथवा थायोयानेट मिथाइल ७०% डब्लुपी (कन्टल, हेक्जास्पट, कीगँसिन एम) १.५ ग्राम प्रति लीटर पानीमा राखी छर्कने।
३.मोज्याक भाइरस(Mosaic virus)	पात पहेंलो, गुजमुज्ज परेको र सानो हुन्छ।	• सम्भव भएसम्म रोग अवरोधक जात लगाउने। • स्वस्थ बीउ प्रयोग गर्ने।

रोगको नाम	लक्षण	व्यवस्थापन विधि
		• रोगी बोट उखलेर नष्ट गर्ने।
४.एन्थ्राकनोज (Anthracnose)	शुरुमा पातमा खैरा थोप्ला देखिन्छन् पछि गाढा खैरो बन्छ र बीचमा कालो खाल्डो परेको देखिन्छ। यस्ता थोप्लाको चारैतिर खरानी रङ्गको हल्का खैरो देखिन्छ।	• क्याप्टान ५०% डब्लु.पि. (धानुटान) बिषादीले बीउ उपचार गर्ने। • रोगको लक्षण देखा पर्नासाथ कपर अक्सीक्लोराइड (ब्लाइटक्स-५०% डब्लु.पि.) वा मेन्कोजेव (डाइथेन एम-४५, ७५% डब्लु.पि.) ३ ग्राम प्रति लीटर पानीमा मिसाएर ७-७ दिनको फरकमा ३ पटक छर्कने। अथवा 75% डब्लु.पि. क्लोरोथालोनिल ७५ % डब्लु.पि. (डिफरेन्स, कवाच, प्रोटेक्टर)२ ग्राम अथवा क्याप्टान ५० % डब्लु.पि. (क्याप्टन, क्याप्ट्र) ३ ग्राम प्रति लीटर पानीमा मिसाएर छर्कने।

१८.१.९ फलफूलका कीरा तथा रोगहरूको व्यवस्थापन

आँपका कीराहरू

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
१.फड्के कीरा (Hopper)	वयस्क कीरा हल्का हरियोमा खैरो मिसिएको हुन्छ र उफ्रन्छन्।	यिनीहरूले गर्दा बिरुवामा कालो ढूसी लाग्छ।	डाइमेथोएट ३०% ई.सि (रोगर,रोगोहिट,अनुगर) १.५ मि.लि..प्रति लीटर पानीमा वा बुप्रोफेजिन २५%एस.सी. (बुप्रोलोड) १-२ मि.लि..प्रति लीटर पानीमा वा मालाथियन ५०% ई.सि (मालाथियन रिमेडी, साइथियन, सुर्याथियन) १.५ मि.लि..प्रति लीटर पानीमा वा डेल्टँमेथ्रीन २.८ % ई.सि (डेसिस, डाइस) ०.५ मि.लि..प्रति लीटर पानीमा वा इमिडाक्लोरोपिड १७.८% एस.एल. (एडमायर, एटम, चेमिडा) १ मि.लि..प्रति चार लीटर पानीमा वा थाइमेथोक्जाम २५% डव्लु जि (ऐरेभा,एरो,रेनोभा) १ मि.लि..प्रति दश लीटर पानीमा मिसाई फूल फुल्नु अगाडि र फूल झर्न शुरु हुँदा १-१ पटक छर्ने।
२. आँप वीज/कोयाको घुन (Stone weevil)	वयस्क घुन मध्यम आकारको, डल्लो र गाढा खैरो रङ्गको हुन्छ। छोइ दिंदा मरेको जस्तै बहाना गर्दछ।	लाभ्रेहरू आँपको गुदी खाँदै कोयासम्म पस्दछन र फल खान लायक हुँदैन।	• बोटबाट झरेका फलहरू र कीरा लागेका फलहरूलाई नष्ट गर्ने। • डाइमेथोएट ३०% ई.सि (रोगर, रोगोहिट, अनुगर)१.५ मि.लि..प्रति लीटर पानीमा वा मालाथियन ५०% ई.सि (साइथियन, सुर्याथियन) १.५ मि.लि..प्रति लीटर पानीमा मिसाइ छर्ने।

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
३. आँपको साइलिड (Mango psyllid)	वयस्क कीरा सानो खरानी रङ्गको पखेटा भएको हुन्छ।	यो कीराले कोपिलामा आक्रमण गर्दछ जसको फलस्वरुप यसमा गाँठाहरू निस्कन्छन्।	• कीरा लागेका हाँगाहरू काटेर नष्ट गर्ने। • माथि फड्के कीराको जस्तै विषादी प्रयोग गर्ने। • कीरा कम लाग्ने आँपका जातहरू लगाउने।

आँपका रोगहरू

रोग	लक्षण	व्यवस्थापन विधि
१. कोत्रे (Anthracnose)	पात, कमलो डाँठ, फूलको झुप्पा तथा फलमा कालो दागहरू देखा पर्दछन्र मुन्टाको टुप्पोबाट सुक्दै जान्छ। फलमा रोग शुरुमै लागेमा फल झर्दछन्।	रोग लागेका भागहरू काँटछाँट गरी नष्ट गर्ने। वर्षा शुरु हुनु अगावै फूल फक्नुअघि ३ देखि ४ पटकसम्म कपर अक्सीक्लोराइड (व्लाइटक्स ५०%) छर्ने।
२. सेतो धूले रोग (Powdery mildew)	पात, फूलको कोपिला, फूलको झुप्पो र फलमा फुस्रो सेतो धूलो देखापर्दछ। पछि ती सुकेर काला हुन्छन्।	फूल फक्नु अघि ढूसी नाशक डिनोक्याप ४८% इ.सी. (केराथेन) १/२ ग्राम/लीटर पानीमा वा कार्वेन्डाजिम ५०% डब्लु.पि. (वेभिष्टन, धन्टिन, डेरोसाल) ०.५-१ ग्राम/लीटर पानीमा अथवा सल्फर 80% डब्लु.पि. (सल्फेक्स, सल्फिल) ३ ग्राम प्रतिलीटर अथवा हेक्जाकोनाजोल ५ %ई.सि (एभोन, कमफर्ट, हेक्जाहिट)१-२ मि.लि.प्रतिलीटर पानीमा मिसाइ १ पटक पूर्ण फूल फक्रिसके पछि र दशबाह्र दिनको फरकमा २-३ पटक छर्कने।

स्याउका रोगहरू

रोग	लक्षण	व्यवस्थापन विधि
१. क्राउन गल (Crown gall)	माटोको सतह नजिक बोटको जरा र डाँठको जोर्नीबाट ऐजेरु जस्तो डल्लो पलाउने गर्दछ। डल्लो केराउको दाना जत्रो देखि ठूलो आकारमा ६ इन्च जति डायमीटर सम्मका हुन्छन्। डल्लो शुरुमा नरम फुस्रो हुने र पछि पुरानो हुँदा कडा र कालो हुन्छ।	• रोग लागेको थाहा भएको क्षेत्रमा स्याउ लगायत यो रोग लाग्ने कुनै पनि फलफूलको बिरुवा नलगाउने। • रोग देखापरेका बिरुवाहरू नष्ट गर्ने। • बोटबिरुवामा काम गर्दा सकभर घाउ,चोट नलाग्ने गरी काम गर्ने। • रोग नलागेको क्षेत्रमा मात्र नर्सरी तयार गर्ने। • बिरुवा लगाइएको ठाउँमा पानी जम्न नदिने।
२. दाद (Apple Scab)	प्रायः फूलको कोपिलाका पातहरू, डाँठ तथा फलमा हल्का खैरा दागहरू वन्दछन् जुनपछि कालो मखमल जस्तो केही उठेका हुन्छन्। रोग लागेका फलहरूका आकार बिग्रेका, चिरा परेका दाना, दागहरूले गर्दा नराम्रो हुन्छन्।	• वंगैचा सफा राख्ने। • बोटमा पात झर्ने बेलामा यूरियाको घोल बोटमा छर्कने। • म्यान्कोजेव ७५% डब्लु.पि. (डायथेन एम ४५, सुर्या एम ४५,इन्डोफील एम ४५) वा क्याप्टान ५० %डब्लु.पि. (क्याप्टँन,क्याप्ट्र) ३ ग्राम प्रतिलीटर वा क्लोरोथालोनिल ७५ %डब्लु.पि. (डिफेन्स, कवाच, प्रोटेक्टर) २ ग्राम प्रतिलीटर पानीमा घोलेर वोटमा फूलका कोपिलाहरूको झुप्पाहरू हरियो बनेका अवस्थामा, फूलफुल्नु अगाडि र फूलको पातहरू झरेपछि फलको चिचिलो अवस्था सम्म १०-११ दिनको फरकमा छर्कने।
३. धूले ढूसी/खराने (Powdery mildew)	त्यो रोगमा पात, कमलो डाँठ, फूलका कोपिलाहरू तथा फलमा रोग लाग्दछ। पात सेतो घुम्रिने हुन्छ। कमलो डाँठ नबढ्ने र फलमा जालो जस्तो हुन्छ।	• रोग लागेका डाँठहरू काँटछाँट गरी हटाउने। • फूलको कोपिला बन्न थाले देखि टुप्पोका डाँठहरू आउञ्जेलसम्म कार्वेन्डाजिम (वेभिष्टिन ५०% डब्लु.पी.) १-२ ग्राम/लीटर पानीमा हाली वा केराथेन १/२ ग्राम/लीटर पानीमा हाली छर्कने। आंपको धूले ढुसी जस्तै गर्ने ।

रोग	लक्षण	व्यवस्थापन विधि
४.गुलावी रोग (Pink disease)	हाँगा बिगाँका डाँठका सतहमा शुरुमा पानीले भिजेको जस्तो दाग बन्दछ । पछि फिका गुलावी रङ्गका ढूसीका रचनाहरू देखापर्दछन् ।	• हिउँदमा रोग लागेको भागहरू काँटछाँट गरी हटाउने। काँटछाँट पछि कपर अक्सिक्लोराइड ५०% डब्लु.पी. (व्लाइटक्स) ३ ग्राम प्रतिलीटर पानीमा हाली छर्कने • वोर्डेपिष्टको लेपले काटिएको सतहमा लेपिदिने।
५. बोक्रा खुइलिने (Papery bark)	शुरुमा हाँगाहरूमा गोलो दाग देखिन्छ। उक्त दागहरूमा स-साना खटिराहरू बाहिरी बोक्राको भित्रबाट उठेका देखिन्छन् । रोगको प्रकोप बढी भयो भने उक्त दागहरू मिलेर हाँगा वा बोटलाई वरिपरि घेर्दछ। रोग लागेका बोक्राहरू कागज जस्तो भइ च्यातिएर उप्किन्छन्। रोगी हाँगा सुकेर मर्दछ।	• धेरै रोग लागेर बोट नै सुक्न थालेमा बोटलाई नै नष्ट गर्ने। • हाँगामा रोग लागेको देखियो भने तुरुन्त बोर्डेपिष्ट वा अन्य ताँमायुक्त विषादीको पेष्ट बनाइ रोग लागेको भागमा लगाउने। • रोग लागेको हाँगा सुकिसकेको भए काट्ने र काटेको भागमा ताँवायुक्त विषादी लगाउने।

स्याउका कीराहरू

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
१. भुवादार लाही (Wolly aphids)	यो लाहीको शरीर बैजनी रङ्गको र सेतो कपास जस्तो पदार्थले ढाकिएको हुन्छ।	यिनीहरू सयकडौं संख्यामा स्याउको हाँगा, मूल स्तम्भ र जरामा बसेर रस चुस्दछन् जसले गर्दा गाँठाहरूको विकास भै मसिना जराहरू निस्कन्छन्।	• जाडोयाममा यो कीरा जरामा आई बस्ने हुनाले यसको निम्ति कार्वोफ्यूरान गेडा जाडोयाममा फेंदको वरिपरि माटो मुनि पर्ने गरी बोटको उमेर अनुसार १०-३० ग्राम प्रति बोटको हिसाबले राखी सिंचाइ गरिदिने । • कीरा लागेको नर्सरी बोटहरूलाई इमिडाक्लीरोपिड ०.५ एम.एल./लीटर पानीको मिश्रणले उपचार गर्ने। • खनिज तेल एटसो १०मि.लि.प्रतिलिटर पानीमा मिसाइ छर्ने। • परजीवी कीरा एफिलिनस मालीको चैत वैशाख तिर प्रयोग गर्ने।

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
२.गवारो (Borer)	वयस्क खपटे कीरा ठूलो र खैरो रङ्गको हुन्छ। यसका सिँगहरू लामा, पखेटा सेतोमा मसिना थोप्लाहरू मिसिएको हुन्छ । लार्भा घिउ रङ्गको, टाउको ठूलो र खुट्टा नभएको हुन्छ।	लाभ्राहरू कलिलो हाँगा छेडेर काठ खान थाल्दछ जसले गर्दा हाँगा सुकेर मर्दछन्। कीरा पसेको प्वालमा काठको धूलो देखिन्छ।	• जाडोयाममा सुकेका हाँगाहरू र कीरा लागेका हाँगाहरूलाई काँटछाँट गरी जलाईदिने। • कीरा लागेको हाँगामा दुलो पत्ता लगाई डाइमेथोएट ३०% ई.सि (रोगर, रोगोहिट, अनुगर) १मि.लि.प्रतिलिटर पानीमा मिसाइ छर्ने वा मट्टितेलमा कपास चोपलेर प्वाल टाली दिने।
३.घनटाउके गवारो (Flat headed borer)	वयस्क खपटे कीरा कालो रङ्गको र थेप्चो आकारको हुन्छ।	बोक्राभित्र पट्टि बसी डाँठमा सानो प्वाल पारी सुरुङ्ग जस्तै खनेर टाउको पसाई बोटलाई नोक्सान गर्दछ।	• बोटमा बोर्डोलेप लगाउँदा क्लोरोपाइरीफस (डर्सवान २०% ई.सी.) १:१९ भाग लेपमा मिसाई लगाईदिने। • बैशाखतिर मालाथियन ५० % ई.सि (मालाथियन रिमेडी, साइथियन, सुर्याथियन) १.५मि.लि.अथवा डेसिस आधा मि.लि. प्रतिलीटर पानीमा झोल बनाई छर्ने।
४.गवारो (Shot hole borer)	वयस्क खपटे कीरा सानो, कालो रङ्गको र मुख तल तिर फर्केको हुन्छ।	यसले हाँगा भित्र सानो प्वाल बनाई बोटलाई नोक्सान गर्दछ।	• बोटमा बोर्डोलेप लगाउँदा क्लोरोपाइरीफस (डर्सवान २० ई.सी.) १:१९ भाग लेपमा मिसाई लगाईदिने। • बैशाखतिर मालाथियन ५० % ई.सि (मालाथियन रिमेडी, साइथियन, सुर्याथियन) १.५मि.लि.अथवा डेसिस आधा मि.लि. प्रतिलीटर पानीमा झोल बनाई छर्ने।
५.कल्लेकीरा (Sanjose Scale)	यो कीरा सानो, एकै ठाउँमा बसिरहने र कल्लाले ढाकिएको हुन्छ।	यो कीराले रुखको मूल स्तम्भ र हाँगाबाट रस चुस्दछ जसले गर्दा बोट फष्टाउन सक्दैन।	• कीरा लागेका बोटबिरुवाहरू एक ठाउँबाट अर्को ठाउँमा नलैजाने। • डाइमेथोएट ३०% ई.सि (रोगर,रोगोहिट,अनुगर) १मि.लि.प्रतिलिटर पानीमा मिसाइ दुई दुई महिनामा एक पटक छर्ने।

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
		साथै फलको पनि रस चुसेर खान्छ।	
६.पाल बनाउने लाभ्रे (Tent caterpillar)	लाभ्रेको शरीरमा झूस हुन्छ र कालो खैरो रङ्गको हुन्छ ।	हाँगा फाटिएको ठाउँका पातहरूमा जालोको पाल बनाई बस्दछन।	• मालाथियन ५०% ई.सि (मालाथियन रिमेडी, साइथियन, सुर्याथियन) १.५मि.लि.प्रतिलीटर पानीमा झोल वनाई छर्ने।
७. रातो सुलसुले (Red Spider Mite)	साना धेरै खुट्टा भएको रातो माउ सुलसुले एक ठाउंमा बस्दैन र हिंडिरहन्छ भने बच्चा भने हांगा वा रुखका कुना काप्चा पातको फेद आदीमा थुप्रेर बसी रहन्छ। हातले त्यसलाई मिच्यो भने रगत जस्तै रातो हातमा लाग्छ।	बोटको कलिला भागहरूमा (हांगा, पात) आदी स्थानको रस चुसी नोक्सान पु-याउछ। सुलसुले धेरै लागेका पातहरू प्याजी रङ्गमा परिणत हुन्छ र समय अगावै झर्न थाल्दछन्।	• प्रोपरजाइट ५७% इ.सी.(किङ्गमाइट, अमाइट) ३ मि.लि.प्रतिलिटर पानीमा वा रोगर १ एम एल प्रतिलिटर पानीमा मिसाई नयाँ पालुवा आउन साथ १५ दिनको फरकमा ३ पटक छर्ने।

भुईंकटहरका कीराहरू

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
१.कत्ले कीरा (Scale insect)	यो सानो कत्लाले ढाकिएको कीरा हो।	डाँठ र पातमा बसेर रस चुस्दछन्। पातमा कालो ढूसी जमेको देखिन्छ।	• माथि उल्लेखित कत्ले कीरालाई जस्तै नियन्त्रण विधि अपनाउने।
२.मिलिवग (Mealy bug)	यो नरम,चेप्टो शरीर भएको कीरा हो।	कत्ले कीराले जस्तै लक्षण देखाउँछ।	• माथि उल्लेखित जस्तै विधि अपनाउने।

केरा बालीका कीराहरू

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
१. केराको थाम घुन(Stem weevil)	वयस्क खपटे कालो वा रातो रङ्गको हुन्छ यसको सुँड निकै लामो हुन्छ। यसका लाभ्रे सेतो शरीर र रातो टाउको भएको हुन्छ।	लाभ्रे थाम भित्रभित्रै खोतलेर खाने हुनाले थाम भित्र छियाछिया हुन्छ। बिरुवा पहेंलिन थाल्छ। साधारण हुरी वतासले पनि बोट ढल्ने हुन्छ।	• रोगाएका बोटहरूलाई जरै देखि उखेलेर मसिना टुक्रा गरी नष्ट गर्नुपर्छ। • एउटा गाँजमा ३ वटा सम्म मात्र बोट राख्ने। • लत्रेका वा लत्रन लागेका पातहरू केराको थामको संगमबाटै काट्ने गर्नुपर्छ। • एउटा लामो चक्कुले कीरा लागेको थामलाई खोतलेर लार्भाहरूलाई नष्ट गर्ने। • काम नलाग्ने केराका बोटहरू काटेर टुक्राटुक्रा पारी केरा बगैंचामा यताउती राखिदिनाले त्यसमा वयस्क घुनहरू जम्मा हुन्छन् तिनलाई संकलन गरी नष्ट गर्न सकिन्छ।
२. केरा गानुको घुन (Rhizome weevil)	वयस्क खपटे चम्किलो कालो हुन्छ।	यो घुनका लाभ्रेले केराको गानो खाईदिनाले जराहरू कमजोर हुने गर्दछन्। बोट सजिलै ढल्ने गर्दछ। केरा पसाउन सक्दैन र यदि पसाई हाले पनि फल पुष्ट हुँदैनन्।	• घुनले आक्रमण गरेको गानु र थामलाई टुक्रा टुक्रा पारी नष्ट गर्नुपर्छ। • घुन लागेको गाँजको बिरुवा अन्यत्र रोप्नु हुँदैन। • केराको बोटमा लत्रेका पातहरू हटाई गाँजलाई सफा सुग्घर राख्नुपर्छ। • घुन लाग्ने बारीमा नयाँ केराको बोट रोप्नु अघि सम्पूर्ण पुराना बोटहरूलाई जरै देखि उखेलेर हटाउनुपर्छ। • केराको प्रत्येक गाँजमा क्लोरपाइरिफस (डर्सबान १० धूलो) ३० ग्रामका दरले बोटको वरिपरि छरेर माटोमा मिलाई दिंदा घुनको नियन्त्रण हुन्छ।

केरा बालीका रोगहरू

कीरा	क्षतिको लक्षण	व्यवस्थापन विधि
१. ओइलाउने रोग (Wilt)	शुरुमा पुराना पातको किनाराबाट पहेंलिन शुरु भइ मुख्य नशातिर बढ्छ। रोगी पातको भेटनो फुटी तलतिर झुण्डिन्छन् पात ओइलाउँछ। जमिन छेउका डाँठ ढाक्ने पातहरू लम्बाई पट्टिबाट फाँटछन्।	• रोगी केरालाई उखलेर जलाउने। • रोगी बोटको पातहरू जलाउने र झांगमा चून वा बोर्डेक्स मिक्स्चर छर्ने। • एकै ठाउँमा केरालाई सकभर ३ बर्षभन्दा बढी नलगाउने।
२. बन्चीटप (Bunchy top)	रोगी पातहरूको आकार साना, पहेला र किनारा माथितिर बटारिएका हुन्छन। रोगी पातमा मसिना हरिया थोप्ला र धब्बा पनि देखिन्छन्।	• रोगी बिरुवा जम्मा गरेर जलाई दिने। • यो लाही कीराबाट सर्ने रोग भएको डाइमेथोएट ३०% ई.सि (रोगर, रोगोहिट, अनुगर) १मि.लि.प्रति लीटर पानीमा मिसाएर छर्ने। • बीउको लागि प्रयोग हुने गानाहरू स्वस्थ्य क्षेत्रको बोटबाट मात्र लिने।
३. कोत्रे (Anthracnose)	रोगी फलहरू पहेलिन्छ र बोक्रामा साना र खैरा थोप्ला देखापर्दछ। यि थोप्लाहरू जोडिएर केहि धस्रेको जस्तो हुन्छन धेरै आक्रमण भएमा फल कालो भई चाउरिन वा सुक्न सक्छ।	• फल र बिरुवालाई चोटपटक लाग्नबाट जोगाउने। • कपर अक्सिक्लोराइड ३ ग्राम प्रतिलीटर पानीको दरले कोसामा छर्ने।
४.गानो कुहिने (Rhizome rot)	गानामा शुरुमा पानीले भिजेको जस्तो खैरा धब्बाहरू देखापर्दछ। पछि ती धव्वाहरूबाट नै कुहिन शुरु हुन्छ।	• स्वस्थ्य ठाउँबाट गानो ल्याई रोप्ने। • रोगी बोट जलाएर नष्ट गर्ने। • गानालाई स्ट्रेप्टोमाइसिनमा केही समय डुबाएर रोप्ने।

अमिला जातका फलफूलका कीराहरू

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
१. हरियो ठूलो पुतली (Lemon butterfly)	वयस्क पुतली ठूलो र रङ्गीबिरङ्गी हुन्छ, पछाडिको पखेटाको तल पुच्छर जस्तो सानो भाग निस्केको हुन्छ। लार्भा सानो हुँदा खैरो रङ्गको हुन्छ र पूर्ण विकसित लाभ्रे हरियो रङ्गको हुन्छ।	लाभ्रेले बिरुवाको पात खाई बिरुवालाई नाङ्गो पारी दिन्छ। बसन्त र शरद ऋतुमा यिनको आक्रमण बढी हुन्छ।	• डेल्ट्रामेथ्रिन २८% ई.सी. (डेसिस) विषादी २ एम. एल. प्रति लीटर पानीमा मिसाई छर्ने।
२. पातको झिँगा (Leaf miner)	वयस्क पुतली सानो सेतो रङ्गको हुन्छ। लाभ्रे हल्का हरियो रङ्गको हुन्छ।	लाभ्रेहरू आफूले बनाएको पातको सुरुङ्गभित्र पसी हरियो भाग खाँदै जान्छन्। यस्तो पातहरू सेतो र खुम्चिएको देखिन्छ र भित्र पट्टि सुरुङ्ग जस्तो धर्सा देखिन्छ।	• पालुवा आउना साथ डेल्ट्रामेथ्रिन २८% ई.सी. (डेसिस) विषादी २ मि.लि. प्रति लीटर पानीमा मिसाई छर्ने वा रोगर ०.०३ प्रतिशत छर्ने। • खनिज तेल एटसो १०मि.लि.प्रति लिटर पानीमा मिसाइ छर्ने।
३. कत्ले कीरा (Scale insect)	यो धेरै सानो, एकै ठाउँमा बसी रहने कुनै लाम्चिलो र बोक्रासँग मिल्दोजुल्दो रङ्गको हुन्छ।	यिनीहरू धेरै संख्यामा बसेर बिरुवाबाट रस चुस्दछन् जसले गर्दा बिरुवाहरू रोगाएर जान्छन्।	• कीरा लागेका बोटहरू नसार्ने। • फाल्गुण र चैत्र महिनामा एक एक पटक • डाइमेथोयट ३०% इ.सी. १ एम. एल. प्रतिलीटर पानीमा मिसाइ छर्कने। • मट्टितेल र साबुनको झोल बनाईछर्ने, मेसिनको तेल कपडामा भिजाई पुछ्ने। • एट्सो १०मि.लि.प्रति लि मिसाइ छर्ने।
४.लाहीकीरा (Aphid)	यो लाही सानो र अलि कालो रङ्गको हुन्छ ।	यी कीराले बिरुवाबाट रस चुस्दछन् र यसले आक्रमण	• फुल फुल्नु अगाडि डाइमेथोयट ३०% इ.सी. १ एम. एल. प्रति लीटर पानीमा मिसाइ छर्कने।

कीरा	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
		गरेका बिरुवाका पातहरूमा कालो ढूसी देखिन्छ।	
५.सिट्रससिल्ला (Psylla)	वयस्क कीरा सानो नरम र खैरो हुन्छ । पखेटा पारदर्शक र तिनमा सेतो थोप्ला हुन्छन् । बच्चाहरू मसिना र पहेंलो रङ्गका हुन्छन् ।	बिरुवाको कलिलो भागमा बसी रस चुस्दछन् र पातहरूमा ढूसी फैलिएको देखिन्छ।	• माथि उल्लेखित लाही कीरालाई जस्तै विधि अपनाउने।
६.फल कुहाउने औंसा (Fruit fly)	वयस्क कीरा करिब घरको झिंगा जस्तै हुन्छ । पखेटा बाहिर पट्टि तन्केका हुन्छन्। औंसाहरू सेतो रङ्गका र टाउको तिखारिएका हुन्छन् ।	औंसाहरूले फलको भित्रभित्रै बसेर खान्छन जसले गर्दा फलहरू कुहिएर भुईंमा झर्दछन्।	• फलफूलको बोटमा पालुवा लागेको बेलामा र चिचिला लागिसकेपछि मालाथियन ५०% ई.सी. १ मि.लि. प्रतिलीटर पानीमा मिसाई छर्ने। • बिरुवामा कुनै गुलियो पदार्थमा मालाथियन विषादी मिसाई यसको लेप बनाई ठाउँ-ठाउँमा लगाई दिनाले वयस्क कीराहरू आकर्षित भई खान आई मर्दछन्। सो कार्य पालुवा लाग्ने बेला देखिलिएर फल टिप्ने बेलासम्म गरेमा बढी प्रभावकारी देखिन्छ। • कीरा लागेर झरेका फलहरू जम्मा गरी नष्ट गरिदिने। • मिथायल युजिनल र मालाथियन ५०% ई.सी. को फेरोमेन ट्र्याप राखी भाले झिंगा मार्ने।
७. मिलिवग (Mealy bug)	सेता, कपास जस्तै जीउ भरी काँडैकाँडा देखिएको नरम कीरा हो ।	पात र डाँठको रस चुस्दछ ।	• इमिडाक्लोरोपिड ०.२ मि.लि.प्रतिलीटर पानीमा झोल बनाई छर्ने।

अमिलो जातका फलफुलमा फल टिपीसकेपछि विशेष गरी वसन्त याम शुरु पूर्व या जाडो याममा खनजोत मलजल रोग कीरा लागेका हाँगा या पात हल्का काँटछाँट गर्न कुहेका झरेका फलफूल जलाउने वा गाड्ने तत्पश्चात् आवश्यकता हेरी छिटो नाशवान सुरक्षित/वातावरणमा कम हानिकारक विषादी प्रयोग गर्ने त्यसपछि फल लागिसके पछि बोटबिरुवाको निरीक्षण र आवश्यकता हेरी रोग कीरा व्यवस्थापन गर्ने प्रक्रिया अपनाउनु पर्दछ ।

अमिलो जातका फलफूलका मुख्य रोगहरू

रोग	लक्षण	व्यवस्थापन विधि
१.क्याङकर (Canker)	पात, डाँठ र फलमा सुरुमा बाटुलो पछि वेआकारका केही उठेको काठ जस्तो र पहेंलो घेरा भएका हाँगाहरू देखा पर्दछन् ।	• बगैंचा सफा राख्ने । • हिउँदमा बोटका मरेका हाँगा विंगाहरू काँटछाँट गरी हटाउने । कपर अक्सिक्लोराइड (व्लाइटक्स ५० डव्लुपी.) ३ ग्राम प्रति लीटर झोल काँटछाँट पछि छर्कने र फेद वरिपरी सफा पारी १ देखि १.५ हातसम्म वोर्डोपिष्टले लिपी दिने । • वर्षा सुरु हुनु अगावै नयाँ पालुवा आउन लागेको बेलामा एकपटक र वर्षायाममा २-३ पटक १ प्रतिशतको वोर्डोमिश्रण स्प्रे गर्ने ।
२. कालो ध्वाँसे (Shooty mould)	पात, डाँठ र फलमा कालो ध्वाँसो जस्तो तहले ढाक्दछ ।	• बोटहरू सफा राख्ने । • कीराको प्रकोपले यो रोग लाग्ने हुँदा शुरुमा ती कीरा नियन्त्रण गर्ने । • अन्य रोग नियन्त्रणको लागि प्रयोग गरिएको ढूसीनाशकले यसलाई पनि नियन्त्रण गर्दछ ।
३.कोत्रे (Anthracnose)	स-साना काला दागहरू डाँठ र पातमा देखा पर्दछन् ।	• रोगी हाँगा बिंगा काटेर नष्ट गर्ने । • वर्षा याममा रोग वढ्ने हुँदा २-३ पटक १ दिनको फरकमा र हिउँदमा काँटछाँट पछि १ प्रतिशतको वोर्डोमिश्रण वा कपर अक्सिक्लोराइड (व्लाइटक्स ५०% डव्लु.पी.) ३ ग्राम प्रति लीटरको झोल छर्कने ।

रोग	लक्षण	व्यवस्थापन विधि
४.जरा कुहिने (Root rot)	पातहरू पहेंलो भई मर्दै जान्छ र टुप्पाबाट वोट सुक्दै सुक्दै जान्छ।	• निकासको राम्रो प्रबन्ध मिलाउने। • तीनपाते (जंगली सुन्तला) मा कलमी गरेको बिरुवा लगाउने। • खनजोत गर्दा जरामा चोट नपुर्‍याउने। • माघ महिनातिर रोगी बोटको जरानिरको माटो हटाई कुहिएको जरा हटाउने र करीब १-२ हप्ता जरालाई खुल्ला छाडी सम्भव भए खरानी र राम्रो पाकेको मल माटोमा मिसाई जरा पुर्ने। रोगी बोटको फेद वरिपरि राम्ररी भिज्ने गरी वोर्डो मिश्रण (१प्रतिशत) वाम्यान्कोजेव (इन्डोफिल एम-४५, ७५% डब्लु. पी.) वा कपर अक्सिक्लोराईड (ब्लाइटक्स-५०% डब्लु. पी.) या कार्वेन्डाजिम (डेरोसाल) २ ग्राम प्रतिलीटर पानीमा मिसाई ड्रेन्च गर्ने साथै कार्वेन्डाजिम (डेरोसाल ५०% डब्लु. पी.) २ ग्राम प्रति लीटर पानीमा मिसाई पुरा बोट भिज्ने गरी छर्ने र १ दिन पछि फेरी एकपटक कार्वेन्डाजिम (डेरोसाल ५०% डब्लु.पी.) छर्ने। • वर्षात शुरु हुन थालेपछि माथि उल्लेख गरे वमोजिमको विषादी ड्रेन्च गर्ने र बिरुवामा पनि छर्ने।
५.फेद कुहिने (Stalk rot)	फेद वरिपरि बोक्रा चर्किने कहिले सुख्खा हुने झर्ने र भित्री डाँठ देखापर्ने गर्दछ। समयमै सावधानी लिईएन भने पात पहेंलो भएर हाँगा सुक्दै जाने गर्दछ।	• रोग सहन सक्ने जात लगाउने। • तिनपाते (जंगली सुन्तला) मा कलमी गरेको बिरुवा लगाउने। • सडेको भाग हटाई वोर्डो लेप लगाउने। • तिनपातेको सहायक जरा दिने। • हिउँदको समयमा १ प्रतिशत को युरिया + ४:४:५० को बोर्डो मिश्रण बोटमा स्प्रे गर्ने। • फेदमा कृषि चून छर्ने र खरानी थुपार्ने।

रोग	लक्षण	व्यवस्थापन विधि
६. गुलावी रोग (Pink disease)	आर्दता बढी भएपछि बोक्रा चर्कने, फुट्ने र काठ माथि खटिरा निस्कने र सिंदूर रङ्गको धूलो देखिने, बिरुवा मर्दै जाने।	• रोग लागेको भागलाई काटेर जलाउने। • रोग लागेको भाग खुर्किएर चौबाटियापेष्ट वा वोर्डो लेप लगाउने। • कार्वेन्डाजिम (डेरोसाल ५०% डब्लु.पी.), म्यान्कोजेव (इन्डोफिलएम-४५-७५% डब्लु. पी.) र वोर्डोमिश्रण पालैपालो छर्ने।
७.ग्रीनीङ्ग (Citrus Greening)	• सुन्तला जात फलफूल (जुनार) का पातहरू पूरै पहेंलो हुने वा पहेंलो पातमा हरियो नशाहरू हुनुको साथै हरिया दागहरू पनि देखिन्छन्। • छिप्पिएको पातहरूको बीचको मुख्य नशा असामान्य रुपमा प्रष्ट देखिन्छ। यो अवस्था बिस्तारै बिस्तारै पातका अरु नशाहरूमा सर्दै जान्छ र पात पहेंलिई टुप्पाहरू सुकी अन्तमा बिरुवा नै मर्छ। • धेरै फूल फुल्नुको साथै बेमौसममा पनि फुल फुल्न सक्छ, दाना सानो हुँदै जाने, दाना एकतर्फी मात्र बढ्ने, असामान्य रुपमा फल झर्ने र कम फल्ने हुन्छ। • छिप्पिएका फलहरूमा सूर्य तर्फ भएको भाग मात्र पहेलो रङ्गको हुन्छ अर्को पट्टि हरियो नै रहन्छ। • उपरोक्त लक्षणहरू बोटको कुनै एक भाग वा एउटा हाँगामा पनि हुन सक्छ।	• तराईभित्री मधेश र रोगग्रस्त क्षेत्रबाट ल्याई रोपेका बिरुवाहरूमा यस्ता लक्षणहरू देखापर्ना साथ बोटहरू काटी जलाइदिने। • समुन्द्र सतह देखि १३०० मीटर भन्दा कम उचाई भएको ठाउँमा बिरुवा उत्पादन गर्नु हुँदैन साथै त्यहाँबाट विरुवा ल्याउनु हुँदैन। • यो रोग सिट्रस सिल्ला कीराले सार्ने भएको हुँदा तालिका बनाई डाइमेथोयट ३०%इ.सी. १ एम.एल. प्रतिलीटर पानीको दरले प्रयोग गर्नुपर्छ।

१८.१.१० अन्य बालीका रोगहरू र तिनको व्यवस्थापन

बाली तथा रोगका नाम	लक्षण	व्यवस्थापन विधि
अम्बा ओइलाउने रोग (wilt)	रोगी विरुवाका टुप्पातिरका पातहरु पहेलिन्छन, ओइलाउछन्। ती पातहरु सुकेर झर्दछन। डाठमा वरिपरी खैरो रंगले धेरिएर बोट मर्न थाल्दछ।	• रोप्ने र गोड्ने बेलामा जरामा चोट पटक नलगाउने। • बोटको वरिपरी चुन छरी सिंचाइ गर्ने। • बेर्ना रोप्नु भन्दा दुई हप्ता अगाडि फर्मालिनले माटो उपचार गर्ने।
सुपारी मुना कुहिने रोग	बोटको टुप्चाको पातमा पहेंलो घेरा भएको खरानी रङ्गको थोप्ला बन्दछ। रोगी पातको नशाहरु कालो भएर जान्छन।	• रोगी बिरुवा देखिएमा हटाउने। • स्ट्रेप्ट्रोमाइसिन ०.०५ प्रतिशतको झोल बनाएर छर्कने।
कोले रोग वा महाली रोग (koleroga)	रोगी दानाको बाहिरी सतहमा पानीले भिजेको जस्तो देखापर्छ र सेता ढुसीले छोप्छ र छिप्पिनु अगाडि नै फलको भेट्ना हुंदै पछि पूरै बोट सडेर मर्दछ।	• सडेका मुना र मरेका भागहरु खुर्केर हटाउने। • कपर अक्सिक्लोराइड ५०% डब्लु.पी. (ब्लाइटक्स) ३ ग्राम / लीटर पानीका दरले १ देखि १.५ महिनाको फरकमा छर्कने। • बिरुवाको वरिपरी पानी जम्न नदिने।
अदुवा गानो कुहिने (Rhizome rot)	बोटको माथिल्लो पातको टुप्पो पहिलिदै पातको किनार हुदै रोग तलतिर बढदै जान्छ। पछि तल पातसँग जोडिएको ठाउँमा पानीले भिजेको जस्तो भएर गिलो हुन्छ बिरुवा तान्दा सजिलै पातसँग छुट्टिएर आँउछ।	• रोगी गाना वा पाना बीउको लागी प्रयोग नगर्ने। • माटोमा उचित निकासको व्यवस्था मिलाउने। • घुम्ती बाली चक्र अपनाउने। • कार्वान्डाजिम ५०% डब्लु. पी. (वेभिष्टिन/डेरोसाल) ले बीउ उपचार गर्ने।
पातको थोप्ले (Leaf spot)	पातमा साना, गोला अण्डाकार देखि हल्का पहेला थोप्ला देखापर्दछ र पछि सुकेर प्वाल पर्न सक्दछ। पात दोब्रिन्छ, लत्रिन्छ र बोट होचो हुन्छ ।	• रोगी पात जम्मा पारी जलाईदिने। • कपर अक्सिक्लोराइड ५०% डब्लु.पी. (ब्लाइटक्स) ३ ग्राम/लीटर पानीका दरले रोग देखापरेपछि छर्कने।
बदाम बेर्ना कुहिने (Seedling blight)	ओसिलो ठाउँमा भण्डार गरेका बीउहरू रोप्दा बोटको फेद कुहिन्छ र मर्दछ।	• सग्ला र स्वस्थ्य दाना छानेर सुख्खा ठाउँमा भण्डार गर्ने क्याप्टान ५०% डब्लु.पी. विषादीले २ ग्राम प्रति के.जी. बीउका दरले बीउ उपचार गर्ने।

बाली तथा रोगका नाम	लक्षण	व्यवस्थापन विधि
टीका रोग (Tikka)	पातमा दुई किसिमको, पहेलो रङ्गको थोप्ला र मसिना, गोलाकार गाढा खैरो वा कालो रङ्गका थोप्लाहरू देखा पर्दछन् ।	• रोगी ठुटा जम्मा गरी जलाईदिने । • घुम्ती बाली अपनाउने । • क्याप्टान ५०% डव्लु. पी. विषादी २ ग्राम प्रति के.जी. का दरले बीउ उपचार गर्ने । • पातमा थोप्ला देखापर्न थालेपछि कार्वेन्डाजिम ५०% डव्लु.पी (बेभिष्टिन) १ ग्राम प्रति लीटर क्लोरोथालोनिल ७५ %डव्लु.पि. (डिफरेन्स, कवाच, प्रोटेक्टर) २ ग्राम प्रतिलीटर पानीमा मिसाई १५-२० दिनको अन्तरमा छर्कने। वा सल्फर ८०% डव्लु.पि. (सल्फेक्स, सल्फिल) ३ ग्राम प्रतिलीटर अथवा हेक्जाकोनाजोल ५%ई.सि (एभोन, कमफर्ट, हेक्जाहिट) ३ मि.लि. प्रतिलीटर पानीमा मिसाई छर्कने।
ठिगुरे (Rossete)	बिरुवा असामान्य रुपमा ठिगुरिन गई बोट ज्यादै होचो र सानो हुन्छ । बिरुवाका पातका नशाहरू फकन्न् पातहरू उल्टो दोब्रिएर जान्छन्। बोटमा कोसा लाग्दैन।	• रोगी बोट उखेली जलाउने। • घुम्ती बाली लगाउने। • डाइमेथोएट ३०% ई.सि (रोगर,रोगोहिट,अनुगर) १ मि.लि. प्रतिलीटर पानीमा मिसाई छर्कने।
सिंदुरे (Leaf rust)	पातको तल्लो सतहमा सून्तला रङ्गको पहेंला दानादार थोप्ला र माथिल्लो तहमा खैरो थोप्ला देखिन्छन्।	क्लोरोथालोनिल ७५ %डव्लु.पि. (डिफरेन्स, कवाच, प्रोटेक्टर) २ ग्राम प्रतिलीटर पानीमा मिसाई १५-२०दिनको अन्तरमा छर्कने वा सल्फर ८०% डव्लु.पि. (सल्फेक्स, सल्फिल) ३ ग्राम प्रतिलीटर अथवा हेक्जाकोनाजोल ५%ई.सि (एभोन, कमफर्ट, हेक्जाहिट)३ मि.लि. प्रति लीटर पानीमा मिसाई छर्कने।

अलैंची बालीका रोग तथा कीरहरु

किराको नाम	पहिचान	क्षतिका लक्षणहरु	व्यवस्थापन विधि
झुसिलकिरा	कालो रङ्गका वयस्क पुतलीहरु	लाभ्रेहरु पातको तल्लो भागमा जम्मा भएर वस्दछन् र पातको हरितकण खान्छ जसको फलस्वरुप पात जाली जस्तो देखिन्छन।	• सुरु को अवस्थामा झुण्डमा वस्ने भएकोले पात टिपेर मार्न सकिन्छ। • नुभाल्युरोन (नुभालुरोन १०% ई.सि) जस्तै किङ् गार्ड,रिमन, पेडस्ट्रला वा डाइक्लोरभस (डाइक्लोरोभस ७६% ई.सि) जस्तै नुभान, डुम, डिडिभिपि नामक विषादीहरु मध्ये कुनै एक विषादी १ मि.लि. प्रतिलिटर पानीमा मिसाइ फूलमा नपारी सबै पातमा पर्ने गरी कीराको प्रकोप हेरी २ देखि ३ पटक सम्म छर्ने। • वानस्पतिक विषादी नीम, सिस्नु, खुर्सानी, सावुन गहूँतमा मिसाइ कुहाएर छर्ने गरेमा कीराको केही हदसम्म नियन्त्रण गर्न सकिन्छ।
गवारो	कालो वा खैरो रङ्गको टाउको भएको पुतली र साना गुलावी र टाउको कालो भएका लाभ्रेहरु	यी लाभ्रेहरू अलैंचीका सराको टुप्पोबाट स-साना प्वाल बनाइ भित्र पस्दछन् र भित्रभित्रै खाँदै गानोसम्म पुग्दछन् र फलस्वरूप झ्याङ पहेंलिने, गुबो सुक्ने वा मर्ने, नबढ्ने जस्ता लक्षण देखिन्छन् जसको फलस्वरुप उत्पादनमा ह्रास आउँदछ। कलिला फल भित्र पसी दाना खाइदिनाले फलहरु फोस्रा हुन्छन्।	• गवारो लागेको तथा गुबो मरेका सराहरु उखेली नष्ट गरी अलैची बारीको राम्रोसंग सरसफाइ गर्नुपर्दछ। हटाइएका सराहरु जलाउने वा गाड्ने गर्नु पर्दछ। • यी कीरा नियन्त्रण गर्नका लागि इमिडाक्लोरोपिड १७.८% जस्तै जोस अथवा भिक्टर, नामको विषादी मध्ये कुनै एक विषादी ०.५ देखि १ मि.लि. प्रति लिटर पानीमा मिसाइ पुरै बोट भिज्ने गरी छर्कने। • गवारोको प्रकोप हुने बगानमा अलैंची गोड्दा माटोमा फिप्रोनिल ०.३ प्रतिशत दाना जस्तै आर्शिवाद, विलटप, एजेन्ट, नामका विषादी मध्ये कुनै एक विषादी प्रति झ्याङ १५ देखि २० ग्राम बिरुवाको वरिपरि लगाउने।

किराको नाम	पहिचान	क्षतिका लक्षणहरु	व्यवस्थापन विधि
लाही	यी कीराहरु पनि झुण्डमा वसेर रस चुस्दछन	१. यी कीराहरु पनि झुण्डमा वसेर रस चुस्दछन। २. फलस्वरुप विरुवाहरु वढ्दैनन् पात र फलको आकार प्रकार विग्रन्छ।	• लाही कीराहरु नियन्त्रण गर्न निम, बकाइनो, सूर्ती, सिस्नु, चिराईतो, खुर्सानी आदि गहूँतमा कुहाएर, साबुन, मटीतेलसंग मिसाइ छर्न सकिन्छ। • लाही कीराहरुलाई आश्रय दिने किसिममा बालीहरु जस्तै चुरुम्फा, केरा, मकै, आरु तथा अन्य लाही लाग्ने बाली तथा रुख बिरुवाहरु बगानको नजिकमा लगाउनु हुदैन, भएमा हटाउनु पर्दछ। • लाहीले पहेंलो रंग मन पराउने भएकोलो,पहेलो पासो yellow trap अलैंची बगानमा झुण्डाइ लाही कीरा नष्ट गर्न सकिन्छ।
थ्रिप्स	यी कीराहरु अति साना हुन्छन् र वच्चा अवस्थामा सेतो पहेंलिएका रंगका हुन्छन् र वयस्क कीरा खैरा रंगका हुन्छन्।	रस चुस्ने कीराहरुले पातको फेद भित्र डाँठमा, फूल र फल लाग्ने भागमा र फलमा समेत आक्रमण गर्दछन्। यी कीराको आक्रमणवाट फलहरु फोस्रा हुने, आकार बिग्रने भै गुणस्तरमा ह्रास आउँछ।	• अलैंची बगान नजिकमा रहेका यो कीरा लाग्ने अन्य वनस्पतिहरु, जस्तै पिंडालु, माने, अलैंचीका जंगली प्रजातिहरु हटाउने। • कीराको प्रकोप बढी भएमा अलैंचीका सुकेका पात हटाइ तलका मध्ये कुनै एक विषादी प्रयोग गर्ने। • इमामेक्टीन बेन्जोएट ५% एस.जी. (जस्तै वक्सर,कोब्रा, इमार) मध्ये कुनै एक विषादी ०.४ ग्राम प्रति लिटर पानीमा मिसाएर स्प्रे गर्ने। • स्पाइरोमेसिफेन २२.९% एस.सी. (Spiromesiphen 22.9% एस.सी.) जस्तै ओवेरन (Oberon) ०.८ एम. एल. प्रति लिटर पानीमा मिसाएर स्प्रे गर्ने। • एसिफेट ७५% एस.पी. (Acephate 75% SP) जस्तै अलटप (Alltop), फेटल (Fatal) चिटक (Chettak) मध्ये कुनै एक विषादी १ ग्राम प्रति लिटर पानीमा मिसाएर स्प्रे गर्ने। • क्विनालफस २५% इ. सी. (Quinalphos 25% ई.सि) जस्तै फलास (Flash),

किराको नाम	पहिचान	क्षतिका लक्षणहरु	व्यवस्थापन विधि
			एलकुइन्टल (Allquintal), नागिन (Nagin) मध्ये कुनै एक विषादी १ एम. एल. प्रति लिटर पानीमा मिसाएर स्प्रे गर्ने। • निमबाट बनेका तयारी विषादीहरु प्रयोग गर्ने।
खुम्रे	बोसो समानको सेतो शरीर, टाउको खैरो-रातो, ठूल-ठूला ३ जोर खुट्टा भएको र छुदा खुम्चिने हुन्छ।	यस कीराले माटो भित्र बसी अलैंचीको जरा खाएर क्षति पुर्‍याउदछन । यो कीराको जीवनचक्र जात हेरी १-३ वर्षको हुन्छ।	• सधैभरि एकै स्थानमा नर्सरी नगरी फरक-फरक स्थानमा नर्सरी गरी खुम्रे कीराको आक्रमण कम गर्ने। कांचो गोबरको प्रयोग नगर्ने। • जमिनको गहिरो खनजोत गर्ने, जसले गर्दा खुम्रे कीरालाई सिकारी कीराहरुले खाएर यसको संख्या कम हुन्छ। • खपटेको माउलाई बिजुली बत्तीको पासोमा आकर्षण गरी मार्ने। • खुम्रे कीराको प्रकोप हुने स्थानमा बिरुवा लगाउनु अघि राम्रोसंग खनजोत गरी प्रति रोपनी १ किलो मेटाराइजियम एनिसोप्ली (Metarhizium anisopliae) ढुसी माटोमा प्रयोग गरी खनजोत गर्ने। यसको प्रयोग गर्दा माटोमा चिस्यान हुनु आवस्यक छ। यो ढुसी प्रयोग गरिएको खेतबारीमा रासायनिक विषादी प्रयोग गर्नु हुदैन। मेटाराइजियम प्रयोग गर्दा राम्रो संग भण्डारण गरिएको साथै प्रयोग गर्ने अवधि समाप्त नभएको कुरा एकिन गरेर मात्र प्रयोग गर्ने। • विषादी प्रयोग गर्ने हो भने खनजोत गर्दा माटोमा प्रति रोपनी १ किलो क्लोरपाइरीफस (डर्सवान १०%) प्रयोग गर्ने।

अलैंची वालीमा लाग्ने रोगहरु

रोगको नाम	क्षतिका लक्षणहरु	व्यवस्थापन विधि
जरा तथा गानो कुहिने रोग	• पाना र डाँठ जोडमा पानीले भरिएका थोपाहरु देखा पर्दछन्। • पातहरुको टुप्पा पहेंलिन्छन् र पहेंलिने क्रम पातको फेदतिर वढ्दै डाँठसम्म पुग्दछ। • विस्तारै पात ओईलाएर सुक्दछ र डाठको फेद, पाना र जराहरु कुहिन्छन् । डाँठलाई तान्दा गानोवाट सजिलै छुट्टिन्छ। बिरुवालाई खोतलेर हेर्दा डांठ, पाना र जरामा काला-खैरा दागहरु प्रशस्तै देखिन्छन्।	• स्वस्थ पाना वा बीउबाट बेर्ना बनाइ रोप्ने। • रोग फैलावाट रोक्न रोगी वोटहरु गानोसहित उखेली गाड्ने वा जलाउन। पानी जम्न नदिन निकासको राम्रो व्यवस्था मिलाउने। • अलैंची टिपाइ पछि लगत्तै १ प्रतिशतको बोर्डेक्स मिश्रण छर्ने।(१०० ग्राम चुन, १०० ग्राम नीलो तुथो १०लिटर पानीमा मिलाइ तयार गर्ने)। • जैविक तरिकाको खेती गर्न बिरुवा लगाउनु अघि संजिवनी वा ट्राइकोडर्मा २.५ किलो १०० किलो कम्पोष्ट मलमा मिसाएर ढूसीको विकास भएपछि माटोमा प्रयोग गर्ने कपर अक्सी क्लोराइड 50% डव्लु.पि. जस्तै व्लाइटक्स, अनुकप, धनुकप जस्ता ढूसीनासक विषादी मध्ये कुनै एक विषादी २-४ ग्राम प्रति लिटर पानीमा झोल बनाइ बिरुवा रोप्ने बेलामा बिरुवाको फेद २०-३० मिनेट डुवाइ उपचार गरी ओभानो बनाएर रोप्ने। साथै बगानमा पनि यो विषादी छर्ने।
पात कुहिने रोग	• सुरुमा पातहरुमा पानीको फोका जस्ता दागहरु देखिन्छन् र विस्तारै यी पानीफोकाहरु वढ्दै गएर पूरा पात नै ढाकी दिन्छन् त्यस पछि पात कुहिन्छ यो रोगको प्रकोप वढ्दै गएमा पूरा बिरुवा नभाँचिएर सडेर मर्दछ। यस रोगको ढुसी माटोमा	• बगानको सरसफाइमा ध्यान दिने। • बिरुवा रोप्दा ढूसी नासक विषादीले उपचार गरेर मात्र रोप्ने। • कपर अक्सी क्लोराइड ५०% डव्लु.पि. जस्तै व्लाइटक्स, अनुकप, धनुकप जस्ता ढुसीनासक विषादी मध्ये कुनै एक विषादी ३-४ ग्राम प्रति लिटर पानीमा झोल बनाई

रोगको नाम	क्षतिका लक्षणहरु	व्यवस्थापन विधि
	लामो समय सम्म जिवित रहन्छ।	१०-१५ दिनको अन्तरालमा २ पटक छर्ने। • बगानमा दिनमा आधा समय घाम पर्ने गरी छाहरी व्यवस्थापन गर्ने। • ५. १५ वर्ष भन्दा पुराना बगान क्रमशः हटाउदै जाने।
बोट ओइलाउने तथा बगान डढ्ने रोग	• यो रोग जरा तथा गानोवाट सुरु हुन्छ। • बोटको टुप्पाका पातहरु पहेंलिन्छन्, लाक्राको टुप्पो बटारिने र सुईरो बाङ्गिने हुन्छ। विस्तारै पात, डाँठ र सम्पूर्ण वोट खडेरी परेजस्तै गरी सुकेर जान्छ। • यो रोग लागेका अलैंचीको फलहरु पाक्दैनन्, अलैंचीको दाना भित्रका बीउ छिप्पिदैनन् र बीउहरु कलिला सेता देखिन्छन्। • यो रोगको संक्रमण भईसकेपछि नयां टुसाहरु नआउने र बोटहरु पूर्णरुपमा सुकेर गई बगान नै नष्ट हुनजान्छ।	• अलैंची वगानको राम्रो सरसफाइ गर्ने। रोगी बोटहरु हटाइ जलाउने। • रोग देखा परेमा कपर अक्सी क्लोराइड ५० % डव्लु.पि. जस्तै व्लाइटक्स, अनुकप, धनुकप जस्ता ढुसीनासक विषादी मध्ये कुनै एक विषादी २ ग्राम प्रति लिटर पानीमा मिसाएर पात ,वोट, पाना तथा जरा समेत भिज्ने गरी प्रयोग गर्ने। • रोग देखा नपरेको स्वस्थ नर्सरीवाट मात्र बिरुवा ल्याएर रोप्ने। • रोग नासक विषादी प्रयोग गर्दा जेठदेखि साउन भित्रमा पानी नपरेको बेलामा प्रयोग गर्ने।

रोगको नाम	क्षतिका लक्षणहरु	व्यवस्थापन विधि
सुटी मोल्ड (Sooty mold)	• यो रोग खास गरी बाक्लो छाहारी भएको स्थानमा बढी देखिने गर्दछ। • मलातोको छाहारी भएको बगानमा बढी मात्रामा यो कालो ढुसी देखिन्छ। अलैंचीमा छाहारी दिने रुखको पातमा लाही कीरा बस्दा तिनको बिष्टा अलैंचीको पातमा परी त्यसमा पाइने गुलियो पनले गर्दा पातमा बिभिन्न जातिका ढुसीलागेर यो रोग लाग्दछ। रोगका ढुसी पातको भित्री सतहसम्म पस्न नसकेतापनि यसले प्रकास संश्लेषण क्रियामा अबरोध उत्पत्र गर्ने हुँदा अलैंचीको उत्पादनमा कमी ल्याउँदछ।	• कपर अक्सी क्लोराइड ५० % डब्लु.पि. जस्तै व्लाइटक्स, अनुकप, धनुकप cop जस्ता ढुसीनासक विषादी प्रति लिटर पानीमा २- ३ ग्राम मिसाइ पुरै बोट भिज्ने गरी छर्कने। • यसको नियन्त्रण गर्न सर्वो आयल प्रति लिटर पानीमा १५ एम. एल. मिसाइ छर्दा निकै प्रभावकारी देखीएको छ। • बगानमा लाही कीराको नियन्त्रण गर्ने। छाहारी दिने रुख ठिक मात्रामा राख्नु पर्दछ। • हल्का मात्र ढुसी भएको अवस्थामा सावुन पानीको घोलले पनि उपचार गर्न सकिन्छ।
फुर्के (Foorke)	रोगी बिरुवाको फेदमा धेरै स-साना काण्डहरू निस्कन्छन् र बोटमा फूल फुल्दैन्। बोट होचो हुन्छ।	• बिरुवा बीउबाट उत्पादन गर्ने। • रोगी बिरुवा जम्मा गरी जलाउने। • रोगका बिषाणु सार्ने कीरा मार्न डाइमेथोएट ३० % ई.सि (रोगर, अनुगर, रोगोहिट) १ मि.लि. प्रतिलीटर पानीमा मिसाई छर्कने।
छिर्के (Chhirke)	शुरुमा पातका मुख्य नशामा पहेला धब्वाहरू देखापरी पातमा फैलिन्छन् पछि पहेला थोप्लाहरू खैरो रङ्ग भई पात सुकेर जान्छ र बोट होचो भई वृद्धि रोकिन्छ ।	• बीउबाट उत्पादित बेर्ना लगाउने। • रोगी बिरुवा जम्मा गरी जलाउने। • मालाथिन ५०% ई.सी. १ मि.लि. वा डाइमेथोएट ३० % ई.सि (रोगर, अनुगर, रोगोहिट) १ मि.लि. प्रति लीटर पानीमा मिसाई छर्कने।

चियामा लाग्ने किराहरु र तिनको ब्यवस्थापन

सि.न.	किराको नाम	पहिचान	क्षतिको लक्षण	ब्यवस्थापन विधि
१.	शुलशुले (Mites)	चियाको शुलशुले बिभिन्न खालको हुन्छन ।रातो माकुरे,वैजनी र सुन्तला रङ्गको शुलशुलेले वढि क्षति गर्दछ।	शुलशुलेको लार्भा निम्फ तथा,वयस्क समेतले पातमा रहेको क्लोरोफिल चुसि क्षति पुयाउँछन्।पातको सतहमा रातो धब्बा देखिन्छ जुन पछाडि बढदै जाँदा खैरा धब्बामा परिवर्तन हुन्छन्। अन्तमा पातहरु झरी उत्पादनमा प्रत्यक्ष असर गर्दछ।	• छायाँदार बिरुवाको उचित ब्यवस्थापन गर्ने। • सिचाई गरि बगानमा आद्रता बढाउने। • बगानको सेक्सन वरिपरि उपयुक्त हेज प्लान्ट कायम गर्ने। • संक्रमित स्थानबाट श्रमिकहरु पत्ति टिपाई वा अन्य खेति कर्म गर्ने शिलशिलामा चिया बगानमा प्रवेश गर्दा समेत यसको फैलाबट हुने हुँदा सावधान अपनाउने। • बर्षात भए पछि यसको संक्रमण बिस्तारै घटदै जाने हुन्छ। • प्रकोप भएमा बनस्पति जन्य बिषादिको झोल, पिरे झारको झोल, गहुँत आदीको प्रयोग प्रभावकारी हुन्छ। • झारपात हटाई बगान सफा राख्ने।

सि.न.	किराको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
				• सल्फर पाउडरको घोल ३ के.जी. प्रति हेक्टरको दरले प्रयोग गर्ने।
२.	रस चुस्ने किराहरु (sucking insects) चियाको मच्छड	यो चियाको धेरै खतरनाम किरा हो। यी किराहरु बिहानी र साँझपख बढि सक्रिय हुन्छन् छाँया परेको ठाँउमा बढी संख्यामा पाईन्छ।	यसको क्षति बढि छाँया भएको ओसिलो ठाँउमा अत्याधिक हुन्छ। वयस्क र बच्चा दुवैले मुना कलिला पात र डाँठबाट रस चुस्दछ । यिनीहरुको सियो जस्तो सुँडले कोशिका छेडदछन् र रस चुस्ने क्रममा बिषाक्त पदार्थ भित्र छोडदछन। यसरी खाएका पातमा २ 3-घण्टामै राता खैरा धब्बाहरु देखिन्छन र केहि दिनमा यि पातहरु सुक्दछन। आक्रमण भएका पात माथि तिर कोप्रो पर्छन पातको बनोट, नराम्ररी बिग्रन्छ र कलिला हाँगाहरु समेत सुक्दछन। बढी आक्रमण भएको बगानमा ३-४ हप्ता सम्म मुना आउँदैन।	• झारपात हटाई बगान सफा राख्ने। • छाँयादार बिरुवा धेरै भएमा हटाई सूर्यको किरण छिर्ने गरि पारीलो बनाउने। • बिहान र बेलुका गाईको गोबरको गुइँठा तथा बनस्पति जन्य बिषादीको धुँवा लगाई मच्छड धपाउने।
३	थ्रिप्स	यसले भर्खर बढदै गरेका मुना , कलीला पात र डाँठबाट रस चुस्दछन्। काँट छाँट गरेर मुना पलाउन लागेका बिरुवाहरुमा धेरै आक्रमण गर्दछ।	यसको आक्रमण भएका पातको पछाडिको भागमा मूल नशाको दुवै तर्फ दुई वटा धर्सा देख्न सकिन्छ ।	• झारपात हटाई बगान सफा राख्ने। • संक्रमण भएको ठाँउमा कडा गरी पत्ती टिप्ने। • झोलमोल विषादी गहुँत तथा निम प्रयोग , गर्ने ।
४.	लाही	यसको रंग कालो र आकारमा	यसले मुना तथा कलिलो पातमा आक्रमण गर्दछ । पात	• निमजन्य बिषादी १:४ को अनुपातमा

सि.न.	किराको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
		साना हुन्छन।	बढन नदिइ बिना आकारको बनाउँदछ ।यसको मह जस्तो पदार्थ निकाल्ने हुदाँ sooty mold को आक्रमण पनि सँगै देख्न सकिन्छ।	प्रयोग गर्ने।
५.	ज्यासिड	यस किरालाई ग्रीन फ्लाई पनि भनिन्छ।यो किराले मुना र पातको कलीलो भागमा आक्रमण गरी रस चुस्दछ।	यसको आक्रमण भए पछि मुना बढ्न सक्दैन पातहरु बटारीन थाल्दछन् र पात खैरो भई सुक्न थाल्दछ र आक्रमण भएको पातको मुल नशा र शाखा नशा समेतमा खैरो पना देखा पर्दछ।	• झारपातहरु हटाउने। • आक्रमण भएको ठाँउमा कडा पत्ति टिपाई गर्ने। • निम जन्य बिषादीको प्रयोग गर्ने।
६.	फ्लस वर्म	यो खैरो करिब १ से.मी हुन्छ ।	काँटछाँट गरेका टिपिंग गर्न लागेको बिरुवामा बढि देखा पर्दछ।यसले मुनालाई मुनिको पातसँग टसाई बटारेर राख्दछ।भित्रि बसी पातको माथिलो सतह र कहिले काँही मुनाको टुप्पो खाई दिन्छ।आक्रमण भएको पात खस्रो मोटो र चाउरी परेको देखिन्छ।	• झारपात हटाउने। • आक्रमण भएको ठाँउमा कडा पत्ति टिपाई गर्ने। • निम जन्य बिषादीको प्रयोग गर्ने।
७.	चिया लुपर	यसको ब्यस्क कैलो रंगको रात्रिचर पुतली हो। यसको पखेटामा कालो र पहेलो धब्बाहरु हुन्छन।यसको लार्भाहरु खैरो रंगको हुन्छ।	भर्खरका लार्भाहरुले पातका छेउ तर्फबाट खाई दुलाहरु बनाउदछ।हुर्केका लार्भाले छिपिएको पातहरु खान्छन ।बढी आक्रमण भएका पातहरुमा नशा बाहेक सबै पात खाई क्षति पुर्याउछन।	• यसको बयस्क रात्रिचर पुतली भएकोले राति बत्ति पासो थापेर बयस्कको संख्या कम गर्न सकिन्छ। • लार्भा र प्यूपाहरु संकलन गरेर । • छहारी रुखहरुलाई हिउँदमा बोर्डोपिष्ट बनाई लेप्ने।

सि.न.	किराको नाम	पहिचान	क्षतिको लक्षण	ब्यवस्थापन विधि
				• *बि टि* ५ ग्राम १ लि. पानीमा हालेर छर्ने । • गहुँत तथा झोलमल नियमित प्रयोग गर्ने ।
८	झुप्पामा बस्ने क्याटर पिलर (cluster caterpillar)	यी किराहरुको पुतली रात्रीचर हो।	यसका लार्भाहरु पातमा झुण्ड बनाएर बस्दछ र पातहरु खाएर प्वाँल बनाउँदछन्। कतिपयको शरिर चिल्लो हुन्छ। कतिपयको शरिरमा झुसहरु हुन्छन्। यी झुसहरु चिया बगानमा काम गर्ने मानिसको शरिरमा पर्यो भने चिलाउने हुन सक्ने।	• यो कात्तिक-मंसिर र चैत्र-वैशाख महिनामा प्रशस्त भेटिन्छन्। त्यसै समयमा हातले टिपी नष्ट गर्न सकिन्छ। • प्रकास पासो (Light Trap) को प्रयोग गर्ने। • निम जन्य बिषादी वा जैविक बिषादी एन.पि.भि.१ एम एल प्रति लीटर. पानीमा मिसाइ छर्ने।

चियामा लाग्ने रोगहरुः

रोगको नाम	पहिचान	क्षतिको लक्षण	व्यवस्थापन बिधि
फोके मरुवा (blister bilght)	यो एक प्रकारको मौसमी रोग हो। धेरै तुँवालो लाग्ने कुहीरो बढि , लाग्ने र छाया पर्ने क्षेत्रमा यो रोग सजिलै फैलिन्छ। बर्षा पछि चर्को घाम लागेमा यो रोग फैलिने डर हुन्छ।	यो रोग आक्रमण गरेको पातको तल्लो भागमा सेतो सेतो फोकाहरु देखा पर्दछन पछि ती फोकाहरुमा रातो कालो भई दुलो पर्दछ।	• यदि चिसो लामो बर्षा भई आर्द्रता बढि भएको अवस्था लामो दिन रहिरहेमा चिया बगानको स्थलगत अनुगमन गरि रोग लागेको छ छैन हेरबिचार गर्ने । • धेरै छाँयादार बिरुवा छ भने हटाउने। झारपात समयमा नै नियन्त्रण गर्ने। • नियमित रुपमा १५ दिनको अन्तरमा कपर अक्सिकलोराईड ०.५ प्रतिशत स्प्रे गर्ने।
ब्लाक रट (कालो भई कुहिने रोग)	यो पातमा लाग्ने महत्त्वपूर्ण रोग हो।यो २ बटा ढुशि जन्य जीवाणु बाट हुने गर्दछ ।	यीनीहरुले आक्रमण गरेका पातहरुमा कालो धब्बा देखा पर्दछ र बिस्तारै पातहरु मरी झर्दछ।	• रोग लागेको बोटहरुलाई काँटछाँट गरी छोटो चक्र अबलम्बन गर्ने। • धेरै छाँया भएमा छाँयादार बोट हटाउने। • पानीको निकासको राम्रो प्रबन्ध मिलाउने।
रातो सिन्दुरे	यो चियामा एक मात्र अल्गिबाट हुने रोग हो । यसमा शुरुमा कलिला हाँगाहरुलाई आक्रमण गर्दछ र फैलिदै पातसम्म पुग्दछ। पातमा पहेंलो पातहरु ईंटा कलरको वा सुन्तला रंगको देखिन्छ ।		• निकासको राम्रो प्रबन्ध गर्नु पर्दछ। • माटोमा पोषण तत्व बिशेष गरि पोटासको कमी हुन दिनु हुदैन। • उचित छहारी बिरुवाको ब्यवस्थापन गर्नु पर्दछ।

गुलाब

पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
धूले ढूसी/खराने	गुलाबका पात, मुनाहरूमा खरानीको धूलो झरेको जस्तै गरी रोग देखा पर्दछ र मुना/पातहरू घुम्रिने हुन्छन्।	• यो रोगको लक्षण शुरु भएको थाहा पाउने डिनोक्याप ४८% इ.सी. (केराथेन) ०.५ ग्राम प्रति लीटर पानीमा मिसाइ वा कार्वेन्डाजिम ५०% डव्लु.पि. (वेभिष्टन,डेरासाल, धनुष्टिन) ०.५ (१ ग्राम प्रति लीटर पानीमा मिसाइ अथवा अथवा सल्फर ८०% डव्लु.पि. (सल्फेक्स, सल्फर, सल्फिल) ३ ग्राम प्रति लीटर पानीमा अथवा हेक्जाकोनाजोल ५% ई.सि (एभन,कम्फर्ट, हेक्जाहिट) ३ मि.लि. प्रति लीटर पानीमा मिसाई छर्कने। •
कालो थोप्ले (Black leaf spot)	पातको सतहमा पहेंलो घेरा भएका बीचमा कालो रङ्गका बाटुलो आकारका थोप्लाहरू देखापर्दछन्।	• रोग शुरु हुन लागेको थाहा पाउने बित्तिकै म्यान्कोजेव डाईथेन एम ४५ (७५ डव्लु.पी.), ६ ग्राम प्रतिलीटर पानीमा मिसाएर।प्रत्येक वर्ष बोट काँटछाँट गर्ने र मरेका भागहरू हटाउनाले रोगको श्रोत न्यून हुन्छ।

लिचीको पात गुजुमुज्ज पार्ने सुलसुले

पहिचान	क्षतिको लक्षण	व्यवस्थापन विधि
यो कीरा एकदमै सानो र सेतो रङ्गको हुन्छ	पातको तल्लो सतहमा बसी रस चुस्दछ, पातहरू गुजुमुज्ज भै खैरो रङ्गमा बदलिन्छ।	प्रोपरजाइट ५७ % ई.सि (किङ्गमाइट र ओमाइट) ३ एम एल प्रतिलिटर पानीमा मिसाई छर्ने।

१८.२ नेपालमा पन्जिकृत र प्रतिबन्धित विषादीहरूः

१८.२.१ नेपालमा पन्जिकृत विषादीहरु (२०७६ सालसम्म)

क्र.स.	विषादीको प्रकार	साधारण नाम	व्यापारिक नाम
१	कीटनाशक	६१	१६३६
२	ढुसीनाशक	४३	७४७
३	व्याक्टेरियानाशक	१	१७
४	झारनाशक	३०	४३६
५	सुलसुलेनाशक	६	२८
६	शंखेकीरानाशक	१	२
७	निमाटीसाइड	१	१
८	मुसानाशक	२	३८
९	जैविक विषादी	१४	११३
१०	वनस्पतिजन्य	१३	१९
	जम्मा	१७२	३०३७

१८.२.२ प्रतिबन्धित विषादीहरूः

क्र.सं.	विषादीको नाम	प्रतिबन्धित वर्ष
१	क्लोरोडेन (Chlordane)	बि.स.२०५७।१२।२७
२	डी.डी.टी. (DDT)	बि.स.२०५७।१२।२७
३	डाइएल्ड्रिन (Dieldrin)	बि.स.२०५७।१२।२७
४	इन्ड्रिन (Endrin)	बि.स.२०५७।१२।२७
५	अल्ड्रिन (Aldrin)	बि.स.२०५७।१२।२७
६	हेप्टाक्लोर (Heptachlor)	बि.स.२०५७।१२।२७
७	मारेक्स (Mirex)	बि.स.२०५७।१२।२७
८	टोक्साफेन (Toxaphene)	बि.स.२०५७।१२।२७
९	वी.एच.सी. (BHC)	बि.स.२०५७।१२।२७
१०	लिन्डेन (Lindane)	बि.स.२०५७।१२।२७
११	फस्फामिडन (Phoshphamidon)	बि.स.२०५७।१२।२७
१२	अर्गानो मर्करी कम्पाउण्ड (Organo mercury fungicide)	बि.स.२०५७।१२।२७
१३	मिथाइल पाराथियन (Methyl Parathion)	बि.स. २०६४।०९।१६
१४	मोनोक्रोटोफस (Monochrotophos)	बि.स २०६४।०९।१६
१५	इण्डोसल्फान (Endosulphan)	२०६९।०७।२०
१६	फोरेट (Phorate)	२०७२।३।२० को विषादी समितिबाट निर्णय भएको ।

क्र.सं.	विषादीको नाम	प्रतिबन्धित वर्ष
		राजपत्रमा प्रकाशित हुन बाँकी ।
१७	कावोफ्युरान (Carbofuran)	बि.स. २०६४।०९।१६
१८	कार्बारिल (Carbaryl)	बि.स. २०६४।०९।१६
१९	डाइक्लोरोभस (Dichlorovos)	बि.स. २०६४।०९।१६
२०	ट्राइजोफस (Triozophos)	बि.स. २०६४।०९।१६
२१	बेनोमाइल (Benomyl)	बि.स. २०६४।०९।१६
२२	कार्बोसल्फान (Carbosulphan)	बि.स. २०७८।४।१९
२३	डाइकोफल (Dicofol)	बि.स. २०७८।४।१९
२४	एल्मुनियम फस्फाइड ५६% ३ ग्रामको ट्यावलेट (Aluminium Phosphide)	बि.स. २०७८।४।१९

विषादी आयात कर्ता बिक्रेता र विषादी संश्लेषण कर्ताहरूमा विशेष अनुरोध

"विषादी आयात, निर्यात, उत्पादन र बिक्री वितरणमा संलग्न हुनु हुने जोकोहि ले पनि जिवनाशक विषादी ऐन र नियमावली बमोजिम ईजाजतपत्र लिएर मात्र विषादीको कारोवार गर्नुपर्नेछ सो विपरित गरेमा नियमानुसार कारवाही हुन्छ ।"

"जीवनाशक विषादीको दुरुपयोग नगरौं, पंजिकरण नगरिएका र प्रतिवन्धित विषादीहरूको प्रयोग गरी मानिस, पशुपंक्षी र अन्य लाभदायक जीवजन्तुको स्वास्थ्य र पर्यावरणमा हुने नकारात्मक असरबाट जोगाऔं। "

"कृषक दाजुभाई तथा दिदीवहिनीहरूमा विशेष अनुरोध "

- विषादी विष हो, औषधी होईन भन्ने कुरा सदैब मनन् गर्नुहोस।
- अनावश्यक रूपमा विषादीको प्रयोग नगर्नुहोस्/नगराउनुहोस्।
- विषादी खरिद गर्नु पूर्व प्राविधिकको अनिवार्य सल्लाह लिनुहोस्।
- तालिम प्राप्त र ईजाजत पत्र प्राप्त विषादी खुद्रा बिक्रेताहरूबाट मात्र विषादी खरिद गर्नुहोस्।
- विषादी खरिद गर्दा पंजिकृत, सुरक्षित र प्रभावकारी विषादी छान्नुहोस्।
- पंजिकरण नभएका र प्रतिबन्धित विषादी बारे जानकारी राख्नु होस र त्यस्ता विषादी खरिद नगर्नु होस।
- विषादीको सुरक्षित तरिकाले भण्डारण गर्नु होस र बालबच्चाहरूको पहुँच देखि टाढा राख्नुहोस्।
- सहि विषादी, सहि मात्रामा, सहि समयमा र सहि तरिकाले प्रयोग गर्नुहोस्।
- विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस्।
- विषादी प्रयोग गरिसकेपछि पर्खनु पर्ने समय व्यतित नभएसम्म बाली टिपेर खाने र बेच्ने नगर्नुहोस।

- भण्डारणमा लाग्ने रोग कीरा नियन्त्रणका लागि सकभर स्थानीय प्रविधि अवलम्वन गर्नुहोस्। रासायनिक विषादी प्रयोग गर्नु परेमा सुरक्षित विषादी सावधानीपूर्वक गर्नु होस, उपभोग पूर्व प्रतिक्षा अवधिको अनिवार्य ख्याल गर्नुहोस्।
- विषादीका खाली भाँडाहरू (डिब्बा,प्याकेट) सुरक्षीत तरिकाले नष्ट गर्नुहोस,जथाभावी नफालौं।
- विषादी बिक्रेताले पंजीकरण नगरिएका विषादी बिक्री नगर्नुहोस्।

विस्तृत जानकारीको लागि नजिकको गाउपालिका/नगरपालिकाका कृषि शाखा/इकाइ/कृषि ज्ञान केन्द्र एवं प्लान्ट क्वारेन्टिन एवं विषादी व्यवस्थापन केन्द्र हरिहरभवनमा सम्पर्क राखौं।

१८.३. पञ्जिकृत विषादीहरुको सामान्य नाम तथा विषादी बालीमा प्रयोग गरिसके पछि बाली टिप्न वा कटानी गर्नका लागि पर्खनुपर्ने प्रतिक्षा अवधि

क.स.	सामान्य नाम	पर्खनुपर्ने समय (दिन)	क.स.	सामान्य नाम	पर्खनु पर्ने समय (दिन)
१.किटनाशक					
१	एवोमेक्टिन	१४	२३	इमामेक्टिन बेन्जोएट	१०
२	एसिफेट	१५	२४	इथियन	१४
३	एसिटामिप्रिड	१५	२५	फेनभेलारेट	७
४	अल्फसाइपरमेथ्रिन	१४	२६	फेनपाइरोक्सिमेट	३–७
५	अल्फामेथ्रिन	७	२७	फिप्रोनिल	३२
६	एल्मुनियम फोस्फाइड (सञ्चित अनाजमा प्रयोग गरिने		२८	फ्लुबेन्डियामाइड	३०
७	बेटासाइफ्लुरन	४	२९	इमिडाक्लोरप्रिड	४०
८	बाइफ्नथ्रिन	६	३०	इण्डोअक्जाकाव	१४
९	बुप्रोफेजिन	५	३१	इटेफेनप्रोक्स	१५
१०	कार्बारिल (तरकारीको लागि)	२२–४०	३२	ल्याम्डासाइहालोथ्रिन	१४
११	कार्बोसल्फान	३०–६०	३३	लुफेनुरोन	१४
१२	कार्टाप हाइगोक्लोराइड	२१	३४	मालाथियन	१४
१३	क्लोरफ्लुजुरान	७	३५	निटेनपाइराम	१६
१४	क्लोरानट्राअलिपोर	७	३६	नोभालुरोन	५
१५	क्लोरपाइरिफोस	२८–३५	३७	फेनथोयट	५
१६	साइफ्लुथ्रिन	७	३८	प्रोफेनफोस	१४
१७	साइपरमेथ्रिन	७	३९	प्रोपोक्जर	३०
१८	साइरोमेजिन	७	४०	क्वनालफस	४०
१९	डल्टामेथ्रिन	७	४१	स्पाइरोमेसिफेन	७

क्र.स.	सामान्य नाम	पर्खनुपर्ने समय (दिन)	क्र.स.	सामान्य नाम	पर्खनु पर्ने समय (दिन)
२०	डाईफ्लुबेन्जुरोन	७	४२	टेमेफस	३०
२१	डाइमेथोएरट	१५	४३	थायोमेथोक्साज	१४-२१
२२	डाइनोटफुरन	३८	४४	थायोडिकार्व	७
२	**सुलसुले नाशक**				
१	डाइकोफल	६	३	हेक्जिथियाजोक्स	२०
२	फेनपाइरोक्जिमेट	२	४	प्रोपरजाइट	१४
३	**ढुसीनाशक**				
१	बेनोमाइल	७-२१	१७	इप्रोवेनफस	१४
२	क्याप्टान	३०	१८	कासुगामाइसिन	३०
३	कार्बेन्डाजिम	१४	१९	किरोक्सिममिथाइल	१४
४	कार्बोक्सिन	२१	२०	मेन्कोजेब	१४-२८
५	क्लोरोथालोनिल	१४	२१	मेटालाक्सिल	४९
६	कपर हाइड्रोक्लोराइड	१४	२२	मेटिराम	६
७	कपर हाइड्रोक्साइड	१४	२३	पेन्सिक्रोन	७९
८	कपर अक्सिक्लोराइड	२१	२४	प्रोविकोनाजोल	१५-३०
९	साइमोक्सानिल	१४	२५	प्रोपिनेव	३०
१०	डाइफिनाकोजाजोल	३४	२६	सल्फर	१४
११	डाइमिथोमोर्फ	१४	२७	थाइफोनेट मिथाइल	१४
१२	डिनोक्याप	२१	२८	थिराम	१४-३०
१३	फिनामिडन	९०	२९	ट्राइसाइक्लाजोल	३०
१४	फ्लुसल्फामिड	२८	३०	भेलिडामाइसिन	२१
१५	हेक्जाकोनाजोल	४०	३१	जिनेव	१०
१६	इप्रोभेलिकार्व	३०-९०			
४	**मुसानाशक**		**५**	**मोलुसिसाइड**	
१	ब्रोमाडियोलोन		१	मेटलडिहाइड	
२	जिंकफोस्फाइड				
६	**जैविकविषादी**		**७.**	**ब्याक्टेरीयानाशक**	
१	एजाडिरेक्टिन	३	१.	स्ट्रेप्टोमाइसिन सल्फेट + टेट्रासाइक्लिन	२४ घन्टा
२	व्युभेरिया बेसिआना	७			
३	मेटाराइजम एनिसेपाली	३			

क्र.स.	सामान्य नाम	पर्खनुपर्ने समय (दिन)	क्र.स.	सामान्य नाम	पर्खनु पर्ने समय (दिन)
४	स्युडोमोनास फ्लुरेन्सेस	३			
५	ट्राइकाडर्मा भिरिडि	७			
६	भर्टिसिलियम लेकानी	७			
८	**झारपात नाशक**				
१	२,४डि सोडियम साल्ट	७	१०	मेटसल्फुरोन मिथाइल	१४
२	२,४डि इथाइल इस्टर	२१	११	अक्सिडार्जिल	९७
३	एमोनियम साल्ट अफ ग्लाइफोसेट	५६	१२	अक्सिफ्लोरफेन	१५
४	एट्राजिन	६०	१३	पाराक्वाट डाइक्लोराइड	९०
५	बिसपर्विक सोडियम		१४	पेन्डिमिथालिन	७५
६	व्युटाक्लोर	९०	१५	प्रेटिलाक्लोर	७५
७	क्यालडिनाफोप प्रोपार्जिल		१६	प्रोपाक्विजाफोप	२१
८	ग्लाइफोसेट	९०	१७	पाइराजोसल्फुरान इथाइल	७
९	मेट्रिव्युजिम	७	१८	सल्फोसल्फुरोन मिथाइल	६०

नोटः विषादीको प्रतिक्षा अवधिलाई निम्न कुराहरुले असर गर्ने हुँदा पर्खनुपर्ने अवधिमा केही फेरबदल हुन सक्दछ।

१. बालीको प्रकार र यसको फिजियोलोजी ।

२. बाली लगाउने स्थानको मोहडा, उचाई, हावाको गति।

३. विषादीको प्रयोग मात्रा ।

४. विषादी प्रयोग गर्दाको मौसम तथा ऋतु आदि।

५. विषादीलाई माटोमा प्रयोग गर्दा प्रतिक्षा अवधि केही लामो हुने।

१८.४ एकिकृत शत्रु जीव व्यवस्थापन कार्यक्रम (आइ.पि.एम)

एकिकृत शत्रु जीव व्यवस्थापन (Integrated Pest Management)

एकिकृत शत्रु जीव व्यवस्थापन बाली बिरूवाका शत्रुहरू (रोग, कीरा, झारपात, चरा, मुसा आदि) लाई आर्थिक रूपले न्यायोचीत, पर्यावरणीय दृष्टिकोणले दिगो तथा सामाजिक रुपमा स्विकार्य बाली संरक्षण गर्ने एक विधि हो । यसमा एकभन्दा बढी व्यवस्थापनका विधिहरूको एकिकृत रुपमा प्रयोग गरिन्छ जसले गर्दा रासायनिक विषादीहरूको प्रयोगमा कमी हुन आउँछ।

एकिकृत व्यवस्थापनका मुख्य सिद्धान्तहरूः (१) स्वस्थ बाली उत्पादन, (२) खेतबारीको नियमित अवलोकन, (३) मित्र जीवहरूको संरक्षण (४) कृषकहरूलाई स्वयं दक्ष बनाऔं।

एकिकृत बाली शत्रु व्यवस्थापनका विधिहरूः

१. रोग कीरा अवरोधक जातको प्रयोग (Resistant Varieties): रोग कीराले नोक्सानी नहुने वा कम हुने जातको प्रयोग गर्ने।

२. कृषि कर्ममा आधारित तरिका (Cultural Method): बाली चक्र, बीउ छर्ने वा रोपाइ गर्ने समयको हेरफेर, खेतको सरसफाई, उचित खनजोत, बाली कटानीपछि अवशेष नष्ट गर्ने।

३. भौतिक तथा यान्त्रिक तरिका (Physical and Mechanical): हातले टिप्ने, अवरोध राख्ने, पासो थाप्ने, अनाज सुकाउने आदि।

४. जैविक तरिका (Biological Control Method): परजीवी एवं शिकारी कीराका साथै विभिन्न जीवाणु जस्तै व्याक्टेरिया (वि.टी.), फंगस, भाइरस (एन.पि.भि.) र निमाटोडको प्रयोग।

५. आकर्षक रासायनिक पदार्थको प्रयोग (Chemical Atractants): विभिन्न आकर्षक रासायनिक पदार्थ जस्तैः मिथाइल यूजिनल, क्यूलियर र विभिन्न फेरोमेन जस्तैः हेलीलुर, स्पोडोरलुर, आदिको प्रयोग।

६. घरेलु व्यवस्थापनका विधिहरु।

७. हर्मोनको प्रयोगः विभिन्न हर्मोन जस्तै आप्लोरको प्रयोग।

८. विषादीको प्रयोग (Chemical Control Method): अन्य विधिहरूले नियन्त्रण नभएमा उपयुक्त विषादीको सावधानिपूर्वक प्रयोग गर्ने।

नेपालमा कृषकहरूले अपनाईसकेका केही आई.पि.एम. प्रविधिहरूः

- नीम, टिमुर, बोझो, तितेपाती, ज्वानु, तोरीको तेल प्रयोग गरी अन्न भण्डारणमा रोग कीरा नियन्त्रण।
- काठको धूलो, गहुँत, साबुन पानी, सूर्तीको झोल प्रयोग गरी तरकारी बालीको कीरा नियन्त्रण।
- सुन्तला जात फलफूल र लहरे तरकारीको औंसा कीरा नियन्त्रणको लागि फेरोमेन ट्रयाप, खेतबारीको सरसफाई।
- स्थानीय वनस्पतिबाट तयार गरिने झोलमल, गाईको गहुँत, मोही आदिको प्रयोग।
- केही मात्रामा विभिन्न पासोहरुको प्रयोग।
- केही मात्रामा ढुसीजन्य, ब्याक्टेरीया, भाइरस तथा निमाटोड जन्य जैविक विषादीको प्रयोग।
- मित्र जीवहरुको संरक्षण।

फलफूल तथा तरकारी बालीमा फेरोमेन ट्रयापको प्रयोगः

क) लहरे तरकारी बाली (कुकरविट्स) जस्तै काँक्रो, घिरौला, लौका, आदिः कुकरविट्स समुदायका तरकारी बालीमा लाग्ने कीराहरू र तिनबाट हुने हानी नोक्सानी नियन्त्रणको लागि क्यूलियर नामक फेरोमेनको प्रयोग गरिन्छ। फेरोमेन ट्रयापको बट्टा भित्र राखिएको कपासमा ५/५ थोपा क्यूलियर र मालाथायन ५० को झोल राखी जमिनबाट ५ फिट उचाईमा राख्नुपर्दछ। फेरोमेनको गन्धले भाले झिंगाहरू आकर्षित भई मालाथायनको प्रभावले मर्दछन्। पोथीले वतासे फुल पार्दछ। प्रति रोपनी ५ वटा ट्रयाप राख्नुपर्दछ।

ख) फलफूल बालीः फलफूलमा लाग्ने औसा कीरा नियन्त्रणको लागि मिथायल यूजिनल नामक फेरोमेनको प्रयोग गरिन्छ। ट्रयापलाई बलियो हाँगामा झुण्ड्याउनु पर्दछ। फेरोमेनको गन्धले भाले

झिंगा आकर्षित हुने र मर्ने गर्दछन् पोथी झिंगाले वतासे फुल पार्दछ। यसबाट कीराको संख्यामा कमी भई नियन्त्रण हुन्छ। प्रति ट्रयाप ५/५ थोपाका दरले मिथायल यूजिनल र मालाथयन झोल राख्नुपर्दछ। नोटः हरेक १/१ महिनामा मालाथायन झोल ५ थोपा प्रति ट्रयाप थप्ने।

कीरा व्यवस्थापनको लागि उपलव्ध हुन सक्ने केही पासोहरु

क्र.सं.	पासोको नाम	प्रयोग हुने
१	लाइटट्राप	रातीमा उडने कीराहरु
२	एलो स्टीकी ट्राप	साना उडने कीराहरु जस्तै लाही, सेतो झिंगा, लिफमाइनर
३	स्टेनर ट्राप	मिथाइल युजिनल, क्युलियर फेरोमन
४	फनेल ट्राप	हेलील्युर, स्पोडो ल्युर, ल्युसिनोडस ल्युर, पेक्टिनो ल्युर, सिप्रो ल्युर
५	डेल्ट्रा ट्राप	डि. वि. एम/प्रोटुला ल्युर
६	ओटा टी ट्राप	डि.वि.एम/प्रोटुला ल्युर, पि. टि. एम १,२ ल्युर
७	म्याकफल ट्राप	विभिन्न ल्यूरको लागि
८	पिटफल ट्राप	माटोको सतहमा हिडने कीराहरु

बजारमा उपलब्धहुन सक्ने केही फेरोमन/ल्यूर

क्र.सं.	पासोको नाम	कीरा	वाली
१	मिथाइल युजिनल	फल कुहाउने औसा	सुन्तला जात आप फलफूल
२	क्युलियर	फल कुहाउने औसा	काक्रो फर्सी समुहका बाली
३	व्याक्टोसेरा कम्पोजिटिइ	फल कुहाउने औसा	माथिका दुवै वाली
४	हेली ल्युर	गोलभेडाको फलको गवारो	गोलभेडा, चना, रहर
५	स्पोडो ल्युर	सूर्तिको पात खाने लार्भा	सूर्ति, काउली वर्ग, आलु गोलभेडा
६	डि.वि.एम/प्रोटुला ल्युर	ईट बुट्टे पुतली	काउली वन्दा समुहका
७	ल्युसिनोडस ल्युर	फल र डाँठमा लाग्ने गवारो	भाण्टा
८	पि.टि.एम १,२ ल्युर	जोताहा पुतली	आलु
९	सिप्रो ल्युर	पहेलो गवारो	धान
१०	पेक्टिनो ल्युर	दानामा लाग्ने गुलावी गवारो	कपास
११	इरमिट र इरमिन ल्यूर	दानामा लाग्ने छिर्के गवारो	कपास
१२	टि एल एम ल्युर	टमाटरको पात खन्ने टुटा कीरा	टमाटर

केही प्रचलित जैविक तथा वानस्पतिक विषादी

क्र.सं.	नाम	प्रयोग
१	एजाडीरेक्टीन (नीममा आधारित)	विभिन्न कीराहरुको लागि
२	व्युभेरिया वेसियाना (ढुसी जन्य)	पुतलीका लार्भा, साना चुस्ने कीरा

३	मेटाराइजियम एनीसोप्लेई (ढुसीजन्य)	खपटे र पुतलीका लार्भाहरु (माटोमा वस्ने जस्तै खुम्रे)
४	भर्टिसेलियम लेकानी (ढुसीजन्य)	सेतो झिंगा, लाही, लिफमाइनर
५	वेसिलस थुरनजेनेसिस कुस्टाकी (व्याक्टेरिया जन्य)	विभिन्न पुतली समुहका लार्भाहरु
६	न्युक्लियर पोलीहेड्रोसिस भाइरस क) हेली ख) स्पोडो	क)गोलभेडाको फल खाने गवारो (हेलीकोभर्पा आर्मीजेरा) ख)सूर्तिको पात खाने लार्भा (Spodopterea litura)
७	इन्टोमोप्याथोजनीक निमाटोड	माटोमा वस्ने विभिन्न कीराहरु जस्तै खुम्रे
८	ट्राइकोडर्मा भिरिडी र हर्जानियम	ढुसीजन्य रोग विशेष गरी माटोमा रहने
९	स्युडोमोनास फ्लुरेसेन्स	केराको पनामा वील्ट, ड्याम्पीङ अफ, धानको सीथ ल्वाइट, उखुकाके रेड रट, चना र गोलभेडाको ओइलाउने रोग

जीवनाशक विषादीको सुरक्षित प्रयोग तथा व्यवस्थापन

क)जीवनाशक विषादीको विषालुपनाको तुलनात्मक वर्गिकरण (WHO, 2009)

खतराको स्तर	एल.डी. ५० मुसामा (मिलीग्राम प्रति केजी शरीरको तौलमा)	
	मौखिक	छालावाट
अत्यन्त खतरनाक	५ मिलि ग्राम भन्दा कम	५०मिलि ग्राम भन्दा कम
अति खतरनामक	५-५०मिलि ग्राम	५०-२००मिलि ग्राम
माध्यम रूपले खतरनाक	५१-२००० मिलि ग्राम	२००-२०००मिलि ग्राम
सामान्य रूपले खतरनाक	२०००-५००० मिलि ग्राम	२०००-५०००मिलि ग्राम
सुरक्षित	५०००मिलि ग्राम भन्दा माथि	५०००मिलि ग्राम भन्दा माथि

(एल.डि. ५०: विषादीको मात्रा जसले परीक्षण गरिएको जनावरको ५०% संख्यालाई मार्दछ)

ख) जीवनाशक विषादीको सुक्षित प्रयोगः विषादीको उचित रूपमा उपयोग नगरिएमा यसले उपयोग कर्ता, अरू मानिस, घरपालुवा पशुहरू, वन्यजन्तुहरू र लाभकारी कीराहरूलाई समेत हानी पु-याउनुको साथै वातावरणलाई पनि नोक्सान गर्दछ ।

१) सामान्य सिद्धान्तः

क) अनावश्यक रूपमा विषादी प्रयोग नगर्नुहोस् ।

ख) सम्भावित खतराबाट सावधान हुनुहोस् ।

ग) विषादीको लेबल र अन्य पर्चाहरू पढ्नुहोस्।

घ) केटा केटीलाई विषादीबाट टाढा राख्नुहोस्।

२) कीटनाशक विषादी उपयोग गर्नु अगाडिः

क) विषादी सुरक्षित ठाउँमा तालाबन्दी गरी राख्नुपर्छ।

ख) स्प्रेयर/डष्टर राम्रो अवस्थामा हुनुपर्छ।

ग) उपकरणलाई काम गर्नु अघि र काम सकिएपछि जाँच गर्नुपर्छ।

घ) कम घातक (प्रति किलोग्राम ५०१ मिलीग्राम भन्दा माथि एल.डी. ५० भएको) सुरक्षित विषादी प्रयोग गर्नुपर्छ।

३) मिश्रण बनाउँदा र छर्दाः

क) सुरक्षात्मक पहिरन लगाउनुपर्छ, जस्तैः पुरा बाहुलाको कमीज, लामो पतलुङ्ग, जुत्ता वा बूट, चौडा किनारा भएको टोपी, हातमा रबरको पन्जा, मास्क, कृत्रिम श्वास उपकरण आदि।

ख) चुरोट पिउन वा धुम्रपान गर्नु हुँदैन।

ग) विषादी अन्य ठाउँमा फैलिन नपाओस् भन्नका लागि विषादीको प्याकेटलाई सावधानीपूर्वक खोल्नुपर्दछ।

घ) हावाको वहाव कम भएको बेलामा छर्ने गर्नुपर्दछ।

ङ) बन्द भएको नोजललाई मुखले फुक्नु हुँदैन।

४) जीवननाशक विषादी प्रयोग पश्चातः

क) विषादीको प्रयोग गरेका कागजी पदार्थलाई सुरक्षित स्थानमा जलाएर वा गाडेर नष्ट गर्नु पर्छ।

ख) प्रयोग गरिएको भाडा कम्तिमा ३ पटक साबुन पानीले सफा गर्नु पर्दछ।

ग) हात मुख राम्ररी साबुन पानीले धुनु पर्दछ।

घ) उपकरणलाई राम्ररी सफा गरेर राख्नु पर्दछ।

५) विष लागेका लक्षणहरू र प्राथमिक उपचारः

ओर्गानोफस्फेट र कार्वामेट यौगिकहरू जस्तै मेटासिड, मेटासिस्टक्स, नुभान आदिले कोलिनेष्टेर रोक्दछन्, जसले गर्दा स्नायु प्रणालीमा विकार उत्पन्न हुन जान्छ। टाउको दुख्ने, रिंगटा लाग्ने र वाकवाकी हुने र त्यस पश्चात जाडो भई पसीना आउने, झाडा लाग्ने र वान्ता हुने लक्षणहरू देखा पर्दछन्। मांसपेशीहरू थर्कनु, भीषण कम्पन हुनु र अचेत नहुने अवस्थाहरू समेत हुन सक्छ।

प्राथमिक उपचारः

क) रोगीलाई आधा झुकेको रूपमा टाउको तल पर्ने गरी राख्नु पर्दछ।

ख) बान्ता गराउने व्यवस्था गर्नु पर्छ।

ग) राम्ररी हावा आउने व्यवस्था मिलाउनु पर्दछ।

घ) छिटो अस्पताल लैजाने व्यवस्था गर्नु पर्छ।

च) एट्रोफिन सल्फेटको २ मिली ग्राम इन्ट्राभेनस सुई दिनु पर्छ।

१९. पोष्टहार्भेष्ट

ताजा कृषि उपजहरुको भण्डारणको मापदण्ड तथा उपजलाइ सुरक्षित राख्न सकिने अवधी

बजारको माग बमोजिमको परिपक्व अवस्थामा लिईएको बाली खाँदा स्वादिलो हुने, तरकारी तथा फलफूलहरुलाई बारीबाट भर्खरै टिपेको जस्तो ताजा अवस्थामा राखी भण्डारण अवधि लम्व्याउदा हतारमा सस्तोमा बेच्नु पर्ने बाध्यता नपर्ने; बजारको माग बमोजिमको परिपक्व अवस्थामा लिईएको बाली खाँदा स्वादिलो हुने, बिक्री गर्ने अवधि बढाउन सकिने, रुप, स्वाद र बासना कायम रहने; उपजको गुणस्तरमा

विश्वसनियता बढ्ने; आकर्षक हुने भएकाले स्तरीय उत्पादनलाई सेलार, रष्टिक, शुन्य शक्ति वा कोल्डस्टोरमा राखी वालीको बजारीकरण अबधि बढाउन आबश्यक शर्तहरु तल दिइएको छ।

क्र. सं.	बालीको नाम	भण्डारण गर्ने उपयुक्त तापक्रम (डि.से.)	उपयुक्त आद्रता (प्रतिशत)	बरफ बन्ने तापक्रम, freezing point (डि.से.)	अनुमानीत भण्डारण अवधि
१	साग	०	९०-९५		७-१४ दिन
२	हरियो केराउ	०.१	९०-९८	-०.६	१-२ हप्ता
३	टाटे सिमि	०	९०-९५		१-२ हप्ता
४	गाजर	०	९८-१००	-१.४	६-८ महिना
५	भेडे खुर्सानी	७-१०	९५-९८	-०.७	२-३ हप्ता
६	हरियो खुर्सानी	५-१०	८५-९५	-०.७	२-३ हप्ता
७	करेला	१०-१२	८५-९०		२-३ हप्ता
८	खर्वुजा	१०-१५	९०	-०.४	२-३ हप्ता
९	जुकीनी फर्सी	७-१०	९५	-०.५	१-२ हप्ता
१०	स्थानीय फर्सी	१२-१५	५०-७०	- ०.८	२ - ३ महिना
११	पाकेको टमाटर	८-१०	८५-९०	-०.५	१-३ हप्ता
१२	रामतोरीया	१०-१२	९०-९५		१-२ हप्ता
१३	आलु (बर्षे)	१०-१५	९०-९५	-०.८	१०-१४ दिन
१४	प्याज (सुकेको)	०	६५-७०	-०.८	१-८ महिना
१५	गोलभेडा (छिप्पेको अबस्था)	१०-१३	९०-९५	-०.५	२-५ हप्ता
१६	लसुन (सुकेको)	०	६५-७०	-०.८	६-७ महिना
१७	ताजा अदुवा	१३	६५		६ महिना
१८	चम्सुरको साग	०	९९-१००	-०.२	२-३ हप्ता
१९	कुरीलो	२.५	९५-१००	-०.६	२-३ हप्ता
२०	भण्टा	१०-१२	९०-९५	-०.८	१-२ हप्ता

क्र. सं.	बालीको नाम	भण्डारण गर्ने उपयुक्त तापक्रम (डि.से.)	उपयुक्त आद्रता (प्रतिशत)	बरफ बन्ने तापक्रम, freezing point (डि.से.)	अनुमानीत भण्डारण अवधि
२१	मुला	०	९५-१००	-०.७	१-२ महिना
२२	काउली	०	९५-९८	-०.८	३-४ हप्ता
२३	बन्दा	०	९५-१००	-०.९	२-३ महिना
२४	ब्रोकाउली	०	९५-१०	-०.६	१०-१४ दिन
२५	पालुङ्गो	०	९५-१००	-०.३	१०-१४ दिन
२६	सखरखण्ड	१३-१५	८५-९५	-१.३	४-७ महिना
२७	काँक्रो	१०-१२	८५-९०	-०.५	१०-१४ दिन

स्रोतः कृषि तथा पशुपन्छी डायरी, २०७८

२०. बेमौसमी तरकारी उत्पादनको लागि प्लाष्टिक घर

प्रतिकुल मौसममा पनि बिरुवालाई अनुकुल वातावरण सिर्जना गरी बेमौसमी तरकारी उत्पादन गर्न प्लाष्टिक घरको प्रयोग गर्ने गरिन्छ। नेपालमा वर्षा याम (जेष्ठदेखि भदौ महिनासम्म) वर्षाबाट जोगाउन र हिउँदयाम (मंसिरदेखि फागुनसम्म) चिसोबाट बिरुवालाई जोगाउन तराई तथा मध्य पहाडी भागमा प्लाष्टिक घरको प्रयोग गरिदै आएको छ भने उच्च हिमाली भागमा तापक्रम बृद्धि गरि गोलभेडा काँक्रा जस्ता बढी तापक्रम चाहिने तरकारीको उत्पादनको लागि प्लाष्टिक गुमोज प्रयोग गरिदै आएको छ। हाल नेपालमा निम्न पाँच प्रकारका प्लाष्टिक संरचनाहरु प्रचलनमा रहेका छन्।

१. बाँसवाट निर्मित प्लाष्टिक घर (मध्य पहाडी क्षेत्रको लागि सिफारिस कम लागतमा निर्माण गर्न सकिने तथा खुला खेतवारीमा कम्तिमा २ देखी ३ बर्ष सम्म तरकारी खेती गरेका किसानले बर्षा याममा तरकारीलाइ पानीवाट जोगाइ उत्पादन लिन ५ देखी ६ मिटर चौडाइ तथा १२ देखी २५ मिटर सम्म लम्वाइ भएका सिल्पाउलिन/यु.भि १०० देखि २०० माइक्रोन प्लाष्टिक प्रयोग गरी निर्माण गरिएका प्लाष्टिक घर)।

२. जि.आइ पाइपको टनेल (कम्तिमा १० देखी १५ बर्ष सम्म स्थायी प्रकारका जि.आइको फ्रेमवाट निर्मित भेन्टिलेसन सहितको कीरा नछिर्ने जालीले घेरिएको तथा सिल्पाउलिन तथा यु.भि प्लाष्टिकको प्रयोग गरिएका ५ देखी ६ मिटर सम्म चौडाइ तथा १२ देखी २५ मिटर सम्म लम्वाइ भएको। मध्य पहाडी क्षेत्रमा उपयुक्त)।

३. नेट हाउस (तापक्रम अत्याधिक भएका तराइ क्षेत्रमा भाद्र देखी जेठ महिना सम्म बेमैसमी तरकारी उत्पादन गर्न कीरा नछिर्ने जाली, ५० देखी ८० प्रतिशत सम्मका अल्मुनियम नेट तथा जि.आइ पाइप प्रयोग गरी स्थान अनुसार साना देखी ठुला सम्म आकार भएका तरकारी खेतीको लागि प्रयोग गरिएका जालिघरहरु)।

४. नेचुरल्ली भेन्टिलेटेड प्लाष्टिक घर (मध्य पहाड तथा तापक्रम ४० डिग्री भन्दा वढी नजाने तराइका क्षेत्रमा व्यवसायिक रुपमा वेमैसमी तरकारी उत्पादन गर्न यु.भि १०० देखी २०० माइक्रोन सम्मको प्लाष्टिक, वरीपरी कीरा नछिर्ने जाली तथा जाडोमा तापक्रम बढाउन प्लाष्टिक कर्टेन समेत भएका कम्तीमा ५ मीटर चौडाइ भएका एउटा मात्र वा गटर राखेर धेरै क्षेत्र समेत ओगट्न सक्ने खालका ,दुइवटा ढोका तथा थोपा लगायतका सिचाइ सुविधा भएका जि. आइ वाट निर्मित प्लाष्टिक घर)।

५. डोम आकारका प्लाष्टिक घर (मध्यपहाडको १६०० मीटर भन्दा अग्ला वा उच्च पहाडका कम हिउँ पर्ने क्षेत्रमा वेमौसमी तरकारी वा फलफूल विरुवा उत्पादन गर्न अर्ध चन्द्राकार आकारका यु.भि. प्लाष्टिक/पोलिकार्वोनेट सिट तथा जि.आइ पाइपको प्रयोग गरि निर्माण गरिएका प्लाष्टिक घर)।

६. उच्च प्रविधि युक्त प्लाष्टिक घर (तरकारी वेर्ना, फल वा फूल वेर्नाको बाह्रै महिना उत्पादन गर्न विधुत तथा वाटोघाटोको सुविधा भएका तथा विरुवा/वेर्नाको अत्याधिक माग भएका क्षेत्रमा तताउने,चिस्याउने तथा सिचाइ सुविधा सहित भएको पोलिकार्वोनेट/यु.भि प्लाष्टिक आदिको प्रयोग भएको जि.आइ वाट निर्मित संरचना जसको लागत अन्य संरचनाभन्दा अधिक हुने)।

प्लाष्टिक घरनिर्माणको लागि जग्गा छनौटः

- कम्तिमा ६ घण्टाभन्दा बढी दैनिकघाम लाग्ने, हावा खेल्ने तर हुरी बतास नचल्ने क्षेत्र
- कम्तिमा पनि ५ मिटरभन्दा बढी चौडाई भएको जमिन
- सिचाइ,सडक विधुत जस्ता पूर्वाधारको व्यवस्था भएको
- बेर्ना तथा विरुवाको लागि पर्याप्त भाग भएको तथा उत्पादित उपजको बजार भएको क्षेत्र

प्लाष्टिकको प्रयोग

नेपालमा प्लाष्टिक घरको लागि सामान्यतया सूर्यको पराबैजनी किरणले असर नगर्ने सिल्पाउलिन (silpaulin) प्लाष्टिकको प्रयोग गरिदै आएको छ तर इजरायल, भारत लगायतका व्यवसायिक तरकारी खेती गर्ने देशमा सूर्यको प्रकाश प्रशस्त छिर्ने विकास भएका यु.भि १०० देखी २०० माइक्रोनका प्लाष्टिकहरुको नेपालमा प्रचलन वढि रहेको छ।

नेपालमा सामान्यतया ४५ देखि ९० जि.एस.एम सम्मको पारदर्शि सिल्पाउलिन प्लष्टिक प्रयोग गर्ने गरिएकोछ भने हावा चल्ने र असिना पर्ने ठाउँमा १२० जि.एस.एम सम्मको प्लाष्टिकको प्रयोग गर्ने गरिएको छ। जति बढी जि.एस.एम को प्लाष्टिकको प्रयोग गरियो त्यति कम सूर्यको प्रकाश बिरुवाले पाई उत्पादन घट्ने सम्भावना हुन्छ तसर्थ यदि हावा, हुरी र असिनाको प्रकोप कम छ भने ४५ जि.एस.एम को प्लाष्टिक वा १००-२०० माइक्रोनको यु.भि प्रयोग गर्नु सवभन्दा राम्रो हुन्छ। हिमाली क्षेत्र जहाँ हिउँद याममा हिउँ पर्दछन त्यस्ता क्षेत्रमा पोलिकार्वोनेट सिटको छानाको रुपमा प्रयोग गर्नु राम्रो हुन्छ। प्लाष्टिक घरमा हाल आएर चूनौतीको रुपमा देखा परेका सेता झिंगा,लाही जस्ता चुसाहा र टुटा जस्ता चपाउने कीराको प्रकोप कम गर्न बरिपरी कीरा नछिर्ने जालीको प्रयोग गर्न अत्यावश्यक छ।

प्लाष्टिक घरको निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरुः

- घरको निर्माण गर्दा समुन्द्री सतहबाट उचाई, तापक्रम ,आद्रता, हावा वहावको दिशा तथा लगाउने जातमा विचार पुर्याउनु पर्दछ। साथै प्लाष्टिक घर बनाउँदा लगाउने विरुवाको लागि आवश्यक तापक्रम, आद्रता हावाको सन्चार जस्ता कुरामा ध्यान दिन अत्यावश्यक छ।
- समुन्द्री सतहबाट उचाइ कम भएको ठाउँ छ भने सामान्यतया तापक्रम बढी हुने हुँदा घर अग्लो साथै भेन्टिलेसन भएको बनाउनु पर्दछ। बढी उचाई भएको ठाउँमा तापक्रम कम हुने हुँदा तापक्रम बढाउन प्लाष्टिक घर होचो बनाउनु पर्दछ। क्षेत्रिय कृषि अनुसन्धान केन्द्र मालेपाटनले गरेको सिफारिस अनुसार यदि वाँसको प्लाष्टिक घर बनाउने हो भने ८०० देखि ११०० मिटर सम्मको समुन्द्री सतहबाटको उचाईमा धुरी खाँवाको उचाई ४ मी र छेउको खाँबा ३ मिटर, ११०० देखि १४०० सम्म धुरी खाँवा ३.५ र छेउको २.५ मी र १४०० देखि १९०० मी सम्म घुरी खाँबा ३ मी र छेउको खाँबा २ मी कायम गर्दा गोलभेंडा, काँक्रा लगायतका तरकारी सफलता पूर्वक बेमौसममा उत्पादन गर्न सकिन्छ।
- बढी गर्मी हुने ठाउँहरुमा प्लाष्टिक घर निर्माण गर्दा हावा ओहोर दोहर गर्ने ठाउँ (Ventliation) भएको बनाउनु पर्दछ। यसो गर्दा तापक्रम र आद्रता नियन्त्रण गर्न सहज भई रोग तथा कीराको प्रकोपलाइ न्युनिकरण गर्न सकिन्छ। अत्याधिक चिसो हुने क्षेत्रमा प्लाष्टिक घर निर्माण गर्दा तापक्रम बढाउन गुमोज आकारको प्लाष्टिक घर निर्माण गर्नु पर्दछ।
- तापक्रम र आद्रता नियन्त्रण गर्न प्लाष्टिक घरको आकार धेरै ठूलो बनाउन हुँदैन (ठाउँको उपलब्धता अनुसार ५ देखि ६ मी चौडाई र १० देखी २५ मी. लम्बाई भएको घर उपयुक्त हुन्छ यदि ठुलो घर बनाउन परेमा हावा सन्चार गर्न पंखाहरुको व्यवस्था गर्न जरुरी हुन्छ। साथै नियमित रुपमा तापक्रम र आद्रताको अनुगमन गर्न जरुरी हुन्छ।
- प्लाष्टिक घर बनाउँदा छानाको उपयुक्त स्लोप मिलाउन आवश्यक हुन्छ अन्यथा प्लाष्टिकमा पानी तथा असिनाले क्षति पुर्याउने संभाबना हुन्छ।

तरकारी बालीको खेती गर्दा ध्यान दिनुपर्ने कुरा

बाह्रै महिना एवं लगातार प्लाष्टिक घर भित्र एउटै तरकारी बालीको खेती गर्दा रोग तथा कीराको प्रकोप बढ्न जानुको साथै माटोको अबस्था पनि बिग्रन जाने हुदाँ एउटा तरकारी बाली लगाएपछि भटामास, बोडी लगायतको कोसेबाली परिबारको बाली लगाइ फुल फुल्ने अबस्थामा पुगेपछि माटोमा जोतेर छोडिदिनु राम्रो हुन्छ। एकचोटि तरकारी लिइसकेपछि चैत्र देखी जेष्ठ महिनाको पानी नपर्ने तथा बढी गर्मी हुने सिजनमा प्लाष्टिक घरको प्लाष्टिक हटाएर सयपत्री फूल वा तोरी रोपी १-१.५ महिनाको भएपछि माटोमा मिलाइ पारदर्शी प्लाष्टिकले ३० देखी ४२ दिनसम्म हावा नछिर्ने गरी छोपेमा निमाटोड तथा अन्य माटोमा रहेका कीरा तथा रोगका जिवाणुलाइ नियन्त्रण गर्न सहयोग गर्दछ। प्लाष्टिक घरमा तरकारी लगाउँदा बजारको माग तथा मुल्यको विचार गर्नाको साथै वाली विशेष तापक्रम तथा आद्रताको आबश्यकता, परागसेचनको आबश्यकता र संरचनाको प्रकारलाई ध्यानमा पुर्याइ सस्तोमा उत्पादन गर्न सकिने वाली रोज्न जरुरी हुन्छ।

केही वालीहरुको मोवायल एप्स एन्ड्रोइड अपरेटिङ्ग सिस्टम भएको मोवाइलमा इन्टरनेट जोडी प्ले स्टोरमा गएर Tomato Nepal, Cucurbits Nepal र Kausi Kheti Nepal टाइप गरी Download गरेर Install गर्न सकिन्छ ।

1. Kausi kheti app (https://play.google.com /store /apps/ details? id=com.kausi.kheti)
2. Tomato app (https://play.google.com /store /apps/details? id=com.tomato.Nepal
3. Cucurbits app(https://play.google.com/store/apps/details? id=com.dwn.cucurbits.nepal)

संरचना निर्माण लागत

हाल नेपालमा माथि उल्लेखित ६ प्रकारका संरचना निर्माण प्रति बर्ग मिटरको आधारमा विभिन्न निजी सेवा प्रदायक कम्पनिले गरिरहेका छन्। संरचना निर्माणमा स्थानिय आबहावाको विचार गरी विरुवा बृद्दि विकासका लागि आवश्यक तापक्रम,आद्रता तथा सूर्यको प्रकाश र हावाको सन्चार हुन सक्ने र सकभर कम खर्चमा निर्माण गर्न सकिने निर्माण गर्नाको साथै प्रति इकाइ वढी उत्पादकत्व दिन सक्ने जात तथा प्रविधिको अबलम्बन (थोपा सिचाइ, प्लाष्टिक मल्च आदि) गर्न सक्ने गरी कृषकले ध्यान दिएमा कम लागतमा बढी प्रतिफल लिन सकिन्छ। संरचनाका लागतमा बाटोको सुविधा, सेवा प्रदायकवाटको दुरी, आवश्यक पर्ने संरचनाको किसिम तथा सुविधाहरु लगायतले प्रभाव पार्ने हुनाले आफुलाइ पायक पर्ने स्थानको कृषि प्राविधिकको सल्लाहको आधारमा प्रविधि छनौट गर्न आवश्यक हुन्छ।

सम्झनुपर्ने कुराः प्लाष्टिक घर बेमौसमी तरकारी उत्पादनको पूर्वाधार हो यदि बढी उत्पादन तथा आम्दानी लिने हो भने बाली अनुसार तापक्रम तथा आद्रताको व्यवस्थापन, उपयुक्त तरकारीको जातको छनौट, सिफारिस बाली व्यवस्थापन प्रविधिको अवलम्वन तथा बजारको माग अनुसारको उत्पादन गर्न आवश्यक हुन्छ।

२१. कृषि इन्जिनियरिङ्ग महाशाखा, खुमलटारबाट विकसित तथा व्यवसायिक रुपबाट उत्पादित कृषि औजार /उपकरणहरु

क्र.सं.	मेसिनको नाम	मेसिनको काम	किसिम	क्षमता	मान्यता प्राप्त उत्पादक
१	कोदो चुट्ने र फल्ने मेसिन (Millet thresher)	कोदो चुट्ने र फल्ने	खुट्टाले चलाउने	एक घण्टामा ४० देखि ६० के.जी. सम्म कोदो चुट्न र फल्न सकिने	जे.वी. वर्कशप, ग्वार्को, ललितपुर फोननं. ९८४१२३९३४६
			बिजुलीको मोटरबाट	एकघण्टामा ६० देखि ८० के.जी. सम्म कोदो चुट्न र फल्न सकिने	
२	मकै छोड्याउने मेसिन (Corn sheller)	मकै छोड्याउने	हातले चलाउने	१५के.जी. प्रतिघण्टा	जे.वी. वर्कशप, ग्वार्को, ललितपुर फोननं. ९८४१२३९३४६
३	मकै रोप्ने मेसिन (Jab seeder)	मकैको वीउ र मल एकै साथ रोप्ने । खनजोत नगरिएको जग्गामा	हातले चलाउने	एक घण्टामा १ रोपनी सम्म रोप्न सकिने	जेन्यून ईन्जिनियरिङ्ग वर्कशप, ग्वार्को, ललितपुर फोननं.

क्र.सं.	मेसिनको नाम	मेसिनको काम	किसिम	क्षमता	मान्यता प्राप्त उत्पादक
		पकि मकै लगाउन सकिने ।			९८४१२११२२३
४	धानको झार गोड्ने मेसिन (Paddy weeder)	लाइनमा रोपेको धान खेत मा झारलाई उखेली माटोमा नै मिलाइदिने	हातले चलाउने	एक रोपनी धान खेतमा यस मेसिनको प्रयोगले ५/६ घण्टामा गोड्न सकिने	जे.वी. वर्कशप, ग्वार्को, ललितपुर फोननं. ९८४१२३९३४६
५	वीउ सफा गर्ने मेसिन (Seed cleaning machine)	यस मेसिनबाट रायो, मूला, केराउ, रामतोरिया, भटमास, सिमीको वीउ सफा गर्न सकिने	हातले चलाउने	प्रतिघण्टा ६० देखि ८५ के.जी. बिऊ सफा गर्न सकिने	जेन्यून ईन्जिनियरिङ्ग वर्कशप, ग्वार्को, ललितपुर फोननं. ९८४१२११२२३
६	एइडि कफि पल्पर (Coffee pulper)	कफिको बोक्रा छोडाउने	हातले चलाउने	६० के.जी. प्रतिघण्टा	जे.वी. वर्कशप, ग्वार्को, ललितपुर फोननं. ९८४१२३९३४६
			खुट्टाले चलाउने	१०० देखि १२० के.जी. प्रतिघण्टा	
			विजुलीको मोटरबाट	१२० देखि १५० के.जी प्रतिघण्टा	
७	हलुका धान / गहुँ झार्ने थ्रेसर (Light weight rice/Wheat pedal thresher)	धान, गँहुचुट्ने	खुट्टाले चलाउने	गहुँको लागि ४५ देखि ५०के.जी. प्रति घण्टा चुट्न सकिने	जेन्यून ईन्जिनियरिङ्ग वर्कशप, ग्वार्को, ललितपुर फोन नं. ९८४१२११२२३
				धानको लागि ७५ देखि ८० के.जी. प्रतिघण्टा चुट्न सकिने	
८	यूरिया मोलासिस ब्लक बनाउने प्रेस	यूरिया मोलासिस ब्लक बनाउने	हातले चलाउने	१६x१२x६ से.मी. को ब्लक एकै पटक तिन वटा बनाउन सकिने	जे.वी. वर्कशप, ग्वार्को, ललितपुर फोन नं. ९८४१२३९३४६
९	अदुवा सफा गर्ने मेसिन (Ginger washer)	अदुवा सफा गर्ने	विजुलीको मोटरबाट	४०० कि.लो. प्रतिघण्टा	जेन्यून ईन्जिनियरिङ्ग वर्कशप, ग्वार्को, ललितपुर फोन नं. ९८४१२११२२३
१०	सुधारिएको	खेतवारी जोत्ने	पशु चालित	परम्परागत हलो को	

क्र.सं.	मेसिनको नाम	मेसिनको काम	किसिम	क्षमता	मान्यता प्राप्त उत्पादक
	फलामे हलो (Improved metalic plough)			तुलनामा १.५ देखि २ गुणा बढी खेत वारी जोत्न सकिने	
११	प्लाष्टिकको पोखरी (Plastic pond)	वर्षातको पानी संकलन गर्नको लागि	२५० देखि ३५० जी.एस.एम. को रंगीन सिल पोलिन प्लाष्टिक	६०००० लि. क्षमताको पोखरीको पानीले करिब २ देखि ३ रोपनीको जमिनमा तरकारी खेती गर्न सकिने	
१२	वारीको झार उखल्ने औजार (Dry Land Weeder)	झारपात उखल्ने को साथै गोडमेल गर्न सकिने	हाते औजार	एकजना ज्यामीले १ दिनमा २ देखि २.५ रोपनी खेतबारीको गोडमेल गर्न सकिन्छ ।	गुरु श्री एग्रीकल्चर प्रा.लि.वनेपा ९८४९११९१९१
१३	सोलार टनेल ड्रायर (Solar Tunnel Dryer)	कृषि उपजहरु जस्तै स्याउ, च्याउ, मसला, कफि, अदुवा, वेसार इत्यादि सुकाउन उपयोगी ।	घामको शक्ति प्रयोग गरेर	५x२.४ मिटर साइजको ड्रायरमा १५० देखि २०० के.जी. एकपटकमा सुकाउन सकिने	
१४	झुसे चुलो (Rice husk Stove)	धानको भुसलाई इन्धनको रुपमा प्रयोग गरी खाना पकाउन सकिने	घरायसी प्रयोजन	१३०० वाट तापिय क्षमता, २३ प १३०० वाट तापिय क्षमता, २३ प्रतिशत दक्षता	
१५	सुधारिएको प्लाष्टिकको घर (Improved Plastic house)	बेमौसमी बर्षायाम र हिउँदमा पनि तरकारी खेती गर्न सकिने	सिलपोलिन प्लास्टिक को प्रयोग	समुद्र सतहबाट ६०० देखि १२०० मिटर उचाइमा रहेका ठाउहरुको लागि उपयुक्त हुने	
१६	हाते भुसा काट्ने मेसिन (Manual chaff cutter)	हरियो र सुकेको भुसा काट्ने	हाते औजार	३० देखि ३५ कि.लो. प्रतिघण्टा	
१७	मल्टि न्याक	कृषि उपजहरु	साना	एकपटकमा २५	सनवक्स

क्र.सं.	मेसिनको नाम	मेसिनको काम	किसिम	क्षमता	मान्यता प्राप्त उत्पादक
	सोलार ड्रायर (Multi Rack Solar Dryer)	जस्तै माछा मासु तरकारी स्याउ च्याउ कफि मसला अदुवा बेसार इत्यादि सुकाउन उपयोगि	व्यवसायिक हरुको लागि	के.जी. सम्म १ देखि १.५ दिनमा सुकाउन सकिने	प्रा.लि.वल्खु ९८५१०४८९७१
१८	थ्याप्चो सोलार ड्रायर (Low cost Solar Dryer)	कृषि उपजहरु जस्तै माछा मासु तरकारी स्याउ च्याउ कफि मसला अदुवा बेसार इत्यादि सुकाउन उपयोगि	साना किसान र दुर्गम क्षेत्रको लागि	एक पटकमा १० के.जी. सम्म १ देखि २ दिनमा सुकाउन सकिन	

२२. कृषि वजार

कृषि उपज बजार संचालक समिति

क्र.सं	स्थान	फोन नं.
१	विर्तामोड, झापा	☎ ०२३-५४०००२, ९८०४९०४४३
२	धरान, सुनसरी	☎ ०२५-५२२९३४, ९८४२१३१६१९
४	लालबन्दी, सर्लाही	☎ ०४६-५०१०४७, ९८४९२४५६३३
५	नवलपुर, सर्लाही	☎ ०४६-५७०२२८, ९८३७१४३८६१
६	ढल्केबर, धनुषा	☎०४१-५६००५८,९८४४०२२६८९, ९८६९१८७०६९
७	सिन्धुलीमाडी, सिन्धुली	☎ ०४७-५२०४५४, ९८४४०९५०८३
८	बर्दिबास, महोत्तरी	☎ ०४४-५५०१७९, ९८६४०५२०२७
९	बुटवल	९८५७०३६७१६
११	सुर्खेत	९८४८०७५८२५
१२	कोहलपुर	९८५८०३४०३०

कृषि थोक वजारहरुको विवरण

क्र.स	थोक बजारको नाम	जिल्ला	फोन नं.	मोवाइलनं
१	कालिमाटी फलफूल तथा तरकारी थोक बजार,काठमाडौं	काठमाण्डौ	५१२३१२८/ ५१२३०८६	
२	कृषि उपज थोक बजार, विर्तामोड	झापा	०२३-५४०००२/ ४५५०५६	९८५२६७९१२५

क्र.स	थोक बजारको नाम	जिल्ला	फोन नं.	मोवाइलनं
३	कृषि उपज थोक बजार, धरान	सुनसरी	०२५-५६०१२४	९८४२१३१६१९/ ९८४२०२६०२८
४	कृषि उपज थोक बजार, ढल्केवर	धनुषा	०४१-५६००५८	९८०४८३४८४६
५	कृषि उपज थोक बजार, बर्दिवास	महोत्तरी	०४४-५३०१७९	
६	कृषि उपज थोक बजार, लालबन्दी	सर्लाही	०४६-५०१०४७	९८४४०३२१३७/ ९८४४२०५७०३
७	कृषि उपज थोक बजार, नवलपुर	सर्लाही	०४६-५७०२२८	९८४४०३४३३४
८	कृषि उपज थोक बजार, चरिकोट	दोलखा	०४९-४२०११३०	९८४४०५९९५६
९	कृषि उपज थोक बजार, सिन्धुलीमाढी	सिन्धुली	०४७-५२०४५४	९८४४०४५५००
१०	कृषि उपज थोक बजार नारायणघाट	चितवन	०५६-५७०५७२	९८५५०५६६९१
११	कृषि उपज थोक बजार, धुषा	धादिङ्ग	०१०-५२०१२८	९८०८९८३३०४/ ९८०८६६६९१७
१२	कृषि उपज थोक बजार, पोखरा	कास्की	०६१- ५३२५९२	९८५६०२१४१४
१३	कृषि उपज थोक बजार, त्रियासी	स्याङजा	०६३-४२०१३०	९८४१३१६८९९/ ९८४१३१७६९९
१४	कृषि उपज थोक बजार कावासोती	नवलपरासी	०७८-५२०१२६	९८५७०४००६९
१५	कृषि उपज थोक बजार, बुटवल	रुपन्देही		९८५७०३१०९४/ ९८४७०२४१६९
१६	कृषि उपज थोक बजार, मदनपोखरा	पाल्पा	०७५-५२०१४४	९८५७०६०२६१
१७	कृषि उपज थोक बजार, कपुरकोट	सल्यान	०८८-५२०१३०	९७५८५००४७८
१८	कृषि उपज थोक बजार, घोराही	दाङ्ग	०८२-५६००२५	९८४७८४९८४/ ९८४७८४५६८७
१९	कृषि उपज थोक बजार लम्ही	दाङ्ग	०८२-५४०५८१	
२०	कृषि उपज थोक बजार, कोहलपुर	बाँके	०८१-५४१८४०	९८५८०२३३४१/ ९८४८०३४०३०
२१	कृषि उपज थोक बजार ,सुर्खेत	सुर्खेत	०८३-५२०३०५	९८४८०४७०६६/ ९८४८२३१४३१
२२	कृषि उपज थोक बजार, अत्तरिया	कैलाली	०९१-५५११२४/ ५२१२२७	

प्राईभेट वजारहरु

क्र. सं.	कृषि उपज बजारको नाम	बजारको प्रकृति	बजारको अध्यक्ष/ सदस्यको नाम	जिल्ला	फोन नं.
१	श्री कम्पलेक्स प्रा.लि., पोखरा	थोक बजार	श्री झलक श्रेष्ठ	कास्की	९८५६०२९८४८
२.	वल्खु कृषि बजार	थोक बजार/खुद्रा		ललितपुर	९८५१०४५५९१

३	कृषि वजार, खसीबजार, कलंकी	थोक बजार		काठमाडौं	
४.	कृषि बजार,नयाँ वानेश्वर	थोक बजार		काठमाडौं	

सम्झनुपर्ने कुराः प्लाष्टिक घर बेमौसमी तरकारी उत्पादनको पूर्वाधार हो यदि बढी उत्पादन तथा आम्दानी लिने हो भने उपयुक्त तरकारीको जातको छनौट, सिफारिस बाली व्यवस्थापन प्रविधिको अवलम्वन तथा बजारको माग अनुसारको उत्पादन गर्न आवश्यक हुन्छ।

२३. पशुपालन/पशु स्वास्थ्य

पशुपंछीको सामान्य तापक्रम, नाडी र श्वास-प्रश्वास गति

पशुपंछी	तापक्रम		नाडी/मिनट	श्वासप्रश्वास/मिनट
	डिग्री सेल्सियस	डिग्री फरेनहाइट		
गाई	३८.२-३८.९	१०१-१०२	४०-६०	१२-१८
भैंसी	३८.३-३९.९	१०१-१०२	४०-६०	१२-१८
घोडा	३८.०-३८.३	१००.४-१००.८	३०-४०	८-१६
भेडा	३९.४-४०.०	१०३-१०४	५५-७५	२०-३०
बाख्रा	३९.४-४०.०	१०३-१०४	५५-७५	२०-३०
बंगुर	३७.९-३८.४	१०२-१०३	६०-७५	२०-३०
खरायो	३८.०-३८.५	१०१-१०२	१२३-३०४	३६-५०
कुकुर	३८.३-३८.९	१०१-१०२	९०-१२०	२०-४०
विरालो	३८.३-३८.९	१०१-१०२	१००-१२०	२०-३०
कुखुरा	४१.१-४१.७	१०६-१०७	१२०-१६०	१५-६०

निरोगी र रोगी पशुहरु बीच भिन्नता

क्र.सं.	विवरण	निरोगी पशुहरु	रोगी पशुहरु
१	पशुको रुप/चाल	राम्रो, सतर्क, फुर्तिलो	झुसिलो, फुर्तिलो नभएको
२	टाउको	उठेको वा ठाडो हुन्छ	झुकेको हुन्छ
३	आँखा	पुरा खुलेको, चम्किला	आधा खुलेको, कचेरा लागेको, कोषहरु बढी रातो
४	नाक/मुख	सामान्य	-याल/सिंगान बगेको
५	पशुलाई बोलाउँदाको प्रतिक्रिया	छिटो प्रतिक्रिया दिन्छ	ढिलो गरी टेर्छ
६	गोबरको कडापन	सामान्य	बढी कडा वा पातलो, गन्हाउने, रगत मिसिएको
७	छाला	नरम /सामान्य	खस्रो, रौ ठाडो भएको

क्र.सं.	विवरण	निरोगी पशुहरु	रोगी पशुहरु
८	कान	ठाडो / सामान्य	लत्रेको, कानबाट पीप बगेको
९	थुतुनो	ओसिलो	सुख्खा
१०	दाना पानीमा रुचि	सामान्य	कम खाने / खाँदैनखाने
११	नाडीको गति	सामान्य (४०-६० प्रति मिनेट)	बढ्ने वा घट्ने
१२	श्वास प्रश्वास	सामान्य (२०-२८ प्रति मिनेट)	श्वास फेर्न अप्ठ्यारो गर्ने / खोक्ने, गति बढ्ने वा घट्ने
१३	शरिरको तापक्रम	सामान्य (१०२ फरेनहाइट)	प्रायः बढ्ने
१४	उग्राउने (पाहुर झिक्ने)	पाहुर झिक्छ	पाहुर झिक्दैन

२३.१ गाईका जातहरु

(क) नेपालमा पाईने स्थानीय गाईका जातहरुः

गाईका जात	उत्पत्ति	विशेषताहरु
१.अछामी गाई	यस गाईको उत्पत्ति अछाम जिल्लामा भए पनि बझाङ, बाजुरा र डोटीमा समेत पाइन्छ।	• संसारको सबैभन्दा सानो गाई हो। • यसलाई नौ मुठ्ठे गाईको नामले पनि चिनिन्छ। • यसको रंग कालो देखि सेतो, खैरो, खरानी, टाटेपाटे आदि हुन्छ। • शारिरीक तौल १२० देखि १५० के.जी. सम्म हुन्छ। • दैनिक दूध उत्पादन १.५ देखि २ लिटर र बढीमा ४ लिटर सम्म दूध दिन्छ।
२.लुलु गाई	यस गाईको उत्पत्ति मुस्ताङ जिल्लामा भए पनि मनाङ र डोल्पामा समेत पाइन्छ ।	• यो जुरो नभएको उच्च हिमाली भेगको सुख्खा चिसो हावापानीमा हुर्कन सक्ने गाई हो। • यसको होचो कद, लामो पुच्छर,छोटा खुट्टा, बाक्ला रौं हुन्छन। • वयस्क भालेको शारिरीक तौल १५० देखि २२५ के.जी. सम्म र माउको शारिरीक तौल १२० देखि १६० के.जी सम्म हुन्छ। • दैनिक दूध उत्पादन औसत १.६ लिटर सम्म दूध दिन्छ।
३.खैला गाई	यस गाईको उत्पत्ति सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला खासगरी बैतडी, डडेल्धुरा, डोटी जिल्लामा पाइन्छ।	• यसको साढे तथा गोरु रिसालु स्वभाव, सिङ सिधा र माथि तिर फर्केको, शरिर बलियो भएको, माल समान बोक्न र खेत जोत्नको लागि उपयुक्त जात हो। • अन्य स्थानीय जातका गाईहरु भन्दा ठुलो शरिर हुन्छ।

गाईका जात	उत्पत्ति	विशेषताहरु
		• यसको गर्भधारण अवधि २८८ दिनको हुन्छ। • यसले ३०५ दिनको दुहुनो अवधिमा दैनिक औसत दूध उत्पादन २.५ लिटर दिन्छ।
४.पहाडी गाई	पहाडी क्षेत्र	• यो गाई मध्य पहाडको लागि उपयुक्त, प्राय कालो रंग, दूध उत्पादन क्षमता कम भएको, विशम हावापानीमा हुर्कन सक्ने सानो कदको गाई हो। • यो ४ बर्षको उमेरमा बयस्क भई ५ बर्षको उमेरमा पहिलो वेत व्याउछ। • गर्भधारण अवधि २७५ दिनको हुन्छ। • यसले २४० दिनको दुहुनो अवधिमा औसत दैनिक दूध उत्पादन १.१ के.जी. हुन्छ।
५.तराई गाई	तराई क्षेत्र	• तराईको समथर भू-भागको लागि उपयुक्त गाईको जात हो। • प्रायः सेतो रंग, दूध उत्पादन क्षमता कम भएको, मध्यम कदको, कान सिधा, बलियो र गर्मी हावापानीको लागि उपयुक्त गाई हो। • यसको औसत शारीरिक तौल २१० के.जी.सम्म हुन्छ। • यसको गर्भधारण अवधि २९६ दिनको हुन्छ। • यसले २४६ दिनको दुहुनो अवधिमा औसत दैनिक दूध उत्पादन २.१ के.जी. हुन्छ।
६.सिरी गाई	पूर्वी पहाडको, खास गरी ईलाम जिल्ला	• पहाडको लागि उपयुक्त गाईको जात हो। • कालो देखि सेतो रंग, दूध उत्पादन क्षमता राम्रो भएको, चौडा र च्याप्टो निधार, कान सानो र अगाडि निस्केको,थोरै माथी फर्केको तिखो सिङ हुन्छ। • गर्भधारण अवधि २९५ दिनको हुन्छ। • यसले २६८ दिनको दुहुनो अवधिमा औषत दैनिक दूध उत्पादन ४.५ के.जी. हुन्छ।
७.याक	हिमाली क्षेत्र (समुद्र सतहबाट ३००० देखि ४५०० मिटर उचाई सम्म)	• यसको भालेलाई याक र पोथिलाई नाक भनेर चिनिन्छ। • यसको दूध उत्पादन क्षमता कम भएपनि चिल्लो पदार्थ ६.६ % सम्म हुन्छ। • यसको काध सिधा, रौ लामा, सिङ्ग तिखो, लामो र बलियो, अत्यधिक चिसो सहन सक्ने क्षमता हुन्छ। • यसको गर्भधारण अवधि २५२ देखि २५५ दिनको

गाईका जात	उत्पत्ति	विशेषताहरु
		हुन्छ। • नाकलाई व्याएको दुई महिना सम्म दुहिदैन नवजात बाछाको लागि छोडिन्छ र त्यसपछि मात्र दुहिन्छ। • यसले १६७ दिनको दुहुनो अवधिमा औसत दैनिक दूध उत्पादन १.३ के.जी. हुन्छ। • वयस्क याकको शारिरीक तौल औषत ३५५ के.जी. र नाकको अधिकतम ३२५ के.जी. सम्म हुन्छ।
८. चौरी गाई	उच्च पहाडी क्षेत्र (९ हजार देखि १५ हजार फिट सम्म)	• चौरीबाट चौरी जन्मदैन र चौरी उत्पादनको लागि शुद्ध जातको याक नाक आवश्यकता पर्दछ। • शुद्ध जातको भालेलाई याक र पोथीलाई नाक भनिन्छ भने वर्णशंकरलाई चौरी भनिन्छ। • चौरीको भालेलाई झोपा भनिन्छ। यो नपुंसक हुन्छ, भारी बोक्ने र खेत जोत्न प्रयोग गरिन्छ। • चौरीको पोथीलाई झुमा भनिन्छ यो उत्पादनशील हुन्छ। यसले दैनिक ४ लिटर सम्म दूध दिन्छ। • नाक र स्थानीय जातको बहरको क्रसवाट जन्मेको डिम्जो चौरी र याक र स्थानीय गाईको क्रसवाट जन्मेको लाई उराङ्ग चौरी भनिन्छ। • डिम्जो चौरीउचाईमा गएर चर्न सक्ने, ठण्डी सहन सक्ने र दूध उत्पादन राम्रो दिन्छ। • उराङ्ग चौरीउचाईमा गएर चर्न नसक्ने, ठण्डी सहन नसक्ने र दूध उत्पादन कम हुन्छ।

(ख) नेपालमा पाईने उन्नत गाईका जातहरुः

गाईका जात	उत्पत्ति	विशेषताहरु
१. जर्सि गाईः	यसको उत्पति बेलायत को जर्सि टापुमा भएको हो।	• यो करिव त्रिभुजाकार, रंग प्रायः रातो, खैरो वा कालो, डडाल्नु सिधा, फांचो र थुन ठुला, टाउको विचमा खोप्रो परे जस्तो, अनुहार छोटो र यसको भाले रिसालु हुन्छ। • सांढेको शारिरीक तौल ६७५ कें.जि. र माउको तौल ४५० के.जि. हुन्छ। • प्रतिवेत प्रति जनावर दूध उत्पादन ५००० देखि ६००० लिटरसम्म हुन्छ।
२. होलिस्टीन फ्रिजियन	यसको उत्पति नेदरल्याण्डको फ्रिजल्याण्डमा भएको	• यो गाई संसारकै सवभन्दा बढी दुध दिने, सेतो, कालो, टाटेपाटे, ढाड अलि कुप्रेको, लामो र सांधुरो मुख, गाई शान्त स्वभावको र सांढे हिंस्रक स्वभावको हुन्छ।

गाईका जात	उत्पत्ति	विशेषताहरु
	हो ।	• साढेको शारिरीक तौल १००० के.जी र माउ ६७५ के.जी. सम्म हुन्छ। • दुध उत्पादन प्रतिवेत ६५०० देखि ९००० लिटरसम्म भएतापनि ११००० लिटर भन्दा बढी दिएको पनि पाईन्छ।
३. ब्राउन स्वीस गाई	यसको उत्पति स्वीजरल्याण्डमा भएको हो।	• यो गाई खैरो वा कालो रंगको, सुस्त र सोझो हुन्छ। प्रतिकुल मौसम खप्नसक्ने, डांडा कांडामा पनि पाल्न सकिने, गर्मिमा पनि पाल्न सकिने। • शारिरीक तौल सांढेको ९०० के.जी. र माउको ६२५ के.जी. सम्म हुन्छ। • औसत दुध उत्पादन प्रतिवेत ५५०० लिटरसम्म पाईन्छ।
४. साहिवाल गाई	यसको उत्पत्ति पाकिस्तानको मन्टगोमेरीमा भएको हो।	• चाकलो निधार, छोटा खुट्टा, छोटा सिङ पछाडी फर्केका, निकै ठुलो र लगभग एकतर्फ ढल्केको जुरो तथा माल भएको हुन्छ। • यसको रंग रातो र हल्का खैरो हुन्छ। यो एशियाको राम्रो दुधालु गाई हो।सांढेको तौल ५०० के.जी र माउको तौल ३४० के.जी. हुन्छ। • प्रति बेत दुध उत्पादन १३५० लिटर हुन्छ।
५. रेड सिन्धी	यसको उत्पति पाकिस्तानको सिन्धु प्रान्तमा भएको हो	• यसको रंग रातो कालो, वोधो सिङ्ग भएको धेरै ठुलो जुरो तथा माल भएको, दडिलो शरिर निकै शान्त प्रकृतिको, फांचो ठुलो र तल झरेको हुन्छ। • सांढेको शारिरीक तौल ४५० के.जी. र माउको ३०० के.जी. सम्मको हुन्छ। • औसत दुध उत्पादन प्रति बेत १५०० देखि २२०० लिटर हुन्छ।
६. हरियाणा गाई	यसको उत्पत्ति भारतको हरियाणामा भएको हो।	• यसको रंग सेतो, कसिलो र अग्लो शरिर हुन्छ।यसको सांढे जोत्न र गाडा तान्न उपयुक्त हुन्छ।वयस्क गाईको तौल ५५० के.जी. हुन्छ। • प्रति वेत औषत दूध उत्पादन १२०० लिटर हुन्छ।

२३.२. भैंसीका जातः

(क) नेपालमा पाईने स्थानीय जातका भैंसीहरुः-

भैंसीका जात	उत्पत्ति	विशेषताहरु
(१) लिमे भैंसी	यसको उत्पत्ति गण्डकी प्रदेशको कास्की, स्यांङ्गजा, पर्वत, वाग्लुङ्ग तनहुं र लम्जुङ्गमा भएको हो।	• स्थानीय भैसी मध्ये सबैभन्दा सानो जातको भैंसी हो। यसको सिङ्ग घाटी तिर घुमेको हँसिया आकारको हुन्छ। • भैसीको शारिरीक तौल औषत ३१० देखि ३१५ के.जी र यसको प्रतिवेत दूध उत्पादन १०४८ लिटर हुन्छ। • यो भैंसीको संख्या घट्दो क्रममा भएकोले संरक्षणको लागि ध्यान पुर्याउन आवश्यक छ।
(२)पार्कोटे भैंसी	यो जातको भैंसी मध्य पहाड देखि उच्च पहाडमा पाइन्छ।	• यसको रंग कालो हुन्छ तर कहिंकहीं खैरो र हल्का खैरो रंगमा पाइन्छ। अनुहार लाम्चो, टाउको चेप्टो, सिंङ्ग तरवार आकारको र शारिरको पछाडी भागतिर फर्केको हुन्छ। • दूध उत्पादन प्रति वेत १००० लिटर हुन्छ।
(३)गड्डी भैंसीः	यसको उत्पत्ति सुदूरपश्चिम प्रदेश पहाडी भेगमा भएको हो।	• यसको रंग कालो र निधारमा सेतो थोप्ला तारो भएको कहि कतै खैरा र फिक्का रंगको हुन्छ। लामो अनुहार फराकिलो निधार र टाउको, सिङ्ग लामो अर्ध घुमाउरो, पूर्ण विकसित फांचो, दूधका नसा स्पष्ट देखिने हुन्छ। • औषत शारिरीक तौल ४५२ के.जी. र दूध उत्पादन दैनिक ३.५ लिटर पाइन्छ। • यसको संख्या घट्दो अवस्थामा रहेकोले संरक्षणमा ध्यान दिन आवश्यक छ।

(ख) उन्नत जातको भैंसीः-

भैंसीका जात	उत्पत्ति	विशेषताहरु
१. मुर्रा भैंसी	यसको उत्पात्ति भारतको हरियाणामा भएको हो।	यो निक्खर कालो शरिर, लामो घाँटी, छोटा नजिकैबाट घुमेका कसिएको सिङ, राम्रो विकसित भएको फांचा लामो पुच्छर र पुच्छरको बीचमा सेतो फुर्को हुन्छ। यसको शारिरीक तौल ४५० देखि ५०० के.जी र प्रति वेद औषत दुध उत्पादन १५००देखि २५०० लिटर हुन्छ।

२३.३ गाई भैंसीहरूमा लाग्ने प्रमुख रोगहरू

१. खोरेत (Foot and mouth disease)

कारणः विषाणु

लक्षणहरू

- यो रोग लाग्दा एकदम बढी ज्वरो (१०४-१०६ डिग्री फरेनहाइट) आउँछ।
- विस्तारै घाँसपात नखाने, झोक्राउने हुन्छ।

- मुख वरिपरि विशेष गरी गिजा र जिब्रोमा स-साना फोकाहरू आउँदछन्।
- यस सँगसँगै खुट्टाको खुरको कापमा पनि फोकाहरू आउँछन् पशु खुट्टा खोच्याएर हिड्छ र पछि लङ्गडो हुन सक्छ।
- मुख वरिपरि घाउ आउने भएको कारण ऱ्याल चुहाउँछ।
- यस रोगले ठूला माउहरू भन्दा पाठापाठीलाई बढी असर पु-याउँछ ।
- कहिलेकाहीं खोरेत रोगका कारण थुनेलोको समस्या पनि देखिन्छ।
- ब्याउने माउहरूमा गर्भ तुहिने समस्या देखिन सक्छ।

उपचारः

क) मुखको घाउलाई १ प्रतिशतको पोटास पानीले सफा गरिदिने वा फिटकिरी पानीले सफा गरि दिने।

ख) खुरका घाउलाई पोटास पानीले धोएर हिमैक्स वा लोरेक्जेन मलहम लगाउनुपर्छ वा २ प्रतिशत निलोतुथोले घाउ सफा गर्न सकिन्छ।

ग) खुट्टाको घाउमा फिनेल प्रयोग गर्न पनि सकिन्छ।

घ) घाउहरुमा अनय जिवाणु प्रवेश गरी सक्रमण नगरुन भन्नको लागि पशुलाई एन्टीवायोटिक सुई लगाउन सकिन्छ।

ङ) खोरेत देखिइ रहने ठाउँमा रोकथामको लागि खोरेत विरूद्ध खोप लगाउनुपर्दछ। ६ महिनाको उमेर पुगेपछि पहिलोपटक खोप लगाउने र प्रत्येक वर्ष दोहर्याउने। बढी देखिने ठाउँमा ६-६ महिनामा दोहोर्याउने।

२. भ्यागुते (Hemorrhagic Septicemia)

कारणः एक प्रकारको जिवाणु

लक्षणहरू

- उच्च ज्वरो आउने। (१०५ देखी १०७ डिग्री फरेनहाइट)
- घाँटी वरिपरिको भाग तथा जिब्रो सुन्निने।
- फिज काढ्ने।
- सास फेर्न गाह्रो भई घ्यार्रघ्यार्र आवाज निकाल्ने।
- कहिले काही रगत मिसिएको छेर्ने।

रोकथाम र उपचार

- वर्षायाम शुरू हुनु अगाडि प्रत्येक वर्ष पशुलाई खोप लगाउने।
- रोगको लक्षण देखापरेको छ भने तुरून्त प्राविधिकलाई देखाई उपचार गराउने।

३. चरचरे (Black Quarter)

कारणः एक प्रकारको जिवाणु

लक्षणहरू

- उच्च ज्वरो आउने (१०५ देखी १०७ डिग्री फरेनहाइट)
- विशेष गरी फिलाको मासंपेशी सुन्निने र दुख्ने ।
- छाम्दा शुरूमा तातो हुने र पछि चिसो हुने र दुखाई पनि कम हुने ।
- सुन्निएको ठाउँमा थिच्दा चरचर आवाज आउने ।

रोकथाम

- पानी पर्ने समय अगाडी नै गाई वस्तुलाई खोपाउने काम गर्नु पर्दछ। बि.क्यू.पोलीभ्यालेण्ट भ्याक्सिन गाईभैंसीमा ५ एम.एल. छाला मुनी (s/c) र पाडा बाच्छालाई ३ एम.एल. सोही तरीकाले दिनु पर्दछ । छ महिना नाघेको वस्तुलाई सुई दिनुपर्दछ । साथै यो सुई प्रत्येक साल दोहो-याउनु पर्दछ।
- गहिरो खाडल खनी यो रोगबाट मरेको पशुलाई पुरिदिनुपर्दछ।
- रोगी पशुलाई छुट्याएर राख्नु पर्दछ।
- रोगी वस्तु लेखाएको खाना पानी एवं घाँस निरोगी वस्तु भाउलाई नदिने तथा गोठलाई २% को फर्मालिन झोलले सफा गर्नु पर्दछ।
- रोगको आशंका भएको चरन क्षेत्रमा बाच्छा/बाच्छी चराउनु हुँदैन।

४. पट्के (Anthrax)

कारणः एक प्रकारको जिवाणु

लक्षणहरूः

- धेरैजसो कुनै लक्षण नदेखाई अचानक मर्ने।
- ज्वरो आउने।(१०५ देखी १०७ डिग्री फरेनहाइट)
- सास फेर्न गाह्रो हुने।
- आँखा रातो हुने।
- पेट ढाडिने।
- मरेपछि नाक, मुख, मलद्धार आदिबाट नजम्ने रगत बगेको हुन्छ।

रोकथाम

- धेरै रोग देखिने ठाउँमा पशु सेवा प्राविधिकको सिफारिसमा खोप लगाउने।
- मरेका पशुलाई गहिरो खाडल खनेर गाड्ने। याद गरौ पट्केको शंका लागेको पशुलाई कहिल्यै पनि चिरफार गर्नुहुँदैन।
- रोगी पशुलाई वथानबाट अलग्गै राख्ने।
- रोगीको सम्पर्कमा आएको पशुलाई प्राविधिकको सल्लाहमा उपचार गराउने।

५. थुनेलो (Mastitis)

कारणः यो धेरै कारणहरू हुनसक्छ जस्तै गोठ, पशु र दुहुने मानिसको सरसफाईको कमीले गर्दा विभिन्न, जिवाणुहरू, विषाणुहरू, ढूसी, एक कोषिय परजीवी प्रोटोजोवा कल्चौडो वा शरीर भित्र प्रवेश गरेर।

लक्षणहरू

- अचानक थुन र कल्चौडो सुन्निने, कडा, रातो र छाम्दा दुखे हुन्छ।
- दुध बिग्रने, पातलो पानी जस्तो आउने, छोक्राहरू आउने र कहिलेकाही दूध पुरै नआउने हुन्छ।
- ज्वरो आउने।

रोकथामः

- दूध दोई सकेपछि पोभिडिन आयोडिन ९ भाग र ग्लीसरिन १ भाग मिसाएको झोलमा थुनलाई केहि बेर डुबाउने।
- गोठ, पशु, दूध दुहुने मानिसको र भाँडोको सरसफाईमा विशेष ध्यान दिने।
- शंका लागेमा जिल्ला पशु सेवा कार्यालयमा वा पशुरोग अन्वेषण प्रयोगशालामा दूध जँचाउने।
- थुनेलोको लक्षण देखिएमा कृषकले पहिला नबिग्रेको थुनबाट दूध दुहुने, त्यसपछि मात्र बिग्रेको थुनको दुहुने र बिग्रेको थुनको दूधलाई खाडलमा अन्यत्र लसपस नगरी गाड्ने। विग्रेको थुनबाट पटक पटक दूध दुहे र फ्याक्ने।
- अविलम्ब प्राविधिकलाई बोलाई उपचार गराउने। जथाभावी औषधीको प्रयोगले थुनेलो झन् जटिल बन्नसक्छ।

६. लम्पि स्किन डिजिज (Lumpy Skin Disease):

यो सबै उमेरको गाइभैंसीमा प्राय गर्मी तथा बर्षा मौसममा पक्स समुहको क्याप्रीपक्स भाइरसबाट छालामा नोकिलो गिर्खाहरु देखिने एक आर्थिक महत्व राख्ने रोग हो। भैंसीमा भनिए पनि गाइको तुलनामा भैंसीहरुमा कम नै लाग्ने गर्छ। सन २०१२ सम्म अफ्रिकामा मात्र सिमित यो रोग २०१२ पछि मध्यपूर्व, दक्षिण पूर्वी यूरोप, रसिया, काजिस्तान हुंदै बंगलादेश र भारत हुंदै गतबर्ष पूर्वी नेपालमा पनि पसि हजारौंको संख्यामा बिरामी तथा केही मरेको समेत पाइयो जसको पुष्टी मिति २०७७।४।११ मा भएको थियो। त्यसैले यस रोगबारे हामी सचेत हुनु जरुरी छ।

प्रशारणः प्रत्यक्ष सम्पर्क, लामखुटे, झिंगा, किर्ना , संक्रमित बस्तुको ढुवानी तथा आवतजावत आदी ।

मुख्य लक्षणहरुः १०४ डिग्री फरेनहाइट वा सो भन्दा बढी ज्वरो आउने, आंखाबाट कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज निकाल्ने, शरिरको बिभिन्न भागमा खासगरी घांटी गर्दन, पेट, थुन कल्चौडा बदीमा गिर्खाहरु आउने, दुध उत्पादन स्वाटै घटने, गर्भिणी गाइभैंसी तुहिन सक्ने र पछी महिनौसम्म बांझोपन देखिने, २०% सम्म बिरामी हुने र १ प्रतिशत भन्दा बढी मर्ने, निको हुन २-३ महिनासम्म लाग्ने।

उपचार तथा रोकथामः खासै उपचार छैन तर तिब्र बिमारीमा ५-७ दिन सम्म एन्टिबायोटिक, दुखाइ कम गर्ने औषधिहरु, एन्टिहिस्टामिन, तथा केही केही छालामा लगाउने मलमहरु प्रयोग गर्न सकिन्छ। बचावटको लागी सरसफाई तथा निःसंक्रमणमा बिशेष जोड, रोगी पशुको अल्लगीकरण, ओसारपोसार तथा चरिचरनमा नियन्त्रण, लामखुटे,झिंगाबाट बचाउने उपायहरु तथा जैविक सुरक्षाका उपायहरु अपनाउनु पर्ने हुन्छ।

प्रजननसँग सम्बन्धित समस्याहरू

७. बाँझोपन

कारणहरू

- व्यवस्थापनमा कमजोरीः समय मिलाएर राँगो साँढे नलगाउनु वा कृत्रिम गर्भाधनको उचित समय नपहिल्याउनु (कराएको ८ देखि १८ घण्टाभित्र) लैजानु पर्दछ।
- पोषण तत्वको कमीः प्रशस्त हरियो घाँसपात नपाएमा।
- खनिज तत्वको कमीः विशेष गरी क्याल्सियम, फस्फोरस, फलाम, कोवाल्ट, तामा सेलेनियम जस्ता खनिज बढी महत्वपूर्ण हुन्छ।
- भिटामिनको कमीः विशेषगरी भिटामिन ए, डि र ई बढी महत्वपूर्ण हुन्छन्।
- नाम्ले, जुकाको समस्या बढी हुनु।
- संक्रमण रोगहरूको कारणः जस्तै ब्रुसेलोसिस, ट्राइकोमोनियसिस आदि।
- प्रजनन् अंगहरूमा खरावी वा संक्रमण।
- वंशाणुगत कारणहरू।

व्यवस्थापन

- कारण पत्ता लगाई सोही अनुसार उपचार गराउनु पर्दछ।
- बेला बेलामा गोवर जचाई नाम्ले, जुकाको औषधि खुवाउने।
- प्रशस्त हरियो घाँस पातहरू खुलाउने।
- अन्य अवस्थामा प्राविधिकसँग सल्लाह गरी आवश्यकता अनुसार उपचार गर्ने।

८. साल अड्कने समस्या

कारणहरूः

- शारीरिक कमजोरी
- संक्रामक रोगहरू जस्तै ब्रुसेलोसिस, भिब्रियोसिस आदि
- भिटामिन ई, सेलेनियम जस्ता खनिजको कमी
- पाठेघरको संक्रमण

व्यवस्थापन

- साल झर्न सहयोग पुर्‍याउन एक्जापर जस्ता औषधिहरू शुरूको १०० मि.लि. र त्यस पछि विहान बेलुका ५० मि.लि.२-३ दिनसम्म दिन सकिन्छ।
- व्याएपछि खस्रो खालका घाँसहरू र अम्रिसो जस्ता घाँसहरू खुवाउँदा साल झर्न सहयोग पुग्छ।
- त्यति गर्दा पनि नझरेमा प्राविधिकलाई बोलाई साल झिक्न लगाउने। यदि पशुलाई ज्वरो आएको छ भने पहिला ज्वरोको उपचार गरेपछि मात्र साल झिक्नु वेश हुन्छ।

९. भंडार फर्कने समस्या

कारणहरू

- ईस्ट्रोजन तत्व बढी भएको घाँसपात खुवाएमा वा ढूसी परेको दानाहरू खुवाएमा।
- पाठेघरमा असजिलो भई पशु बढी कनेमा।
- पशुको पछाडितिरको भाग बढी ओरालो भएमा सहयोगीको रूपमा काम गर्न सक्छ।
- क्याल्सियम, फोस्फोरसको कमी भएमा वा सन्तुलन विग्रेमा।

व्यवस्थापन

- तुरून्त प्राविधिकलाई बोलाई उपचार गर्नुपर्दछ। प्राविधिक नआईन्जेल बाहिर निस्केको भागलाई सफा तथा चिसो राखी राख्नको लागि थोरै पोटास मिसाएको पानी बेलाबेलामा छर्किरहने र बाहिर टाँसिएको फोहोर सफा गरी सफा चिसो कपडाले बेर्ने।
- यदि धेरै नै भाग बाहिर आएको छ भने फोहोर नलागोस् संक्रमण नहोस् भन्नाका लागि तल सफा प्लाष्टिक ओछ्याउने र पोटास मिसाएको पानी बेला बेलामा छर्किरहने।
- प्राविधिकले पाठेघरको बाहिर आएको भागलाई विस्तारै पुनः पहिलाकै स्थानमै फर्काई दिन्छन्।
- अन्य व्यवस्थापन प्राविधिकको सल्लाह अनुसार गर्ने।

१०. बाच्छा बाच्छी अड्कने वा व्याउन नसक्ने समस्या

कारणहरू

- बाच्छा बाच्छी ठूलो भएमा।
- वाच्छा वाच्छीको पाठेघर भित्रको बसाई (पोजिसन) नमिलेमा।
- शारीरिक कमजोरीको कारण।
- पाठेघरको मुख पूर्णरूपमा नखुलेमा।
- उमेर नपुग्दै पशु गर्भिणी भएमा।
- बाच्छा बाच्छी भित्रै मरेमा।
- संक्रामक रोगहरू जस्तै ब्रुसेलोसिस आदिको कारण।

- विभिन्न हार्मोनहरूको कमी तथा असन्तुलन।
- पाठेघर बटारिएमा।
- बाँधेर पालिएका पशुहरूमा पनि यस्तो समस्या आउनसक्छ।
- वंशाणुगत कारणहरू।

व्यवस्थापन

- ब्याउन खोजेको ५-६ घण्टा भित्र व्याउन नसकेमा तुरून्त प्राविधिकलाई बोलाई हाल्नु पर्दछ।
- प्राविधिकले पाठेघर भित्र हात हालेर अवस्था पत्ता लगाई आवश्यकता अनुसार उपचार गर्दछन्।

११. गर्भ तुहिने समस्या

कारणहरू

- संक्रमक रोगहरूको संक्रमण
- सन्तुलित आहाराको कमी
- विषालु घाँसपात, ढूसीजन्य दाना आदि।
- चोटपटकको कारण
- अदक्ष प्राविधिकले गर्भ जाँच्दा पनि कहिले काही गर्भ तुहिन सक्छ।
- उच्च ज्वरो
- गर्भावस्थामा गलत औषधि खुवाउँदा।

व्यवस्थापन

- गर्भिणी पशुलाई औषधि खुवाउनु पर्दा दक्ष प्राविधिकको सिफारिसमा मात्र खुवाउने
- कारण पत्ता लगाई व्यवस्थापन गर्नु पर्दछ।
- तुहिएको बाच्छा बाच्छी, साल तथा सम्पर्कमा आएका अन्य सोत्तरहरूलाई राम्रोसँग खाडलमा गाड्नुपर्दछ र माउलाई उपचार गर्नु पर्दछ।

गाईभैंसीलाई महत्वपूर्ण मानिएका खोप लगाउने बारे तालिका

क्र. सं.	खोपको नाम	रोगको नाम	उमेर	खोपको मात्रा र खोप दिने ठाँउ	खोपको थप मात्रा (बुस्टर)	नियमित खोप दिने समय	खोप दिने सिजन
१	एफ.एम.डी भ्याक्सिन (हेक्टस)	खोरेत	३-८ हप्ता	१० मि.लि. छालामुनि	३ महिना पछि	प्रत्येक ६ महिनामा	भाद्र मसान्त र फागुन मसान्त
	रक्षा एफ.एम.डी	खोरेत	४ महिना	३ मि.लि. छालामुनि	१ महिनापछि		

क्र. सं.	खोपको नाम	रोगको नाम	उमेर	खोपको मात्रा र खोप दिने ठाँउ	खोपको थप मात्रा (बुस्टर)	नियमित खोप दिने समय	खोप दिने सिजन
२	एच.एस.ब्रोथ भ्याक्सिन	भ्यागुते	सबै उमेर	५ मि.लि. छालामुनि	६ महिनापछि	वार्षिक	वर्षात शुरु हुनु भन्दा अघि
	एच.एस.आयल एड्जुभेन्ट	भ्यागुते	सबै उमेर	३ मि.लि. छालामुनि	३ महिनापछि	वार्षिक	
३	पोलिभ्यालेन्ट वि. क्यु भ्याक्सिन	चरचरे	सबै उमेर	५ मि.लि. छालामुनि	६ महिनापछि	वार्षिक	वर्षात शुरु हुनु भन्दा अघि
४	एच.एस. रवि. भ्याक्सिन	भ्यागुते र चरचरे	सबै उमेर	१ मि.लि. छालामुनि	६ महिनापछि	वार्षिक	वर्षात शुरु हुनु भन्दा अघि
५	एन्थ्राक्स स्पार भ्याक्सिन	पटके रोग	सबै उमेर	१ मि.लि. छालामुनि	६ महिनापछि	वार्षिक	वर्षात शुरु हुनु भन्दा अघि
६	टिस्यु कल्चर भ्याक्सिन	गौगोटी	सबै उमेर	१ मि.लि. छालामुनि	-	३-३ वर्षमा	जाडो समयमा
७	टेट-भ्याक	धनुष्टंकार	सबै उमेर	२ मि.लि. छालामुनि	४ हप्तापछि	वार्षिक	कुनै पनि समयमा

२३.४ कुखुराका प्रमुख रोगहरु

रानी खेतरोग

लक्षण

- रानी खेत रोगले श्वासप्रणाली र स्नायु प्रणाली प्रभावित भई कुखुराले सास फेर्न कठिनाई महसुस गर्दछ।
- चुच्चो र नाकबाट पानी जस्तो बाक्लो पदार्थ निस्कन्छ।
- कुखुरा टाउको झटकाउने र घाटी तान्ने गर्दछ।
- एकै ठाउँमा फनफन घुम्ने पछाडि हिड्ने पखेटा र खुट्टाको पक्षघात हुने घाटी बटार्ने हुन्छ।
- फुल पार्न कम हुन्छ।
- हरियो रंगको निकै गन्हाउने छेर्दछ।
- सिउर र लोती पहेंलो हुने र पछि नीलो रंगमा बदलिने गर्दछ।

रोकथामका उपायहरूः

- कुखुरा पालिने खोर वरिपरि सफा गर्नु पर्दछ।
- तालिका अनुसार खोप लगाउनु पर्दछ।
- बाहिरी कुखुरा र अरू चराहरू कुखुरा पालन क्षेत्रभित्र आउन दिनु हुँदैन।
- रोगबाट मरेका लाई पनि पुर्न पर्दछ।
- भाँडा उपकरण इत्यादि सामान संक्रमण मुक्त राख्नु पर्दछ।
- चल्लाहरूलाई पहिलो हप्ताभित्रै एफ स्ट्रोन भ्यक्सिन लगाइ दिनु पर्दछ र चल्लाको उमेर ८ देखि १० हप्ता पुग्दा आरटुबि (R2B) खोप लगाउनु पर्दछ।

कक्सिडियोसिस (Coccidiosis)

लक्षणहरूः

- बाह्य लक्षणहरूमा धेरै जसो प्वाँख खस्रो हुने, रगतको कमी हुने।
- दिशामा रगत छेर्ने हुन्छ।
- सीकल कक्सीडियोसिसमा मृत्युदर ५० प्रतिशत सम्म हुन्छ।
- आन्द्रामा हुने कक्सीडियो सिसमा शरीर पहेंलो हुने र छेर्ने हुन्छ।
- यसमा रगत मिसिएको हुनसक्छ र मृत्युदर भने ८ देखि १० प्रतिशतसम्म हुन्छ।

रोकथाम र नियन्त्रण

- चिस्यान भएको खोर, सोत्तर र दाना यसका लागि उपयुक्त वातावरण हुने हुँदा बस्ने ठाउँ र दाना सुख्खा हुनुपर्दछ। खास गरेर वर्षातको मौसममा विशेष ध्यान दिनुपर्दछ जुन बेला वातावरण चिस्यान बढी हुन्छ र तापक्रम पनि कक्सीडियाको विकासको लागि अनुकुल हुन्छ।
- यदि सोत्तरमा चिस्यान छ भने ५ देखि ७ किलोग्राम चून प्रति १०० वर्गफिटको क्षेत्रमा छर्नुपर्दछ । यसले चिस्यान कम गरी ताप उत्पन्न गर्दछ जसले यी प्रोटोजोआ मर्दछन् ।

गम्बोरो रोग (Gumboro / Infectious bursal disease)

लक्षणहरू

- रोग लागेपछि, शुरूमा विस्तारै झोक्राउँदै जाने।
- प्वाँख गुजमुजिएर बस्ने जस्ता लक्षण देखापर्दछन्।
- टाउको र घाँटी कपकपाउने भैपछि सम्पूर्ण शरीर नै काम्न थाल्छ।
- यसका साथै ज्वरो आउने, आँखाबाट पानी बग्ने हुन्छ।
- यस्तो अवस्थामा घाँटी तन्काउने र टाउको केही तल झुकाएर बस्छ।
- पहेंलो रंगको छेर्ने भै मलद्वार वरिपरि सुली टाँसिएको देख्न सकिन्छ।

- पुरानो रोगमा विस्तारै झोक्राउने र दुब्लाउदै जाने हुन्छ।

रोकथाम र नियन्त्रण

- सरसफाईको विशेष व्यवस्थापन हुनु पर्दछ।
- कुखुरालाई गम्बोरो रोगविरूद्ध भ्याक्सीन लगाउनु पर्दछ।
- दानापानी दिने भाँडाकुँडालाई किटाणु रहित बनाउनु पर्दछ।

कोलीबेसिलोसिस

- यो रोग जुनसुकै उमेरका कुखुराहरूमा देखिन सक्छ।
- यो रोग व्यवस्थापनमा कमीको कारणले हुने भएकोले व्यवस्थापनमा सुधार गर्नु पर्छ।

लक्षणहरूः

- दाना खान कम गर्ने र कहिलेकाही श्वास फेर्ने कठिनाई हुने।
- उदासिन हुने,सिउर फिक्का हुने।
- हरियो वा सेतो पातलो सुली छेर्ने।
- मलद्वारको वरिपरी सुली लतपतिने।

उपचारः

- प्राविधिकको सिफारिसमा एण्टिवायोटिक्स औषधीहरू खुवाउने।

कुखुराको सिफारिस खोप तालिका

१. ब्रोईलर कुखुराको खोप तालिकाः

उमेर	खोपको नाम	खोप लगाउने तरिका
१ दिन	मरेक्स/रानीखेत एफ १	नाक, आँखामा
१४ दिनमा	गम्बोरो ईन्टरमिडिएट (जीवित)	नाक, आँखामा
२१ दिनमा	रानी खेत एफ १ वा लासोटा	नाक, आँखामा, पानीमा
२८ दिनमा	गम्बोरो ईन्टरमिडिएट (जीवित)	नाक, आँखामा, पानीमा

१. यदि ब्रोईलरको प्यारेण्ट स्टकलाई १ दिनको उमेरमा रेस्पिन भ्याक्सिन (मरेक्स विरूद्ध) लगाईएको छ र पुनः रेस्पिन भ्याक्सिनले नै बुस्टर गरिएकोछ भने त्यस्ता फार्मबाट उत्पादिन चल्लाहरूलाई एच.भि.टी. भ्याक्सिन दिनुपर्दछ।

२. यदि ब्रोईलरको प्यारेण्ट स्टकलाई १ दिनको उमेरमा रेस्पिन भ्याक्सिन (मेरक्स विरूद्ध) लगाईएको छ र वुस्टर भ्याक्सिन एच.भि.टी. दिईएको भने त्यस्ता फार्मबाट उत्पादित चल्लाहरूलाई रेस्पिन भ्याक्सिन दिनुपर्दछ।

२. लेयर्स कमर्सियल कुखुराको खोप तालिका

उमेर	रोग	भ्याक्सिनको किसिम	भ्याक्सिनेसन तरिका
१ दिन	मरेक्स	सि.भि. १९८८ वा -१ एस वि-१	छालामुनी
५-७ दिन	रानीखेत	एफ -१ लासोटा	१ थोपा आँखामा
८-१२ दिन	गम्बोरो	ईण्टरमिडिएट	१ थोपा आँखामा
१८-२० दिन	मरेक्स	एच.भि.टी. फ्रिज हाइड्रेड	छालामुनी
२४-२६ दिन	गम्बोरो	ईण्टरमिडिएट	पानीमा
२८-३० दिन	आई.वि. रानीखेत	आई.वि. लासोटा	पानीमा
४२ दिन	फाउल पक्स	फाउल पक्स	पखेटामा
४९-५० दिन	रानीखेत आई.वि.	लासोटा आई.वि.	पानीमा
८-१० हप्ता	रानीखेत आई.वि.	आर. १ वि.	मासुमा
१२-१४ हप्ता	फाउल पक्स	फाउल पक्स	पखेटा (विङ्ग वेभ)
१५ हप्ता	आई.वि.	आई.वि.एच. १२०	पानीमा
१६ हप्ता	रानीखेत	लासोटा/एफ १	पानीमा

उपरोक्त तालिका बमोजिम भ्याक्सिनेसन गरिसके पश्चात अधिकतम उत्पादन अवस्थामा कुखुरा आईसकेपछि प्रत्येक २-२ महिनामा आई.वि. र लासोटा भ्याक्सिन दिदै जानुपर्दछ।

२३.५ नेपालमा पालिएका बाखाको जातहरू

स्थानीय जातका बाखाहरू

नेपालमा मुख्यतया चार जातका स्थानीय बाखाहरू पाल्ने गरेको पाईन्छ। यी स्थानीय जातका बाखाहरू यस प्रकारछन्।

क) तराई बाखा

नेपालका तराई क्षेत्र तिर पाईने जातको बाखालाई तराई बाखा भनिन्छ। यो शुद्ध जातको बाखा नभएर भारतीय जातको बाखा जमुनापारीको गुणहरू जस्तैः माथि उठेका नाक, झुण्डिएको लामो कान भएकोले यसलाई जमुनापारीको खच्चड पनि भनिन्छ, यद्यपी यसबारे अध्ययन अनुसन्धान हुनु जरुरी देखिन्छ। यो बाखा मझौला आकारको र विभिन्न रङ्गको भएता पनि प्राय खैरो शरिरमा सेतो धर्सारिहेको हुन्छ। यो बाखा दूध तथा मासु दुवैको लागि उपयुक्त मानिन्छ। यसको शारिरीक तौल करिब १८ देखि ३५ किलोग्राम सम्म हुन्छ। सालाखाला १५ महिनाको उमेरमा पहिलो पटक ब्याउने र खरी तथा तराई बाखाको प्रजनन् क्षमतामा धेरै समानताहरू पाईन्छन्।

ख) खरी/औंले बाखा

मध्य पहाडी प्रदेशमा पाईने बाखालाई पहाडी वा खरी बाखा भन्ने गरिन्छ। विभिन्न सात रङ्गका खरी बाखाहरू मा कालो तथा खैरो रङ्गका बाखाहरू तुलानात्मक रुपमा धेरै पाईन्छन्। प्रायः खरी बाखाहरूमा मध्यम आकारका पछाडी वा माथि तिर फर्केका सिङ्ग हुन्छन्। थोरै बाखाहरू मुडुले पनि

पाईएका छन्। खरी बाखाको शारिरीक तौल १५ देखि २५ किलोग्राम सम्म हुन्छ भने बोकाको शारिरीक तौल २५ देखि ३५ किलोग्राम सम्म हुन्छ। यो जातको बाखा सालाखाला १६ महिनाको उमेरमा पहिलो पटक ब्याउने, साधरण अवस्थामा २ वर्षमा ३ पटक व्याउने र प्रतिबेत २ वा २ भन्दा बढी पाठा पाठी हुर्काउन सक्ने क्षमता भएको हुनाले नेपालको अधिकांश भू-भागमा यो बाखा लोकप्रिय भएको पाईन्छ।

ग) सिन्हाल

उच्च पहाडी क्षेत्रमा पाईने यो जातको बाखा बरुवाल वा भ्याङ्गलुङ जातको भेडाको बथानमा चर्न रुचाउने हुन्छ। सिन्हाल जातको बाखा अन्य नेपाली बाखाहरू मध्ये सबैभन्दा ठूलो शरिर भएको बाखा हो। यसको छोटो टाउको, सिधा नाक, चिसो सहन सक्ने क्षमता भएको र यसबाट केही मात्रामा पश्मिना समेत उत्पादन गर्न सकिन्छ । वयस्क बाखाको शारिरीक तौल ३० देखि ३५ किलोग्राम सम्म हुन्छ। सिन्हाल बाखाहरू करीब २ वर्षको उमेरमा पहिलोपटक ब्याउने, साधारणतया वर्षमा एकपटक ब्याउने र एउटै पाठा वा पाठी मात्र पाउने गर्दछ।

घ) च्याङ्ग्रा

च्याङग्रा हिमालय पर्वत श्रृंखलाको पछाडि पट्टि सुख्खा, बढी हावा लाग्ने, चिसो र अर्ध भूमि जस्तो ठाउँमा पाईन्छ। च्याङग्राले त्यस क्षेत्रमा पाईने ताल्ला भन्ने झारमा पलाएको पात, फूल, जरा र घाँसहरू खाएर जीवन निर्वाह गर्दछन्। च्याङ्ग्रा पश्मिना र नरम खालको न्यानोभुवा उत्पादनको लागि प्रसिद्ध छ। च्याङ्ग्राको शरीर बाक्लो लामो रौं ले ढाकेको हुन्छ । रौं को भित्री भागमा मसिना पश्मिना रहेको हुन्छ। यसको सानो तर लामो टाउको, सिधा नाक, साँघुरो थुतुनो र कसिलो शरीर तथा बटारिएको सिङ्ग हुन्छ। यिनीहरू अन्दाजी दुईवर्षको उमेरमा पहिलो पटक ब्याउने, वर्षमा एकपटक व्याउने र अधिकांशले एक पटकमा एउटा मात्र पाठा पाठी पाउने गर्दछन्। वयस्क च्याङ्ग्राबाट वर्षमा ५० देखि २०० ग्रामसम्म पश्मिना उत्पादन हुने गर्दछ। वयस्क च्याङ्ग्राको तौल २५ देखि ३० किलोग्राम सम्म हुन्छ। यसको आफ्नो शारिरीक तौलको ३० प्रतिशत बराबर वजनको भारी बोक्न सक्ने क्षमता हुन्छ।

नेपालमा पालिने विदेशी जातका बाखाहरू

क) जमुनापारी

जमुनापारी बाखाको रङ्ग एकनासको हुँदैन तर साधारणतया सेतो रङ्ग भएका बाखाहरूमा कहिंकहिं गाढा रङ्गको चिन्हहरू हुने गर्दछ। यो जातको बाखाको जिउ ठूलो तथा अग्लो, लामोखुट्टा, नाकको बीच भाग उठेको (सुगानाके) र झुण्डिएको लामा कानहरू प्रमुख विशेषताहरू हुन्। जमुनापारी बाखाको पहिलो पल्टब्याउने उमेर तथा व्याउने अन्तर क्रमशः औषत ७७० दिन तथा ४२८ दिन उल्लेख भएको पाईन्छ।

ख) बारबरी

यसको कान छोटो तथा ठाडो, शरिर सानो, रङ्ग रातो र सेतो रङ्गको टाटे पाटे किसिमको हुन्छ। झट्टहेर्दा मृग जस्तो देखिने बारबरी जातको बाखा चर्न त्यति मन पराउँदैन। खोरभित्रै पालिने जात भएकोले यो जातको बाखा खास गरी शहरी वा शहरको वरिपरीको क्षेत्रमा पालिन्छन्। यो जातको बाखाको सरदर शारिरीक तौल बाखीको २७ देखि ३६ र खसिबोकाको ३२ देखि ४१ किलोग्राम सम्म हुने गरेको

पाइन्छ। पहिलो पल्ट ब्याउने औषत उमेर तथा दुई वेत बीचको अन्तर क्रमशः ५८८ दिन तथा २७४ दिन पाईएको छ।

(ग) सानन्

दूध उत्पादनको लागि विश्वप्रशिद्ध सानन जातको बाखाको जन्म स्थान स्वीजरल्याण्डको सानन उपत्यका हो। यो जातको बाखा सेतो क्रिम रङ्गको हुन्छ। यसको अनुहार सीधा वा अलि थेप्चिएको र कानहरू ठाडो तथा अगाडी तिर तेर्सिएको हुन्छ। विकसित फाँचो भएकोले यसले प्रतिदिन २ देखि ४ के.जी. सम्म दूध दिन्छ। साधरणतया यो जातको बाखाको सिङ्ग हुँदैन। बोकाको शारिरीक तौल औषतमा ९५ किलोग्राम र बाखीको ६५ किलो ग्राम सम्मको हुने गरेको छ।

(घ) विटल (Bettle)

यो बाखा हेर्दा जमुना पारी सँग मिल्दो जुल्दो हुन्छ। यो बाखामा सामान्यतया कालो र खैरो रङ्गमा बढी पाइने, नाक उठेको, कान चौडा लामो र घुम्रिएको, चौडा मझौला शरिर जस्ता चारित्रिक विशेषताहरू भएको पाईन्छ। यस जातको बाखाको औषत तौल वयस्क भालेको ५९ के.जी. र वयस्क पोथीको ३५ के.जी. हुन्छ। दुई वर्षमा पहिलो पल्ट ब्याउने र दुई बेत बीचको अन्तर औषतमा एक वर्ष भएको पाईएको छ। सरदर दुईवर्षमा ३ पटक व्याउनेर ५० प्रतिशत जुम्ल्याहा पाउने गर्दछ। नेपालको तराई र भावर क्षेत्रमा बँधुवा प्रणालीमा यसबाट राम्रो उत्पादन लिन सक्ने देखिन्छ।

(ङ) बोयर बाखा (Boer Goat)

विगत केही वर्ष देखि नेपालमा अगुवा कृषकहरूले यो बाखा पालन गर्न थालेका छन्। नेपालको विभिन्न भौगोलिक क्षेत्रमा यो बाखा पाल्न आवश्यक प्रविधि विकासका लागि नार्कले कृषि अनुसन्धान केन्द्र (बाखा) वन्दिपुरमा २०६५ सालदेखि विस्तृत अध्ययनको थालनी गरेको छ। यो बाखाको छिटो बढ्ने (८०-९०ग्राम प्रति दिन) गर्दछ। दुई वर्षमा ३ पटक व्याउने र प्रतिवेत दुई पाठा पाठी पाउने यस जातका विषेशताहरू हुन्। बाली जान सिजनको प्रभाव कम पर्ने भएकोले बोयर बाखाले बाह्रै महिना पाठापाठी जन्माउन सक्दछ।

भेडा बाखाका प्रमुख रोगहरू

पी.पी.आर

लक्षणहरू

- १०६ देखि १०८ डिग्री फरेनहाइट सम्मको ज्वरो आउँछ।
- घाँस पानी खाना छोड्छ र आँखा राता देखिन्छ।
- गिजा र जिब्रो तिरबाट घाउ आउन शुरू गर्छ र विस्तारै मुखतिर पनि फैलिन सक्छ।
- छेरौटी लाग्छ।
- आँखाबाट चिप्राहरू आउने र नाकबाट बाक्लो पहेंलो सिंगान बग्छ।
- खोकि रहन्छ।

रोकथाम

बाखालाई पी.पी. आर मुक्त राख्न खोप लगाउने। शुरूमा ३ महिनाको उमेर पुगेपछि पहिलो पल्ट खोप लगाउने र वर्षै पिच्छे दोहोर्याउने।

मुआलो

रोगका लक्षणहरू

- यो रोग लाग्दा मुख वरिपरि घाउ आउँदछ र पछि पाप्रा बन्दछ।
- मुखको चेपबाट प्रायः शुरू हुन यस्तो घाउ क्रमशः मुख वरिपरि, जिब्रोतिर, कानवरिपरि, खुट्टाको छालातिर अण्डकोण, कल्चौडा, सुत आदिको वरिपरि समेत यस्ता घाउहरू देखिन्छ।
- मुख वरिपरिघाउ आउने हुँदा घाँसपानी खानमा समस्या आउँछ र पशुहरू क्रमशः दुब्लाउँदै जान्छ।
- कहिलेकाँही ३-४ हप्तामा यो घाउ आफैं निको भएर जान्छ।

उपचार

यसको पनि खास उपचार छैन तर घाउ सफा गर्ने एन्टिसेप्टिक औषधि वा एन्टिवायोटिक्स औषधिको प्रयोग गर्ने।

२३.६ पशुपंक्षीबाट मानिसमा सर्न सक्ने रोगहरू

रेविज

लक्षणहरू

बौलाहा अवस्थाः कुकुर आक्रमक खालको हुने, नजिकको पदार्थहरू टोक्ने, जोडले चपाए जस्तो गर्ने, कराई रहने, स्वरमा परिवर्तन हुने, चिथोर्ने, पुच्छर खुट्टा मुनी राखेर हिड्ने, बाटोमा भेटाएका जति सबैलाई टोक्दै भाग्दछ। जिब्रो बाहिर निकाल्ने र धेरै ऱ्याल बगाईरहने हुन्छ।

लाटो अवस्थाः बौलाहा कुकर लाटो, बोल्न नसक्ने हुन्छन्, कुकुरहरू एउटा कुनामा गएर लुकेर बस्छ। मुखबाट ऱ्याल चुहाई राख्छ। खाना खान छोड्छ र बोलाउँदा पनि नसुन्ने र यस्तो भएको ४ देखि ५ दिन भित्र मर्दछ।

गाई, भैंसी र अन्य जनावरहरूमा यो रोग लागिसकेपछि विस्तारै खाना बन्द भई छट्पटाउने, विना कारण डुलिरहने, कराउने, उफ्रने, आँखा ठूल्ठूला पारी कान ठाडो पारेर हेर्नेर सिंङ्गले हिर्काउन खोज्छ। रोगले ग्रसित भइसकेपछि बिस्तारै आवाज पनि भिन्न निस्कने हुन्छ। रोगले ज्यादै ग्रस्त पारिसकेपछि जनावरहरू भुईमा लड्ने, मुखबाट ऱ्याल प्रशस्त मात्रामा काढ्ने गर्दछ। अन्तमा, जनावर पक्षघात भएर मर्दछ।

रोकथामः

घरपालुवा कुकुर बिरालो आदि लाई रेविज विरूद्ध खोप लगाउनुपर्दछ। पहिलोपटक खोप लगाउँदा ३ महिनाको उमेर कटे पछि लगाउने र प्रत्येक वर्ष दोहोऱ्याउनु पर्दछ।

वर्डफ्लु

वर्डफ्लु रोग ईन्फ्लुएन्जा ए नाम गरेको एक प्रकारको विषाणुको माध्यमबाट पंक्षीहरूमा लाग्ने संक्रमक रोग हो। यस रोगबाट विशेष गरी कुखुरा, बट्टाई, टर्की जस्ता पंक्षीहरू बढी सम्वेदनशील हुन्छन् भने हाँस, जंगली चराहरू रोगको लक्षण नदेखाई रोग वाहकको रूपमा देखापर्न सक्छन्। चराहरूमा यो रोग सर्वप्रथम सन् १८७८ मा पहिचान भएको थियो।

यो रोग पंक्षी तथा मानिसमा कसरी सर्दछ ?

यो रोग रोगी कुखुरा, संक्रमित सूली, उपकरणहरू, पानी, दाना आदिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष सम्पर्कबाट पंक्षीहरू बीच सर्न सक्दछ। त्यसैगरी बसाई सरेर आउने जंगली चराहरू तथा जीवित पंक्षी तथा पंक्षीजन्य सामाग्रीहरूको अवैध कारोवार बाट समेत यो रोग सर्न सक्दछ।

मानिसमा जिउँदो वा मरेको चराको प्रत्यक्ष सम्पर्कबाट यो रोग गर्न सक्दछ। यस रोगको विषाणु सुलीमा ४ डिग्री सेन्टीग्रेड तापक्रममा कम्तीमा ३० दिनसम्म बाँच्न सक्दछ। त्यसैगरी २२ डिग्री सेन्टीग्रेड तापक्रम भएको तालको पानीमा ४ दिन सम्म र ३० डिग्री सेन्टीग्रेड तापक्रम ३० दिनसम्म बाँच्न सक्दछ। तर ६० डिग्री सेन्टीग्रेड तापक्रममा ३० मिनेटमा र ७० डिग्रीसेन्टीग्रेड तापक्रममा केही सेकेण्डमै विषाणु मर्ने हुँदा पकाएर खाएको मासु तथा अण्डाबाट यो रोग सर्ने कुनै सम्भावना हुँदैन।

वर्डफ्लुका लक्षणहरू

कुखुरामा देखिने लक्षणहरू

असाध्यै तीक्ष्ण प्रकारको अवस्थामा रोगको कुनै लक्षण नदेखाई केही घण्टा भित्रमा शतप्रतिशत सम्म कुखुराहरूको मृत्यु हुनसक्छ। सामान्यतया धेरै कुखुराहरूको मृत्यु भएमा, श्वासप्रश्वास सम्बन्धी गम्भीर लक्षणहरू देखिएमा, टाउको, सिउर र लोती निलो भएमा, खुट्टामा रक्तश्रावहरू देखिएमा, पक्षघात देखिएमा, पातलो छेरेमा, अण्डा उत्पादन अचानक घटेमा, जलजले अण्डा पारेमा वर्डफ्लुको शंका गर्न सकिन्छ।

यस रोगका कतिपय लक्षणहरू कुखुरामा देखिने अन्य श्वास प्रश्वास सम्बन्धी रोगहरू जस्तै रानीखेत, कुखुराको हैजा आदिसँग मिल्न जाने हुँदा धेरै संख्यामा कुखुराहरू बिरामी परेमा अनावश्यक शंका गर्नुभन्दा नजिकको पशु सेवा कार्यालयमा तुरून्त खबर गर्नु उपयुक्त हुन्छ।

मानिसमा देखिने लक्षणहरू

चिकित्सकहरूका अनुसार मानिसमा बर्डफ्लुको संक्रमण भएमा ज्वरो आउने, खोकी लाग्ने, घाँटीदुखे, जीउ दुखे जस्ता लक्षणहरू देखिन्छन्। केहीमा फोक्सोमा गम्भीर असर पर्न गई निमोनिया पनि हुन सक्छ। यस्तो अवस्थामा रोग घातक बन्न सक्छ।

रोग रोकथामको लागि कृषक, नागरिक समाज तथा सर्वसाधारणको भूमिका

यस रोगको रोकथामको लागि कृषक तथा नागरिक समाज तथा सर्वसाधारणको भूमिका समेत महत्वपूर्ण हुन्छ।

- कुखुरा खोरहरूमा जैविक सुरक्षाका उपायहरू कडाईका साथ अवलम्बन गर्ने।
- कुखुरा फार्ममा काम गर्ने व्यक्तिहरूको व्यक्तिगत सरसफाईमा विशेष ध्यान पुर्याउने।

- जिउँदो पंक्षीहरूसँग कम लसपस गर्ने।
- मासु तथा अण्डा राम्रोसँग पकाएर खाने।
- कहिं कतै अवैध पंक्षी तथा पंक्षी जन्य पदार्थहरूको ओसार पसार भएको थाहा पाएमा सम्बन्धित निकायलाई जानकारी दिने।
- पंक्षीहरूको असामान्य र ठूलो संख्यामा मृत्यु भएको थाहा पाएमा तुरुन्तै नजिकको पशुसेवाका निकाय वा कार्यालयहरूमा खबर गरिदिने।
- मरेका पंक्षीहरू अलपत्र नफाली राम्रोसँग खाडल खनेर गाड्ने।
- अनावश्यक हल्लाको पछाडि नलागी आधिकारिक निकायको सूचनामा विश्वास गर्ने।

स्वाइनफिवर-सुँगुरको महामारी रोग

स्वाइन फिवर सुक्ष्म विषाणुका कारण बंगुर, सुंगुर जातिमा देखापर्ने अति संक्रामक महामारी रोग हो। यो रोग नयाँ क्षेत्रमा महामारीको रूपमा फैलिने र मृत्युदर बढी हुन्छ। तर रोग प्रकोप भइरहने क्षेत्रमा मृत्युदर कम भएपनि प्रजनन समस्या र स्नायु लक्षण देखिन सक्छ। यो रोग दूषित दाना पानी र सरसामान आदिको माध्यमबाट रोगी बंगुरबाट स्वस्थ बंगुरमा पनि सर्ने गर्दछ। रोग लागेर निको भएका बंगुरले आजीवन रोगाणु बोकेर बस्ने भएकोले त्यस्ता बथान वा फार्मबाट पाठापाठी किनेर ल्याउँदा रोग सर्न सक्छ।

रोग देखापरेको क्षेत्रमा सबै उमेरका बंगुर एकै पटक बिरामी भई धेरै हताहत भएमा र निम्न लक्षणहरू देखिएमा स्वाइनफिवर लागेको शंका गर्न सकिन्छ।

- शुरुमा कडा ज्वरो आउने, झोक्राएर बस्ने, दानापानी नखाने र एकै ठाउँमा गुच्चमुच्च भएर बस्ने।
- बिरामी जनावरको काखी, काछी, कानको पछाडि, पेटको भागमा डाबरा जस्तो प्याजी र कहिलेकाहीँ निलो रङ्गको धब्बा देखिन्छ ।
- पहिला कब्जिय तर पछि छेरौटी लाग्छ।
- ब्याउने जनावरले तुहाउँछ। बराबर रोग प्रकोप भइरहेमा प्रजनन क्षमतामा ह्रास र कमजोर खालका ख्याउटे पाठा पाठी जन्मिन्छन्।
- बिरामी जनावरले मुखबाट फिज काढ्ने, मुर्छा पर्ने र पक्षघात जस्ता स्नायू लक्षण देखाउँदछ।

रोकथाम

- विश्वासिलो, रोग मुक्त फार्मबाट पाठपाठी ल्याउने।
- स्वाईफिवर भ्याक्सिन नियमित रुपमा लगाउने।
- नियमित सरसफाईमा विशेष ध्यान दिने।

बंगुरमा लाग्ने पि.आर.आर.एस.

यो रोगको बिस्तृत नाम **प्रोसाइन रिप्रोडक्टिभ एण्ड रिस्पाइरेटरी सिन्ड्रोम** हो जसलाइ **ब्लु इयर** को नामले पनि चिनिन्छ। जुनसुकै उमेर र अवस्थाको बंगुरमा प्रोसाइन रिप्रोडक्टिभ एण्ड रिस्पाइरेटरी सिन्ड्रोम भाइरस छोटकरीमा **पिआरआरएसभी** बाट लाग्ने बंगुरको एक महत्वपूर्ण आर्थिक रुपमा नोक्सानी गर्ने रोग हो। यसमा उत्पादनशील बंगुरहरुको प्रजनन् क्षमता ह्रास गराइ स्वासप्रस्वास सम्बन्धी रोगहरु लाग्छ र स्वास फेर्न कठिनाई भइ कतिपय साना बंगुर तथा कमजोर बंगुरहरुको मृत्यू समेत गराउंछ ।२०७७ को चैत्रतिर यो रोग धरानमा फैलिएको प्रमाणित भएको छ।

प्रशारणः बिरामी बस्तुको प्रत्यक्ष सम्पर्क र संक्रमित बस्तुको बिर्य रोग फैलाउने मुख्य माध्यम भए पनि बिरामी बस्तुको रगत, दिशा, पिशाव, कचेरा आदीले पनि रोग फैलाउन मदत गर्छ।

लक्षणः संक्रमित माउबाट जन्मिने पाठापाठी संक्रमित अवस्थामै जन्मिन्छ। यो रोग दुई रुप तिब्र र जिर्ण रुपमा लाग्छ। तिब्र रुपमा स्वास फेर्न सा-है कठिनाइ हुने, आलस्यपना बढने, दानापानी नखाने, ज्वरो आउने, आंखाको ढकनीहरु सुनिने, कान तथा पछिल्लो भागमा निलोपना र रातोपना बढने। स्वास फेर्न अप्ठेरो भइ मर्ने। यसैगरी जिर्ण रुपमा स्वास प्रस्वासका रोगहरु रहिरहने, बांझोपन हुने, कमजोर अवस्था देखिने आदी।

उपचार तथा रोकथामः खासै उपचार छैन। तिब्र बिमारमा ब्रोड स्पेक्ट्रम एन्टिबायोटिक तथा एन्टिइन्फ्लामेट्री जस्तै एस्प्रिन दिदा केही सुधार हुन्छ। बचाबटमा पिआरआरएस भ्याक्सिन लगाउने, रोगी बस्तुहरु सबै हटाई सरसफाई राम्ररी गर्ने गरी रोग नलागेको स्वस्थ्य बंगुरहरु पाल्ने र जैविक सुक्षाका उपायहरु अपनाउने ।

पशुहरूको लागि केही घरेलु उपचारहरू

१) अरूची

क) १० ग्राम नून र १० ग्राम ज्वानो सँगै पिँध्नेर यसमा २० ग्राम खुदो मिसाएर पशुलाई दिनहुँ दुई पटक २-३ दिन सम्म खुवाउने।

ख) एक चौथाई लिटर मही दिनको दुईपटक २ दिनसम्म खुवाउने।

ग) ५०० मि.लि. इमिलीको रसमा १० ग्राम सुकेको हर्रो फूलको धूलो मिसाई बनाएको झोल २०० मि.लि. दिनको एक पटक केही दिन सम्म खुवाउने।

घ) आहारामा परिवर्तन गर्ने।

२) ज्वरो आएमा

क) १०० ग्राम खुदोमा १० ग्राम चिराइतो मिसाई बाक्लो लेदो बनाई पशुको जिब्रो तथा मुखको माथिल्लो भागमा दिनहुँ दुई पटक लगाउने।

ख) एक मुठ्ठी हरियो नीमको पातलाई १ लिटर पानीमा १५ मिनेट सम्म उमाली दिनको २ पटक गरेर खुवाउने।

ग) एक मुट्ठी इमलीको पात र २५० ग्राम इमली फल आधा बाल्टी पानीमा १५ मिनेटसम्म उमाल्ने र पानीको सट्टामा खानदिने।

३) रूघाखोकी

क) दुई मुट्ठी हरियो इमलीको पातलाई १ लिटर पानीमा ५ मिनेट सम्म उमाल्ने र २०० मि.लि. को दरले दिनको ३ पटक ३ दिन सम्म खान दिने।

ख) ५ ग्राम सुकेको बेसारको टुक्रालाई धूलोपारी त्यसमा थोरै मात्रामा सख्खर मिसाईले दोपारी दिनको १ पटक केही दिन सम्म दिने।

ग) फलेदोको ५०० ग्राम हरियो पातलाई पिनेर ३००-४०० मि.लि. पानीमा मिसाएर आधा आधा गरी बिहान, बेलुका गरेर ३ दिन सम्म दिने।

घ) ५-१०ग्राम सुकेको तुलसीको पातलाई धूलोपारी अलिकति सख्खरमा मिसाई लेदो पारी दिनको २-३ पटक ३ दिनसम्म खानदिने।

४) पखाला लागेमा

क) १ लिटर पानीमा १ चिया चम्चा नून र ४ चिया चम्चा चिनी घोलेर तयार पारेको झोल दिनको ३-४ पटक खुवाउने।

ख) चामलको माडमा १ ग्राम अदुवाको धूलो मिसाएर बिरामी पशुलाई दिनको २ पटक खुवाउने।

ग) एकमुट्ठी चिया पत्तीलाई १ लिटर पानीमा उमाल्ने, यसलाई छानेर यसमा आधामुट्ठी अदुवाको धूलो हाल्ने र यो दिनको ३-४ पटक गरेर बिरामी पशुलाई खुवाउने।

५) पेट फुलेमा

क) १०० मि.लि. जति तोरीको तेल एकैपटकमा खुवाईदिने।

ख) एक चम्चा लुगाधुने पाउडरलाई २०० मि.लि. जति पानीमा घोलेर खुवाई दिने। खाने सोडा पनि यसको लागि प्रयोग गर्न सकिन्छ।

ग) सामान्य किसिमबाट हावा भरिएको छ भने दुईवटा केराको पात टुक्रा पारेर दिनहुँ २-३ पटक २ दिनसम्म खुवाउने।

घ) पेट साह्रै फुलेको छ भने सफा धारिलो चक्कुले पशुको बाँयापट्टिको भूँडीमा दुलो पारेर सो ठाउँमा कुनै नली राखि दिने।

६) कब्जियत भएमा

क) पशुले खान सके जति केराको पात खान दिने।

ख) ५०देखि १०० ग्राम घिउकुमारीको पातलाई पिनेर २-३ दिन सम्म खुवाउने।

ग) यथेष्ट मात्रामा पानी खानदिने।

घ) तरल पाराफिन, काँचो आलसको तेल दिनहुँ एकपटक १०० मि.लि. जति १ -२ दिन सम्म खुवाउने।

७) विष खाएमा

क) विष खाएको पशुलाई १ लिटर दूध खुवाई दिने।

ख) १०० ग्राम म्याग्नेसियम सल्फेट ५००मि.लि. पानीमा मिसाई खुवाउने।

ग) विष खाएको पशुलाई १ लिटर पाराफिनको तेल वा काँचो आलसको तेल वा कुनै प्राकृतिक वनस्पति तेल खुवाई दिने।

घ) २०० ग्राम काठको खरानीको धूलोलाई ८०० मि.लि. पानीमा मिसाई विष खाएको पशुलाई खुवाउने।

ङ) ४ वटा फुल, २५० ग्राम सख्खर र १०० ग्राम बेसारलाई १०० मि.लि. पानीमा मिसाई तुरून्तै खुवाउने।

८) आन्तरिक परजीवि

क) लज्जावती झारको सुकेको पात एक भाग र दुई भाग पानी मिसाएर ४० मि.लि. जति खुवाउने। २-३ हप्तापछि फेरि दोहर्याउने।

ख) ५० मि.लि. पानी र अलिकति नून राखी त्यसमा एउटा किम्बुको छिप्पिएको फल राखी कुट्ने र हप्ताको १ पटक ३ हप्तासम्म खुवाई राख्ने।

ग) घाममा सुकाएको छिप्पिएको मेवाका बीउहरू धूलो पारी अलिकति पानीमा मिसाउने र १०० ग्राम जति ६ दिन सम्म दिनहुँ १ पटक खुवाउने।

९) किर्ना परेमा

क) २०० ग्राम नून ४ लिटर पानीमा घोलेर यसै झोलले नुहाइ दिने।

ख) ५० मि.लि. नरिवलको तेल १०० ग्राम गन्धकर ५० ग्राम अदुवा मिसाई तताएर चिसो पार्ने र पशुको जीउभरी लगाइ दिने।

ग) ३०० ग्राम सुकेको सुर्तीको पातलाई १ लिटर पानीमा भिजाउने र १ चम्चा हालेर यसलाई ३ घण्टा सम्म यथावत राख्ने। ३ घण्टा पछि यो झोल पशुको जीउ भरि लगाउने।

१०) लुतो भएमा

क) गन्धक धूलोमा अलिकति तेल मिसाई त्यसको लेदो लुतो भएको ठाउँमा लगाउने।

ख) एक मुट्ठी सुकेको बकाइनोको छिप्पिएको बीउलाई पिनेर त्यसमा अलिकति पानी मिसाई लेदो बनाएर लुतो भएको ठाउँमा लगाई दिने।

११) खोरेत

क) खोरेत लागेका पशुहरूलाई शुरूको अवस्थामा १२ वटा केरा खुवाउने र १ के.जी. मेथीको पात खान दिने।

ख) फिटकिरीले मुख वरिपरिको घाउ सफा गर्ने।

१२) खुर कुहिने

क) पशु आउने जाने बाटोमा एउटा खाडल खनी २/३ लिटर मट्टितेल खाडलमा हाल्ने।

ख) २-३ मुट्ठी निलोतुथो १ बाल्टी पानीमा घोल्ने र खाडलमा हाल्ने।

ग) ३-५ के.जि. हरियो नीमको पातलाई राम्ररी पिनेर खाडलमा हाल्ने।

घ) दिनको दुई/तीन पटक पशुलाई त्यसमा हिंडाउने।

पशुपालनको निम्ति घाँस खेती

जग्गा हुने कृषकहरूले आफ्ना खेतबारीहरूमा तथा खाली जग्गाहरूमा साथै काम नलाग्ने जग्गाहरूमा र बारीका कान्लाहरूमा पनि घाँस खेती गरी वर्षैभरीको लागि घाँस उत्पादन गर्न सक्दछन्। डाले घाँस, बहुवर्षिय घाँसमा हिउँदे र वर्षे मिलाएर लगाउनु पर्दछ। सामुदायिक जंगलहरूमा समेत व्यवस्थित तरिकाले उन्नत जातका घाँसहरूको खेती गरी आवश्यक घाँस उपलब्ध गराउन सकिन्छ।

१. **डाले घाँसहरूः**

किम्बु, चुलेत्रो, इपिल-इपिल, दुधिलो, भीमल, बडहर, टाँडी, कोइरालो, निमारो आदि।

२. **बहुवर्षिय घांसहरुः**

नेपियर, स्टाइलो, अमृसो, सेटारिया, मोलासेस, पास्पालम, क्लोभर, राइघाँस, कक्सफुट, सुडान, कुड्ज, डिस्मेडियम आदि।

३. **हिउँदे घाँसहरूः**

जै, सानो केराउ, बर्सिम, भेच आदि।

४. **वर्षे घाँसः**

टियोसेन्टी, काउपी, बाज्रा, मकै, भट्मास आदि।

एक वर्षे घाँस उत्पादन प्रविधि

यस्तो प्रकारको घाँस वर्षै पिच्छे लगाइरहनु पर्छ। नेपालमा लगाउन सकिने र पशुको लागि उपयुक्त घाँसहरूमा वर्षिम, जै, सर्गम, टियोसेन्टी, केराउ, बाज्रा, भटमास, बोडी पर्दछन्। घाँस लगाउँदा कोसा लाग्ने र नलाग्ने घाँसहरू मिलाएर लगाएमा माटोको उर्वरा शक्ति कायम रहनुको साथै पशुलाई आवश्यक पर्ने प्रोटिन, कार्वोहाइड्रेडको अनुपात पनि मिल्न जान्छ।

क) हिउँदे घाँस उत्पादनः

उपयुक्त एक वर्षे हिउँदे घाँसमा बर्सिम, जै, केराऊ, भेच आदि पर्दछन्। यी भुईघाँसहरू लगाउँदा मिश्रित तरिकाले लगाउन सकिन्छ। मिश्रित खेती गर्दा माथि उल्लेख गरे अनुसार माटोको उर्वरा शक्ति समेत बाँच्न जान्छ। हिउँदे घाँसको बीउलाई असोज देखि मंसिर सम्म छरी हिउँदको समयमा प्रयोग गर्न सकिन्छ।

ख) वर्षे घाँस उत्पादनः

एक वर्षे घाँसमा भट्टमास, मकै, मकैचरी, जोआर, बाजरा, बोडी आदि पर्दछन्। वर्षे घाँसका बीउलाई सामान्यतया वर्षा याममा घाँसको रूपमा प्रयोग गर्न सकिन्छ।

बहुवर्षे घाँस उत्पादन प्रविधि

यस्तो प्रकारको घाँस एक पटक लगाए पछि वर्षौं सम्म घाँस उत्पादन गर्न सकिन्छ। यस्तो घाँस हैसियत विग्रिएको सार्वजनिक चरन, सामुदायिक वन, खोलाको वगर, खेतवारीको डील कान्ला आदिमा लगाउन सकिन्छ। पशुको लागि उपयुक्त बहुवर्षिय घाँसहरूमा नेपीयर, स्टाइलो, अमृसो, राई ग्रास, सेतो क्लोभर, ज्वाइन्ट भेच, पास्पालम, मोलासेस, सेटारिया, कक्सफुट, कुड्जु, ग्लाइसिन, सेन्ट्रोसिमा, सिराट्रो, डेस्मोडियम, ल्यावल्याव आदि हुन्। यसरी सामान्यतया वर्षे घाँसलाई फागुन-चैत्रमा छरिन्छ भने, हिउँदे घाँसलाई आश्विन कार्तिकमा छरिन्छ। बीउको आकार मकैको दाना जस्तो छ भने प्रति हेक्टर ४०-५०

के.जी. सम्म बीउ लाग्छ। वर्षिमको बीउ जस्तो छ भने २०-२५ के.जी. सम्म लाग्छ। पहाडी र जमिन खेतीको लागि प्रयोग गर्ने ठाउँमा बहुवर्षे घाँस खेतीमा जोड दिनुपर्छ।

मिश्रीत खेती

घाँस खेती गर्दा मिश्रीत तरिकाले गर्दा एकातिर माटोको उर्वरा शक्ति बढ्छ भने अर्कोतिर पशुलाई पौष्टिक तत्व पनि प्रयास प्राप्त हुन्छ। जस्तै, हिउँदे मिश्रीत खेतीः जै र भेज, जै र सानो केराउ। वर्षेः टियोसेन्टी र बोडी, मकै र बोडी, मकै र भट्टमास आदि।

२३.७ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट विभिन्न सेवा दिए वापत लिने राजश्व दर

क्र.स.	सेवाको विवरण	इकाई	दस्तुर
१	पशुपन्छी उपचार सेवा		
१.१	गाई, भैंसी	प्रति पशु	२०
१.२	कुखुरा, हाँस र अन्य पन्छी	प्रति पशु	५
१.३	भेडा, बाखा, बंगुर र खरायो	प्रति पशु	१०
१.४	कुकुर, बिरालो	प्रति पशु	१००
१.५	हात्ती, घोडा,बाँदर,	प्रति पशु	१००
१.६	अन्य वन्यजन्तु	प्रति पशु	१००
२	पशुपन्छी प्रयोगशाला सेवा		
२.१	गोवर परिक्षण सबै जनावर	प्रति नमुना	१०
२.२	शव परिक्षण		
क	गाई, भैंसी	प्रति शव	२००
ख	भेडा, बाखा, बंगुर	प्रति शव	५०
ग	पंक्षी	प्रति शव	२०
घ	कुकुर, बिरालो	प्रति शव	२००
ङ	हात्ती, घोडा,बाँदर, अन्य वन्यजन्तु	प्रति शव	५००
२.३	एक्सरे सेवा(सानो जनावर)	प्रति पशु	१५०
२.४	अल्ट्रासाउन्ड (सानो जनावर)	प्रति पशु	२००
२.५	कल्चर स्न्सटिभिटि परिक्षण	प्रति नमुना	५०
२.६	दुध परिक्षण	प्रति नमुना	२५
२.७	रुटिन पिसाव परिक्षण	प्रति नमुना	२५
२.८	रुटिन रगत परिक्षण	प्रति नमुना	६०
२.९	हेमोग्लोविन	प्रति नमुना	३०
२.१०	पिसिभि	प्रति नमुना	३०
२.११	रगतको प्रोटोजोवा परिक्षण	प्रति नमुना	१००
२.१२	रेपिड परिक्षण	प्रति नमुना	५०
२.१३	छाला परिक्षण	प्रति नमुना	५०
३	पशु प्रजनन् सेवा		
३.१	कृत्रिम गर्भाधान सेवा		
क	गाई, भैंसी, बाखा तथा बंगुर	प्रति पशु	२५
३.२	गर्भ परिक्षण		
क	सामान्य विधिबाट गाई भैंसीको गर्ध परिक्षण	प्रति पशु	२५
ख	USG विधिबाट गाई भैंसीको गर्ध परिक्षण	प्रति पशु	५०

क्र.स.	सेवाको विवरण	इकाई	दस्तुर
३.३	Prolapse/Retention of Placenta		
क	Large animal(Cattle, Buffalo, Horse)	प्रति पशु	१००
ख	Small animal(Goat, Sheep, Pig)	प्रति पशु	५०
३.४	Dystokia Correction		
क	Large animal(Cattle, Buffalo, Horse)	प्रति पशु	१००
ख	Small animal(Goat, Sheep, Pig)	प्रति पशु	५०
४	सामान्य सर्जरी सेवा		
४.१	बोका साँढे राँगो सुमार्ने/खसी पार्ने	प्रति पशु	२५
४.२	Wound Incision and Dressing	प्रति पशु	५०
४.३	Tail amputation	प्रति पशु	१००
४.४	Dehorning	प्रति पशु	१००
४.५	Immobilization of Fracture	प्रति पशु	१००
४.६	Other minor surgery	प्रति पशु	१००
५	विशेष सर्जरी सेवा		
५.१	Dog Neutering Operation	प्रति पशु	५००
५.२	Cesarean section of small ruminant and non-ruminant	प्रति पशु	२००
५.३	Cesarean section of large ruminant	प्रति पशु	५००
५.४	Rumentomy Operation	प्रति पशु	५००
५.५	Others major surgery	प्रति पशु	५००
६	मत्स्य तर्फ		
६.१	तापक्रम	प्रति नमुना	५
६.२	पानीको पारदर्शिता	प्रति नमुना	५
६.३	घुलित अक्सिजन	प्रति नमुना	१०
६.४	पी.एच	प्रति नमुना	५
६.५	अमोनिया	प्रति नमुना	२०
६.६	नाइट्राइट	प्रति नमुना	२०
६.७	नाइट्रेट	प्रति नमुना	२०
६.८	मल्टिपारामिटर(GPS सहित १२ वटा पानीका सुचक)	प्रति नमुना	५०
६.९	माछाको नमुना परिक्षण	प्रति नमुना	२०

स्रोतः पशुपंछि तथा मत्स्य विकास निर्देशनालय, विराटनगर,२०७८

२४. खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय

परिचयः

कृषि उपजमा आधारित खाद्य प्रशोधन प्रविधिको विकास एवम् प्रसार, देशका विभिन्न भागको पोषण स्थिति सर्वेक्षण र उपभोक्ताहरुको लागि गुणस्तरीय खाद्य पदार्थ आपूर्तिको लागि खाद्य ऐन नियमको तर्जुमा गर्दै जाने उद्देश्यले खाद्य विभागको स्थापना भएको थियो। वि.सं.२०१८ मा तात्कालिन कृषि तथा वन मंत्रालय अन्तर्गत खाद्य विभागको रुपमा स्थापना भई समय समयमा संरचना विस्तार एवं हेरफेर सगैं हाल आएर सघींय संरचनाको रुपमा कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग रहेको छ। यसै गरी वि.सं. २०२३ सालमा खाद्य ऐन र वि.सं. २०२७ मा खाद्य नियमावली तर्जुमा भई लागू भएको देखिन्छ। त्यस्तै पशुपालन एवं कुखुरा पालनको लागि गुणस्तरयुक्त दाना आपूर्ति होस् भन्ने हेतुले वि.सं. २०३३ सालमा दाना

ऐन र वि.सं. २०४१ सालमा दाना नियमावली लागू भएपछि खाद्य एवम् दाना पदार्थको गुण नियन्तर्ण कार्यमा विभाग र अन्तर्गत कार्यालयहरुबाट कार्य सम्पादन हुदै आएको छ। विभाग अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरु विराटनगर, जनकपुर, हेटौंडा, भैरहवा, नेपालगन्ज र धनगढी तथा स्याउ प्रशोधन केन्द्र जुम्ला रहेका छन्। यसैगरी २४ वटा डिभिजन कार्यालयहरु र १२ वटा खाद्य आयात निर्यात गुण प्रमाणिकरण कार्यालय रहेका छन्।

पुर्वाञ्चल क्षेत्रमा उपभोक्ताको स्वास्थ्य रक्षाको लागि खाद्य स्वच्छता एवं गुणस्तर नियमन गर्न र खाद्य पोषण तथा प्रविधि प्रसार गर्न वि.सं. २०३५ सालमा सुनसरी जिल्लाको धरान उपमहानगरपालिकामा पूर्वाञ्चल खाद्य प्रयोगशाला को रुपमा यस खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको स्थापना भएको थियो। वि.सं. २०४६ सालमा यस कार्यालयको नाम पुर्वाञ्चल खाद्य विश्लेषण प्रयोगशाला नामाकरण गरियो। वि.सं. २०५० मा पुनः यस कार्यालयको नाम परिवर्तन गरि क्षेत्रीय खाद्य विश्लेषण प्रयोगशाला नामाकरण गरियो। वि.सं. २०५२ सालमा यस कार्यालयको नाम क्षेत्रीय खाद्य प्रयोगशाला रहन गयो। यस प्रयोगशालालाई सेवाग्राहीको आवश्यकतालाई मध्यनजर गरि मोरंङ्ग जिल्लाको विराटनगर महानगरपालिकामा वि.सं. २०५३ भाद्र ३१ मा स्थानान्तर गरियो। वि.सं. २०५७ श्रावण २३ गतेबाट यस कार्यालयको नाम क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय रहन गयो। वि.सं. २०७१ साल फागुन देखि यस क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आफ्नै प्राङ्गणमा नव-निर्मित भवनबाट सेवा प्रदान गरिरहेको छ। वि.सं. २०७५ साल श्रावण महिना देखि कार्यालयको नाम परिवर्तन भई खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भएको छ। यस कार्यालय अन्तर्गत झापा, सुनसरी, धनकुटा तथा उदयपुरमा गरी चारवटा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयहरु समेत स्थापना भएका छन्।

कार्यालयको मूख्य उद्देश्यहरु :

- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको निर्देशनमा रहि खाद्य वस्तुको उत्पादनस्तर देखि विक्री वितरण सम्म खाद्य ऐन २०२३ अनुरुप खाद्य गुणस्तर नियमन तथा निरीक्षण प्रमाणीकरण गर्ने कार्ययलाई प्रभावकारी रुपमा निरन्तरता दिने ।
- दाना ऐन २०३३ अनुरुप दाना जन्य पदार्थको गुणस्तर नियमन गरि स्वस्थ एवम् स्तरीय दाना आपूर्ति व्यवस्थामा टेवा पुऱ्याउने ।
- खाद्य ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न यस १ नं. प्रदेशमा उपलब्ध खाद्य नमूनाहरुको जाँच परीक्षण र सेवाग्राहीको माग अनुसार सरल एवम् छिटोछरितो प्रयोगशाला सेवा दिने।
- खाद्य तथा दाना उद्योगहरुको नियमित निरीक्षण गर्ने र उद्योगहरुलाई अनुज्ञापत्रको दायरा भित्र ल्याउने साथै खाद्य उद्योगहरुको सिफारिस, उद्योग अनुज्ञापत्र जारी तथा नविकरण गर्ने प्रकृयालाई सहज तथा प्रभावकारी तुल्याउने।
- खाद्य प्रशोधन, संरक्षण तथा संचयन सम्बन्धी शिपमूलक एवम् पोषण सम्बन्धी तालिमहरु संचालन गरि खाद्य प्रौद्योगिकरणमा टेवा पुऱ्याउने।
- झुक्यानमा पारि वा न्यूनस्तर वा दुषित खाद्य तथा दाना वस्तुहरुको उत्पादनस्तर देखि बिक्री वितरण तथा आयात निर्यातको तहसम्म कार्य गर्ने व्यक्ति तथा फर्म उपर खाद्यऐन वा दाना पदार्थ ऐन वमोजिम कारवाही गर्ने।
- आम उपभोक्ता तथा विद्यालयका बालबालिकाहरुलाई जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले खाद्य स्वच्छता, गुणस्तर तथा पोषण सम्बन्धी स्थानीयस्तरमा सूचना सन्देश प्रसारण, खाद्य स्वच्छता शिक्षा अभियान कार्यक्रम संचालन गर्ने।
- बजार निरिक्षण, होटल, रेष्टुरेण्ट, मिठाई पसलको निरिक्षण र खाद्य स्वच्छता कायम गरि उपभोक्तालाई स्वच्छ तथा गुणस्तरीय खाद्य पदार्थ उपलब्ध गराउने।

- उपभोक्ता वर्गमा खाद्य स्वच्छता सम्बन्धमा सचेतना गर्ने उद्देश्यले दुर्गम तथा पहाडी क्षेत्रको लागि लक्षित उपभोक्तामूखी कार्यक्रम नमुना उद्योग तथा बजार निरिक्षण संकलन उपभोक्ता संचालन गर्न।
- घरेलु उद्योगका समस्या समाधान तथा कृषिजन्य उद्योगको स्थापना तथा उद्योग सञ्चालनका क्रममा आईपरेका प्राविधिक समस्या समाधानका लागि निःशुल्क परामर्श सेवा दिने।

खाद्य गुण नियन्त्रण, दाना गुण नियन्त्रण, खाद्य प्रविधि विकास एवम् विस्तार, खाद्य पोषण, प्रयोगशाला विश्लेषण सेवा सम्बन्धी यस कार्यालयले गरी आएका प्रमुख कार्यहरु निम्न रहेका छन्।

१० गुण नियन्त्रण

- तालिम प्राप्त निरिक्षकहरुबाट नियमित एवम् आकस्मिक रुपमा बजारउद्योग निरीक्षण गरी असलस्वस्थकर उत्पादन अभ्यास अनुरुप उत्पादन भए नभएको अनुगमन गरी गुणस्तर सम्बन्धी अनुसन्धान गर्ने र विशेष गरी न्यून गुणस्तरका खाद्य तथा दाना पदार्थहरुका नमुना संकलन, संकलीत नमुनाहरुको प्रयोगशाला विश्लेषण, विश्लेषणवाट प्राप्त नतिजाहरुको आधारमा न्यून गुणस्तर वा दुषित देखिएकोमा खाद्य दाना ऐन नियम अनुसार कानूनी कारवाही।
- खाद्य र दाना उद्योग स्थापना गर्न, सिफारीस, अनुज्ञा पत्र पत्र प्रदान नवीकरण, नियमन एवम् परामर्श सेवा।
- खाद्य दाना वस्तुहरुको उत्पादन, संचयन तथा बिक्री वितरणमा हुने अस्वस्थकर गतिविधिलाई नियन्त्रण गर्न विभिन्न माध्यमबाट सचेतना कार्यक्रम संचालन।

२) खाद्य प्रविधि विकास एवम् विस्तार

- फलफूल, तरकारी, खाद्यान्न, माछा मासु र दुग्ध पदार्थमा आधारित प्रशोधन प्रविधिहरुको विकास एवम् प्रसार।
- खाद्य उद्योग स्थापना गर्न चाहने उद्यमी व्यवसायीहरुको लागि तालिम कार्यक्रम संचालन।
- खाद्य उद्योगहरुको लागि प्राविधिक सेवा टेवा प्रदान कार्यक्रम।
- दुर्गम स्थानमा उत्पादन हुने फलफूलहरुको संरक्षण गर्न उपयुक्त ढुवानी तथा परिवहन प्रविधि तथा प्याकेजिङ प्रविधिको विकास, प्रसार।
- कृषि उपजमा उत्पादनोपरान्त हुने क्षति कम गर्न अध्ययन अनुसन्धान प्रचार प्रसार।

३) खाद्य पोषण कार्यक्रम

- कार्यालय अन्तर्गत विभिन्न भौगोलिक क्षेत्र तथा बर्ग विशेषको पोषण स्थितिमा सुधार ल्याउन स्थानीय स्तरमै अवलम्बन गर्न सकिने उपायहरु बारेको सचेतना।
- खाद्य वस्तुहरुको पौष्टिक तत्वहरुको अध्ययन अनुसन्धान गरी खाद्य पोषण तालिका निर्माण एवम् प्रसारमा आवश्यक सहयोग।
- पोषण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन।
- पोषण सम्बन्धी तालिम कार्यक्रम संचालन।

४) प्रयोगशाला विश्लेषण सेवा

- तोकिएको दस्तुर सहित अनुरोध भई आएका खाद्य एवम् पेय पदार्थ तथा दाना पदार्थको जाँचको लागि प्रयोगशाला सेवा।

५) SPS सम्बन्धी कार्यमा विभागको निर्देशानुसार आवश्यक कार्य।

STANDARD HEIGHT AND WEIGHT OF MEN AND WOMEN

Height Feet /Inches	Men Kg	Women Kg	Maximum weight one may reach
5'		51 - 54	Upto the age of 30 years 10% above standard
5'1"		52 - 55	
5'2"	56 - 60	53 - 57	

Height Feet /Inches	Men Kg	Women Kg	Maximum weight one may reach
5'4"	59 - 64	56 - 60	Between 30-35 years Standard is optimum weight Above 35 years weight should be 10 % below standard
5'5"	61 - 62	58 - 61	
5'6"	69 - 65	61 - 65	
5'7"	64 - 69	62 - 67	
5'8"	66 - 71	64 - 69	
5'9"	68 - 73	66 - 70	
5'10"	69 – 74	67 - 71	
5'11"	71 – 76	69 - 74	
6'	73 – 79		
6'1"	75 – 81		
6'2"	78 – 84		
6'3"	80 – 86		

बिभिन्न पौष्टिक तत्वहरूको दैनिक आवश्यकता तालिका

समुह	शारीरिक तौल किलो ग्राम	क्यालोरी	प्रोटिन ग्राम	चिल्लो वस्तु (ग्राम)	क्याल सियम मिलि ग्राम	फलाम मि.ग्रा.	भिटामिन ए	
							रेटिनोल माइक्रो ग्राम	केरोटिन माइक्रो ग्राम
स्वास्नी मानिस	५०						६००	२४००
सामान्य काम		१,८७६	५०	२०	४००	३०		२४००
मध्यम काम		२,२२५	५०		४००	३०		२४००
भारी काम		२९२५	५०		४००	३०		२४००
गर्भवती	५४	३००	१५	३०	१०००	३८	६००	२४००
दुध खुवाउने		५५०	२५	४५	१०००	३०	९५०	३८००
काखे बच्चा ०-६ महिना	४.६	१०४ प्रति किलो तौल	२.०५ प्रति किलो		५००		३५०	१,२००
७-१२	७	९४ प्रति किलो तौल	१.६५ प्रति किलो		५००		३५०	१,२००

Accredited Food Commodities and Parameters of National Food and Feed Reference Laboratory, Department of Food Technology Quality Control(DFTQC), Nepal by National Accreditation Board for Testing and Calibration Laboratories (NABL), India on ISO/IEC 17025:2017

S.N.	Commodities	Parameters
BIOLOGICAL TESTING		
I Food and Agricultural Products		
1.	**Fruits & Vegetable Products:**Jam, Juice, Jelly, Pickles and candies	1. Total Bacteria Count 2. Yeast and Mould Count 3. Coliform Count 4. Escherichia coli 5. Enterobacteriaceae
2.	**Bakery and Confectionery Products**	
a.	**Pulses and cereal Product:** Instant Noodles, Biscuits and Infant Foods	1.Total Bacteria Count 2.Yeast and Mould Count 3.Coliform Count 4.Escherichia coli 5. Enterobacteriaceae
3.	**Milk and Dairy Products**	
a.	Fluid Milk, Skimmed Whole Milk Powder, Condensed Milk, Icecream and Yogurt Sweets	1.Total Bacteria Count 2.Yeast and Mould Count 3.Coliform Count 4.Escherichia coli 5. Enterobacteriaceae
4.	**Processed Meat and Meat Products**	1.Total Bacteria Count 2.Yeast and Mould Count 3.Coliform Count 4.Escherichia coli 5.Enterobacteriaceae
II Water		
1	**Processed Drinking Water**	1.Total Bacteria Count 2.Yeast and Mould Count 3. Coliform Count
Chemical Testing		
	IFood and Agricultural Products	
1.	**Fats and Oils**	1. Free fatty acid 2. Refractive index 3. Acid value 4. Peroxide value
2.	Fruits and Vegetables (Processed Products and Sweets)	1. Total Soluble Solids (TSS) 2. Acidity 3. Sulphur Dioxide (SO_2) 4. Benzoic Acid 5. Tartazine 6. Sunset Yellow
3.	Spices and Condiments	
	Ginger, Cardamom and Turmeric	1. Volatile Oils 2. Crude Fibre 3. Total Ash

S.N.	Commodities	Parameters
4.	**Tea and Coffee**	1. Total Ash 2. Water Extract 3. Crude Fibre 4. Lead 5. Caffeine
5.	**Cereals and Cereal Products**	1. Moisture 2. Protein
6.	**Honey**	1. Moisture 2. Acidity as Formic acid 3. Hydroxymethyl furfural (HMF)
7.	**Milk and Milk Products**	
a.	Processed Milk, Skimmed, Whole Milk Powder, Infant Foods and Condensed Milk	1. **Milk Fat** 2. **Moisture** 3. **Protein** 4. **Ash Content** 5. **Fat**
8.	**Meat Products**	1. **Sodium nitrite**
II. Residues in Food Products		
1	**Fruits and Vegetables**	**Organochlorine Pesticides** 1. Aldrin, SS 2. Alpha-BHC, SS 3. Alpha-Chlordane, SS 4. Beta, BHC, SS 5. Delta, BHC, SS 6. Dieldrin, SS 7. Endosulfan I (Alpha) 8. **Endosulfan II(Beta), SS** 9. **Endosulfan Sulfate, SS** 10. Endrin Aldehyde, SS 11. **Endrin Ketone, SS** 12. **Endrin, SS** 13. Gamma-BHC (Lindane), SS 14. Gamma Chlorodane, SS 15. Heptachlor, 99%, SS 16. Heptachlor-epoxide 17. Isomer B, SS 18. **4, 4'- DDD, SS** 19. **4, 4'- DDE, SS** 20. **4, 4'- DDT** 21. **MethoxyChlor**
		Organophosphorus Pesticides 1. **O,O,O- Timethylphosphorothioate** 2. **Thionazin** 3. **Sulfotep** 4. **Phorate** 5. **Dimethoate** 6. **Disulfoton** 7. **Parathion** 8. **Methyl Parathion**

S.N.	Commodities	Parameters
		9. **Famphur**
2	**Cereals and Cereal Products:** Instant Noodles, Biscuits, Snacks	**Mycotoxins** 1. **Total Aflatoxin** 2. **Aflatoxin B1** 3. **Aflatoxin G2**
		Trace Elements 1. **Zinc** 2. **Calcium** 3. **Magnesium** 4. **Iron**
III	**Water**	
1.	**Processed Drinking Water**	1. **pH** 2. **Hardness** 3. **Alkalinity** 4. **Chloride content**
IV	**Residues in Water**	
1.	**Processed Drinking Water**	**Trace Metal Elements**
		1. **Lead** 2. **Cadmium** 3. **Arsenic** 4. **Calcium** 5. **Copper** 6. **Iron** 7. **Magnesium** 8. **Zinc**

खाद्यपदार्थको अनिवार्य गुणस्तर (Mandatory Food Standard)

हाल सम्म नेपाल सरकारले अनिवार्य गुणस्तर निर्धारण गरेका खाद्य पदार्थहरुको विवरणः

०१ . दूध तथा दुग्ध पदार्थहरु (Milk and Milk Products)

०१.०१ दूध (Milk)

०१.०२ गाईको दूध (Cow Milk)

०१.०३ भैंसीको दूध (Buffalo Milk)

०१.०४ घिउ (Ghee)

०१.०५ प्रशोधित दूध (Processed Milk)

०१.०६ उद्वास्पित दूध (Evaporated Milk)

०१.०७ उद्वास्पित घृतांशरहित दूध (Evaporated Skimmed Milk)

०१.०८ मधुरित संघणित दूध (Sweetened Condensed Milk)

०१.०९ मधुरित संघणित घृतांश रहित दूध (Skimmed Sweetened Condensed Milk)

०१.१० आंशिक घृतांश रहित मधुरित संघणित दूध (Partly Skimmed Sweetened Condensed milk)

०१.११ मख्खन (Butter)

०१.१२ क्रिम (Cream)

०१.१३ दही (Curd)
०१.१४ शिशु दुग्ध आहार (Infant Milk Food)
०१.१५ शिशु आहार (Infant Food)
०१.१६ धूलो दूध (WholeMilk Powder)
०१.१७ घृतांश रहित धूलो दूध (Skimmed Milk Powder)
०१.१८ पनीर / छेना (Paneer)
०१.१९ प्रशोधित पूर्ण घृतांशयुक्त दूध (Processed Full Cream Milk)
०१.२० प्रशोधित कम घृतांशयुक्त दूध (Processed Low Fat Milk)
०१.२१ प्रशोधित घृतांशरहित दूध (Processed Skimmed Milk)
०१.२२. प्रशोधित सुगन्धित दूध (Processed Flavored Milk)

०२ तेल तथा घिउ (Fats and Oil)

०२.०१ तोरीको तेल (Mustard Oil)
०२.०२ आयात गरिएको रेप सिड आयल (Imported Rapeseed Oil)
०२.०३ भटमासको तेल (Soybean Oil)
०२.०४ पाम आयल (Palm Oil)
०२.०५ पाम कर्नेल आयल (Palm Kernel Oil)
०२.०६ पामोलिन (Palmolein)
०२.०७ बदामको तेल (Groundnut Oil)
०२.०८ नरिवलको तेल (Coconut Oil)
०२.०९ तीलको तेल (Sesame Oil)
०२.१० मकैको तेल (Corn Oilor Maize Oil)
०२.११ सूर्यमुखीको तेल (Sunflower Oil)
०२.१२ जैतुनको तेल (Olive Oil)
०२.१३ कुसुमको तेल (Safflowerseed Oil)
०२.१४ प्रशोधित वनस्पति तेल (Refined Vegetable Oil)
०२.१५ वनस्पति घिउ (Hydrogenated Vegetable Oil)
०२.१६ बेकरी सर्टेनिङ्ग (Bakery Shortenings)

०३. फल तथा सागपात पदार्थहरु (Fruit and Vegetable Products)

०३.०१ फलरस (Fruit Juice)
०३.०२ गोलभेंडाको रस (Tomato Juice)
०३.०३ फलको सर्वत (Fruit Syrup)
०३.०४ फलफूलको स्क्वास (Fruit Squash)
०३.०५ फलफूलको पेय (Fruit Beverage)
०३.०६ टोमाटो सस, टोमाटो केटचप (Tomato Sauce, Tomato Ketchup)
०३.०७ जाम (Jam)

०३.०८ पेक्टिन मिश्रित जाम (Pectin Mixed Jam)
०३.०९ मार्मालेड (Marmalade)
०३.१० चटनी (सस्) (Chutney Sauce)
०३.११ क्याण्ड फ्रुट कक्टेल (Canned Fruit Cocktail)
०३.१२ क्याण्ड पाईनएप्पल (Canned Pineaple)
०३.१३ क्याण्ड अरेन्ज सेग्मेन्ट (Canned Orange Segment)
०३.१४ क्याण्ड पियर्स (Canned Pears)
०३.१५ क्याण्ड लप्सी (Canned Lapsy)
०३.१६ लप्सी रेलिश (Lapsy Relish)
०३.१७ अचार (Pickle)

०४. मसला पदार्थहरु (Spices and Condiments)

०४.०१ अलैंची कोसा (Cardamom Amomum)
०४.०२ अलैंचीको बीउ (Cardamom Amomum Seeds)
०४.०३ अलैंचीको धूलो (Cardamom Amomum Powder)
०४.०४ सुठो (Dried Ginger)
०४.०५ सुठोको धूलो (Dried Ginger Powder)
०४.०६ हलेदो (Turmeric)
०४.०७ बेसार (Turmeric Powder)
०४.०८ सग्लो जिरा (Cumin)
०४.०९ जिराको धूलो (Cumin Powder)
०४.१० सग्लो मरीच (Pepper)
०४.११ मरीचको धूलो (Pepper Powder)
०४.१२ सिंगो खुर्सानी (Chillies)
०४.१३ खुर्सानीको धूलो (Chillies Powder)
०४.१४ सग्लो धनियाँ (Coriander)
०४.१५ धनियाँको धूलो (Coriander Powder)
०४.१६ मेथी (Fenugreek)
०४.१७ दालचिनी (Cinnamon Whole)
०४.१८ ज्वानो (Ajowan)
०४.१९ सग्लो ल्वाङ (Whole Clove)
०४.२० धूलो मसला (Spice Powder)
०४.२१ धूलोदालचिनी (Cinnamon Powder)
०४.२२ सग्लो सुप वा सोंप वा सौफ (Fennel)

०५. चिया, कफी, कोका तथा सो बाट बनेका पदार्थहरु (Tea, Coffee, Cocoa and their Products)

०५.०१ चिया (Tea)
०५.०२ कफी (Coffee)
०५.०३ ग्रीन टी (Green Tea)

०६ . नुन (Salt)

०६.०१ आयोडिन नभएको नुन (Common Salt)
०६.०२ आयोडिनयुक्त नुन (Iodised Salt)

०७. खाद्यान्न, दलहन तथा सो बाट बनेका पदार्थहरु (Cereals, Pulses and their Products)

०७.०१ खाद्यान्न (Food Grains)
०७.०२ पीठो (Whole Wheat Flour)
०७.०३ मैदा (Wheat Flour)
०७.०४ सूजी (Semolina)
०७.०५ पाउरोटी (Bread)
०७.०६ बिस्कुट (Biscuit)
०७.०७ सिन्के चाउचाउ (Noodles)
०७.०८ तयारी चाउचाउ (Instant Noodles)
०७.०९ गेडा मुँग (Whole Green Gram)
०७.१० मुँगको दाल (Split Green Gram)
०७.११ मुँगको छाँटा (DehuskedSplit Green Gram)
०७.१२ रहरको दाल (Red Gram)
०७.१३ मासको गेडा (Whole Black Gram)
०७.१४ मासको दाल (Split Black Gram)
०७.१५ गेडा चना (Whole Bengal Gram)
०७.१६ चनाको दाल (Split Bengal Gram)
०७.१७ गेडा मुसुरोको दाल (Whole Lentil)
०७.१८ मुसुरोको दाल (Dehusked Lentil)
०७.१९ बेसन (Bengal Gram Flour)
०७.२० गहुँ
०७.२१ मकै
०७.२२ पौष्टिक तत्व स्तरोन्नती (Fortified) गरिएको गहुँको पिठो र मैदा
०७.२३ कर्न फ्लेक्स (Corn Flakes)
०७.२४ चामल (Rice)
०७.२५ प्याकेजिङ्ग गरीएका तयारी खाजा जन्य खाद्य पदार्थहरुसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पर्क हुने गरी विभिन्न खेलौना लगायत अखाद्य वस्तुहरु राख्न नपाइने सम्बन्धमा

०८. प्याक गरिएको पिउने पानी(Packaged Drinking Water)

०८.०१ प्याक गरिएको पिउने पानी (प्राकृतिक खानिजयुक्त पानी बाहेक) (Packaged Drinking Water Except Natural Mineral Water)

०८.०२ खनिजयुक्त पानी (Mineral Water)

०९. गुलियो पदार्थ(Sweetening Agent)

०९.०१. चिनी (Sugar)

०९ .०२ मिश्री (Mishri)

०९ .०३ मह (Honey)

१०. कन्फेक्सनरी (Sweets and Confectionary)

१० .०१ चिनीपाक कन्फेक्सनरी (Sugar Boiled Confectionary)

१० .०२ लजेन्स (Lozenges)

१०.०३. चुइगम र बबलगम (Chewing Gum and Bubble Gum)

११. परीरक्षी (Preservatives)

११.०१ **लन्चन मिट (Luncheon Meat)**

१२. हेभि मेटल्स (Heavy Metals)

१३. मेलामाईन (Melamine)

१४. अल्कोहलजन्य पेय पदार्थ

१४ .०१ व्हिस्की (Whisky)

१४ .०२ रम (Rum)

१४ .०३ भोड्का (Vodka)

१४ .०४ ब्राण्डी (Brandy)

१४ .०५ जीन (Gin)

दानापदार्थको अनिवार्य गुणस्तर **(Mandatory Feed Standard)**

हालसम्म नेपाल सरकारले अनिवार्य गुणस्तर निर्धारण गरेका दाना पदार्थहरुको विवरणः

सि.नं.	दाना पदार्थ समुह	संख्या	दाना पदार्थको नाम
१.	फुल पार्ने कुखुराको दाना	४	चल्लाको,चल्लाको, हुर्कदो कुखुराको लगायत अन्तिम दाना
२.	ब्रोइलर कुखुराको दाना	३	ब्रोइलर कुखुराको शुरु लगायत अन्तिम दाना
३.	गाइ भैसीको दाना	१	दुध दिने गाई भैसिंको दाना
	जम्मा संख्या	८	

श्रोतः खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर, २०७६

२५. फलफूल विरुवाहरूको सरकारी मूल्य सूची

विभिन्न फलफूल विरुवाहरूको सरकारी मूल्य सूची (मिति २०७६/०६/०६ बाट लागू हुने गरी)

(क) फलफूलको कलमी विरुवा

सि. नं.	फलफूलको नाम	उमेर (वर्ष)	उचाई (फिट)	संसोधित मुल्य (रु.)
१	स्याउ	१-२	२-३	७०
२	स्याउ (M-9 मा कलमी गरिएको)	१-२	२-३	१००
३	नासपाती	१-२	२-३	७०
४	आरु	१-२	१.५-३	५०
५	आरुवखडा	१-२	१.५-३	५०
६	स्विट चेरी	१-२	१.५-३	१००
७	खुर्पानी	१-२	१.५-२.५	५०
८	कागजीवदाम	१-२	१-२	६०
९	जापानी हलुवावेद	१-२	१.५-२.५	६०
१०	ठूलो कटुस	१-२	१-२	१००
११	ओखर (दातेओखर)	१-२	१-२	१००
१२	पिकानट (चुच्चेओखर)	१-२	१-२	१००
१३	लप्सी	१-२	२-४	७५
१४	किवी	१-२	१-२	१००
१५	सुन्तला	१-२	१.५-२.५	४५
१६	जुनार	१-२	१.५-२.५	४५
१७	कागती	१-२	१	४५
१८	निबुवा	१-२	१-२	४५
१९	भोगटे	१-२	१-२	४५
२०	चाक्सी	१-२	१-२	४५
२१	विमिरो	१-२	१-२	४५
२२	मुन्तला	१-२	०.७५-१.५	७५
२३	आंप(अविहायात)	१-२	१.५-३	१००
२४	आंप (अम्रपाली, मल्लिका)	१-२	१.५-३	१००
२५	आंप (अन्यजात)	१-२	१.५-३	७५
२६	लिचि	१-२	१-२	७५
२७	केरा (तन्तुप्रजनन)	३-६ महिना	१-२	३५
२८	अम्वा	१-२	१.५-२.५	५०
२९	अमला	१-२	१-२	५०

सि.नं.	फलफूलको नाम	उमेर (वर्ष)	उचाई (फिट)	संसोधित मुल्य (रु.)
३०	एभोकाडो	१-२	१.५-३	१००
३१	सपोटा	१-२	२	५०
३२	लौकाट	१-२	१-२	१००
३३	जैतुन	१-२	१-२	१००
३४	फीजुवा	१-२	१-२	८०
३५	फ्लावरिङ्ग पिच	१-२	१.५-३	५०
३६	अङ्गुर	१-२	१.५-३	१००
३७	रुखकटहर	१-२	१.५-३	७५
३८	मेकाडमियानट	१-२	१-२	१००

(ख) विभिन्न फलफूलको विजु विरुवा

सि.नं.	फलफूलको नाम	उमेर (वर्ष)	उचाई (फिट)	संसोधित मुल्य रु.)
१	ओखर (दाँते)	१-२	१-२	४०
२	चुच्चे ओखर (पिकानट)	१-२	१-२	४०
३	कागजी वदाम	१-२	२-३	३५
४	कटुस	१-२	२-३	४०
५	जुनार	१-२	१.५-२.५	२५
६	सुन्तला	१-२	१.५-२.५	२५
७	कागती	१-२	१.५-२.५	२५
८	निवुवा	१-२	१.५-२.५	२५
९	चाक्सी	१-२	१.५-२.५	२५
१०	रुख कटहर	१-२	१-२	३०
११	नरिवल	१-२	१-२	१५०
१२	मेकाडेमियानट	१-२	१-२	५०
१३	एभोकाडो	१-२	१-२	५०
१४	सुपारी	१-२	१-२	५०
१५	काजु	१-२	१-२	५०
१६	लोक्वाट	१-२	१.५-२	५०
१७	मेवा वर्णशंकर (पोलि ब्याग)	३ महिना	१-२	३५
१८	अमला	१-२	१.५-३	३०
१९	सरीफा	१-२	१.५-२	२५
२०	लप्सि	१-२	२-३	२५
२१	कफी	१-२	१.५-३	२५
२२	अम्बा	१-२	१.५-२	२५

सि.नं.	फलफूलको नाम	उमेर (वर्ष)	उचाई (फिट)	संसोधित मुल्य रु.)
२३	बयर	१–२	१–२	२५
२४	बेल	१–२	१.५–२	५०
२५	जैतुन	१–२	१–२	२०
२६	फेजुवा	१-२	१.५-२	२५

(ग) विभिन्न फलफूलको कटिङ्ग (जरावाल) विरुवा

सि.नं.	फलफूलको नाम	उमेर (वर्ष)	लम्बाई (फिट)	संसोधित मुल्य (रु.)
१	अनार	१-२	१-३	७५
२	अंगुर	१-२	१-३	३५
३	अंजिर	१-२	१-२	५०
४	हेजलनट	१–२	१-२	५०
५	जैतुन	१–२	१–३	५०
६	भुँईऐसेलु (स्ट्रबेरी) रनर पोली व्याग	३–६ महिना	१	२५
७	भुँईकटहर	६ महिना	१	२५
८	केरा (सकर्स)	३–६ महिना	१–२	२५
९	ब्लुबेरी	१-२	१-२	१००
१०	ड्रागन फ्रुट	६ महिना-१ वर्ष	१-२	१००

(घ) स्क्रिन घर (Screen House) भित्र उत्पादित प्रमाणीकरण गरेको सुन्तलाजात फलफूलको कलमी विरुवा

सि.नं.	फलफूलको नाम	उमेर (वर्ष)	उचाई (फिट)	संसोधित मुल्य (रु.)
१	सुन्तला	१-२	१-२	१५०
२	जुनार	१-२	१-२	१५०
३	कागती	१-२	१-२	१५०

(ङ) फलफूलको रुटस्टक विरुवा

सि.नं.	फलफूलको नाम	उमेर (वर्ष)	उचाई (फिट)	संसोधित मुल्य (रु.)
१	स्याउ(M-9)	१	२–३	३५
२	स्याउ (इडी मयल, क्रेब एप्पल, एम.पी.)	१	२–३	२५
३	चिली(स्थानीय)	१	१-२	२५
४	हाडे ओखर	१	१–२	२५
५	हलुवावेद	१	१–२	२५
६	चेरी	१	१–२	२५

सि.नं.	फलफूलको नाम	उमेर (वर्ष)	उचाई (फिट)	संसोधित मुल्य (रु.)
७	तिनपाते सुन्तला	१	१-२	२५
८	लप्सी	१	१-२	२५
९	सिट्रेन्ज	१	१-२	२५
१०	ज्यामिर	१	१-२	१०
११	आंप	१	१-२	१५
१२	किवी	१	१-२	२५
१३	आरु (स्थानीय)	१	१-२	२५
१४	जैतुन	१	१-२	२५
१५	अङ्गुर (5BB, So4)	१	१-२	२५

च) विभिन्न फलफूलको कलमीको लागि हाँगा(स्यानस्टिक) प्रयोजनार्थ

क्र.सं.	फलफूलको नाम	हाँगाको उमेर (बर्ष)	लम्बाई (फिट)	संशोधित मूल्य (रु.)
१	सुन्तला, जुनार संरक्षित जालीघर (Protected Screen House) भित्रको	६महिना-१बर्ष	१	२५
२	कागती संरक्षित जालीघर (Protected Screen House) भित्रको	६महिना-१बर्ष	१	३०
३	सुन्तला, जुनार, भोगटे	६महिना-१बर्ष	१	१०
४	कागती	६महिना-१बर्ष	१	२०
५	मुन्तला	६महिना-१बर्ष	१	२०
६	स्याउ, नास्पाती, आरु, आरुबखडा, किवी	६महिना-१बर्ष	१	५
७	हलुवाबेद, कागजी बदाम, चेरी,	६महिना-१बर्ष	१	२०
८	ओखर, चुचेओखर, लप्सी	६महिना-१बर्ष	१	३०
९	एभोकाडो	६महिना-१बर्ष	१	२०
१०	जैतुन	६महिना-१बर्ष	१	२०
११	आँप (अबेहयात, आम्रपाली, मल्लिका)	६महिना-१बर्ष	१	२५
१२	आँप अन्य	६महिना-१बर्ष	१	१०
१३	अनार	६महिना-१बर्ष	१	१०
१४	अंगुर	६महिना-१बर्ष	१	१०

नोटः सदाबहार फलफूलमा खुल्ला जरा राखि बिक्री वितरण गर्दा विरुवा मर्ने दर (मोटालिटी) बढी हुने भएकोले सदाबहार फलफूलको हक्मा पोलीव्यागमा उत्पादन गरिएको हुनु पर्नेछ भने पतझड् फलफूलको हक्मा भ्याउ वा परालमा राखि जुटचट्टीले प्याकिङ् गरेको हुनु पर्नेछ ।

२६. सरकारी फार्म/केन्द्रमा उत्पादित तरकारी बीउको मूल्य-सूची (मिति २०६७/५/३१ मा निर्धारण गरिएको)

क्र. सं.	तरकारी	जात	प्रति के.जी.मूल्य (रु.)	
			मूलबीउ	उन्नतबीउ
१	काउली	काठमाण्डौ स्थानीय	१५४०	७२०
		डोल्पाली स्नोबल	१५४०	७२०
		किबो जाइन्ट	१५४०	८००

क्र. सं.	तरकारी	जात	प्रति के.जी.मूल्य (रु.)	
			मूलवीउ	उन्नतवीउ
		सर्लाही दिपाली	१५४०	७१५
		ज्यापू	२०००	१०००
२	बन्दा	सबै जात (O.P.)	१०००	७१५
३	ब्रोकाउली	सबै जात (O.P.)	१५४०	७१५
४	ग्याँठकोपी	व्हाईट भियाना	१५४०	७१५
५	मूला	मिनो अर्लि	५००	३००
		चालिस दिने	५००	३००
		प्यूठाने रातो	५००	३००
		व्हाईट नेक	५००	३००
		टोकिनासी	८००	६००
६	सलगम	पर्पलटप	५००	२५०
		काठमाण्डौ रातो	६००	२५०
७	गाजर	न्यू कुरोडा	१४००	१०००
		नान्टीस	१४००	६५०
८	चुकन्दर	स्थानीय	१५००	२००
९	चम्सुर	स्थानीय	१५००	१५०
१०	पालुङ्गो	पाटने	१०००	२५०
		हरियो	१०००	२००
११	रायो	मार्फा चौडा पात	१५००	६००
		खुमल चौडा पात	१०००	३००
		खुमल रातो पात	१०००	३००
		मनकामना	१०००	५००
		ताङ्गुवा	१०००	३००
		बालाजु लोकल	१०००	३००
१२	स्वीसचार्ड	सुसाग	७३५	३००
१३	जिरीको साग	ग्रेट लेक	७३५	२००
१४	बकुल्ला	स्थानीय	५००	२००
१५	लहरे सिमी	त्रिशुली	५००	३००
		चौमासे	५००	३००
१६	झ्याङ्गे सिमी	कन्टेण्डर	५००	२००
		प्रोभाईडर	५००	२००
१७	तने बोडी	खुमल तने/सर्लाही तने	५००	२००
१८	केराउ	आर्केल	५००	१५०

क्र. सं.	तरकारी	जात	प्रति के.जी.मूल्य (रु.)	
			मूलवीउ	उन्नतवीउ
		एन.एल.पि.	५००	१५०
		सिक्किम लोकल	५००	३००
१९	स्कवास	ग्रे जुकिनी	३०००	१५००
२०	काँक्रो	भक्तपुर स्थानीय/कुसुले	५०००	३०००
२१	घिरौला	कान्तिपुरे /पुसा चिल्लो	३०००	२१५०
२२	चिचिण्डो	स्थानीय	२०००	१५००
२३	करेला	कोयम्बटुर लङ्ग	३०००	१५००
		पुषा दोमौसमी	३०००	१२००
२४	फर्सि	स्थानीय	२०००	१२००
२५	लौका	स्थानीय	३०००	२०००
		पि.एस.पि.एल.	३०००	१५००
२६	कुभिण्डो	स्थानीय	२०००	१२००
२७	तरबुजा	सुगर बेबी	३०००	१५००
२८	खरबुजा	स्थानीय	३०००	१५००
२९	पिरो खुर्सानी	सबै जात (O.P.)	३०००	२०००
		अकबरे	६०००	५५००
३०	भेंडे खुर्सानी	क्यालिफोर्निया वण्डर	९०५०	४१००
३१	भण्टा	सबै जात (O.P.)	९७००	१५००
३२	गोलभेंडा	मनप्रेकस	९७००	२०००
		सबै जात (O.P.)	९७००	३५००
		हाइब्रिड र्सिजना		१०५०००
३३	रामतोरिया	सबै जात (O.P.)	६००	३००
३४	मेथी	कसुरी	१०००	४००
		स्थानीय	१०००	४००
३५	धनिया	स्थानीय	५००	३००
३६	सुप	स्थानीय	७००	४००
३७	प्याज	रेड क्रियोल	२०००	११००
		नासिक रेड	१०००	५००
		नासिक ५३	१०००	४००
		एग्री फाउण्ड डार्क रेड	२०००	१०००
३८	कुरिलो	मेरी वाशिङ्गटन स्थानीय	४०००	२०००
३९	चाइनिज बन्दा	सबै जात (O.P.)	१०००	६००
४०	आलुको बीयाँ	टि.पि.एस.	–	२५०००

क्र. सं.	तरकारी	जात	प्रति के.जी.मूल्य (रु.)	
			मूलवीउ	उन्नतवीउ
४१	अदुवा	सबै जात	–	१००
४२	बेसार	सबै जात	–	१००
४३	अलैंची	सबै जात	–	१५०००

२७. किसान कल सेन्टर

सार्वजनिक कृषि प्रसार सेवा मात्र १५% प्रतिशत किसानको पहुँचमा रहेको वर्तमान अवस्थामा कृषिमा आश्रित देशका झण्डै दुई तिहाई किसानहरुको जीवनस्तर सुधारी कृषि पेशालाई मर्यादित र सम्मानजनक बनाउन कृषि उत्पादन र उत्पादकत्व बढाउनु अपरिहार्य छ। खाद्य सुरक्षा राष्ट्रिय र अन्तराष्ट्रिय सरोकारको विषय हुनुका साथै खाद्य सुरक्षा जनताका नैसर्गिक अधिकार समेत भएको सन्दर्भमा परम्परागत कृषि प्रणालीलाई सूचना प्रविधि र विज्ञानमा आधारित व्यवसायमा विकास गर्न र आधुनिक संचार माध्यमको प्रयोग मार्फत विषय विशेषज्ञको सल्लाह अनुसार कृषि व्यवसाय संचालन एवं कृषिका वाली वस्तु आदिमा लाग्ने विभिन्न रोगहरु एवं समस्या समाधान गर्ने, गराउने अभिप्रायले आ.व. २०७२/०७३ मा किसान कल सेन्टरको स्थापना तथा संचालन गरिएको हो।

उद्देश्य

(१) किसान र कृषि व्यवसायीका वाली, पशुवस्तुहरु तथा व्यवसाय सम्बन्धी समस्याहरुलाई टेलिफोन सम्पर्क मार्फत विषय विशेषज्ञको सल्लाह बमोजिम समाधान गर्ने।

(२) सूचना प्रवाहमा भौगोलिक विकटताले पारेको असरलाई न्यून पारी न्यायपूर्ण सेवा प्रवाह प्रणाली स्थापना गर्ने।

कार्यहरु

(१) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने प्रविधि बारे कृषक / कृषि, उद्यमी / कृषि, व्यवसायी / कृषि प्रसार कार्यकर्ता एवम् अन्य सरोकारवालाहरुलाई जानकारी गराउने।

(२) कृषि उपजहरुको सम्भाव्य बजारका बारेमा जानकारी गराउने।

(३) कृषिमा आधारित संरक्षण एवं प्रशोधन प्रविधीहरुबारे जानकारी गराउने।

(४) अवकाश प्राप्त कृषि प्राविधिक, विश्वविद्यालयका विज्ञ एवं अनुसन्धानकर्ताको ज्ञान सीपलाई किसान समक्ष पुर्याउने।

(५) कृषि प्रसार सेवालाई व्यापकता दिने।

(६) कृषकहरुबाट गुनासो संकलन गर्न आवश्यक व्यवस्था मिलाउने।

कर्मचारी तथा विज्ञ व्यवस्थापन

१) सेन्टरको दैनिक व्यवस्थापकीय कार्य संचालनका लागि कृषि सेवामा कार्यरत् बरिष्ठ कृषि अधिकृत सहित, अधिकृत एक जना, प्राविधिक सहायक एक जना, अन्य सहयोगी कर्मचारी एक जना निश्चित अवधिका लागि कृषि विकास मन्त्रालयबाट काजमा खटाईनेछ। सूचना प्रविधि सम्बन्धी प्राविधिक एक जनालाई करारमा राख्ने व्यवस्था मिलाईनेछ। साथै, सेन्टरको संचालनको अवस्था र आवश्यकताको आधारमा अन्य कर्मचारी थप गर्दै लगिनेछ।

२) कृषि सेवा अन्तर्गत विभिन्न विषयमा विज्ञता हाँसिल गरेका सेवा निवृत्त वा कार्यरत वा विभिन्न संघ/संस्थाहरुमा आबद्ध कृषि विज्ञहरुको सेवा लिईनेछ।

३) सेन्टरले कृषिसँग सम्बन्धित विभिन्न विषयका विज्ञहरुको सूची तयार गर्नेछ र आवश्यकता अनुसार सेन्टरका लागि सेवा लिनेछ।

किसान कल सेन्टर टोल फ्रि नम्बरः १६६००१९५०००

निम्न तालिका अनुसारको विषयमा आफ्ना जिज्ञासाहरु राख्न सक्नुहुनेछ ।

बार	विषय	समय
आइतबार, मंगलबार, बिहीबार	खाद्यान्नवाली, मौरी, रेशम, च्याउ, बाली संरक्षण सम्बन्धि तरकारी, फलफुल, माटो र वजार सम्बन्धि पशुपालन, पन्छीपालन, उत्पादन प्रविधि, घाँस चरण व्यवस्थापन	दिउँसो ११ बजेदेखि ४ बजेसम्म
सोमबार, बुधबार	खाद्यान्नवाली, मौरी, रेशम, च्याउ, बाली संरक्षण सम्बन्धि तरकारी, फलफुल, माटो र वजार सम्बन्धि पशुपालन, पन्छीपालन, उत्पादन प्रविधि, घाँस चरण व्यवस्थापन मत्स्यपालन प्रविधि सम्बन्धी।	

नोटः अन्य बारहरुमा पनि सम्पर्क राखी आफ्ना जिज्ञासाहरु टिपाउन सक्नु हुनेछ ।

२८. SOME IMPORTANT FORMULAE

Fertilizer Dose Calculation :

- Kilogram per Hectare = $\frac{R\,x\,L}{N} x100$
- Kilogram per Ropani = $\frac{R\,x\,L}{N}\left(\frac{100}{20}\right)$
- Kilogram per Katha = $\frac{R\,x\,L}{N}\left(\frac{100}{30}\right)$

Where R = Recommended dose of fertilizers
L = Land area
N = Nutrient content in fertilizer materials

Seeds Purity and Germination

$$TV = \frac{G \text{ x } P}{100}$$

TV = True value
G = Germination capacity
P = Purity

- Seed Germination % = $\frac{\textit{Number} \text{ of seeds germinated}}{\textit{Number} \text{ of seeds put for germination}} \times 100$
- Amount of seed required (kg) = $\frac{\textit{seed} \text{ rate (kg/ha)} \times \text{Area in sq.m.}}{\text{\% germination} \times \text{\% filled grains}}$
- Grain yield (Y) = $\frac{\text{Grain wt.}}{\text{Area}}$
- Adjusted Grain Yield (Weight) = A x Y

  Where A = $\frac{100 - M}{86}$

  Where M = moisture contained in percentage of grain weight (usually taken at 14% in rice)

  Live Weight Estimation :

  - *Cattle / Buffalo*

    Live weight (lbs) = $\frac{(\textit{girth} \text{ inch})^2 \times \text{body length (inch)}}{300}$

    In kg (LW) = 1.74 x body length (cm) + 1.05 x girth (cm) - 71.1
  - *Goat*

    LW (Kg) = $\frac{(\text{girth cm})^2 \times \text{body length (cm)}}{10,500}$
  - *Sheep*

    LW (Kg) = $\frac{(\text{girth cm})^2 \times \text{body length (cm)}}{12,000}$

Dry Matter (Animal Nutrition)

- % DM = $\frac{\text{Dry weight}}{\text{Wet weight}} \times 100$
- % Moisture = $\frac{\text{Wet weight} - \text{Dry weight}}{\text{Wet weight}} \times 100$
- Digestibility of nutrient = $\frac{\text{Kg nutrient eaten} - \text{Kg in faeces}}{\text{Kg nutrient eaten}} \times 100$
- Protein efficiency ratio (PER) = $\frac{\text{Weight gain (gm)}}{\text{Protein intake (gm)}}$
- Biological value (BV) = $\frac{\text{Retained Nitrogen}}{\text{Absorbed Nitrogen}} \times 100$
- Net protein utilization (NPU) = $\frac{\text{Retained Nitrogen}}{\text{Intake of N}} \times 100$

Degradability of dietary protein $= 1 - \frac{\text{Dietary proteinenteringduodenum}}{\text{Total dietaryproteinintake}}$

Pesticide Application Formulae

WP required (kg) $= \frac{\text{\% a.i. desired x specified spray volume (liters)}}{\text{\% a.i. in WP}}$

Liters of EC required $= \frac{\text{\% a.i. desired x specified spray volume (liters)}}{\text{\% a.i. in commercial EC}}$

Weight of WP, dust or granules required (Kg) $= \frac{\text{Recommended rate (kg/ha) x Area (ha) x 100}}{\text{\% a.i. in WP, dust or granules}}$ or

Weight of WP, dust or granules required (Kg) $= \frac{\text{Recommended rate (kg/ha) x Area (sq.m.)}}{\text{\% a.i. in WP, dust or granules x 100}}$

Liters EC required $= \frac{\text{Recommended rate (kg/ha) x Area (ha) x 100}}{\text{\% a.i. in commerical EC}}$ or

Liters EC required $= \frac{\text{Recommended rate (kg/ha) x Area (sq m)}}{\text{\% a.i. in commerical EC x 100}}$

Where, WP = Wettable Powder
EC = Emulsifiable Concentrate
a.i. = Active Ingredient

Valuation of cost and benefits of a project

- Annual Depreciation of Capital Equipment

$$D = \frac{a-b}{c}$$

Where, a = Original cost
b = Junk value
c = Expected life of asset (useful years).

- Depreciation (Sinking Fund Method)

$$D = \frac{R(C-S)}{(1+R)^N - 1}$$

Where, D = Rate of depreciation per year
R = Rate of interest on accumulated fund
C = Total cost of machine
S = Scrap value
N = No. of years of life of machine

- Discounting Income $PV = \frac{q}{(1+r)^n}$

Where, Pv = Present Value of the future amount
q = Amount to be spent at a future date

r = Rate of interest
n = Number of years in future when money is to be spent

$$\text{Net Present Value (NPV)} = \sum_{t_1}^{t_n} \frac{Bt - Ct}{(1+i)^t}$$

Where, B_t = Benefits in each year (benefits at year t)
C_t = Costs in each year or at year t
t = 1.2,……n (number of years)
i = Interest rate or discount rate

- Internal Rate of Return (IRR) = $Li + \frac{(Hi - Li)NPVatLi}{NPVatLi - NPVatHi}$

  Where Hi = higher discount rate
  Li = Lower discount rate.

रुपान्तरण तालिका

नाप

१ से.मी.	=	१० मि.मी.	१ फूट	=	१२ इन्च
१ मीटर	=	१०० से.मी.		=	३०.४८ से.मी.
	=	३९.३७ इञ्च	१ गज	=	३ फूट
१ कि.मी.	=	१००० मीटर		=	९१.४४ से.मी.
१ इञ्च	=	२.४५ से.मी.	१ माइल	=	१७६० गज
					१.६ कि.मी.
					८ फर्लाङ

तौल

१ ग्राम	=	१००० मि.ग्रा.	१ मे. टन	=	१० क्विन्टल
१ कि.ग्रा.	=	१००० ग्राम	१ मन	=	३७.३२ कि.ग्रा.
	=	२.२ पाउण्ड		=	४० सेर
१ पाउण्ड	=	१६ औंस	१ धार्नी	=	२.२७ कि.ग्रा.
१ औंस	=	२८.३५ ग्राम		=	५ पाउण्ड
१ क्विन्टल	=	१०० कि.ग्रा	१ सेर	=	४ पाउ

आयतन

१ लिटर	=	१००० मि.लि.	१ पाथी	=	४५४६ मि.ली.
	=	०.२२ ग्यालन		=	४.५ लिटर
१ मुरी	=	२० ग्यालन		=	८ माना
	=	९०.९ लिटर			

क्षेत्रफल

१ हेक्टर	=	१०,००० व.मी.	१ धुर	=	१८२.२५ वर्ग फीट
	=	२.४७ एकड	१ कठ्ठा	=	२० धुर

	=	१.४८ विघा	१ बिघा	=	२० कठ्ठा
	=	१९.६६ रोपनी		=	१३.३१ रोपनी
	=	३० कठ्ठा	१ एकड	=	०.४ हेक्टर
					४३५६० वर्ग फीट
१ रोपनी	=	५४७६ बर्ग फिट	८ रोपनी		
	=	५०८.५ वर्ग मीटर			
	=	१६ आना			
१ आना	=	१६ दाम			
१ दाम	=	४ पैसा			

<u>तापक्रम</u>

१ सेन्टिग्रेड = (फरेनहाईट -३२)×०.५५५६

फरेनहाइट = (सेन्टीग्रेड ×१.८) + ३२

<u>मलखाद:</u>

१ किलो नाइट्रोजन	=	४.८ किलो चिनी मल
		२.२ किलो यूरिया मल
१ किलो फस्फोरस	=	६.३ किलो सिंगल सुपर फस्फेट
	=	२.२ किलो ट्रिपल सुपर फस्फेट
१ किलो पोटास	=	१.७ किलो म्यूरेट अफ पोटास
	=	२.१ किलो सल्फेट अफ पोटास

अन्य:

१ पि. पि.एम	=	१ मिलिग्राम प्रति लिटर
	=	१ ग्राम प्रति १००० लिटर
	=	०.०००१ प्रतिशत
१ प्रतिशत	=	१००० पि. पि.एम
	=	१० ग्राम प्रति लिटर
१ ग्राम प्रति लिटर	=	१००० पि. पि.एम
	=	०.१ प्रतिशत
१ ग्राम प्रति १००० लिटर	=	१ पि. पि.एम
	=	०.०००१ प्रतिशत
१ चिया चम्चा =८०थोपा	=	५ मिलि लिटर
१ टेबुल (ठूला) चम्चा	=	३ चिया चम्चा
	=	१५ मिलि लिटर
१ कप	=	१६ ठूलो चम्चा
	=	८ औस (१/२ पिन्ट)

टिप्पणी.....

टिप्पणी.....

टिप्पणी.....

टिप्पणी.....

टिप्पणी.....

टिप्पणी.....